
# स्टेप्स टू क्राइस्ट बाइबल अध्ययन गाइड



प्रतिलिपि अधिकार (सी) १९९८
मर्लिन बेर्मन र रेभेलेशन प्रकाशनहरु
विश्वव्यापी रुपमा सबै अधिकार सुरक्षित

***वितरणको लागी सर्तहरू अनुमति दिँदै***

हाम्रो विश्वस्तता यो हो कि यदि तपाईंले अरूलाई यो प्रतिलिपि साझेदारी गर्नुभएन भने तपाईं प्रभु कहाँ जवाफदेही हुनुहुनेछ, त्यसैले हामी तपाईंलाई साझेदारी गर्न प्रोत्साहित गर्दछौं र तपाईंलाई निम्न शर्तहरूमा रोयल्टी-रहित गर्न अनुमति दीदछौ | यो सामग्री एक पीडीएफ ढाँचा वा फोटोकापीमा साझा गर्न को लागी मुद्रित हुन सक्छ |यो बेच्न मिल्दैन, वा कुनै पनि हिसाबले परिवर्तन गर्न सक्ने छैन र यो प्रतिलिपिको अधिकार सूचना प्रत्येक क्रमिक प्रतिलिपिमा रहनु पर्छ|

**RevelationPublications.com**

**PublisherForGod@gmail.com**

**स्टेप्स टू क्राइस्ट** *पाठबाट लिए को हो*

इ जी वाईट द्वारा लिखित

मर्लिन बेर्मन द्वारा बाइबल अध्ययन गर्न अनुकूलन गरिएको

चित्रण - प्रतिलिपि अधिकार (सी) जुस्तिनेंन रचनात्मक समूह नेमपा www.goodsalt.com

प्रश्नहरूको जवाफ नेपाली नयाँ संशोधित संस्करणबाट लिइएको धर्मशास्त्र हो। सबै अधिकार पुनः सेवा।

# बिषय सूची

**मानिस प्रति परमेश्वरको प्रेम १**

**पापीलाई ख्रिस्टको खाचो २**

**हाम्रो अवस्थालाई महसुस गर्नु ३**

**पश्चात्ताप ४**

**पाप स्वीकार ५**

**समर्पण ६**

**विश्वास र ग्रहण ७**

**चेलापन को जाचँ ८**

**आत्मिक वृद्धि ९**

**काम र जीवन १०**

**परमेश्वरको ज्ञान ११**

**प्रार्थनाको अवसर १२**

**प्रार्थनाको शक्ति १३**

**शंकाबारे के गर्ने १४**

**प्रभुमा आनन्द मनाउनु १५**

**अहिले र सदाको लागी आनन्द १६**



## पाठ १
## मानिस प्रति परमेश्वरको प्रेम

**(१) कसरी आफ्नो सम्पूर्ण प्राणीलाई परमेश्वरले प्रेम देखाउनु हुन्छ?**

***"सबै प्राणीहरूका आँखाले तपाईंतिर हेर्दछन्, अनि तपाईंले तिनिहरूको भोजन ठीक समयमा दिनुहुन्छ । तपाईंले आफ्नो मुठ्ठी खोल्नुहुन्छ र सबै प्राणीहरूका मनोरथ सन्तुष्ट पार्नुहुन्छ ।" (भजन १४५: १५,१६)***

प्रकृति तथा प्रकाशले समानरूपमा परमेश्वरको प्रेमको साक्षी दिन्छ । स्वर्गमा हुनुहुने हाम्रा परमेश्वर पिता जीवन, ज्ञान र आनन्दको मुहान हुनुहुन्छ । प्रकृतिका अद्भुत तथा सुन्दर वस्तुहरूतर्फ हेर्नुहोस् । मानिसहरूका मात्र होइन तर

सम्पूर्ण प्राणीहरूका खाँचोहरू तथा प्रशन्नताप्रति तिनीहरूका अद्भुत संयोजनको बारेमा बिचार गर्नुहोस् । घाम र पानी जसले पृथ्वीलाई प्रशन्न तुल्याउँदछ तथा ताजा पार्दछ, डाँडाकाँडा, र समुद्र एवं समतल भूमि सबैले हामीसँग सृष्टिकर्ताको प्रेमको बारेमा बोल्दछन् । परमेश्वरले नै आफ्ना सबै प्राणीहरूका दैनिक आवश्यकताहरू जुटाउनुहुन्छ ।

**(२) बाइबलले कुन तरिकामा परमेश्वरलाई वर्णन गर्छ?**

***अनि यसरी परमेश्वरको प्रेम हामीप्रति रहेको जान्दछौं। अनि हामी त्यो प्रेममा विश्वास गर्छौं। परमेश्वर प्रेम हुनुहुन्छ। मानिस जो प्रेममा रहन्छ उ परमेश्वरमा रहेको हुन्छ। अनि परमेश्वर त्यस व्यक्तिमा रहनुहुन्छ। (१ यूहन्ना ४:१६)***

परमेश्वरले मानिसहरूलाई पूर्णरूपमा पवित्र र सुखी प्राणी बनाउनुभएको थियो । यो निर्मल पृथ्वी जसै सृष्टिकर्ताको हातबाट अस्तित्वमा आयो, तब यसले नाशको अनिष्टकारक प्रभाव वा सरापको छाया धारण गरेको थिएन । परमेश्वरको व्यवस्था उल्लङ्घन गर्ने क्रमले नै कष्ट तथा मृत्युलाई निम्त्यायो । तैपनि पापद्वारा उत्पन्न हुने संकटहरूमाझ पनि परमेश्वरको प्रेम प्रकट भइरहेको छ ।

मानिसको पापको कारण नै परमेश्वरले भूमिलाई सराप दिनुभयो भनी लेखिएको छ । भजन १०४ । उत्पत्ति ३:१७ । काँडा र सिउँडी – संकट र परीक्षाहरू जसले उसको जीवनलाई परिश्रम तथा फिक्रीले भरिपूर्ण तुल्यउँदछ – वास्वतमा यी सबै परमेश्वरको योजन मुताविक पापले ल्याएको विनाश र पतनदेखि उसलाई माथि उचाल्ने प्रक्रियामा प्रशिक्षण दिलाइनका निम्ति तथा उसकै भलाईको निम्ति नियुक्त गरिएको थियो । यद्‌यपि यो संसार पतित अवस्थामा छ, तैपनि यहाँ सर्वत्र शोक, विपत्ति भने छैन । स्वयम् प्रकृति आफैमा पनि आशा र सान्त्वनाका सन्देशहरू छन् । त्यहाँ काँडाहरूका माझमा फूल छन्, र काँडाहरू गुलाफद्‌वारा ढाकिएका छन् । प्रत्येक कोपिलामा बढ्‌दै गरेका, प्रत्येक घाँसका टुप्पामा “परमेश्वर प्रेम हुनुहुन्छ” भनि लेखिएका छन् । आफना खुशीमय गीतहरूका साथ वातावरणलाई गुञ्जयमान तुल्यउने सुन्दर चराचुरुङ्‌गीहरू, हावालाई सुगन्धित् तुल्याउने रङ्‌गीचङ्‌गी फूलहरू, जीवित हरिया पातहरूका साथ वन जङ्‌गलका उँचा रुखहरू– यी सबैले हाम्रा परमेश्वरको कोमल, पैतृक फिक्री तथा आफ्ना सन्तानहरूलाई खुशी राख्ने उहाँको ईच्छाको गवाही दिदछन् ।

## (३) परमेश्वरको चरित्रको विशेषताहरु के के हुन्?

***१८ तपाईं जस्तो परमेश्वर अरु छैनन्। तपाईंले पापीहरुलाई क्षमा गरिदिनुहुन्छ। तपाईंले आफ्नो बाँचेका मानिसहरुका पाप क्षमा गरिदिनुहुन्छ। तपाईले आफ्ने रिसलाई राखिराख्नु हुन्न किनकि तपाईं सधैं दया गर्न रूचाउनु हुन्छ। हे परमप्रभु! हाम्रा पापहरु टाढा फ्याँकि दिनुहोस्, फेरि हामीलाई सुख चैन दिनुहोस्, हाम्रा पापहरु तपाईंले टाढा गहीरो समुद्रमा फ्याँकि दिनुहुनेछ। (मीका ७:१८-१९)***

परमेश्वरको वचनले उहाँको चरित्र प्रकट गर्दछ । स्वयम् उहाँ आफैले आफ्नो असीमित प्रेम तथा दयाको बारेमा घोषणा गर्नुभएको छ । जब मोशाले “अब मलाई तपाईंको महिमा देखाउनुहोस्” भनी प्रार्थना गरे तब परमप्रभुले यसरी जवाफ दिनुभयो “म तेरै सामुन्ने मेरो सारा श्रेष्ठता देखाउनेछु ।” प्रस्थान ३३:१८, १९ । यहि नै उहाँको महिमा हो । परमप्रभु मोशाको सामु गुज्रनुभयो, र यसरी घोषणा गर्नुभयो, “परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढीलो, र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ । उहाँले हजारौं हजारमाथि कृपा देखाउनुहुन्छ र दुष्टता, विद्रोह र पाप क्षमा गर्नुहुन्छ ।”

प्रस्थान ३४:६, ७ । उहाँ “रीस गर्नमा धैर्यवान्, दयामा प्रशस्त हुनुहुन्छ,” “किनकि उहाँ कृपा गर्नमा खुशी हुनुहुन्छ ।” योना ४:२ मीका ७:१८ । परमेश्वरले हाम्रो हृदयलाई स्वर्ग र पृृथ्वीका असंख्य चिन्हहरूद्वारा उहाँको हृदयासित बाँधिदिनुभएको छ । प्रकृतिका वस्तुहरूबाट, र यस संसारमा मात्र बुझ्न सकिने गहिरा र कोमल बन्धनहरूमार्फत् उहाँले स्वयम् आफैलाई हामीकहाँ प्रकट गर्न छाहनुभएको छ । तैपनि यी कुराहरूले अपूर्णरूपमा मात्र उहाँको प्रेमलाई प्रकट गर्दछन्

**(४) हामी उहाँलाई कसरी हेर्नेछौं यदि हामी उहाँलाई जान्दैनौं भने अनि त्यस को सट्टा पछि गएर शैतानले ल्याएको परमेश्वरको चरित्र प्रति झुटो अभियोगलाई विश्वास गर्छौं?**

***१७ तिनीहरूले साँपले झैँ, जमिनमा घस्रने जन्तुलेझैँ धूलो चाट्नेछन्। आफ्ना गुफाहरूबाट थरथर काम्दै तिनीहरू डरले आउनेछन्। परमप्रभु हाम्रा परमेश्वरकहाँ तिनीहरू भयमा आउनेछन् र तिमीहरूसित डराउनेछन्। (मीका ७:१७)***

यी सबै प्रमाणहरूका बाबजुद शैतानले मानिसहरूका मनलाई अन्धो तुल्याइदियो,

तसर्थ तिनीहरूले परमेश्वरतर्फ डरको दृष्टिले हेरे, तिनीहरूले उहाँलाई क्रूर तथा अक्षमाशील ठाने । शैतानले मानिसहरूलाई परमेश्वरको बारेमा एक कडा इन्साफ गर्ने अस्तित्वको रूपमा कल्पना गर्नेतर्फ डोऱ्यायो– जो कठोर न्यायधीश, निर्दयी तथा अत्याचारी ऋणदाता हुनुहुन्छ । उसले सृष्टिकर्तालाई एक यस्तो अस्तित्वको रूपमा चित्रण गरेको छ जो मानिसहरूका भूल र गल्तिहरूबारे जान्नका निम्ति ईष्यालु दृष्टिका साथ हेर्दैहुनुहुन्छ, ताकि उहाँले तिनीहरूलाई दण्ड दिन सक्नुहुनेछ । संसारलाई परमेश्वरको असीमित प्रेम प्रकट गर्नुभई यहि अन्धकार हटाउनका निम्ति नै येशू मानिसहरूसँग बस्न आउनुभयो

**(५) पाप छनौट गरिसकेपछि मानिस जातिले कुन महान सुअवसर गुमाए?**

***१८ परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। पिताको साथमा हुनुहुने एक मात्र पुत्रले उहाँलाई प्रकट गर्नुभएको छ। (यूहन्ना १:१८)***

**(६) पिता कस्तो हुनु हुन्छ भनेर हामीले कसरी जान्न सक्छौ?**

***७ तिमीहरूले मलाई चिनेका भए, मेरा पितालाई पनि चिन्नेथियौ। अबदेखि उसो***

***उहाँलाई चिन्दछौ, र उहाँलाई देखेका छौ।" (यूहन्ना १४:७)***

परमेश्वरको पुत्र परमेश्वर पितालाई प्रकट गर्नका निम्ति स्वर्गबाट आउनुभयो । जब एक चेलाले "हे प्रभु, हामीलाई पिता देखाइदिनुहोस्" भनि बिन्ती गरे तब येशूले यसरी जवाफ दिनुभयो, "फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौ ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ । तिमी कसरी भन्न सक्छौ, हामीलाई पिता देखाइदिनुहोस् ?" यूहन्ना १४:८, ९

**(७) अरु कुन कारणहरु को लागी येशू यस संसार मा आए?**

***१८ "परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति,***
***१९ र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ।" (लूका ४:१८-१९)***

येशूले यस संसारमा आफ्नो जीवनको उद्‌देश्यको बारेमा वर्णन गर्नुहुँदै यसो

भन्नुभयो, “परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ । कैदीहरूलाई छुटकाराको घोषणा गर्न र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति ।” लूका ४:१८ । यहि नै उहाँको कार्य थियो । उहाँ भलाईको काम गर्दै तथा शैतानद्वारा पीडित भएका मानिसहरूलाई निको पार्दै हिँड्नुभयो । उहाँ हिँडडुल गर्नुहुने सारा गाउँहरूमा रोगको कारण कहिँ पनि विलाप हुँदैनथ्यो किनकि उहाँले ती सबैलाई निको पार्नुहुन्थ्यो । उहाँको कार्यले नै उहाँको स्वर्गीय अभिषेकको प्रमाण दिने गर्दथ्यो । उहाँको जीवनको हरेक क्रियाकलापमा प्रेम, दया, र करुणा प्रकट हुने गर्दथे; र उहाँको हृदय मानिसका सन्ताहरूप्रति कोमल सहानुभूतिद्वारा भरिपूर्ण हुने गर्दथ्यो । मानिसका खाँचोहरूलाई पूरा गर्न सकियोस् भन्ने उद्देश्यका साथ नै उहाँले मानव स्वभाव धारण गर्नुभयो । सबैभन्दा गरीब तथा नम्र मानिसहरू पनि उहाँको सामु आउनुदेखि डराएनन् । स-साना बालबालिकाहारू पनि उहाँप्रति आकर्षित हुने गर्दथे । तिनीहरू उहाँको काखमा बस्न तथा प्रेम र कृपाले भरिपूर्ण विचारमग्न मुहारतर्फ एकटक लगाएर हेर्न मन पराउँदथे ।

**(९) येशूले आफुलाई अनि सुसमाचारको सन्देशलाई कसरी प्रस्तुत गर्नु भयो?**

***१४ अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो।***
***(यूहन्ना १:१४)***

येशूले सत्यताको एक शब्दलाई पनि दबाउनुभएन, तर यसलाई सदा प्रेमपूर्वक बताउनुभयो । मानिसहरूसँगको वार्तालापमा उहाँले सवार्धिक निपुणता तथा विचारशील नम्र ध्यानको प्रयोग गर्नुभयो । उहाँ कदापि कठोर बन्नुभएन, कदापि अनावश्यक रूपमा एक रुखो वचन पनि बोल्नुभएन; कुनै एक संवेदनशील व्यक्तिलाई कदापि अनावश्यक पीडा दिनुभएन । उहाँले मानवजातिको दुर्बलताको निन्दा गर्नुभएन । उहाँले सदा प्रेमपूर्वक सत्यता बोल्नुभयो । उहाँले पाखण्डीपन, अविश्वास, र पापलाई तिरस्कार गर्नुभयो; तर जब उहाँले आघातपूर्ण भर्त्सनाका वचनहरू बोल्नुहुन्थ्यो तब उहाँले आँसुपूर्ण बोली उच्चारण गर्नुहुन्थ्यो । उहाँ येरुशलेमको निम्ति रुनुभयो, जुन शहरलाई उहाँ प्रेम गर्नुहुन्थ्यो, जसका निवासीहरूले उहाँलाई

बाटो, सत्य, र जीवनको रूपमा ग्रहण गर्न इन्कार गरे । तिनीहरूले उहाँलाई मुक्तिदाताको रूपमा ग्रहण गर्न इन्कार गरे, तर उहाँले तिनीहरूमाथि कृपा दृष्टि राख्नुभयो । उहाँको जीवन आत्मत्याग र अरूहरूका निम्ति एक ध्यानपूर्ण फिक्रीले भरिपूर्ण थियो । उहाँको दृष्टिमा प्रत्येक आत्मा बहुमूल्य थिए । जब कि उहाँ सदा स्वर्गीय मान मर्यादाद्वारा भरिपूर्ण हुनुहुन्थयो, उहाँ परमेश्वरको परिवारको प्रत्येक सदस्यप्रति सबैभन्दा कोमल स्नेहद्वारा झुक्नुभयो । सम्पूर्ण मानवजातिमा उहाँले पतित आत्माहरू देख्नुभयो जसलाई बचाउनु नै उहाँको जीवनको उद्देश्य थियो |

ख्रीष्टको जीवनमार्फत् प्रकट भएमुताविक उहाँको चरित्र यहि हो । यहि नै परमेश्वरको चरित्र हो । परमेश्वरको हृदयबाट नै ख्रीष्टमा प्रकट भएको ईश्वरीय करुणाको धाराहरू मानिसका सन्तानहरूतर्फ बहने गर्दछन् । करुणामयी मुक्तिदाता येशू नै परमेश्वर हुनुहुन्थयो, जो “स्वयम् शरीरमा प्रकट हुनुभयो ।” १ तिमोथी ३:१६ ।

**(९) हाम्रो खातिर येशूलाई संसारमा हुदा कस्तो बर्ताव भयो?**

*३ ऊ मानिसहरूबाट घृणित थियो र इन्कार गरियो, अफसोसमा परेको मानिस र कष्टसित परिचित। ऊ त्योजस्तो थियो, जसलाई देखेर मानिसहरू आफ्ना मुख फर्काउँछन्। ऊ घृणित थियो, र हामीले उसलाई केही मोलको गनेनौं।*

*४ निश्चय नै उसले हाम्रा निर्बलताहरू बोक्यो, र हाम्रा दु:ख भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दु:खमा परेको सम्झ्यौं। 5तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेड़ियो। हाम्रा अधर्मका निम्ति ऊ पेलियो। हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पर्‍यो, र उसको कोर्राको चोटले हामी निको भयौं। (यशैया ५३:३-५)*

हामीलाई उद्धार गर्नका निम्ति नै येशू जिउनुभयो, कष्ट भोग्नुभयो, र मर्नुभयो । उहाँ “दुःखी मानिस” बन्नुभयो, ताकि हामी सदासर्वदाको आनन्दको भागिदार बन्न सक्नेछौं । परमेश्वरले अनुग्रह र सत्यताले पूर्ण आफ्नो प्रिय पुत्रलाई अतुलनीय महिमाको जगतदेखि पापद्वारा नाश र अनिष्ट भएको, तथा मृत्यु र सरापको छायाबाट अन्धकार बन्न पुगेको यस संसारमा आउने अनुमति दिनुभयो । परमेश्वरले आफ्नो पुत्रलाई उहाँको प्रेमको हृदयलाई तथा स्वर्गदूतहरूका श्रद्धालाई त्याग्न, र लाज, अपमान, उपहास, घृणा,

र मृत्यु सहनका निम्ति हनुमति दिनुभयो । “हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो, र उसको कोर्राको चोटले हामी निको भयौं ।” यशैया ५३:५ । उहाँलाई उजाडस्थानमा, गेतसमनीमा, तथा क्रूसमा हेर्नुहोस; परमेश्वरको निष्कलङ्क पुत्रले हाम्रो पापको बोझ आफूमाथि बोक्नुभयो । उहाँ जो परमेश्वरसित एक हुनुहुन्थ्यो, उहाँले आफ्नो हृदयमा पापले मानिस र परमेश्वरको बीचमा उत्पन्न गर्ने त्यो भयानक विच्छेदको महशुस गर्नुभयो । यसले उहाँको ओठबाट यी वेदनायुक्त पुकार उत्पन्न गराए, “हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ ?” मत्ती २७:४६ । पापको बोझ, यसको औधिपनको भावना, र परमेश्वरदेखि उहाँको आत्माको विच्छेदले नै परमेश्वरको पुत्रको हृदय तोडेको थियो ।

**(१०) येशू पिडामा पर्दा पितालाई कुन शब्दले पुकारे?**

***तीन बजेतिर येशू यसो भनेर ठूलो सोरले कराउनुभयो, “इलोई, इलोई, लामा सबखथनी?” अर्थात्, “हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ?” (मत्ती २७:४६)***

तर यो महान् बलिदान परमेश्वरको हृदयमा मानिसप्रतिको प्रेम उत्पन्न गर्नका निम्ति वा बचाउने कार्यप्रति उहाँलाई राजी तुल्याउनका निम्ति गरिएको थिएन । यस्तो कदापि थिएन !

**(११) परमेश्वरले आफ्ना पुत्रलाई यस संसार मा पठाउनु को दुईवटा आधारभूत कारणहरु के के हुन्?**

***"परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो ।" (यूहन्ना३:१६)***
***१९ अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ।(२ कोरिन्थी ५:१९)***

तर यो महान् बलिदान परमेश्वरको हृदयमा मानिसप्रतिको प्रेम उत्पन्न गर्नका निम्ति वा बचाउने कार्यप्रति उहाँलाई राजी तुल्याउनका निम्ति गरिएको थिएन । यस्तो कदापि थिएन ! "परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो | पिताले हामीलाई प्रेम गर्नुहुन्छ, महान् प्रायश्चितको कारणले गर्दा होइन, तर

उहाँले प्रयश्चित प्रदान गर्नुभयो, किनकि उहाँले हामीलाई प्रेम गर्नुहुन्छ । ख्रीष्ट एक यस्तो माध्यम हुनुहुन्थ्यो जसमार्फत् परमेश्वरले यस पापमय संसारमा आफ्नो असीमित प्रेम खन्याउन सक्नुभयो । "ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो । परमेश्वरले आफ्नो पुत्रसँगै कष्ट भोग्नुभयो । गेतसमनीको वेदनामा, तथा कलवरीको मृत्युमा, असीमित प्रेमले भरिपूण हृदयले हाम्रो उद्धारको मूल्य चुकाउनुभएको थियो ।

**(१२) पतन भएको मानव जातिको उद्धार को लागी येशूले आफ्नो सहभागितालाई कसरी वर्णन गरे अनि पिताको प्रतिक्रिया कस्तो थियो?**

***१९ अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ। (२ कोरिन्थी ५:१९)***

येशूले भन्नुभयो, "पिताले मलाई यसैकारण प्रेम गर्नुहुन्छ, किनकि म आफ्नो प्राण फेरि फिर्ता लिने हेतुले अर्पण गर्छु ।" यूहन्ना १०:१७ । यसको अर्थ यहि हो कि, "मेरो पिताले तिमीहरूलाई यस्तो

प्रेम गर्नुभयो, कि उहाँले तिमीहरूलाई उद्धार गर्नका निम्ति मैले आफ्नो जीवन अर्पण गरेकोमा मलाई अझ बढ्तारूपमा प्रेम गर्नुहुन्छ । तिमीहरूका स्थानमा जमानी बसी, आफ्नो जीवन अर्पण गरी, तिमीहरूका उत्तरदायित्व तथा अपराधहरूलाई वहन गरी म आफ्नो पिताको प्रियपात्र बन्न पुगेको छु; किनकि मेरो बलिदानद्वारा परमेश्वर धर्मी ठहराइनुहुनछ, तथा येशूमा विश्वास गर्नेहरूलाई उहाँले धर्मी ठहराउनु हुन्छ ।"

परमेश्वरको पुत्रले बाहेक अरू कसैले पनि हामीलाई मुक्ति दिलाउन सक्ने थिएन; केवल उहाँले मात्र परमेश्वरको बारेमा घोषणा गर्न सक्नुहुने थियो । येशूलाई मात्र परमेश्वरको प्रेमको उँचाइ र गहिराइको बारेमा थाहा थियो, केवल उहाँले मात्र यसलाई प्रकट गर्न सक्नुहुने थियो । पतित मानिसहरूका पक्षमा ख्रीष्टले गर्नुभएको असीमित बलिदानले भन्दा अरू कुनै पनि कुराले नाश भइरहेको मानवजातिप्रति परमेश्वरको प्रेमलाई व्यक्त गर्न सक्ने थिएन । .

परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो ।" परमेश्वरले उहाँलाई मानिसहरूका बिचमा बस्न मात्रै दिनुभएन, तर तिनीहरूका पापहरू उठाउन, र तिनीहरूका निम्ति बलिदानको रूपमा मर्न

दिनुभयो । उहाँले पापमा डुबेका मानवजातिका खातिर नै ख्रीष्ट दिनुभयो । ख्रीष्टले स्वयम् आफैलाई मानवजातिका हित तथा आवश्यकताहरूप्रति अभिन्न सबूत गर्नुपर्ने थियो

**(१३) हामीलाई के भन्न मा येशू लज्जित हुनु हुन्न?**

***११ किनकि पवित्र तुल्याउनुहुने र पवित्र तुल्याइएकाहरू पनि सबै एउटै परिवारका हुन्। त्यसैकारण तिनीहरूलाई भाइ भन्नमा येशू शर्माउनु हुन्न (हिब्रू २:११)***

उहाँ परमेश्वरसित एकै हुनुहुन्थ्यो र उहाँले स्वयम् आफैलाई मानवजातिसित एक यस्तो बन्धनद्वारा जोड्नुभएको छ जसलाई कहिल्यै पनि टुटाउन सकिँदैन । येशू “तिनीहरूलाई भाई भन्नमा शर्माउनुहुन्न उहाँ परमेश्वरसित एकै हुनुहुन्थ्यो र उहाँले स्वयम् आफैलाई मानवजातिसित एक यस्तो बन्धनद्वारा जोड्नुभएको छ जसलाई कहिल्यै पनि टुटाउन सकिँदैन । येशू “तिनीहरूलाई भाई भन्नमा शर्माउनुहुन्न ।” उहाँ हाम्रा बलि, हाम्रा अधिवक्ता, हाम्रा दाज्यू हुनुहुन्छ, जसले परमेश्वर पिताको सिंहासन अघि हाम्रो मानव रूप धारण गरी, अनन्तकालदेखि नै आफूले उद्धार गर्नुभएको वंशसँग एक हुँदै आउनुभएको

छ– जो मानिसका पुत्र हुनुहुन्छ । मानिस पापको विनाश र अवनतिबाट माथि उठ्न सकोस्, ताकी उसले परमेश्वरको प्रेमलाई प्रतिबिम्बित गर्न सकोस् तथा पवित्रताको आनन्द बाँड्न सकोस् भनी उहाँले यी सबै कार्यहरू सम्पादन गर्नुभयो ।,

**(१४) उहाँको अचम्मको प्रेममा पिताले कुन महान सम्मानले हामीहरूलाई भर्नु भएको छ?**

***१ हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं, र साँच्चै हौं पनि। यसैकारणले त संसारले हामीलाई चिन्दैन, किनभने त्यसले उहाँलाई चिनेन। (१ यूहन्ना ३:१)***

हाम्रो उद्धारको निम्ति चुकाइएको मूल्यले तथा हाम्रा स्वर्गीय पिताले आफ्नो पुत्रलाई हाम्रा खातिर मृत्युको मुखमा धकेल्नुभई जुन असीमित त्याग गर्नुभयो, यसले ख्रीष्ट मार्फत् हामी के बन्न सक्छौं भन्ने उँचा धारणाहरू पैदा गराउनेछ । जब प्रेरित यूहन्नाले नाश भइरहेको मानवजातिप्रति प्रकट गरिएको परमेश्वर पिताको प्रेमको उँचाइ, गहिराइ, तथा चौडाइ देखे, तब उनी भक्ति तथा श्रद्धाद्वारा पूर्ण भए; र यस प्रेमको महानता र कोमलताको बारेमा व्यक्त गर्ने

उचित शब्द फेला पार्न असफल भई उनले संसारलाई यसतर्फ हेर्नका निम्ति आव्हान गरे । “हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं, र साँच्चै हौं पनि ।”

**(१५)हामीहरु परमेश्वरको सन्तान कसरी बनिने?**

***१२ तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो (यूहन्ना १ :१२)***

यस वचनले मानिसको कति ठूलो महत्व देखाउँदछ; पापको कारण मानवजाति शैतानको दास बन्न पुगेका छन् । ख्रीष्टको प्रायश्चितको बलिदानप्रतिको विश्वासद्वारा आदमका सन्तानहरू परमेश्वरका सन्तान बन्न सक्नेछन् । ख्रीष्टले मानव स्वभाव धारण गर्नुभई मानवजातिलाई माथि उठाउनुभयो । पतित मानिसहरूलाई त्यस स्थानमा राखिएको छ जहाँ तिनीहरू ख्रीष्टसँगको सम्वन्धद्वारा वास्तवमा “परमेश्वरका सन्तानहरू” भनी कहलाइने योग्य बन्न सक्छन् ।

यस प्रकारको प्रेम बेजोड छ । हामी स्वर्गीय राजाका सन्तान हौं ! अति

बहुमूल्य प्रतिज्ञा ! सबैभन्दा गहनरूपमा मनन गरिनुपर्ने एक विषय ! जुन संसारले उहाँलाई प्रेम गरेन त्यहि संसारको निम्ति परमेश्वरको एक अनुपम प्रेम ! यस विचारमा आत्मालाई बन्धनमा ल्याउँदछ । क्रूसको प्रकाशमा जति नै बढी मात्रामा हामी ईश्वरीय चरित्रको बारेमा अध्ययन गर्ने गर्दछौं त्यति नै बढी मात्रामा हामी दया, कोमलता, तथा न्याय र इन्साफसँग माफी एकबद्ध भएको देख्दछौं, र त्यति नै बढ्तारूपमा हामी त्यस प्रेमको बारेमा असंख्य प्रमाणहरू फेला पार्दछौं जुन असीमित छ र जसको कोमल करुणा कुनै एक आमाको आफ्नो भौंतारिएको छोराप्रति प्रकट हुने व्याकुल करुणाभन्दा कैयौं गुणा बढी छ

***प्रकृतिको सुन्दरतालाई हेरेर साथै मेरो अनि सम्पूर्ण जीवित प्राणीको खाचोलाई पूरा गर्नु हुने हाम्रा स्वर्गीय पीता प्रती कृतज्ञ प्रकट गर्दछु /***

**गोलाकार : हुन्छ अनिर्णित**

***जब म उहाँको कृपा ,लामो पीडा र दया उनको प्रिय पुत्रको उपहार द्वारा महसुस गर्छु तब म प्रेमले भरिएर आउछु /***

**गोलाकार : हुन्छ अनिर्णित**

*जब म महसुस गर्छु कि येशू यस पृथ्वीमा आउनुभयो र बिरामीहरूलाई निको पार्नुभयो अन्धालाई दृष्टि दिनु भयो टुटे हृदय भएकाहरूलाई सान्त्वना दिनु भयो र पतित मानवतालाई छुटाउनको लागि आफ्नो जीवन दिनु भयो तब म चकित बन्छु ।*

**गोलाकार : हुन्छ अनिर्णित**

*म परमेश्वरको वचनमा बढी समय बिताउन चाहन्छु ताकि म उहाँको प्रेमलाई अझ राम्ररी बुझ्न सकूँ र म कसरी उहाँको सन्तान बन्न सक्छु।*

**गोलाकार : हुन्छ अनिर्णित**

______________________________

______________________________

______________________________

______________________________

______________________________

______________________________

______________________________

______________________________

______________________________

______________________________

______________________________

______________________________

______________________________

______________________________

______________________________

______________________________

______________________________

______________________________

______________________________

______________________________



## पाठ २
## पापीलाई ख्रीष्टको आवश्यकता

**(१) हामीहरुले यदि परमेश्वरको आदर गर्यौं अनि उहाँ प्रति आज्ञाकारी बन्यौ भने हामीले उहाँका कस्ता गुणहरु प्राप्त गर्न सक्छौ?**

***१० परमप्रभुको भय बुद्धिको सुरु हो, उहाँका आदेशहरू पालन गर्नेहरूको समझशक्ति ठीक हुन्छ, उहाँको प्रशंसा सधैँभरि रहिरहन्छ। (भजन १११:१०)***

मैलिकरूपले मानिस प्रभावशाली शक्ति तथा सन्तुलित विचारद्वारा भरिपूर्ण थियो । ऊ आफ्नो अस्तित्वमा पूर्ण थियो, र परमेश्वरसित उसको मेलमिलाप थियो । उसका विचारहरू शुद्ध थिए, र उसका लक्ष्यहरू पवित्र थिए । तर

अनाज्ञाकारितादवारा उसका शक्तिहरू पथभ्रष्ट बन्नपुगेका थिए, र स्वार्थीपनले प्रेमलाई विस्थापित गर्‍यो । अपराधको कारण उसको स्वभाव यति दुर्बल बन्न पुग्यो कि उसलाई स्वयम् आफ्नै शक्तिदवारा दुष्टताको शक्ति विरुद्ध सामना गर्नु असम्भव थियो । ऊ शैतानदवारा कैदी बनाइएको थियो, र यदि परमेश्वरले विशेषरूपमा हस्तक्षेप नगर्नुभएको हुँदो हो त सदाको निम्ति यहि हालतमा रहने थियो । मानिसको सृष्टिमा ईश्वरीय योजनालाई भताभुङ्ग पार्नु, र पृथ्वीलाई शोक तथा उजाडपनले भर्नु नै शैतानको उद्देश्य थियो । र यी सबै दुष्कार्य परमेश्वरले मानिसको उत्पत्ति गर्नुभएवापत् उत्पन्न भएको नतिजा हो भनी ऊ औंल्याउन चाहन्थ्यो |

**(२) किन आदम र हव्वा ईश्वरबाट लुक्नुभयो?**

***१० उनले भने, "मैले तपाईंको सोर बगैँचामा सुनें र म डराएँ, किनभने म नाङ्गै थिएँ, र म लुकें। (उत्पत्ति ३ :१०)***

आफ्नो पापविहीन् अवस्थामा मानिसले परमेश्वरको साथ आनन्दमय वार्तालाप गर्ने गर्थ्यो, "जसमा ज्ञान र बुद्धिको सारा सम्पत्ति लुकेका छन् ।" कलस्सी २:३ । तर ऊ पापमा डुबेपश्चात् उसले

पवित्रताबाट कुनै आनन्द प्राप्त गर्न सकेन, र उसले परमेश्वरको उपस्थितिदेखि लुक्ने प्रयास गर्‍यो । अपरिवर्तित व्यक्तिको अवस्था अझैपनि यस्तै छ । परमेश्वरसित मेलमिलापमा नरहेको कारण उसले उहाँको संगतिमार्फत कुनै आनन्द हासिल गर्दैन ।

**(३) जब उनी फेरि आउनेछन् ख्रीष्टको उपस्थितिमा अविश्वासीहरुको प्रतिक्रया के हुन्छ?**

***१६ तिनीहरूले पहाड़हरू र चट्टानहरूलाई भने, "हामीमाथि खस, र सिंहासनमा विराजमान हुनुहुनेको मुहारबाट, र थुमाको क्रोधबाट हामीलाई लुकाओ (प्रकाश ६ :१६)***

पापी मानिस परमेश्वरको उपस्थितिमा खुशी रहन सकेन; ऊ पवित्र जनहरूका संगतिदेखि पछि हट्ने गर्दथ्यो । यदि उसलाई स्वर्गमा प्रवेश गर्ने अनुमति दिइएको भए पनि यसले उसलाई कुनै आनन्द प्रदान गर्ने थिएन । स्वर्गमा निःस्वार्थ प्रेमको भावनाले शासन गरेको हुन्छ – जहाँ प्रत्येक आत्मा असीमित प्रेमको हृदयसँगै उत्प्रेरित हुने गर्दछ – यस्तो ठाउँमा उसको आत्माले प्रत्युत्तर स्वरूप कुनै समानता प्राप्त गर्न सक्ने थिएन । उसका विचारहरू, उसका अभिरुचिहरू, उसका उद्देश्यहरू त्यहाँका

पापरहित निवासीहरूका सामु बिरानो सावित हुने थिए । स्वर्गको रागमा ऊ एक प्रतिकूल ध्वनि सावित हुनेछ । स्वर्ग उसको निम्ति एक यातनाको स्थान हुनेछ; र उसले परमेश्वरदेखि लुक्ने तीव्र इच्छा गर्नेछ जो स्वर्गको ज्योति तथा यसको आनन्दको केन्द्र हुनुहुन्छ । दुष्टलाई स्वर्गबाट अलग पार्ने परमेश्वरको स्वेच्छाचारी आदेशले होइन्; तर तिनीहरू स्वयम् आफै अयोग्य ठहरिएर स्वर्गदेखि अलग हुन पुग्दछन् । तिनीहरूका निम्ति परमेश्वरको महिमा एक भस्म पार्ने आगो सावित हुनेछ । तिनीहरूले विनाशलाई स्वागत गर्दछन्, ताकि तिनीहरू उहाँको मुहारदेखि लुक्न सक्नेछन् जो तिनीहरूलाई उद्धार गर्नका निम्ति मर्नुभयो

**(४) किन पापीले उसको आफ्नै हृदयलाई शुद्ध गर्ने क्षमता हुदैन?**

***४ अशुद्धबाट कसले शुद्ध निकाल्न सक्छ? कसैले सक्दैन! (अय्यूब १४ :४ )***

· जुन पापको दलदलमा हामी डुबेका छौं त्यसबाट स्वयम् आफ्नै युक्तिद्वारा छुटकारा पाउनु हाम्रो निम्ति असम्भव छ । हाम्रो हृदय दुष्ट छ, र हामीले यसलाई परिवर्तन गर्न सक्दैनौं । "अशुद्धबाट कसले शुद्ध निकाल्न

सक्छ ? कसैले सक्दैन” “पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वरप्रति शत्रुता हो । परमेश्वरका व्यवस्थाको अधीनमा त्यो हुँदैन, नता त्यो कहिल्यै हुन सक्छ ।” अय्यूब १४:४; रोमी ८:७ । शिक्षा, संस्कृति, इच्छाशक्तिको प्रयोग, मानव चेष्टा, यी सबैका आ-आफ्नै उचित दायरा छन्, तर यहाँ ती सबै शक्तिहीन् छन् । तिनले बाह्यरूपमा एक शुद्धताको आचरण उत्पन्न गराउन सक्लान्, तर तिनले हृदयलाई परिवर्तन गर्न सक्दैनन्; तिनले जीवनको मुहान्हरूलाई शुद्ध पार्न सक्दैनन् । मानिसहरू पापबाट पवित्रतामा परिवर्तन हुनु अघि त्यहाँ उनीहरूका आत्मा भित्रबाट एक शक्तिले, तथा माथिबाट एक नयाँ जीवनले काम गरिरहेको हुनुपर्छ । त्यो शक्ति ख्रीष्ट हो । उहाँको अनुग्रहले मात्र आत्माको निर्जीव सामर्थ्यहरूलाई जगाउन सक्दछ, र यसलाई परमेश्वरतर्फ तथा पवित्रतातर्फ खिँच्न सक्दछ

**(५) परमेश्वरको राज्यमा प्रवेश गर्न हाम्रो जीवनमा के हुन पर्छ?**

***३ येशूले तिनलाई जवाफ दिनुभयो, “साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।” (यूहन्ना ३ :३)***

मुक्तिदाताले भन्नुभयो, “कोही” माथिबाट “जन्मेन भने” नयाँ जीवनतर्फ डोऱ्याउने नयाँ हृदय, नयाँ इच्छा, अभिप्राय, र उद्देश्यहरू प्राप्त नगरेसम्म, “उसले परमेश्वरको राज्यलाई देख्न सक्दैन स्वभावद्वारा मानिसमा जुन असलपन रहन्छ त्यसको मात्र उन्नति गरिनुपर्छ भन्ने विचारधारा एक साघातिक छल हो ।

**(६) कसरी आत्मिक विषयहरू बुझ्न सकिन्छ?**

***१० परमेश्वरले हाम्रा निम्ति पवित्र आत्माद्वारा त्यो प्रकट गर्नुभएको छ। किनकि पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ, परमेश्वरका गहिरा-गहिरा कुराहरू पनि खोजी गर्नुहुन्छ। (१ कोरिन्थी २:१०)***

जो मानिस आत्मिक छैन, त्यसले परमेश्वरका आत्माका कुराहरू ग्रहण गर्दैन । किनकि ती कुराहरू त्यसको निम्ति मूर्खता हुनछन्, र त्यसले ती बुझ्न सक्दैन, किनकि ती कुराहरू आत्मिक रीतिले मात्र चिन्न सकिन्छ ।” “मैले तिमीलाई नयाँ गरी जन्मनुपर्छ भन्दा अचम्म नमान ।” १ कोरिन्थी २:१४; यूहन्ना ३:७ । ख्रीष्टको विषयमा यसरी लेखिएको छ, “उहाँमा जीवन थियो,

र त्यो जीवन मानिसहरूको ज्योति थियो ।” “अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन ।” यूहन्ना १:४; प्रेरित ४:१२

**(७) सच्चाइको अर्थ पत्ता लगाएपछि पनि हामी किन पापसँग संघर्ष गर्न जारी राख्छौं?**

***१४ किनकि हामी जान्दछौं कि व्यवस्था आत्मिक हो, तर मचाहिँ शारीरिक छु, र पापैमा बेचिएको छु। (रोमी ७:१४)***

परमेश्‍वरको प्रेमको विषयमा ज्ञानबोध गर्नु, र उहाँको चरित्रको परोपकारिता तथा पैतृक कोमलतालाई देख्नु मात्र यथेष्ट छैन । उहाँको व्यवस्थाको ज्ञान र न्यायको बारेमा थाहा पाउनु तथा यो प्रेमको अनन्त सिद्धान्तमा आधारित छ भनी देख्नु मात्र यथेष्ट छैन । प्रेरित पावलले यी सबै कुराहरू स्पष्ट देखे र उनले यसो भने, “व्यवसथा असल छ भनी म सहमत हुन्छु ।” “व्यवस्था पवित्र छ, र आज्ञा पवित्र, न्यायसङ्‌गत र असल छ ।” तर आफ्नो हृदय छुने वेदना र निराशाको तीतोपनमा उनले थप यसो भने, “मचाहिँ शारीरिक छु, र पापैमा बेचिएको छु ।” रोमी ७:१६, १२, १४ । उनले पवित्रता र

धार्मिकताको तीव्र अभिलाषा राखेका थिए, जुन उनी स्वयम् आफै प्राप्त गर्न शक्तिहीन थिए, र उनले यसरी पुकारे, "हाय ! म कस्तो दुःखी मानिस ! यस मृत्युको शरीरबाट मलाई कसले छुटाउला ?" रोमी ७:२४ । सबै राज्यका, र सबै युगका मानिसहरूका बोझले लादिएका हृदयदेखि निस्किएका पुकारहरू यसरी नै माथि स्वर्गसम्मै पुग्नेगरेका छन् । सबैको निम्ति त्यहाँ केवल एक मात्र यस्तो जवाफ छ, "हेर संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा ।" यूहन्ना १:२९ ।

**(८) पापी र ईश्वरबीच सञ्चार सम्पर्क पुनर्स्थापना गर्न सक्ने एउटै मात्र मध्यस्थकर्ता को हो?**

***५ किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ— मानिस, ख्रीष्ट येशू । (१ तिमोथी २:५ )***

त्यहाँ अनेकौं यस्ता उदाहरणहरू छन् जसद्वारा परमेश्वरको आत्माले यस सत्यतालाई चित्रण गर्न तथा जुन मानिसहरू अपराधको बोझबाट मुक्त हुनलाई तीव्र अभिलाषा राख्दछन् तिनीहरूलाई यो कुरा सरल तुल्याउने प्रयत्न गर्नुभयो । जब एसावलाई छल गरी आफ्नो यस पाप

पश्चात् याकूब आफ्नो पिताको घरबाट भागे तब उनी दोषको भावनाद्वारा लादिनपुगेका थिए । जब उनी एक्लो तथा त्यागिएका अवस्थामा थिए, जीवनलाई सुखमय तुल्याउने सारा थोकहरूबाट अलग्गिनपुगेका थिए, तब त्यस अवस्थामा सबै कुराहरूमाथि एउटै मात्र चिन्ता जसले उसको आत्मालाई थिचिराखेको थियो, त्यो यो डर थियो कि उसको पापले उसलाई परमेश्वरदेखि अलग तुल्याइदिएको छ, कि ऊ स्वरगबाट नै त्यागिएको छ । खिन्नताका साथ उनी रुखो भूमिमा विश्राम लिन बसे, उनको वरिपरि केवल एकान्त डाँडाकाँडाहरू थिए भने माथिचाहिँ ताराहरूद्वारा चम्किलो आकाश थियो । जसै उनी निद्रामा परे, तब उनको सपनामा एक अनौठो प्रकारको ज्योति चम्किनपुग्यो; र जुन समतल भूमिमा उनी पल्टिरहेका थिए त्यहिँबाट विशाल छायामय भऱ्याङ्गका खुड्किलाहरू स्वर्गको प्रवेशद्वारसम्मै पुगेका जस्ता देखिन्थे, र परमेश्वरका दूतहरू त्यसमा उक्लँदै र ओर्लंदै थिए; र महिमीत ज्योतिबाट सान्त्वना तथा आशाको सन्देशका साथ ईश्वरीय वाणी सुनिएको थियो । यसरी याकूबलाई यो कुरा थाहा दिइयो कि मुक्तिदाताले नै उनको आत्माको खाँचो तथा तीव्र अभिलाषालाई पूरा गर्नुभएको थियो । उनले आनन्द र

कृतज्ञताका साथ एक मार्ग प्रकट भएको देखे जसद्वारा उनले एक पापीको हैसियतले पनि परमेश्वरमा सम्बन्ध पुनःस्थापना गर्न सक्नेछन् । उनको सपनाको रहस्यपूर्ण भऱ्याङ्गले येशूको प्रतिनिधित्व गरेको थियो, जो परमेश्वर र मानिसबीचको सम्बन्धको एक मात्र माध्यम हुनुहुन्छ ।
यो त्यहि उदाहरण हो जुन ख्रीष्टले नथानेलसँग वार्तालाप गर्नुभएको रूपमा उल्लेख गर्नुभयो, जब उहाँले भन्नुभयो, "तिमीहरूले स्वर्ग उघ्रिएको र परमेश्वरका दूतहरूलाई मानिसको पुत्रमाथि उक्लँदै र ओर्लँदै गरेका देख्नेछौ ।" यूहन्ना १:५१

**(९) हामी कसरी पिताकहाँ आउन सक्छौं?**

***६ येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन। (यूहन्ना १४ :६)***

स्वधर्मत्यागद्वारा मानिसले स्वयम् आफैलाई परमेश्वरबाट अलग तुल्यायो; र पृथ्वी स्वर्गबाट अलग्गिन पुग्यो । बीचमा जुन खाडी थियो त्यसको आरपार हुनेगरि कुनै सम्पर्क हुन सक्ने थिएन । तर ख्रीष्टमार्फत् पृथ्वी पुनः स्वर्गसित जोडिएको छ । स्वयम् उहाँकै गुणहरूद्वारा ख्रीष्टले पापद्वारा बनेको खाडीलाई जोड्नुभएको छ, ताकि सेवा गर्ने

स्वर्गदूतहरूले मानवजातिसित परस्पर सम्पर्क कायम राख्न सक्नेछन् । ख्रीष्टले पतित मानिसलाई उसको दुर्वलता र असहायपनदेखि असीमित शक्तिको श्रोतसित सम्बन्ध जोड्नुहुन्छ ।

**(१०) पतन भएको मानव जातिको आफैलाई बचाउन प्रयासहरू किन सबै व्यर्थ भएका छन्?**

***८ किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ— र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो— ९ कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ। (एफिसी २: ८-९)***

तर यदि मानिसहरूले पतित मानवजातिका आशा र सहायताको एकमात्र श्रोतलाई उपेक्षा गर्दछन् भने तिनीहरूका प्रगति गर्ने सपना, र मानवजातिलाई उकास्ने सबै प्रयत्नहरू व्यर्थ सावित हुनेछन् । "हरेक असल दान र हरेक सिद्ध वरदान" परमेश्वरबाट आउँदछ (याकूब १:१७) । उहाँमा बाहेक अन्य कसैमा पनि साँचो श्रेष्ठताको चरित्र पाइँदैन । ख्रीष्ट नै परमेश्वरकहाँ पुग्ने एकमात्र मार्ग हुनुहुन्छ ।

**(११) स्वर्गबाट हाम्रो छुटकाराको लागि के गरिदिएको छ?**

***२६ नत्रता संसारको उत्पत्तिदेखि नै उहाँले बारम्बार दुःख भोग्नुपर्नेथियो। तर यस युगको अन्त्यमा आफ्नै बलिद्वारा पाप हटाउनलाई उहाँ सधैँको निम्ति एकै पल्ट प्रकट हुनुभएको छ।  (हिब्रू ९ :२६)***

परमेश्वरको हृदय पृथ्वीमा रहेका आफ्ना सन्तानहरूप्रति एक यस्तो प्रेमका साथ व्याकुल बन्दछ जुन मृत्युभन्दा पनि मजबुत छ । आफ्नो पुत्रलाई हाम्रो निम्ति दिनुभई उहाँले त्यहि एक उपहारमार्फत् हाम्रो निम्ति सारा स्वर्ग नै खन्याउनुभएको छ । मुक्तिदाताको जीवन र मरण, मध्यस्थता, स्वर्गदूतहरूका सेवा, पवित्र आत्माको बिन्ती, हरेक तवरद्वारा काम गरिरहनुभएको पिता, स्वर्गीय अस्तित्वहरूका अटुट अभिरुचि,– यी सबै कुराहरू मानिसको उद्धारको पक्षमा कार्यान्वयन गरिएका हुन् ।

हाम्रो निम्ति जुन आश्चर्यजनक बलिदान गरिएको छ त्यसको बारेमा हामी मनन गरौं । हराएकाहरूलाई पुनः प्राप्त गर्न र तिनीहरूलाई पिताको घरमा फिर्ता ल्याउनका निम्ति स्वर्गले जुन परिश्रम तथा शक्ति खर्च गरेको छ त्यसको हामी प्रशंसा गरौं । असल कार्यका निम्ति इनामहरू, स्वर्गको आनन्द, स्वर्गदूतहरूका साथ स्थापना हुने सम्बन्ध, परमेश्वर

तथा उहाँको पुत्रसँगको संगत, अनन्तकालसम्म नै हुने हाम्रा सबै शक्तिहरूका विस्तार– यी सबै प्राप्तिका निम्ति यो भन्दा मजबुत प्रेरणाहरू, र यो भन्दा शक्तिशाली कार्य कदापि परिचालन गर्न सकिने थिएन । के यी सबै कुराहरू हाम्रा सृष्टिकर्ता तथा उद्धारकर्तालाई हृदयदेखि नै प्रेमपूर्ण सेवा प्रदान गर्नका निम्त हाम्रा निम्ति महान् प्रेरणा तथा प्रोत्साहनहरू होइनन् त ?

र अर्को पक्षमा पापको विरुद्धमा घोषणा गरिएका परमेश्वरका इन्साफहरू, अनिवार्य प्रतिशोध, हाम्रो चरित्रको पतन, र अन्तिम विनाशका घटनाहरू हामीलाई शैतानको सेवाविरुद्ध सचेत गराउनका निम्ति परमेश्वरको वचनमा उल्लेख गरिएका छन् ।

के हामीले उहाँको कृपाप्रति ध्यान नदिने त ? उहाँले यो भन्दा बढी के गर्न सक्नुहुन्थ्यो ? हामीले स्वयम् आफैलाई उहाँमा एक उचित सम्बन्धमा बाँधौं जसले हामीलाई अद्भुत प्रेमका साथ प्रेम गर्नुभएको छ । हाम्रो निम्ति जुटाइएका उपायहरूबाट लाभ उठाऔं ताकि हामी उहाँको स्वरूपमा परिवर्तित हुन सक्नेछौं, र सेवा गर्ने स्वर्गदूतहरूसित संगीपन प्राप्त गर्नका निम्ति, तथा पिता र पुत्रसित मधुरो सम्बन्ध र सम्पर्क प्राप्त गर्नका निम्ति पुनःस्थापन गरिनेछौं ।

*अब मैले बुझें कि परमेश्वरले मानिसलाई महान शक्तिहरूको साथ पूर्णरूपमा सृष्टि गर्नुभयो र उहाँसँग एकरूपतामा राख्नुभयो . अनि हामी, अनाज्ञाकारिताको माध्यमबाट, प्रकृतिमा कमजोर भएका थियौं र परमेश्वरको हस्तक्षेपबिना शैतानको बन्धनमा थियौं र खराबीको प्रतिरोध गर्न असमर्थ थियौं ।*

**गोलाकार: हो अनिर्णित**

*मलाई थाहा छ कि यस धर्मत्यागको कारणले, मानिस आफैं परमेश्वरबाट अलग भएको छ र परमेश्वरमा फर्किन सक्ने एउटै मात्र बाटो येशू ख्रीष्ट हुनुहुन्छ।*

**गोलाकार: हो अनिर्णित**

*म मेरो असहायता देख्छु र मेरो मुक्तिदाताको रूपमा येशू ख्रीष्टको मेरो ठूलो आवश्यकता महसुस गर्दछु।*

**गोलाकार: हो अनिर्णित**

*म परमेश्वरको प्रेम र छुटकारा को योजना को लागी आभारी छु। मेरो चाहना हो कि उहाँको प्रस्ताव लाई स्वीकार गर्न चाहानुहुन्छ।*

**गोलाकार: हो अनिर्णित**



## पाठ ३
## हाम्रो अवस्था महसुस गर्नु

**(१) हामी पापीहरू कसरी पापबाट शुद्ध हुन सक्छौं?**

***३८ पत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ। (प्रेरित २:३८)***

मानिस कसरी परमेश्वरको सामु धर्मी ठहरिने ? पापी कसरी धर्मी बन्न सक्नेछ ? केवल ख्रीष्टद्वारा मात्र हामी परमेश्वरसित, र पवित्रताको साथमा मधुरो

सम्बन्धमा ल्याइनेछौं; तर हामी कसरी ख्रीष्टमा आउनुपर्नेछ त ? जसरी पेन्तिकोसको दिनमा भीडले सोधेका थिए त्यसरी नै आज पनि कैयौंले यहि प्रश्न गर्दैछन् । जब पापको कारण दोषी ठहरिएर तिनीहरूले यसरी पुकारे, “हामीले के गर्ने ?” तब पत्रुसको जवाफ यसप्रकार थियो, “पश्चात्ताप गर्नुहोस् ।” प्रेरित २:३७, ३८ । केहि समय पश्चात् अर्कै समयमा उनले भने, “पश्चात्ताप गर्नुहोस् र फर्कनुहोस्, कि तपाईंहरूका पाप मेटिऊन ।” प्रेरित ३:१९

पश्चात्तापले पापप्रति शोक व्यक्त गर्नु र यसबाट तर्किनु भन्ने दुई पक्षलाई समावेश गर्दछ । जबसम्म हामीले पापले ल्याउने विनाशलाई देख्नेछैनौं तबसम्म हामीले यसलाई त्याग्नेछैनौं; र जबसम्म हामी हृदयदेखि नै पापबाट तर्कनेछैनौं तबसम्म जीवनमा साँचो परिवर्तन आउनेछैन ।

कैयौं मानिसहरू पश्चात्तापको साँचो स्वभावबारे बुझ्न सक्दैनन् । असंख्य मानिसहरू आफ्नो पापको निम्ति शोक व्यक्त गर्दछन् र यसको सथै आफ्नो जीवनमा एक बाह्य सुधार पनि ल्याउँदछन् किनकि तिनीहरू यो कुरामाथि डर मान्दछन् कि तिनीहरूका गलत कार्यहरूले स्वयम् तिनीहरूमाथि नै कष्ट ल्याउनेछ । तर बाइबलमुताविक यो पश्चात्ताप होइन । तिनीहरू पापको

सट्टा कष्टप्रति शोक मान्ने गर्दछन् । जब एसावले सदाको निम्ति आफ्नो जेष्ठ-अधिकार गुमाइसकेका तथ्यताबारे चाल पाए त्यतिखेर उनले यस्तै प्रकारको शोक व्यक्त गरे । आफ्नो बाटोमा हातमा तलवार लिई उभिरहेका स्वर्गदूतदेखि त्रसित भई बालामले आफ्नो दोष स्वीकार गरे, अन्यथा उसले आफ्नो जीवन गुमाउनु पनि पर्ने थियो; तर त्यहाँ पापप्रति कुनै वास्तविक पश्चात्तापको भावना थिएन, उद्देश्यमा कुनै परिवर्तन थिएन न त अधर्मप्रति कुनै घृणा नै थियो । यहूदा इस्करियोतले आफ्नो परमप्रभुलाई धोखा दिइसकेपछि यसो भने, “मैले निर्दोष मानिसलाई धोखा दिएर पाप गरेको छु ।” मत्ती २७:४ दण्डको एक भयानक चेतना र इन्साफको एक डरलाग्दो दृष्टिद्वारा उसको दोषी आत्मादेखि यो पाप स्वीकार उत्पन्न भएको थियो । जुन परिणामहरू ऊमाथि आइलाग्नुपर्नेथियो तिनले उसलाई त्रासको भावनाद्वारा भरिदियो, तर परमेश्वरको निष्खोट पुत्रलाई धोखा दिएको बारेमा तथा इस्राएलको पवित्र जनलाई तिरस्कार गरेको बारेमा उस्को आत्माभित्र कुनै गहिरो तथा भग्न-हृदय शोक थिएन । फारोले परमेश्वरको इन्साफद्वारा कष्ट भोगिरहेको अवस्थामा थप सजायबाट बच्नका निम्ति आफ्नो पापलाई स्वीकार गऱ्यो, तर विपत्तीहरू हट्नासथ स्वर्गको

विरुद्धमा आफ्नो अटेरीपनतर्फ नै फर्कियो । यी सबै व्यक्तिहरूले पापको परिणामहरूप्रति विलाप गरे, तर पापकै लागि चाहिँ शोक प्रकट गरेनन् |

**(२) यस पदले क्रिष्टको कस्तो वर्णन गर्छ, जसले पवित्र आत्मा द्वारा, अन्धकारलाई धपाइ दिन्छ र आत्माको गोप्य स्थानहरू बताउँछ?**

***१ हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदैहुनुहुन्थ्यो।***
***(यूहन्ना १:९)***

तर जब हृदय परमेश्वरको आत्माको प्रभावप्रति समर्पित रहन्छ, तब विवेक सचेत बन्नेछ, र पापीले परमेश्वरको व्यवस्थाको गहिराइ तथा पवित्रताको बारेमा केहि बुझ्न सक्नेछ जुन स्वर्ग र पृथ्वीमाथि उहाँको शासनको जग हो । "हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदैहुनुहुन्थ्यो" यहि ज्योतिले आत्माको गोप्य कोठाहरूलाई उज्यालो पार्दछ, र अन्धकारका गुप्त कुराहरू प्रकट हुन्छन् । यूहन्ना १:९ । विश्वासले मन र हृदयलाई अधिकारमा राख्दछ । पापीले यहोवेको धार्मिकताको बारेमा चेतना पाउँदछ, र आफ्नो अपराध तथा अशुद्धताका साथ हृदय जाँच्नुहुने परमेश्वरको सामु जान डराउँदछ । उसले

परमेश्वरको प्रेम, पवित्रताको सौन्दर्य, र शुद्धताको आनन्दलाई देख्दछ; अनि शुद्ध बन्ने तथा स्वर्गीय सम्बन्धमा पुनःस्थापित हुने अभिलाषा राख्दछ ।

**(३) राजा दाऊद जस्तै हाम्रो प्रार्थना के हुनेछ यदि हामी हाम्रो पापहरूको लागि साँचो दु: खी हुन्छौं?**

*1हे परमेश्वर, तपाईंको अचूक करुणाअनुसार ममाथि कृपा गर्नुहोस्, तपाईंको अपार अनुकम्पामा मेरा अपराधहरू मेटिदिनुहोस्।*
*2मेरो सबै अधर्मबाट मलाई पूर्ण रूपमा धोइदिनुहोस्, र मेरो पापबाट मलाई शुद्ध गरिदिनुहोस्। 3किनकि मेरा अपराधहरू म जान्दछु, र मेरो पाप सदा मेरो सामुन्ने छ। 4तपाईंको विरुद्धमा, केवल तपाईंकै विरुद्धमा मैले पाप गरेको छु,*
*र तपाईंको दृष्टिमा जे खराबी छ, त्यही गरेको छु। यसैकारण बोल्नुहुँदा तपाईं ठीक प्रमाणित हुनुहुन्छ,*
*र न्याय गर्दा तपाईं न्यायी ठहरिनुहुन्छ।*
*(भजन ५१ :१-४)*

*१० हे परमेश्वर, ममा शुद्ध हृदय सृजनुहोस्, र मभित्र एउटा स्थिर आत्मा पुनर्जीवित पार्नुहोस्।*
*(भजन ५१ :१० )*

दाऊदले आफ्नो पतन पश्चात् गरेका प्रार्थनाले पापप्रति व्यक्त गरिने साँचो शोकको स्वभावको बारेमा चित्रण गर्दछ । उनको पश्चात्ताप साँचो तथा गहिरो तवरको थियो । उनले आफ्नो अपराधलाई ढाकछोप गर्ने कुनै प्रयत्न गरेनन्, न त आउनेवाला दण्डदेखि बच्ने इच्छाले नै उनलाई प्रार्थना गर्नका निम्ति प्रेरित गरेको थियो । दाऊदले आफ्नो अपराधको भीषण रूप देखे; उनले आफ्नो आत्माको कलङ्क देखे अनि आफ्नो पापलाई घृणा गरे । उनले केवल माफीको निम्ति प्रार्थना गरेका थिएनन्, तर हृदयको शुद्धताको निम्ति पनि प्रार्थना गरेका थिए । उनले पवित्रताको आनन्द प्राप्त गर्ने तथा परमेश्वरसित मधुर सम्बन्ध र सम्पर्क पुनःस्थापन गर्ने अभिलाषा राखे । उनको आत्माको बोली यसप्रकार थियो: यस प्रकारको पश्चात्ताप गर्नु हाम्रो पहुँचदेखि धेरै पर छ; यो त केवल ख्रीष्टबाट मात्र प्राप्त हुने गर्दछ जो स्वर्गमा जानुभयो र जसले मानिसहरूलाई वरदानहरू दिनुभएको छ ।

**(४) साँचो पश्चाताप गर्नु अनि स्वीकार को परिणाम के हुन्छ?**

*१ धन्य त्यो व्यक्ति, जसका अपराध क्षमा भएको छ, र जसका पाप ढाकिएका छन्। (भजन ३२:१)*

**(५) तार्किक ढंगले स्वीकृति को चरणहरू के के हुन्?**

*२८ "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। २९ मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ। (मत्ती ११:२८, २९)*

धेरै मानिसहरू यहि भूलमा पर्दै ख्रीष्टले तिनीहरूलाई दिन चाहनुभएको सहायता प्राप्त गर्नमा असफल बन्न पुग्दछन् । तिनीहरू यो सोचाई राख्दछन् कि सर्वप्रथम पश्चात्ताप नगरेसम्म तिनीहरू ख्रीष्टकहाँ आउने सक्ने छैनन्, र पश्चात्तापले नै आफ्ना पापहरूका क्षमा प्राप्तिका निम्ति तयार पार्दछ । यो कुरा साँचो हो कि पापदेखि क्षमा प्राप्त हुनु अघि पश्चात्तापको स्थान आउँदछ; किनकि भग्न र चूर्ण हृदयले एकमात्र मुक्तिदाताको आवश्यकताको बारेमा महशुस गर्नेछ । तर के पापीले येशूकहाँ आउनुअघि पश्चात्ताप नगरुञ्जेलसम्मै

प्रतिक्षा गर्नुपर्नेछ त ? के पश्चात्तापलाई पापी र मुक्तिदाता बीचको एक अवरोध बनाइनुपर्छ त ?

बाईबलले यो कुरा सिकाउँदैन कि पापीले ख्रीष्टको निमन्त्रणाप्रति ध्यान दिनु अघि उसले पश्चात्ताप गर्नुपर्नेछ । "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु ।" मत्ती ११:२८

**(६) कुन स्रोतबाट पाप प्रति साँचो शोक आउछ त्?**

***.... तिनीहरूका पापहरूको क्षमा दिन उहाँलाई राजा र मुक्तिदाता तुल्याईकन आफ्नो दाहिने बाहुलीले उच्च पार्नुभयो। (प्ररित ५:३०-३१)***

ख्रीष्टबाट प्राप्त हुने शक्तिले मात्र साँचो पश्चात्तापतर्फ डोऱ्याउँदछ । इस्राएलीहरूलाई दिएका आफ्नो वक्तव्यमा पत्रुसले यस प्रसंगलाई यसरी स्पष्ट पारेका थिए, "परमेश्वरले इस्राएलको पश्चात्तापको लागि र तिनीहरूलाई पापहरूको क्षमा दिन उहाँलाई राजा र मुक्तिदाता तुल्याईकन आफ्नो दाहिने बाहुलीले उच्च पार्नुभयो ।" प्रेरित ५:३१ । जसरी हामीले ख्रीष्टबिना माफी पाउन सक्तैनौं त्यसरी नै ख्रीष्टको आत्माबिना विवेकलाई सचेत पार्नका निम्ति पश्चात्ताप गर्न सक्नेछैनौं ।

ख्रीष्ट नै हरेक उचित प्रेरणाको मुहान् हुनुहुन्छ । केवल उहाँले मात्र हृदयमा पापको वरुद्धमा दुश्मनी भावना उब्जाउन सक्नुहुनेछ । सत्यता र पवित्रताप्रति हरेक आकाङ्क्षा तथा स्वयम् आफ्नै पापप्रति प्रकट गरिने हरेक दोषसिद्धिको भावना नै उहाँको आत्माले हाम्रो हृदयमा प्रभाव पार्दैछ भन्ने एक प्रमाण हो ।

**(७) परमेश्वरले पश्चाताप र छुटकाराको उपहार कसलाई प्रधान गर्नु हुन्छ?**

***३२ अनि जब म पृथ्वीबाट उचालिन्छु, म सबै मानिसलाई आफूतिर खिँच्नेछु। (यूहन्ना १२:३२)***

ख्रीष्टलाई संसारको पापको खातिर मर्नुभएको एक मुक्तिदाताको रूपमा पापीहरूका सामु प्रकट गरिएको हुनुपर्छ; र जसै हामी कलवरीको क्रूसमा परमेश्वरको थुमातर्फ हेर्दछौं, तब हाम्रो मनमा उद्धारको रहस्य खुल्न थाल्नेछन् र परमेश्वरको भलाईले हामीलाई पश्चात्तापतर्फ डोऱ्याउनेछ । पापीहरूका निम्ति मर्नुभएर ख्रीष्टले बुझ्नै नसकिने तवरको प्रेम प्रकट गर्नुभएको छ; र जसै पापीले यस प्रेमतर्फ नजर लगाउँदछ तब यसले हृदयलाई कोमल तुल्याउँदछ मनलाई प्रभावित तुल्याउँदछ, र आत्माभित्र चूर्णपन उत्पन्न गर्दछ ।

यो कुरा साँचो हो कि कहिलेकाहिँ मानिसहरू आफ्ना पापमय चालहरूदेखि लज्जित बन्न पुग्दछन्, र तिनीहरूले ख्रीष्टतर्फ आकर्षित हुँदैछौं भन्ने कुराको चाल पाउनु अघि आफ्ना केही दुष्ट बानीहरूलाई त्याग्दछन् । ख्रीष्टको शक्तिद्वारा आकर्षित भएकै कारण तिनीहरूले साँचो इच्छाका साथ आफ्नो जीवनमा सुधार ल्याउने प्रयत्न गर्दछन् । जुन प्रभावप्रति तिनीहरू अचेत छन् त्यसले आत्माभित्र काम गर्दछ, र विवेक सचेत बन्न पुग्दछ, र यसरी बाह्य जीवनमा सुधार आउँदछ । र जब ख्रीष्टले तिनीहरूलाई उहाँको क्रूसतर्फ तथा उहाँलाई हेर्नका निम्ति खिँच्नुहुन्छ जसलाई तिनीहरूका पापले घोंचेको छ, तब अन्तरात्माले व्यवस्था स्पष्टसाथ बुझ्न सक्छ ।
तिनीहरूका जीवनका दुष्टता तथा आत्माभित्र गडेको पाप तिनीहरूलाई प्रकट गरिन्छ । तिनीहरूले ख्रीष्टको धार्मिकताको बारेमा केहि बुझ्न थाल्दछन् र यसो भन्नेछन्, "वास्तवमा पाप के हो जसद्वारा पीडित व्यक्तिलाई उद्धार गर्नका निम्ति यति ठूलो बलिदानको आवश्यकता पर्दछ ? के हाम्रो नाश नहोस् तर अनन्त जीवन

पाऔं भन्ने हेतुले यी सबै प्रेम, यी सबै कष्ट तथा सबै अपमानका माग गरिएको थियो त ?”

पापीले यस प्रेमको विरोध गर्न वा ख्रीष्टतर्फ आकर्षित हुन अस्वीकार गर्ला; तर यदि उसले विरोध नगरेको खण्डमा ऊ येशूतर्फ आकर्षित हुनेछ; र मुक्तिको योजनाको ज्ञानले आफ्नो पापको पश्चात्तापको भावनाका साथ उसलाई क्रूसको फेदसम्म डोऱ्याउनेछ, जुन पापले परमेश्वरको प्रिय पुत्रलाई कष्ट पुऱ्याएको थियो ।

**(८) संसारले भन्दा तिखाउनेहरू जतिलाई परमेश्वरले कस्तो अद्‌भुत प्रस्ताव राख्नु हुन्छ?**

***१७ पवित्र आत्मा र दुलही भन्नुहुन्छ, “आउनुहोस्।” जसले सुन्छ त्यसले भनोस्, “आउनुहोस्।” जो तिर्खाउँछ त्यो आओस्, जसले इच्छा गर्छ त्यसले जीवनको पानी सित्तैँमा लिओस्।  (प्रकाश २२:१७ )***

जुन ईश्वरीय मनले प्रकृतिका वस्तुहरूमाथि काम गरिरहेको छ त्यहिं मनले मानिसहरूका हृदयसित बोलिरहेको छ र जुन कुरा तिनीहरूसँग छैन त्यसको निम्ति एक अकथ्य तवरको तिर्सना पैदा गरिरहेको छ । सांसारिक कुराहरूले

तिनीहरूका अभिलाषालाई तृप्त पार्न सक्दैनन् । परमेश्वरको आत्माले तिनीहरूलाई ती कुराहरूका खोजी गर्नका निम्ति बिन्ति गरिरहेको छ केवल जसले मात्र शान्ति तथा विश्राम प्रदान गर्न सक्नेछ– जुन ख्रीष्टको अनुग्रह तथा पवित्रताको आनन्द हो । प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभावहरूमार्फत् हाम्रा मुक्तिदाता मानिसहरूका मनलाई पापका तृप्त पार्न नसकिने सुखविलासिताहरूदेखि असीमित आशिषहरूतर्फ आकर्षित तुल्याउने हेतु निरन्तररूपमा काम गर्दै हुनुहुन्छ, जुन आशिषहरू उहाँमार्फत् तिनीहरूले पनि प्राप्त गर्न सक्नेछन् । यी मानिसहरू जो व्यर्थैमा यस संसारको भत्किएको जलाशयबाट पिउने प्रयत्न गर्दैछन् तिनीहरूका निम्ति यसप्रकारको ईश्वरीय आज्ञा दिइएको छ, "जो तिर्खाउँछ, ऊ आओस्, जसले इच्छा गर्छ त्यसले जीवनको पानी सित्तैमा लेओस् ।" प्रकाश २२:१७ । यदि तपाईं हृदयदेखि नै यस संसारले दिन सक्ने भन्दा अझ असल कुराको अभिलाषा राख्नुहुन्छ भने यो तिर्सना तपाईंको आत्माप्रति परमेश्वरको वाणी हो भनी चिन्नुहोस् । उहाँसित पश्चात्तापको भावना माग्नुहोस्, तथा ख्रीष्टलाई उहाँको असीमित प्रेम तथा उहाँको पूर्ण शुद्धताका साथ तपाईंको जीवनमा प्रकट गरियोस् भनी परमेश्वरसँग माग गर्नुहोस् ।

**(९) जब हामी ख्रीष्टको चरित्र देख्छौं, हामी पापीहरूके के महसुस गर्छौं?**

***६ हामी सबै अशुद्ध मानिसझैँ भएका छौं, र हाम्रा सबै धार्मिक काम फोहोर झुत्राझैँ छन्। हामी सबै पातझैँ ओइलाइहाल्छौं, र हाम्रा पापले हामीलाई बतासले झैँ उड़ाइलैजान्छन्। (यशैया ६४:६)***

मुक्तिदाताको जीवनमा परमेश्वरको व्यवस्थाका सिद्धान्तहरू (परमेश्वर र मानिसप्रति प्रेम) पूर्णरूपमा स्पष्ट गरिएका थिए । उदारता र निःस्वार्थ प्रेम नै उहाँको जीवनको प्रमुख अंश थियो । जब हामी उहाँतर्फ हेर्दछौं, र हामीमाथि हाम्रो मुक्तिदाताको ज्योति पर्दछ, तब हामीले आफ्नो हृदयका पापहरूलाई देख्नेछौं ।

हामीले पनि आफ्नो जीवन निर्दोष छ तथा हाम्रो नैतिक चरित्र शुद्ध छ भनी निकोदेमसले झैं स्वयम् आफ्नै बारेमा बडाइ गरेका छौं होला, र हामीले परमेश्वरको सामु कुनै तुच्छ पापीले झैं हृदय नम्र युल्याउनु आवश्यक छैन भन्ने विचार लिएका छौं होला । तर जब ख्रीष्टको ज्योति हाम्रो आत्माभित्र चम्किनेछ, तब हामी कति अशुद्ध रहेछौं भनी देख्नेछौं; हामीले आफ्नो उद्देश्यको स्वार्थीपनको बारेमा तथा

परमेश्वरविरुद्धको दुश्मनीको बारेमा बुझ्नेछौं, जसले जीवनको हरेक क्रियाकलापलाई अशुद्ध तुल्याइदिएको छ । तब हामीले यो थाहा पाउनेछौं कि वास्तवमा हाम्रो धार्मिकता फोहोर झुत्राझैं छन्, र केवल ख्रीष्टको रगतले मात्र हामीलाई पापको कलङ्कबाट धुन तथा हाम्रो हृदयलाई स्वयम् उहाँकै हृदयको स्वरूपमा नयाँ तुल्याउन सक्नेछ । परमेश्वरको महिमाको ज्योतिले, आत्माभित्र प्रवेश गर्नसक्ने ख्रीष्टको पवित्रताको एकमात्र झलकले कलङ्कको प्रत्येक दागलाई पीडादायक रूपमा स्पष्ट पार्दछ, र मानव चरित्रको कुरूपता तथा त्रुटिहरूलाई नङ्गयाइदिन्छ । यसले अपवित्र आकाङ्क्षाहरूलाई, हृदयको नास्तिकतालाई तथा ओंठको अशुद्धताहरूलाई छर्लङ्ग पार्दछ । परमेश्वरको व्यवस्थालाई शून्य तुल्याउने पापीको विश्वासघाती क्रियाकलापहरूलाई स्वयम् उसकै अगाडी खोलिनेछन् र उसको आत्मा परमेश्वरको आत्माको जाँच गर्ने प्रभावद्वारा प्रहार गरिनेछ तथा पीडित बन्नपुग्नेछ । जब उसले ख्रीष्टको शुद्ध, निष्कलङ्क चरित्रलाई देख्नेछ तब उसले स्वयम् आफैलाई घृणा गर्नेछ ।

**(१०) आफ्ना चरित्र को कमजोरीपना महसुस गर्दा दाऊद मा कस्तो प्रभाव पर्यो?**

***८ यसकारण म त्यस महान् दर्शन हेर्दैरहेको अवस्थामा एकलै छोड़िएँ। ममा कुनै बल बाँकी रहेन, मेरो अनुहार मरेतुल्य पहेँलो भयो र म असहाय भएँ। (दानियल १०:८)***

जब भविश्यवक्ता दानिएलले आफूकहाँ पठाइएको स्वर्गदूतको महिमालाई देखे, तब उनी स्वयम् आफ्नै दुर्बलता र त्रुटिको भावनामा डुब्नपुगेका थिए । यस आश्चर्यजनक दृष्यको प्रभावको बारेमा वर्णन गर्दै उनले यसो भने, “ममा कुनै बल बाँकी रहेन, मेरो अनुहार मरेतुल्य पहेंलो भयो र म असहाय भएँ ।” दानिएल १०:८ । यसरी प्रभावित हुनपुगेको आत्माले आफ्नो स्वार्थीपनलाई घृणा गर्नेछ; यसको आत्मप्रेमको भावनालाई तिरस्कार गर्नेछ, र ख्रीष्टको धार्मिकता मार्फत् त्यसप्रकारको शुद्ध ह्रदयको खोजी गर्नेछ जुन परमेश्वरको व्यवस्था तथा ख्रीष्टको चरित्रसित मधुर सम्बन्धमा रहेको छ ।

**(११) पावलले जस्तै, हामी के भन्छौं, जब हामी ख्रीष्टको पवित्रता देख्छौं र परमेश्वरको व्यवस्थाको पवित्र सिद्धान्तहरूको सही अर्थ पत्ता लगाउछौं?**

***९ व्यवस्था विना रहँदा एक पल्ट म जीवित थिएँ, तर आज्ञा आएपछि पाप जागिउठ्यो, र मचाहिँ मरें। (रोमी ७:९)***

प्रेरित पावल भन्दछन्, “व्यवस्थामा भएको धार्मिकताको विषयमा भन्नु हो भने” – जहाँसम्म बाहिरी क्रियाकलापले सरोकार राख्दछ – उनी “निष्खोट” थिए (फिलिप्पी ३:६); तर तब उनले व्यवस्थाको आत्मिक स्वभावबारे बुझे तब उनले स्वयम् आफैलाई एक पापीको रूपमा फेला पारे । जसरी मानिसहरूले व्यवस्थालाई केवल बाह्य जीवनमा मात्र लागू गर्दछन् र त्यहि व्यवस्थाद्वारा जाँचिएको कारण उनी पापदेखि तर्किएका थिए; तर जब उनले व्यवस्थाको पवित्रताको गहिराईतर्फ हेरे तब उनले आफूलाई त्यहिं रूपमा देखे जुन रूपमा परमेश्वरले उनलाई देख्नुहुन्छ, र उनले नम्रताका साथ आफ्नो शिर झुकाए र आफ्नो अपराधलाई स्वीकार गरे ।

***म कृतज्ञ छु मैले येशूको निम्तो स्वीकारेको छु र आउन र उहाँलाई जान्न ताकि मेरो आत्माले आराम पाउन सकोस्।***

**गोलाकारः हो अनिर्णित**

***जसै उहाँ मलाई आकर्षित गर्नुहुन्छ, म उहाँसँग उहाँको वचनमा अधिक समय बिताउँदैछु, म उहाको धार्मिकता देख्छु र महसुस गर्दछु कि मेरो जीवन र चरित्र अशुद्ध र अपवित्र छ ।***


**गोलाकारः हो अनिर्णित**

*उहाले ले अब मेरो हृदयमा उहाँ जस्तो हुने चाहना राखिरहेछ तर मैले महसुस गरे कि म आफैले परिवर्तन गर्न असक्षम छु*

**गोलाकार: हो अनिर्णित**

*म उहाँप्रति आभारी छु म उहाँ कहाँ आउन सक्छु – पापी, असहाय, र निर्भर – र मेरो जीवनमा परिवर्तनहरू ल्याउने उहाँको प्रतिज्ञालाई दावी गर्छु जुन उहाँलाई महिमा ल्याउँदछ ।*

**गोलाकार: हो अनिर्णित**



## पाठ ४
## पश्चात्ताप

**(१) यस पदमा सबैभन्दा पहिलो पाप उल्लेख कहाँ गरिएको छ, जुन परमेश्वरको लागी आपत्तिजनक हो?**

***१३ परमेश्वरको भय मान्नु दुष्टतालाई घृणा गर्नु हो, अभिमान, अहङ्कार, खराब चालचलन र भड्काउने कुराहरू म घृणा गर्छु। (हितोपदेश ८:१३)***

परमेश्वरले सबै पापलाई समान परिमाणको रूपमा ठान्नुहुन्न; उहाँको रायमा, साथै मानिसको रायमा पनि

अपराधका दर्जाहरू छन्; तर मानिसको दृष्टिमा कुनैपनि गलत क्रियाकलाप जति नै सानो किन नदेखियोस् परमेश्वरको दृष्टिमा कुनै पनि पाप सानो छैन । मानिसको न्याय पक्षपाती तथा अपूर्ण हुन्छ, तर परमेश्वरले सबै थोक जे जस्तो वास्तविक अवस्थामा छन् त्यहिं अवस्थामा मूल्याङ्कन गर्नुहुन्छ । जँड्याहालाई तिरस्कार गरिन्छ र उसलाई यो बताइन्छ कि उसको पापले उसलाई स्वर्गबाट अलग पार्नेछ; जबकि कैयौंपटक घमण्ड, स्वार्थिपन र लालचीपन भर्त्सनाबिना नै गुज्रने गर्दछन् । तर यी पापहरू परमेश्वरको निम्ति मुख्यतः घृणित छन्; किनकि ती उहाँको चरित्रको उद्धरता विपरीत छन्, साथै त्यस निःस्वार्थ प्रेमको विपरीत छ जुन पापविहीन जगतकै अभिन्न वातावरण हो । जुन व्यक्ति अलि ठूला पापहरूमा डुब्न पुग्दछ त्यस व्यक्तिले सायद आफ्नो लाज र दरिद्रता तथा ख्रीष्टको अनुग्रहको आवश्यकताको बारेमा महशुस गर्नेछ; तर घमण्डीपनले कुनै आवश्यकताको महशुस गर्दैन, र यसले हृदयलाई ख्रीष्टबाट तथा जुन आशिषहरू प्रदान गर्नका निम्ति उहाँ आउनुभयो त्यसबाट बन्द गर्दछ ।

**(२) जसरी कर उठाउनेले पाप थाहा गरे अनि रोए, हाम्रो इमानदारी प्रार्थना कस्तो हुनु पर्छ?**

***१३ "तर कर उठाउनेचाहिँ टाढ़ै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आफ्नो छाती पिट्यो, 'हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्!'' (लूका १८:१३ )***

जुन गरीब कर उठाउनेले "हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्" (लूका १८:१३), भनी प्रार्थना गऱ्यो, उसले स्वयम् आफैलाई एक अति दुष्ट व्यक्तिको रूपमा ठान्यो, र अन्य व्यक्तिहरूले पनि त्यस व्यक्तिमाथि सोहि दृष्टिले हेरे; तर उसले स्वयम् आफ्नै आवश्यकताको बारेमा महशुस गऱ्यो, र परमेश्वरको दयाको भीख माग्दै आफ्नो अपराध र लाजको बोझका साथ ऊ परमेश्वरको सामु गयो । उसको हृदय परमेश्वरको आत्माद्वारा अनुग्रहपूर्ण कार्य गरिनका निम्ति तथा उसलाई पापको शक्तिदेखि छुटकारा दिलाइनका निम्ति खुला थियो । फरिसीको घमण्डीपूर्ण तथा आत्मधर्मी प्रार्थनाले उसको हृदय पवित्र आत्माको प्रभावप्रति बन्द थियो भन्ने कुरालाई प्रकट गऱ्यो । परमेश्वरदेखि टाढा भएको कारणले गर्दा उसँग ईश्वरीय पवित्रताको तुलनामा स्वयम् आफनै कलङ्कको बारेमा कुनै चेतना नै थिएन । उसले कुनै कुराको आवश्यकताको बारेमा महशुस गरेन, र केही पाएन पनि

**(३) पापको विश्वास भएपछि, हामी किन आफ्नो जीवनमा हाम्रो जीवनमा पवित्रताको फल फलाउन असक्षम हुन्छौं?**

***५ "दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ। (यूहन्ना १५:५)***

यदि तपाईं आफ्नो पापपूर्ण अवस्थालाई देख्नुहुन्छ भने स्वयम् आफैले यसलाई सुधार्नका निम्ति प्रतिक्षा नगर्नुहोस् । कैयौं मानिसहरूले आफू ख्रीष्टकहाँ आउनका निम्ति यथेष्टरूपमा असल छैनन भन्ने विचार लिने गर्दछन् । के तपाईं स्वयम् आफ्नै प्रयासद्वारा असल बन्ने आशा राख्नुहुन्छ ? "के कुशीले आफ्नो छालाको रङ्ग बदल्न सक्छ र ?अथवा के चितुवाले आफ्नो छालाका थोप्ला बदल्न सक्छ र ? नता ता दुष्ट्याई गर्ने बानी बसेकोले भलाई गर्न सक्नेछ ।" यर्मिया १३:२३ । केवल परमेश्वरमा मात्र हाम्रो निम्ति सहायता छ । हामीले अझ मजबुत तर्कहरूका, अझ असल मौकाहरूका, वा अझ पवित्र स्वभावहरूका प्रतिक्षा गर्नुहुँदैन । हामीले स्वयम् आफैद्वारा केही गर्न सक्दैनौं । हामी जुन अवस्थामा छौं सोहि अवस्थामा ख्रीष्टकहाँ आउनुपर्दछ ।

**(४) एक धार्मिक व्यक्तिलाई पापको कस्तो प्रभाव पर्छ जसले धार्मिकता पश्चात्ताप द्वारा पाएको हुन्छ तर पछि परमेश्वरबाट टाढा हुन्छ ।**

***२४ "तर धर्मी मानिसले आफ्नो धार्मिकतालाई त्यागेर पाप गर्छ, र दुष्ट मानिसले गरेका घिनलाग्दा कामहरू गर्छ भने, के त्यो बाँच्नेछ र? त्यसले अघि गरेको कुनै पनि धर्मको कामको सम्झना हुनेछैन। त्यसको अविश्वास र त्यसले गरेका पापको कारणले त्यो मर्नेछ। (इजिकिएल १८:२४)***

परमेश्वरले आफ्नो महान् प्रेम र कृपाद्वारा उहाँको अनुग्रह अस्वीकार गर्नेहरूलाई पनि बचाउनुहुनेछ भन्ने भ्रम कसैमा उत्पन्न नहोस् । पापको भयानक रूपलाई केवल क्रूसको प्रकाशमा मात्र मूल्याङ्कन गर्न सकिन्छ । परमेश्वरले पापीहरूलाई त्याग्नुहुन्छ भनी जब मानिसहरू जिद्दी गर्दछन् तब तिनीहरूले कलवरीतर्फ नजर लगाऊन् । मानिसहरूलाई बचाउनका निम्ति त्यहाँ अरू केही उपाय नभएकोले यो बलिदानबिना मानवजातिलाई पापको भ्रष्ट गर्ने शक्तिबाट छुटकारा पाउन तथा पवित्रजनहरूसित सम्बन्ध पुनःस्थापन गर्न असम्भव थियो – तिनीहरूलाई पुनः

आत्मिक जीवनको भागिदार बन्नु पनि असम्भव थियो, – यी सबै कारणहरूले गर्दा ख्रीष्टले स्वयम् आफैमाथि अनाज्ञाकारीको दोष लिनुभयो र पापीको बदलीमा कष्ट भोग्नुभयो । परमेश्वरको पुत्रको प्रेम, कष्ट भोगाई र मृत्यु यी सबैले पापको भयानक घोरताको बारेमा साक्षी दिँदछ र यो घोषणा गर्दछ कि आत्मालाई ख्रीष्टमा समर्पित नगरेसम्म पापको शक्तिबाट कुनै छुटकारा मिल्ने छैन, तथा कुनै उच्च जीवनको आशा गर्नु पनि व्यर्थै सावित हुनेछ ।

**(५) कसको उदाहरण हामी अनुसरण गर्न भनिएका छौं?**

***२१ किनकि यसैको निम्ति तिमीहरू बोलाइएका हौ। ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ। (१ पत्रुस २ :२१)***

अपश्चात्तापी मानिसहरूले कहिलेकाहिँ अन्य ईसाईहरूका यस कथनद्वारा स्वयम् आफ्नै निम्ति यस्तो बहाना बनाउने गर्दछन्, “म तिनीहरू जति नै असल छु । जति मात्रामा म आत्मत्यागी, गम्भीर वा सावधान छु, तिनीहरू सो भन्दा पनि

न्यून छन् । जुनरूपमा म सुख-चैन र आत्म-अतिभोग मन पराउँदछु सोहिरूपमा तिनीहरू पनि यिनलाई मन पराउँदछन् ।” यसरी तिनीहरूले अरूका गल्तीहरूलाई स्वयम् आफ्नै कर्तव्यलाई उपेक्षा गर्नुको एक बहानाको रूपले लिने गर्दछन् तर अरूका पाप तथा दोषहरूले कसैलाई पनि छुट दिँदैन, किनकि परमप्रभुले हामीलाई एक भूल गर्ने मानव आर्दश दिनुभएको छैन । परमेश्वरको निष्कङ्कक पुत्रलाई हाम्रो एक उदाहरणको रूपमा दिइएको छ, र ज-जसले अन्य पेशेवर ईसाईहरूका गलत कार्य-शैलिको बारेमा आरोप लगाउने गर्दछन् तिनीहरूले नै वास्तवमा असल जीवनयापन गरी उदाहरणमयी जीवन प्रदर्शन गर्नुपर्दछ । यदि तिनीहरूसित एक ईसाई कस्तो हुनुपर्छ भनी उच्च धारणा छ भने के स्वयम् तिनीहरूकै पाप अझ उँचा छैन त ? तिनीहरूलाई असल कुरा के हो भनी थाहा छ, तैपनि तिनीहरू सो गर्न इन्कार गर्दछन् ।

**(६) पवित्र आत्माको निवेदनशील आवाजलाई ध्यान नदिनुको खतरनाक परिणाम के हुन्छ अनि पापलाई त्याग्न दिलाइ नगर्नुहोस्?**

***ईमानदारी नै सोझाहरूको पथ-प्रदर्शक हो, तर विश्वासघातीहरू आफ्नै कपटले नष्ट हुन्छन्।***

*५ निर्दोषहरूको धार्मिकताले तिनीहरूको बाटो सोझो हुन्छ, तर दुष्टहरूको आफ्नै दुष्टताले गर्दा तिनीहरू होच्याइन्छन्। (हितोपदेश ११:३,५)*

विलम्ब गर्नुदेखि सावधान रहनुहोस् । तपाईंले आफ्ना पापहरू त्यागने र येशूद्वारा हृदयको शुद्धता खोजी गर्ने कार्यमा दिलाइ नगर्नुहोस् । हजारौं मानिसहरूले आफ्नो अनन्त नोक्सान बेहोर्नेगरि यहि कुरामा भूल गरेका छन् । म यहाँ जीवनको छोटोपन र अनिश्चितताको बारेमा चिन्तन गर्नेछैन; तर परमेश्वरको पवित्र आत्माको याचनापूर्ण स्वरप्रति समर्पण गर्ने ढिलाइ अर्थात पापमा जिउने निर्णय जस्ता वास्तविक ढिलाइ चाहिँ एक यस्तो डरलाग्दो खतरा हो, जुन खतराको विषयमा पर्याप्त समझ छैन । पाप जति नै सानो भनी किन नठानियोस्, केवल असिमित नोक्सानको खतरामा मात्र यसमा सहभागी हुन सकिन्छ । जुन कुरालाई हामी जित्दैनौं त्यसैले हामीलाई एक दिन जित्नेछ र हाम्रो विनाशको काम गर्नेछ ।

निषेक्षित फल खानु जस्तो एक अति सानो मामलाले वास्तवमा परमेश्वरले घोषणा गर्नुभए मुताविकका भयानक परिणामहरू ल्याउनेछैन भनी आदम र

हव्वाले स्वयम् आफैलाई मनाएका थिए । तर यो सानो मामला भनेको वास्तवमा परमेश्वरको अपरिवर्तनीय तथा पवित्र व्यवस्थाको उल्लङ्घन थियो, र यसले मानिसलाई परमेश्वरदेखि अलग तुल्याएको थियो र यसले हाम्रो यस संसारमा मृत्यु र अनगिन्ती दुःखका मूलहरू खोलिदियो । युगौं युगदेखि हाम्रो पृथ्वीबाट विलापको पुकार निरन्तररूपमा स्वर्गसम्मै पुगिरहेको छ, र मानिसको अनाज्ञाकारिताको परिणाम स्वरूप सारा सृष्टि अहिलेसम्म एकसाथ प्रसववेदनाको आर्तनाद गरिरहेछ । परमेश्वरविरुद्धको उसको विद्रोहका असरहरूलाई स्वर्गले पनि महशुस गरेको छ । पवित्र व्यवस्था विरुद्ध गरिएको पापबाट प्रायश्चित प्राप्त गर्नका निम्ति आवश्यक अद्भुत बलिदानको स्मारकको रूपमा कलवरी खडा छ । पापलाई एक सामान्य कुराको रूपमा नठानौं ।

**(७) हाम्रो जीवनमा चिनेको पापको छनौटको परिणाम के हुन्छ?**

***२२ दुष्ट मानिसको खराब कामले त्यसलाई पासोमा पार्छ, (हितोपदेश ५:२२)***

हरेक अपराधपूर्ण कार्यले, ख्रीष्टको अनुग्रहको हरेक उपेक्षा वा अस्वीकारले

स्वयम् तपाईं आफैमाथि नै प्रतिक्रिया गरिरहेको छ; यसले हृदयलाई कठोर तुल्याउँदैछ, इच्छाशक्तिलाई खराब बनाउँदैछ, विवेकलाई अचेत तुल्याउँदैछ, र पवित्र आत्माको कोमाल बिन्तीप्रति स्वयम्लाई सुम्पन असमर्थ तुल्याउँदैछ

धेरैले आफनो व्याकुल विवेकलाई यो विचारद्वारा शान्त पार्दैछन् कि जब तिनीहरूले रोजाइ गर्नुपर्नेछ त्यतिखेर नै तिनीहरूले दुष्ट सिलसिलालाई परिवर्तन गर्न सक्नेछन्; कि तिनीहरूले करुणाको निम्तोहरूलाई बेवास्ता गर्न सक्नेछन्; र तैपनि बारम्बार प्रभावित बन्न सक्नेछन् । तिनीहरू यो सोंच्दछन् कि अनुग्रहको आत्मालाई विरोध गरेर, आफ्ना प्रभावलाई शैतानको पक्षमा झुकाएपश्चात्, एक भयान अन्तिम पलमा तिनीहरूले आफ्ना सिलसिलालाई परिवर्तन गर्न सक्नेछन् । तर यो काम त्यति सजिलो रूपमा सम्पन्न हुन सक्दैन । एक जीवनकालको अनुभव तथा शिक्षाले चरित्रलाई यति पूर्णरूपमा आकार दिइसकेको हुनेछ कि तब त्यसबखत कमैले मात्र येशूको स्वरूपलाई ग्रहण गर्न चाहनेछन् । केवल एक मात्र गलत चरित्रको लक्षणले वा निरन्तररूपमा कुनै एक अभिलाषामा तल्लीन रहने क्रमले अन्तमा गएर सुसमाचारको शक्तिलाई बेकम्मा तुल्याईदिन्छ । हरेक पापपूर्ण कार्यले

मानिसमा परमेश्वरप्रतिको घृणालाई मजबुत तुल्याउने गर्दछ । जुन व्यक्तिले नास्तिक हठी स्वभाव, वा पवित्र स्तयताप्रति भावनारहित उपेक्षाको भवना प्रकट गर्दछ, उसले त्यहि फल कटनी गर्नेछ जुन कुरा स्वयम् आफैले रोपेको थियो । पुरै बाइबलमा पापसित खेलवाड गर्नुको यो भन्दा डरलाग्दो चेतानवी अन्य कहिँ दिइएको छैन जहाँ पापी "आफ्नै पापको बन्धनमा जेलिन्छ" भनी बताइएको छ । हितोपदेश ५:२२ ।

**(८) कहिले चाही हामीले ख्रीष्टको उद्धारको निम्तोको मान्नु पर्छ?**

***२ किनभने उहाँ भन्नुहुन्छ,"ग्रहणयोग्य समयमा मैले तिम्रो पुकारा सुनें, र मुक्तिको दिनमा मैले तिमीलाई सहायता गरें।"हेर, ग्रहणयोग्य समय अहिले हो, मुक्तिको दिन अहिले हो। (२ कोरीन्थी ६:२)***

ख्रीष्ट हामीलाई पापदेखि मुक्त गर्न तयार हुनुहुन्छ, तर उहाँले इच्छाशक्तिमाथि जबर्जस्ती गर्नुहुन्न; र यदि अटुट अपराधद्वारा इच्छाशक्ति नै दुष्टताप्रति झुक्नपुगेको छ भने, र यदि हामी स्वतन्त्र बन्ने इच्छा प्रकट गर्दैनौं भने, र यदि हामी उहाँको अनुग्रहलाई

स्वीकार गर्दैनौं भने उहाँले हाम्रो निम्ति केहि पनि गर्न सक्नुहुनेछैन । हामीले उहाँको प्रेमलाई दृढ अठोटका साथ इन्कार गर्ने क्रमद्वारा स्वयम् आफैलाई नष्ट पारेका छौं । “ग्रहणयोग्य समय अहिले हो, मुक्तिको दिन अहिले हो ।” “आज तिमीहरूले उहाँको शब्द सुन्यो भने आफ्ना हृदयलाई कठोर नपार ।” २ कोरिन्थी ६:२; हिब्रू ३:७, ८ ।

**(९) छुटकाराको लागि केवल सुरक्षित प्रार्थना के हो छली हृदय को उदेश्य, लक्ष्य हरु बाट?**

***२३ हे परमेश्वर, मलाई जाँच्नुहोस्, र मेरो हृदयलाई जान्नुहोस्। मलाई जाँच्नुहोस्, र मेरा चिन्ताहरूलाई जान्नुहोस्। २४ हेर्नुहोस्, ममा कुनै खराब चाल छ कि, र मलाई अनन्तको मार्गमा डोर्‍याइदिनुहोस्। (भजन १३९: २३ २४)***

“मानिसले रूप हेरेर विचार गर्छ, तर परमप्रभुले हृदयभित्र हेरेर विचार गर्नुहुन्छ”– मानव हृदय यसको आनन्द र शोक जस्ता परस्पर विरोधी भावनाहरूका साथ भौंतारिने तथा हठी स्वभावको छ, जुन यति धेरै अशुद्धता तथा छल-कपटको निवास हो । १ शमूएल १६:७ । उहाँलाई यसको

अभिप्राय तथा यसको अभिलाषा र उद्देश्यहरूका बारेमा थाहा छ । जुनरूपमा तपाईंको आत्मामा पूर्णरूपले दाग लागेको छ सोहिरूपमा परमेश्वरकहाँ जानुहोस् । भजनसंग्रहका लेखकले झैं तपाईंले पनि आफ्नो हृदयलाई सर्व-दृष्टिमान् आँखाको सामु यसो भन्दै खोल्नुहोस्, “मलाई जाँच्नुहोस्, र मेरो हृदयलाई जान्नुहोस् । मलाई जाँच्नुहोस्, र मेरा चिन्ताहरूलाई जान्नुहोस् । हेर्नुहोस्, ममा कुनै खराब चाल छ कि, र मलाई अनन्तको मार्गमा डोर्‍याइदिनुहोस् ।” भजन १३९:२३, २४

धेरैले बौद्धिक धर्म, र धार्मिकताको एक रूपलाई स्वीकार गर्ने गर्दछन्, जबकि उनीहरूका हृदयचाहिँ शुद्ध नै छैन । तपाईंले यसरी प्रार्थना गर्नुहोस्, “हे परमेश्वर, ममा शुद्ध हृदय सृजनुहोस, र मभित्र एउटा स्थिर आत्मा पुनर्जीवित पार्नुहोस् ।” भजन ५१:१० । स्वयम् आफ्नै आत्मासित साँचो रूपमा व्यवहार गर्ने गर्नुहोस् । तपाईं त्यहि परिमाणमा नै गम्भीर तथा दृढ बन्नुहोस् कि मानौं तपाईंको जीवन नै जोखिममा परेको छ । यो तपाईं र परमेश्वरको बीचमा अनन्तकालसम्मै

निश्चय गरिनुपर्ने एक प्रसंग हो ।
कल्पित आशा तपाईंको विनाश सावित हुनेछ ।

**(१०) प्रार्थना सहित परमेश्वरको वचनको अध्ययनद्वारा प्रदान गरिएको पाँचवटा विशेष लाभहरू के हुन् जुन हामीलाई पश्चात्ताप तर्फ डोर्याउछन्?**

***१५ तिमी बाल्यकालदेखि पवित्र-धर्मशास्त्रसँग परिचित छौ, जसले ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई शिक्षा दिन सक्छ। १६ सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, १७ ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस् (२ तिमोथी ३:१५-१७)***

परमेश्वरको वचनलाई प्रार्थनाका साथ अध्ययन गर्नुहोस् । त्यस वचनले तपाईंको सामु परमेश्वरको व्यवस्था र ख्रीष्टको जीवनमार्फत् पवित्रताका महान् सिद्धान्तहरू प्रस्तुत गर्दछ जुनबिना “कुनै मानिसले परमप्रभुलाई देख्न सक्दैन ।” हिब्रू १२:१४ । यसले पापको बारेमा विश्वास दिलाउँदछ र यसले मुक्तिको मार्ग स्पष्टरूपमा प्रकट गर्दछ । यस

कुरालाई तपाईंले परमेश्वरको आवाज तपाईंको आत्मासित बोल्दैगर्नुभएको रूपमा ध्यान दिनुहोस् ।

**(११) पश्चात्तापको वरदानद्वारा ख्रीष्ट मार्फत हामीमा परमेश्वरले के गर्दै हुनुहुन्छ?**

***१९ अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ। (२ कोरिन्थी ५:१९)***

जब तपाईं पापको घोरतालाई देख्नुहुन्छ, जब तपाईंले स्वयम् आफैलाई वास्तविक रूपमा देख्नुहुन्छ, तब निराश बन्दै हरेश नखानुहोस् । पापीहरूलाई बचाउनकै निम्ति ख्रीष्ट यस संसारमा आउनुभयो । हामीले परमेश्वरलाई हामीसित मिलाप गराउनु पर्नेछैन, तर यो कस्तो अद्भुत प्रेम ! – "स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो ।" २ कोरिन्थी ५:१९ । उहाँ आफ्नो कोमल प्रेमका साथ आफ्ना बरालिएका सन्तानहरूसित बोल्दैहुनुहुन्छ । कुनै पनि सांसारिक अभिभावक आफ्नो सन्तानको गल्ती तथा भूलहरूप्रति त्यति धैर्य बन्न सक्दैन जति

परमेश्वर ती व्यक्तिहरूप्रति धैर्य बन्नुहुन्छ जसलाई उहाँ बचाउने प्रयत्न गर्नुहुन्छ । पापीको निम्ति कसैले पनि यो भन्दा बढी करुणामयी बिन्ती गर्न सक्ने थिएन । भौंतारिएको व्यक्तिप्रति उहाँको ओंठबाट बाहेक कुनै मानव ओंठहरूबाट त्यति धेरै कोमल बिन्तीहरू पोखिएनन् । उहाँका सबै प्रतिज्ञा तथा चेतावनीहरू उहाँका अवर्णनीय प्रेमका श्वास हुन् ।

**(१२) येशूले कसलाई उद्धार गर्न आउनुभयो?**

***१५ यो वचन हरप्रकारले ग्रहणयोग्य छ, कि पापीहरूलाई उद्धार गर्न येशू ख्रीष्ट संसारमा आउनुभयो, र पापीहरूमा म सबैभन्दा मुख्य हुँ। (१ तिमोथी १:१५)***

जब शैतान तपाईं एक महा पापी हुनुहुन्छ भन्ने तर्कका साथ तपाईंकहाँ आउँदछ तब आफ्नो उद्धारकर्तातर्फ हेर्नुहोस् र उहाँको योग्यताहरूका बारेमा बताउनुहोस् । उहाँको ज्योतितर्फ हेर्नाले नै तपाईंलाई मद्दत मिल्नेछ । आफ्नो पापलाई स्वीकार गर्नुहोस्, तर शत्रुलाई यो बताउनुहोस् कि "पापीहरूलाई उद्धार गर्न येशू ख्रीष्ट संसारमा आउनुभयो," र उहाँको अनुपम प्रेमद्वारा तपाईंलाई बचाइनेछ ।

**(१३) उहाँ को हुनुहुन्छ जसले प्रभुलाई प्रेम गर्दछ?**

येशूले सिमोनसँग दुई ऋणीहरूका बारेमा एक प्रश्न सोध्नुभयो । दुई ऋणीहरूमध्ये कुनचाहिँले आफ्नो महाजनलाई बढी प्रेम गर्ला भनी प्रश्न गर्नुभयो तब सिमोनले यसरी जवाफ दिए, “जसले बढी क्षमा पायो ।” लूका ७:४३ । हामी महा पापीहरूका रूपमा ठहरिंदै आएका छौं, तर ख्रीष्ट मर्नुभयो ताकि हामीले माफी पाउन सक्नेछौं । उहाँको बलिदानका गुणहरू हाम्रो पक्षमा पिताको सामु प्रस्तुत गर्नेका निम्ति यथेष्ट छन् । जुन व्यक्तिलाई उहाँले बढी माफ गर्नुभएको छ, त्यसले प्रभुलाई बढी प्रेम गर्नेछ, र उहाँको महान् प्रेम र असीमित बलिदानका निम्ति उहाँको प्रशंसा गर्नलाई उहाँको सिंहासनको छेउमै खडा रहनेछ । जब हामी पूर्णरूपले परमेश्वरको प्रेमको बारेमा बुझ्दछौं तब मात्र हामीले पापको भयानक रूपको बारेमा बुझ्न सक्नेछौं । जब हामी आफ्नो उद्धारका निम्ति खसालिएको सिक्रीको लम्बाई देख्दछौं जब हामीले आफ्नो पक्षमा गरिएको असीमित बलिदानको बारेमा केही बुझ्दछौं तब हाम्रो हृदय कोमलता र चूर्णतामा पग्लिनेछ ।

***जब मेरो मुक्तिदाताको नजिक आउँछु, म उहाँको धार्मिकता देख्छु. मलाई थाहा छ कि मेरो जीवन र चरित्र अशुद्ध र अपवित्र छ। म उहाँजस्तै हुनको लागि साँचो ईच्छा गर्छु ।***

**गोलाकारः हो अनिर्णित**

*म बुझ्छु कि पश्चाताप पापको लागि साँचो शोक हो सजाय को यो डरलाग्दो डर मात्र होइन.*

**गोलाकारः हो अनिर्णित**

*म येशूलाई पश्चाताप को उपहार को लागी धन्यवाद दिन्छु उहाँले मेरो मुटुमा राख्नु भएको छ, र मैले यसमा कार्य गर्ने छनोट गरेको छु।*

**गोलाकारः हो अनिर्णित**



**पाठ ५**

**पाप स्वीकार**

**(१) कृपा पाउन को लागी हामी सँग शर्तहरु के छन्?**

***१३ आफ्ना पापहरू लुकाउनेको उन्नति हुँदैन, तर जसले ती स्वीकार गर्छ र त्याग्छ, त्यसले कृपा पाउँछ। (हितोपदेश २८:१३)***

। हामीले पापदेखि क्षमा प्राप्त गर्नका निम्ति कुनै पीडावह काम गर्नुपर्नेछ भनी परमप्रभु माग राख्नुहुन्न । स्वर्गमा

रहनुहुने परमेश्वरमा हाम्रो आत्मालाई सुम्पिनका निम्ति वा हाम्रो पाप प्रायश्चित गर्नका निम्ति हामीले लामो थकानयुक्त छैन; तर जसले आफ्ना पापहरू स्वीकार गर्छ र तिनलाई त्याग्ने गर्दछ, त्यसले कृपा पाउँछ ।

**(२) हाम्रो गल्तीहरू हामीले कसलाई स्वीकार गर्नुपर्छ?**

***१६ यसकारण तिमीहरू एकले-अर्कासँग आ-आफ्ना पाप स्वीकार गर। तिमीहरू निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर। धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ। (याकूब ५:१६)***

***५ तब मैले आफ्नो पाप तपाईंको सामुन्ने स्वीकार गरें, र मेरो अधर्म मैले लुकाइनँ। मैले भनें, "म आफ्ना अपराध परमप्रभुको सामुन्ने स्वीकार गर्नेछु।"***
***र तपाईंले मेरो पापको दोष क्षमा गर्नुभयो। (भजन ३२:५)***

परमेश्वरमा आफ्ना पापहरू स्वीकार गर्नुहोस्, केवल उहाँले मात्र पाप क्षमा गर्न सक्नुहुन्छ, र एक अर्काका सामु आफ्ना भूलचूकहरू स्वीकार गर्नुहोस् । यदि तपाईंले आफ्नो मित्र वा छिमेकीप्रति केहि हानि पुर्‍याउनुभएको छ भने, तपाईंले

आफ्नो भूल स्वीकार गर्नुपर्नेछ, र तपाईंलाई सित्तैमा क्षमा गर्नु चाहिँ तपाईंको मित्र वा छिमेकीहरूका कर्तव्य हुन आउँछ । त्यसपछि तपाईंले परमेश्वरमा क्षमा माग्नुपर्नेछ, किनकि जुन भाईमाथि तपाईंले आघात पुऱ्याउनुभएको थियो ऊ परमेश्वरको सम्पत्ति हो, र उसलाई चोट पुऱ्याउने क्रमद्वारा तपाईंले उसको सृष्टिकर्ता र उद्धारकर्ताको विरुद्धमा पाप गर्नुभएको छ । यो मुद्दा हाम्रा साँचो मध्यस्थ, हाम्रा महान् प्रधान पूजाहारी येशू ख्रीष्टकहाँ लगिन्छ, जो "हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो," र जो "हाम्रा दुर्बलताका भावनाहरूद्वारा प्रभावित बन्नुहुन्छ," र पापको हरेक दागलाई शुद्ध पार्न सक्षम हुनुहुन्छ । हिब्रू ४:१५ ।

**(३) कुन शर्तमा हाम्रो हृदय र आत्माले सत्य शान्त र ईश्वरको नजिकपना अनुभाव गर्नुपर्छ?**

***१८ चूर्ण हृदय भएकाहरू सबैका नजिक परमप्रभु हुनुहुन्छ, र निराश भएकाहरूलाई उहाँले बचाउनुहुन्छ (भजन ३४:१८)***

ज-जसले आफ्नो दोष स्वीकार गर्ने क्रममा आफ्नो आत्मालाई परमेश्वरको सामु नम्र तुल्याएका छैनन्, तिनीहरूले वास्तवमा स्वीकृतिको पहिलो शर्तलाई अझै पनि पूरा

गरेका छैनन् । यदि हामीले त्यस पश्चात्तापको बारेमा महशुस गरेका छैनौं, र आत्माको नम्रता र चूर्णताका साथ आफ्ना दुष्टतालाई घृणा गर्दै पाप स्वीकार गरेका छैनौं भने हामीले कदापि पनि पाप क्षमाको खोजी गरेका छैनौं; र यदि हामीले कदापि खोजी नै गरेका छैनौं भने हामीले कदापि परमेश्वरबाट शान्ति प्राप्त गरेका छैनौं । हृदयलाई सत्य वचनका शर्तहरूसित मञ्जुर हुनेगरि नम्र तुल्याउन राजी नभएकै कारण हामीले अतीतका पापहरूबाट क्षमा प्राप्त गर्न सक्दैनौं ।

**(४) विशेष कसरी पापको स्वीकार हुनुपर्छ?**

***५ जब कुनै मानिस त्यस्ता कुरामध्ये एउटामा दोषी ठहरिन्छ, तब आफूले गरेको पाप त्यसले स्वीकार गर्नुपर्छ। (लवी ५:५)***

यस विषयमा स्पष्ट निर्देशनहरू दिइएका छन् । सार्वजनिक वा व्यक्तिगत तवरले गरिएको पाप स्वीकारलाई हृदयदेखि नै महशुस गरिएको तथा मुक्तरूपले व्यक्त गरिएको हुनुपर्छ । यो काम पापी व्यक्तिबाट जिद्दीका साथ माग गरिनुहुन्न । यो काम ठट्यौली तथा लापरवाही ढङ्गले गरिनुहुन्न, र जुन मानिसहरूमा पापको घृणित स्वभावको बारेमा बुझ्न सक्ने चेतना नै छैन ती मानिसहरूमाथि यस कामको निम्ति

जर्बजस्ती गरिनुहुन्न । पाप स्वीकार भित्री आत्माको प्रस्फुटन हो, यसले असीमित करुणामयी परमेश्वर सम्मको मार्ग फेला पार्दछ ।

साँचो पाप स्वीकार सदा निश्चित तवरको हुन्छ, र विशेष पापहरूलाई स्वीकार गर्दछ । ती यस्ता स्वभावका हुन सक्छन् जुन केवल परमेश्वरको सामु मात्र लगिनुपर्नेछ; ती यस्ता दोषहरू हुन सक्छन् जुन चोट सहिरहेका मानिसहरूकै सामु स्वीकार गरिनुपर्छ ।
वा ती सार्वजनिक स्वभावका हुन सक्छन् जसलाई सार्वजनिकरूपमै स्वीकार गरिनुपर्छ । तर सबै पाप स्वीकार निश्चित र संक्षिप्त हुनुपर्छ, र जुन पापहरूका निम्ति तपाईं दोषी हुनुहुन्छ ती सबैलाई स्वीकार गरिनुपर्छ ।

**(५) इस्राएल का सन्तानले कस्ता पाप स्वीकार गरे?**

*"हामीले हाम्रा पापमाथि राजा मागेर यो ठूलो खराबी थपेका छौं ।" (१ शमूएल १२:१९)*

शमूएलको समयमा इस्राएलीहरू परमेश्वरदेखि भौंतारिनपुगेका थिए । तिनीहरू पापका परीणामहरू भोग्दैथिए किनकि तिनीहरूले परमेश्वरमाथिको

विश्वास गुमाएका थिए, राज्य शासन गर्ने उहाँको शक्ति र ज्ञान सम्बन्धी आफ्ना विवेक गुमाएका थिए, साथै उहाँको उद्देश्यलाई रक्षा तथा सिद्ध गर्ने उहाँको सामर्थ्यमाथि आत्मविश्वास पनि गुमाएका थिए । तिनीहरू जगतका महान् शासकदेखि तर्किए र आफू वरिपरिका राज्यहरूले झैं राजाद्वारा शासन गरिने इच्छा राखे । तिनीहरूले शान्ति प्राप्त गर्नुअघि यो निश्चित पाप स्वीकार गरे ||
जुन पापकै निम्ति तिनीहरूलाई दोषी ठहराइएको थियो त्यसैलाई स्वीकार गर्नु आवश्यक थियो । तिनीहरूका अकृतज्ञताले स्वयम् तिनीहरूकै आत्मालाई पिरोल्यो र तिनीहरूलाई परमेश्वरदेखि अलग पार्‍यो ।

**(६) परमेश्वरको अघाडी पाप स्वीकार ग्रहण योग्य बनाउनलाई हामीले इमंदिरी पूवक कस्तो भूमिका दर्शाउनु पर्छ?**

***"आफूलाई धोएर चोखो पार । मेरो नजरबाट तिमीहरूका दुष्ट कामहरू फालिदेओ ! खराबी गर्न छोड । भलाई गर्न सिक ! न्याय खोज, अत्याचारमा परेकाहरूलाई प्रोत्साहन देओ, टुहुरा-टुहुरीको रक्षा गर, विधवाको पक्षमा बोलिदेओ ।" (यशैया १:१६,१७)***

साँचो पश्चात्ताप र सुधारबिना पाप स्वीकार परमेश्वरको सामु स्वीकारयोग्य

हुनेछैन । जीवनमा त्यहाँ केहि निश्चित परिवर्तनहरू आउनुपर्छ; जे जति सबै कुराहरू परमेश्वरको निम्ति घृणित छन् तिनलाई हटाइनुपर्छ । यहि नै पापप्रति गरिने वास्तविक शोकको परिणाम हुनेछ । हामीले आफ्नो तर्फबाट गर्नुपर्ने कार्यको बारेमा प्रस्टसाथ यसरी प्रस्तुत गरिएको छः. यशैया १:१६, १७ जीवनमा पश्चात्तापको कार्यको बारेमा पावलले यसरी बताएका छन्, "यस ईश्वरीय शोकले तिमीहरूमा कस्तो उत्साह उत्पन्न गराएको छ– आफैलाई निर्दोष तुल्याउन तिमीहरूमा कस्तो उत्सुकता छ, कस्तो क्रोध, कस्तो भय, कस्तो तृष्णा, कस्तो जोश, न्याय होस् भन्ने कस्तो इच्छा ! सबै कुरामा तिमीहरूले आफैलाई निर्दोष भएको सावित गरेका छौ ।" २ कोरिन्थी ७:११ ।

**(७) जसले हामीलाई चोट धोका अभियोग लगाएको छ उनिहरूलाई हामीले के गर्ने?**

***"यदि त्यसले कर्जामा राखेको धितो फर्काइदियो, र जीवन दिने विधिहरू मान्यो र दुष्ट्याइँ गरेन भने, त्यो निश्चय नै बाँच्नेछ, त्यो मर्नेछैन ।" (इजकिएल ३३:१५)***

**(८) आफ्नो कामको लागि आदम र हव्वाले कसलाई दोष लगायो, जस द्वारा उनीहरुको स्वीकृति ग्रहण योग्य भएन?**

*१२ मानिसले भने, "जुन स्त्री तपाईंले मलाई मसँगै रहन भनी दिनुभएको थियो, त्यसैले मलाई त्यो रूखको फल दिई र मैले खाएँ।" १३ अनि परमप्रभु परमेश्वरले स्त्रीलाई भन्नुभयो, "तैंले यो के गरिस्?" स्त्रीले भनिन्, "सर्पले मलाई छल गर्‍यो, र मैले त्यो खाएँ।" (उत्पत्ति ३: १२:१३)*

जब पापले नैतिक अनुभूतिलाई अचेत तुल्याइदिन्छ तब गलत कार्यमा संलग्न व्यक्तिले आफ्नो चरित्रको त्रुटिहरूका बारेमा बुझ्न सक्दैन न त आफूले गरेको दुष्टताको भयानक रूपको बारेमा चाल पाउन नै सक्दछ; र उसले स्वयम् आफैलाई पवित्र आत्माको दोषसिद्धि शक्तिको वशमा नसुम्पेसम्म ऊ आफ्नो पापप्रति आंशिक अन्धकारमै रहनेछ । उसले गरेका पश्चात्तापहरू साँचो तथा गम्भीर हुँदैनन् । आफ्नो पापप्रति जनाउने हरेक स्वीकृतिप्रति आफ्नो सिलसिलाको बहाना स्वरूप उसले एक क्षमायाचना थप्ने गर्दछ र यो घोषणा गर्दछ कि यदि कुनै त्यस्ता निश्चित परिस्थितीहरू उत्पन्न नभएका भए ऊ ती कार्यहरूमा संलग्न हुने थिएन जसको निम्ति उसलाई हप्काइएको छ ।

निषेधित फल खाएपश्चात् आदम र हव्वा लाज र त्रासको भावनाद्वारा ग्रसित बन्नपुगेको थिए । शुरुमा तिनीहरूका एउटै

विचार आफ्नो पापको बहाना कसरी बनाउने र भयानक मृत्युदण्डबाट कसरी बच्ने भन्ने विषयमा केन्द्रित रहेको थियो । जब परमप्रभुले तिनीहरूका पापको विषयमा सोध्नुभयो तब आदमले केही दोष परमेश्वरमाथि र केही स्त्रीमाथि लगाउँदै यसरी जवाफ दिए: “जुन स्त्री तपाईंले मलाई मसँगै रहन भनी दिनुभएको थियो, त्यसैले मलाई त्यो रुखको फल दिइ र मैले खाएँ ।” स्त्रीले चाहिँ दोष सर्पमाथि लगाउँदै यसो भनिन्, “सर्पले मलाई छल गर्‍यो, र मैले त्यो खाएँ ।” उत्पत्ति ३:१२, १३ । किन तपाईंले सर्प बनाउनुभयो ? किन तपाईंले त्यसलाई अदनको बगैंचामा आउने अनुमति दिनुभयो ? आफ्नो पापको निम्ति बनाइएका बहानाहरूमार्फत् यिनै प्रश्नहर सूचित भए र यसरी तिनीहरूका पतनको जिम्मेवारी परमेश्वरमै आरोपको रूपमा लगाईंदैथियो । आत्मसफाइको भावना झूटको पिताबाट [शैतानबाट] उत्पन्न भएको थियो र यो भावना आदमका सारा सन्तानहरूमार्फत् प्रकट हुँदै आइरहेको छ । यस प्रकारका पाप स्वीकारहरू ईश्वरीय आत्माद्वारा प्रेरित भएका होइनन् र परमेश्वरको सामु स्वीकारयोग्य हुनेछैनन् ।

**(९) कर उठाउनेले आफू लाई कसरी हेरे?**

*१३"तर कर उठाउनेचाहिँ टाढ़ै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आफ्नो छाती पिट्यो, 'हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्!' (लूका १८:१३)*

साँचो पश्चात्तापले मानिसलाई आफ्नो दोषको बोझ स्वयम् आफै उठाउन तथा छल वा पाखण्डीपनबिना नै यसलाई स्वीकार्नेतर्फ डोऱ्याउनेछ । यस्तो व्यक्ति महसूल उठाउने मानिसझैं स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै कराउनेछ, "हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्" र ज-जसले आफ्नो पाप स्वीकार गर्नेछन् तिनीहरू धर्मी ठहराइनेछन्, किनकि येशूले पश्चात्तापी आत्माको पक्षमा आफ्नो रगतको बिन्ती चढाउनुहुनेछ ।

**(१०) के विशेष शब्द पावल र दाऊद प्रयोग गऱ्यो जसले उनीहरुको साचो पाप प्रतिको दुख दर्शाउद छ?**

*१०मैले यरूशलेममा त्यसै गरें, र मुख्य पूजाहारीहरूबाट अख्तियार पाएर धेरै सन्तहरूलाई मैले झ्यालखानमा हालेको मात्र होइन, तर तिनीहरूलाई मार्दा तिनीहरूकै विरुद्धमा मैले मेरो मत पनि दिएँ। ११अनि सबै सभाघरहरूमा तिनीहरूलाई बारम्बार सजाय दिईकन तिनीहरूलाई विश्वास त्याग गराउने चेष्टा गर्थें। तिनीहरूका विरुद्धमा क्रोधले उन्मत्त*

*भईकन बाहिरका सहरहरूमा पनि मैले तिनीहरूलाई सताएँ।*

*३किनकि मेरा अपराधहरू म जान्दछु,*
*र मेरो पाप सदा मेरो सामुन्ने छ।*
*४तपाईंको विरुद्धमा, केवल तपाईंकै*
*विरुद्धमा मैले पाप गरेको छु,*
*र तपाईंको दृष्टिमा जे खराबी छ, त्यही*
*गरेको छु। यसैकारण बोल्नुहुँदा तपाईं ठीक*
*प्रमाणित हुनुहुन्छ, र न्याय गर्दा तपाईं*
*न्यायी ठहरिनुहुन्छ (भजन ५१:३-४)*

**इमान्दारी पाप स्वीकारको उदाहरण**
**लूका २८:१३-१४ ; १५::१८-२१; भजन ५१:३-४, २ सामुएल १२:१३, दानिएल ९:३-१२,१८: यर्मिया ३:२५**

**अइमान्दारी पाप स्वीकारको उदाहरणः**
**उत्पत्ति३:१२-१३; १ शमूएल १५:२२-२६ ; यहोशू ७:१९-२१**

परमेश्वरको वचनमा उल्लिखित साँचो पश्चात्ताप र नम्रताका उदाहरणहरूले एक यस्तो पाप स्वीकारको भावना प्रकट गर्दछ जसमा पापको निम्ति कुनै बहाना वा आत्मसफाइको निम्ति कुनै प्रयास हुँदैन । पावलले स्वयम् आफैलाई ढाकछोप गर्ने प्रयत्न गरेनन्; त्यसको सट्टा आफ्नो दोषलाई घटाउने प्रयत्न नगर्दै उनले आफ्नो पापलाई यसको सबैभन्दा कालो

रङ्गद्वारा पोते ।“पापीहरूलाई उद्धार गर्न येशू ख्रीष्ट संसारमा आउनुभयो, र पापीहरूमा म सबैभन्दा मुख्य हुँ” भनी घोषणा गर्न उनी हिचकिचाउँदैनन् । १ तिमोथी १:१५ ।

**(११) कुन आश्चर्यजनक करार हामी दाबी गर्न सक्छौं यदि हामी हाम्रो पापको लागि साच्चै दु: खी छौं अनि परमेश्वर कहाँ स्वीकार गर्छौं?**

***९यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। (१ यूहन्ना १:९ )***

साँचो पश्चात्तापद्वारा वशमा पारिएको नम्र र चूर्ण हृदयले परमेश्वरको प्रेम तथा कलवरीको मूल्यको बारेमा केहि बुझ्न सक्नेछ; र जसरी एक पुत्रले आफ्नो प्रेमिलो पिताको सामु पाप स्वीकार गर्दछ, त्यसरी नै एक साँचो पश्चात्तापी व्यक्तिले आफ्ना सबै पापहरू परमेश्वरकहाँ ल्याउनेछ ।

***मलाई पश्चातापको उपहार दिनु हुने प्रभुको प्रशंसा गर्दछु र म उहाँको अगुवाई अनुसरण छनौट गर्दैछु अनि पाप स्वीकार गरेर त्यागी दिन्छु /***

गोलाकारः हो अनिर्णित

*मैले बुझें कि कृपा प्राप्त गर्न र मेरो हृदयमा सच्चा शान्ति ल्याउन मैले आफ्नो खास पापलाई परमेश्वर समक्ष स्वीकार गर्नुपर्छ जसलाई मैले अपमान गरेको छु*

गोलाकारः हो अनिर्णित

*जब म अध्ययन गर्छु र ख्रीष्टको नजिक जान्छु म सम्झना गर्छु की मैले विगतमा परमेश्वरलाई धेरै दुख र चोट दिए, र म प्रतिज्ञा गर्छु की अब उसो सबै सही बनाउने छु ।*

गोलाकारः हो अनिर्णित

*मेरा अपराधहरू ढाकी दिनोस भनेर उहाँको बहुमूल्य रगत संग प्रार्थना गर्छु जुन अपराधहरू मैले गरेका थिए ।*

गोलाकारः हो अनिर्णित

*मेरो प्रार्थना यो छ कि यदि म उहाँको बाटोबाट तर्केको छु भने प्रभुले मलाई पश्चातापको उपहार दिनुहुन्छ र मेरा पापहरू स्वीकार गर्न मलाई अगुवाई गर्नुहुन्छ ताकी म धार्मिकताको बाटोमा हिंड्न सकूँ।*

गोलाकारः हो अनिर्णित

---



## पाठ ६
## समर्पण

**(१) प्रभुलाई भेटाउन को लागी हामी कसरी उहाँलाई खोज्न अनि उहाँको स्वरुपमा पुनर्स्थापित बन्न सक्छौ?**

***परमेश्वरको प्रतिज्ञा यसप्रकार छ, "जब तिमीहरूले आफ्ना सारा हृदयले मलाई खोज्नेछौ, तब तिमीहरूले मलाई खोजेर पाउनेछौ।" यर्मिया २९:१३***

सारा हृदय परमेश्वरमा सुम्पिएको हुनुपर्छ, अन्यथा हामीमा कदापि त्यो परिवर्तन आउनेछैन जसद्वारा हामी उहाँको स्वरूपमा पुनःस्थापन गरिनुपर्छ

**(२) ईश्वर को हस्तछेप बिना हाम्रो अवस्था कस्तो हुन्छ?**

*१ तिमीहरू आफ्ना अपराध र पापहरूद्वारा मरेको बेलामा उहाँले तिमीहरूलाई जीवित पार्नुभयो।*
*(एफिसी २:१ )*

पवित्र आत्माले हाम्रो अवस्थाको बारेमा यसरी वर्णन गर्नुभएको छ; “अपराध र पापहरूद्वारा मरेको
यशैया १:५, ६; २ तिमोथी २:२६ ।
परमेश्वर हामीलाई निको पार्न तथा छुटकारा दिलाउन चाहनुहुन्छ । तर यसको निम्ति एक पूर्ण परिवर्तन, तथा हाम्रो सारा स्वभावमा पुनर्नवीकरण आउनुपर्ने हुनाले हामीले स्वयम्लाई पूर्णरूपले उहाँमा समर्पित गर्नुपर्नेछ
स्वयम् विरुद्धको संघर्ष नै अहिलेसम्म लडिएको सबैभन्दा ठूलो युद्धहरूमध्येकै एक ठूलो युद्ध हो । स्वयम्लाई त्याग्न तथा सम्पूर्ण कुरा परमेश्वरको इच्छामा सुम्पनका निम्ति एक संघर्षको आवश्यकता पर्दछ; तर आत्मालाई पवित्रतामा पुनर्नवीकरण गरिनु अघि यो परमेश्वरको अधीनमा भएको हुनुपर्छ

**(३) परमेश्वर ले आमन्त्रित गर्नु भएको मा हामीमा कस्तो छनौटको स्वतन्त्रता छ?**

*“अब आओ, हामी सँगसँगै बसेर आफ्ना कुराको छलफल गरौं ।” (यशैया १:१८)*

परमेश्वरको शासन शैतानले प्रकट गरेझैं अन्धो अधीनता र तर्कहीन नियन्त्रणमा आधारित छैन । यसले मन र अन्तरात्मालाई याचना गर्दछ । आफूले रच्नुभएको मानवजातिको निम्ति सृष्टिकर्ताको निमन्त्रणा यसप्रकार छ, “अब आओ, हामी सँगसँगै बसेर आफ्ना कुराको छलफल गरौं ।” यशैया १:१८ । परमेश्वरले आफ्ना जनहरूका इच्छाशक्तिमाथि जबर्जस्ती गर्नुहुन्न । जुन भक्ति स्वेच्छिक रूपले तथा बुद्धिमानीसाथ चढाइएको हुँदैन सो उहाँले ग्रहण गर्न सक्नुहुने छैन । केवल जबर्जस्ती तवरको समर्पणले मन र चरित्रको वास्तविक विकासमाथि अवरोध उत्पन्न गर्दछ; यसले मानिसलाई एक यन्त्रतुल्य मात्र बनाउँदछ । सृष्टिकर्ताको अभिप्रय वास्तवमा यो होइन । उहाँको इच्छा यहि हो कि मानिस, जो उहाँको रचना गर्ने शक्तिको सर्वोकृष्ट कार्य हो, सम्भावित सबैभन्दा उच्च विकासको शिखरसरम्मै पुग्नुपर्छ । उहाँ हाम्रो सामु आशिषको उँचाई प्रस्तुत गर्नुहुन्छ र उहाँकै अनुग्रहद्‌वारा त्यस आशिषको उँचाईतर्फ डोऱ्याउने इच्छा राख्नुहुन्छ । स्वयम् आफैलाई उहाँमा समर्पण गर्नका निम्ति उहाँ हामीलाई आमन्त्रण गर्नुहुन्छ, ताकि उहाँले आफ्नो इच्छा हामीमार्फत् पूरा गर्न सक्नुहुनेछ । पापको बन्धनदेखि मुक्त

हुने वा नहुने र परमेश्वरको सन्तानहरूका साथ महिमित स्वतन्त्रताको भागिदार बन्ने वा नबन्ने भन्ने रोजाई गर्ने काम हाम्रै हातमा छ । .

**(४) परमेश्वर कहाँ आफुलाई दिदा हामीले के गर्ने इच्छा गर्नु पर्छ ख्रीष्ट का चेला बन्न को लागी?**

***३३ यसकारण तिमीहरूमध्ये जसले आफूसित भएका सबै थोक त्याग्दैन, त्यो मेरो चेला हुन सक्दैन। (लूका १४:३३)***

हामीले स्वयम् आफैलाई परमेश्वरमा समर्पण गर्ने क्रममा ती सबै कुराहरूलाई अनिवार्यरूपमा त्याग्नुपर्नेछ जसले हामीलाई उहाँदेखि अलग पार्नेछ । त्यसैकारण हाम्रा मुक्तिदाता भन्नुहुन्छ, "तिमीहरूमध्ये जसले आफूसित भएका सबै थोक त्याग्दैन, त्यो मेरो चेला हुन सक्दैन ।" लूका १४:३३ । जे जति कुराले मानिसको हृदयलाई परमेश्वरदेखि अलग पार्दछ ती सबैलाई त्यागिनुपर्छ । कैयौं मानिसहरूका निम्ति धन-सम्पत्ति नै मूर्ति हो । पैसाप्रतिको मोह र धन-सम्पत्तिप्रतिको अभिलाषा एक यस्तो सुनको साङ्ला हो जसले तिनीहरूलाई शैतानसँगै बाँध्ने गर्दछ । कुनै अर्को वर्गका मानिसहरूले चाहिँ प्रतिष्ठा र सांसारिक गौरवको भक्ति गर्दछन् ।

कसैको लागि स्वार्थी ऐश र उत्तरदायित्वदेखि स्वतन्त्रता नै मूर्ति बन्नपुग्छ । तर यी दासत्वका बन्धनहरूलाई तोडिनुपर्छ । हामी आधा परमप्रभुको र आधा संसारको बन्न सक्दैनौं । यदि हामी यस हालतमा छौं भने कदापि परमेश्वरका जन होइनौं ।

**(५) हामी कति बेला मुक्ति कमाउन असमर्थ हुन्छौ?**

***८ किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ— र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो (एफिसी २:८)***

त्यहाँ यस्ता मानिसहरू छन् जो परमेश्वरको सेवा गर्छु भनी विश्वास राख्दछन्, जबकि तिनीहरू उहाँको आज्ञा पालन गर्ने, उचित चरित्र निर्माण गर्ने, तथा मुक्ति प्राप्त गर्नका निम्ति स्वयम् आफ्नै प्रयत्नहरूमाथि भरोसा राख्ने गर्दछन् । तिनीहरूका हृदय ख्रीष्टप्रिको प्रेमको गहिरो भावनाद्वारा प्रभावित भएका छैनन्, तर तिनीहरूले ईसाई जीवनको कर्तव्यहरूलाई त्यस रीतिद्वारा निर्वाह गर्ने प्रयत्न गर्दछन् कि मानौं तिनीहरूले स्वर्गमा प्रवेश पाउनका निम्ति परमेश्वरले तिनीहरूबाट ती कर्तव्यहरूका माग गर्नुहुन्छ । यस प्रकारको धर्म

शून्यसरह हुन्छ । जब ख्रीष्ट हृदयमा बास गर्नुहुन्छ तब आत्मा उहाँको प्रेमद्वारा तथा उहाँमा प्राप्त भएको संगीपनको आनन्दद्वारा यति मात्रामा भरिनेछ कि यो उहाँमै समाहित हुनेछ, र उहाँप्रतिको ध्यानमा स्वयम् आफैलाई भुलिनेछ । ख्रीष्टप्रति प्रकट हुने प्रेम नै कार्यको लागि आवश्यक पर्ने उर्जा सावित हुनेछ । ज-जसले परमेश्वरको समेट्ने प्रेमलाई महशुस गर्दछन् तिनीहरूले परमेश्वरको चाहनाहरूलाई पूरा गर्नका निम्ति कति सानो योगदान गर्न सकिन्छ भनी प्रश्न गर्दैनन्, तिनीहरूले सबैभन्दा तल्लो स्तरको खोजी गर्दैनन्, तर त्यसको सट्टा तिनीहरूले उद्धारकर्ताको इच्छासित सबैभन्दा पूर्ण सामञ्जस्य प्राप्त गर्ने लक्ष्य राख्दछन् । उत्सुक आकाङ्क्षाका साथ तिनीहरूले सबै कुरा समर्पण गर्दछन् र जुन कुराको तिनीहरू खोजी गर्दछन् त्यसको मूल्यको अनुपातमै चाख प्रकट गर्दछन् । यस प्रकारको गहिरो प्रेमबिना नै ख्रीष्टमाथि विश्वास गर्छु भन्नु केवल एक बोली, सुख्खा औपचारिकता, तथा कठिन झमेलाका रूपमा मात्र सावित हुनेछन् ।

**(६) हाम्रो उद्धार को लागी यस पदमा ख्रीष्टले सहनु भएको अपमान कसरी वर्णन गर्छ?**

***५ परमप्रभु, तिमीहरूका परमेश्वर, इस्राएलका परमपवित्रको कारण, तिमीहरूले नचिनेका जातिहरूलाई तिमीहरूले बोलाउनेछौ, र तिमीहरूलाई नचिन्ने जातिहरू तिमीहरूकहाँ हतार-हतार गरी आउनेछन्। किनकि उहाँले तँलाई गौरवले युक्त पार्नुभएको छ।" ७ दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस्, र परमप्रभुतिर फर्कोस्, र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ। हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस्, र उहाँले त्यसलाई सित्तैमा क्षमा गर्नुहुनेछ। (यशैया ५५:५,७)***

के ख्रीषटमा सबैथोक समर्पण गर्नु एक अति नै ठूलो वलिदान हो भनी तपाईं महशुस गर्नुहुन्छ ? "ख्रीषटले मलाई के दिनुभयो ?" भनी स्वयम् आफैलाई प्रश्न गर्नुहोस् । हाम्रो उद्धारको निम्ति परमेश्वरको पुत्रले सबैथोक– जीवन, प्रेम समर्पण गर्नुभयो तथा कष्ट सहनुभयो । त्यस महान् प्रेमको अयोग्य पात्रका हैसियतले कतै हामीले आफ्नो हृदयलाई उहाँदेखि थामिराखेका त छैनौं ? हाम्रो जीवनको प्रत्येक पलमा हामी उहाँको अनुग्रहको आशिषका भागिदार बन्दैआएका छौं, र यसैकारण पनि जुन अबोधता र दुर्दशाको त्यस गहिराइबाट हामी बचाइएका छौं त्यसको बारेमा पूर्णरूपले बुझ्न सक्नेछैनौं । उहाँलाई हाम्रो पापले छेडेको

छ, के हामी उहाँतर्फ हेरेर अझैपनि उहाँका सबै प्रेम र बलिदानलाई घृणा गर्न इच्छुक हुनेछौं त ? महिमाको परमप्रभुको असीमित अपमानको दृष्यमा के हामी केवल संघर्ष र आत्महीनताद्वारा मात्र जीवनमा प्रवेश गर्न सक्दछौं भनी गनगनाइरहने त ?

**(७) कस्तो ठुलो बोझ ख्रीष्टले हाम्रो लागी बोक्नु भयो जसको लागी हामी हाम्रा पापको पछुतो गर्नु पर्छ?**

***यसैकारण महान्‌हरूसँगै उसलाई पनि म एक भाग दिनेछु, र उसले लूटको माल सामर्थीहरूसित बाँड्‌नेछ। किनभने उसले आफ्नो जीवन मृत्युमा खन्यायो, र ऊ अपराधीहरूको गन्तीमा गनियो। किनकि उसले धेरैको पाप बोक्यो र उसले अपराधीहरूका निम्ति मध्यस्थता गऱ्यो। (यशैया ५३:१२)***

कैयौं अहङ्कारी व्यक्तिहरूका प्रश्न यसप्रकार छ, “परमेश्वरले मलाई स्वीकार गर्नुभएको आश्वासन पाउनुअघि नै म किन पश्चात्ताप र अपमानपूर्ण अवस्थामा पर्ने ?” यसको जवाफस्वरूप म तपाईंको ध्यान ख्रीष्टतर्फ मोड्‌न चाहन्छु । उहाँ पापरहित हुनुहुन्थ्यो, र यो भन्दा पनि बढी उहाँ स्वर्गको राजकुमार हुनुहुन्थ्यो; तर सारा मानवजातिको पक्षमा उहाँ पाप

बनाइनुभयो । “ऊ अपराधीहरूको गन्तीमा गनियो । किनकि उसले धेरैको पाप बोक्यो र उसले अपराधीहरूका निम्ति मध्यस्थता गर्‍यो ।”

तर जब हामी सबैथोक त्याग्दछौं तब हामीले वास्तवमा के त्यागेका हुन्छौं त ? येशूको आफ्नै रगतद्वारा शुद्ध पारिन र उहाँको अनुपम प्रेमले बचाइनको लागि हामीले पापद्वारा दुषित बन्नपुगेको हृदय मात्र त्यागेका हुन्छौं । तैपनि मानिसहरू सबै कुरा त्याग्न कठिन छ भन्ने गर्दछन् ! म यो कुरा बोलिएको सुन्न तथा लेख्न पनि लज्जित छु ।

**(८) जसरी हामीले प्रतेक प्रतिज्ञाहरु घोषणा गर्दै जान्छौ हाम्रो लक्ष्य के हुनु पर्छ?**

***३३तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्।***
***(मत्ती ६:३३ )***

जुन कुरा हाम्रा लागि फाइदाजनक छन् ती कुरा हामीले त्याग्नैपर्छ भनी परमेश्वर भन्नुहुन्न । उहाँले जे जति सबै थोक गर्नुहुन्छ ती सबैमा उहाँका सन्तानहरूका भलाइ चाहनुहुन्छ । जो जतिले ख्रीष्टलाई रोजेका छैनन् ती सबैले यो कुरा बुझ्न सकेका भए कति असल हुनेथियो कि जुन कुराको तिनीहरू स्वयम् आफै खोजी

गर्दैछन् उहाँसँग तिनीहरूलाई दिनका निम्ति यो भन्दा कैयौं गुणा असल कुराहरू छन् । जब कुनै व्यक्तिले परमेश्वरको इच्छा विपरीत सोंचाई राख्ने तथा व्यवहार गर्ने गर्दछ तब उसले स्वयम् आफ्नै आत्मालाई ठूलो हानि तथा अन्याय गरिरहेको हुन्छ । जुन मार्गमा हिँड्नुदेखि उहाँले निषेध गर्नुभएको छ त्यस मार्गमा साँचो आनन्द पाउन सकिदैन, जसलाई कुन कुरा असल छ भनी थाहा छ र जसले आफ्ना सृष्टिको भलाईका निम्ति योजनाहरू बनाउनुहुन्छ । अपराधको मार्ग विपत्ति र विनाशको मार्ग हो ।

**(९) जसरि हामी उहाँको राज्य को खोजी गर्छौ कस्तो प्रतिज्ञाहरु घोषणा गर्दै जानु पर्छ?**

*४ परमप्रभुमा आनन्दित होऊ,*
*र उहाँले तिम्रो मनोरथ पूर्ण गर्नुहुनेछ।*
*५ आफ्नो मार्ग परमप्रभुलाई सुम्प, उहाँमा नै भरोसा राख, अनि उहाँले यो गर्नुहुनेछ:*
*(भजन ३७:४-५)*

परमेश्वर आफ्ना सन्तानहरूले दुःख भोगेको देख्नमा प्रसन्न रहनुहुन्छ भन्ने सोचाई राख्नु एक भूल हो । सारा स्वर्ग मानिसको सुख हेर्नमा उत्सुक छ । हाम्रा परमेश्वर पिताले आफ्ना कुनैपनि जनहरूका निम्ति आनन्दका मार्गहरू बन्द

गर्नुहुन्न । ईश्वरीय योजनाहरूले हामीलाई ती अतिभोगहरूलाई त्याग्नका निम्ति आव्हान गर्दछ जसले दुःख र निराशा ल्याउन सक्नेछ, जसले हाम्रो लागि खुशी र स्वर्गको ढोका बन्द गर्नेछ । संसारको मुक्तिदाताले मानिसहरूलाई तिनीहरूका दरिद्रता, अपूर्णता र दुर्वलताका साथ जुन अवस्थामा तिनीहरू छन् त्यहि अवस्थामा ग्रहण गर्नुहुन्छ; र उहाँले तिनीहरूका पाप धुने तथा उहाँको रगतद्वारा उद्धार गर्ने मात्र होइन तर ज-जसले उहाँको जुवा आफूमाथि लिन र उहाँको बोझ उठाउन सहमति जनाउनेछन् उहाँले ती सबैका आकाङ्क्षाहरूलाई तृप्त पनि पार्नुहुनेछ । जो जति जीवनको रोटीका निम्ति उहाँमा आउँदछन् तिनीहरूलाई शान्ति र विश्राम दिनु नै उहाँको उद्देश्य हो । उहाँले हामीद्वारा केवल ती कर्तव्यहरू निर्वाह गरिएको देख्न चाहनुहुन्छ जसले हाम्रा कदमहरूलाई परमानन्दको चुचुरोतर्फ डोऱ्याउनेछन् जुन कुरा आनाज्ञाकारीहरूले कदापि हासिल गर्न सक्नेछैनन् । हामीभित्र महिमाको आशा ख्रीष्टको बास भएपश्चात् हाम्रो जीवन साँचो आनन्दले भरिपूर्ण हुनेछ

**(१०) म कसरी पूर्ण रूपमा परमेश्वर सामु समर्पण गर्न सक्छु?**

***१५ तर यदि परमप्रभुको सेवा गर्न तिमीहरूलाई मन पर्दैन भनेता तिमीहरूले कसको सेवा गर्ने आजै तिमीहरूले रोज— कि तिम्रा पिता-पुर्खाहरूले यूफ्रेटिस नदी पारि पुजेका देवताहरू कि तिमीहरू अहिले बसेको देशका एमोरीहरूका देवताहरू। तर म र मेरो घरानाले परमप्रभुकै सेवा गर्नेछौं। (यहोशू २४:१५)***

तपाईं स्वयम् आफैलाई उहाँमा समर्पण गर्नु चाहनुहुन्छ, तर तपाईं नैतिक शक्तिमा दुर्बल हुनुहुन्छ, शंकाको दासत्वमा पर्नुभएको छ, र आफ्नो पापपूर्ण जीवनको बानीहरूका नियन्त्रणमा हुनुहुन्छ । तपाईंका प्रतिज्ञा र संकल्पहरू बालुवाका डोरी समान छन् । तपाईं आफ्ना विचार, आवेग तथा मोहहरूलाई नियन्ित्रत गर्न सक्नुहुन्न । तपाईंका तोडिएका प्रतिज्ञाहरू तथा जफत गरिइका धितोहरूका स्मृतिले तपाईंको आत्मविश्वासलाई कमजोर पार्दछ, र तपाईंलाई परमेश्वरले स्वीकार गर्न सक्नुहुने छैन भन्ने भावना तपाईंमा पैदा गर्नेछ; तर तपाईं निराश हुनुपर्ने छैन । तपाईंले इच्छाशक्तिको वास्तविक शक्ति के हो भनी बुझ्नु आवश्यक छ । निर्णय गर्ने वा रोजाइ गर्ने शक्ति नै मानव स्वभावलाई शासन गर्ने शक्ति हो । सबै कुरा इच्छाशक्तिको उचित कार्यकलापमा

निर्भर रहन्छ । परमेश्वरले मानिसलाई जुन रोजाइ गर्ने शक्ति दिनुभएको छ त्यसलाई तिनीहरूले प्रयोग गर्नुपर्नेछ । तपाईंले आफ्नो हृदय परिवर्तन गर्न सक्नुहुन्न, तपाईंले स्वयम् आफ्नै प्रयासद्वारा हृदयको प्रेम परमेश्वरलाई दिन सक्नुहुन्न; तर तपाईंले उहाँको सेवा गर्ने रोजाइ गर्न सक्नुहुन्छ । तपाईंले उहाँलाई आफ्नो इच्छाशक्ति दिन सक्नुहुन्छ; त्यसपछि उहाँको असल अभिप्राय अनुसार इच्छा गर्न र काम गर्न उहाँले तपाईंमा काम गर्नुहुनेछ । यसरी तपाईंको सारा स्वभाव नै ख्रीष्टको आत्माको वशमा ल्याइनेछ; तपाईंको प्रेम उहाँमै केन्द्रित हुनेछ, र तपाईंका विचारहरू उहाँसित मेल खानेछन्

मलाई र पवित्रताको इच्छा राख्नु असल नै हो; तर तपाईंले यो विचारलाई बिचमै रोक्नुभएको खण्डमा ती व्यर्थै ठहरिनेछन् । धेरै मानिसहरू ईसाई बन्ने आशा तथा इच्छा प्रकट गर्ने क्रममै नाश हुनेछन् । तिनीहरू आफ्नो इच्छाशक्तिलाई परमेश्वरमा समर्पण गर्ने अवस्थासम्म आउँदैनन् । तिनीहरू वर्तमानमा ईसाई बन्ने रोजाइ गर्दैनन् ।

**(११) परिणाम के हुनेछ जब हामी पूर्ण रूपमा हाम्रो हृदय र हाम्रो जीवनलाई ख्रीष्टमा समर्पण गर्छौं?**

*१० यसैले नडरा, किनकि म तँसित छु। निरुत्साहित नहो, किनकि म तेरा परमेश्वर हुँ। म तँलाई बलियो पार्नेछु। म तँलाई सहायता गर्नेछु। मेरो धार्मिकताको दाहिने हातले म तँलाई सम्हाल्नेछु। (यशैया ४१:१०)*

इच्छाशक्तिको उचित प्रयोगद्वारा तपाईंको जीवनमा एक पूर्ण परिवर्तन ल्याउन सकिन्छ । आफ्नो इच्छाशक्तिलाई ख्रीष्टमा अर्पण गर्नुभएको खण्डमा तपाईंले सबै प्रधानताहरू तथा अन्य कुनै शक्तिहरूभन्दा उँचा शक्तिको साथ मित्रता गाँस्नुहुनेछ । तपाईंले स्वर्गबाट एक यस्तो शक्ति प्राप्त गर्नुहुनेछ जसले तपाईंलाई अडिग राख्नेछ र परमेश्वरमाथि निरन्तरको समर्पणद्वारा तपाईं विशवासको नयाँ जीवन व्यतिथ गर्न सक्षम बन्नुहुनेछ ।

*मलाई थाहा छ कि परमेश्वरको सरकार शैतानको जस्तो छैन जहाँ अन्धो समर्पण अनि अनुचित नियंत्रण छ ।*

**गोलाकार:** **हो** **अनिर्णित**

*म आश्चर्यचकित छु कि मेरो सृष्टिकर्ताले आफ्नो सबै जीवन-प्रेम र कष्ट दिनुभयो – मेरो छुटकाराको लागि र मेरो जीवनमा पापको शक्तिलाई परास्त गर्न को लागी ।*

गोलाकार: हो अनिर्णित

*मैले बुझें कि जब मेरो इच्छा शैतानको नियन्त्रणमा हुन्छ, म मेरो विचार, आवेग, वा स्नेह नियन्त्रण गर्न सक्दैन; र मेरा प्रतिज्ञाहरू र राम्रोको लागि प्रस्तावहरू बालुवाको डोरी जस्तो छन् ।*

गोलाकार: हो अनिर्णित

*म धन्यवादी छु मेरो सृष्टिकर्ताले इच्छालाई जबरजस्ती गर्नुहुन्न. म खुसी छु कि उहाँ हामीलाई हाम्रो इच्छा दिन आमन्त्रित गर्नुहुन्छ ताकि उसले हामीलाई दिमाग, शरीर र चरित्रको उच्चतम सम्भावित विकास हासिल गर्न मद्दत होस भनेर ।*

गोलाकार: हो अनिर्णित

*अब जब मसँग इच्छाशक्ति को एक स्पष्ट समझ छ, र महसुस गर्छु कि छनौट को शक्ति मेरो हो, म मेरो इच्छालाई ख्रीष्टको आत्माको अधीनमा राख्न चाहन्छु।*

गोलाकार: हो अनिर्णित


___

___

___

___

___



## पाठ ७
## विश्वास र ग्रहण

**(१) शान्ति र एकताको इच्छा मा जसरी हामी बढ्दै जान्छु पाप प्रतिको हाम्रो प्रतिक्रया के हुन्छ?**

***३१ तब तिमीहरूले आफ्ना दुष्ट चाल र खराब कामहरूको सम्झना गर्नेछौ, र आफ्ना पापहरू र घिनलाग्दा चालहरूको कारण तिमीहरू आफैलाई घृणा गर्नेछौ। (इजकिएल ३६:३१)***

जब तपाईंको विवेक पवित्र आत्माद्वारा जीवित हुन पुग्दछ, तब तपाईंको पापको दुष्टताको केहि झलक, यसको शक्ति, यसको अपराध, तथा यसले ल्याउने दुःख

कष्टहरू देख्नुहुनेछ, र तपाईंले यसलाई घृणाको दृष्टिका साथ हेर्नुहुनेछ । पापले नै तपाईंलाई परमेश्वरदेखि अलग पारेको छ तथा तपाईं पापको शक्तिको दासत्वमा पर्नुभएको छ भन्ने कुरालाई तपाईंले महशुस गर्नुहुनेछ । जति बढ्तारूपमा तपाईं यसबाट भाग्ने प्रयास गर्नुहुन्छ त्यत्ति नै बढ्तारूपमा तपाईंले आफ्नो असहायपनको बारेमा बुझ्नुहुनेछ । तपाईंका उद्देश्यहरू अपवित्र छन् भने हृदय चाहिँ अशुद्ध छ । तपाईंको जीवन स्वार्थीपन र पापद्वारा भरिपूर्ण छ भन्ने कुरालाई तपाईंले देख्नुहुनेछ । तपाईंले क्षमादान पाउने, शुद्ध बन्ने, तथा स्वतन्त्र बन्ने अभिलाषा राख्नुहुनेछ । परमेश्वरमा मेल पाउन तथा उहाँको अनुरूपता प्राप्त गर्नका निम्ति तपाईंले के गर्न सक्नुहुन्छ?

**(२) क्षमा र शांतिको कसलाई प्रभुले जीवित पानी प्रदान गर्दछ?**

***१"हे सबै तिर्खाउने हो, आओ, पानीनेर आओ। अनि तिमीहरू रुपियाँ नहुने पनि आओ र किनेर खाओ। आओ, विनापैसा र विनादाम दाखमद्य र दूध किन। (यशैया ५५:१)***

तपाईंलाई शान्ति स्वर्गको क्षमादान, र आत्माभित्र शान्ति तथा प्रेमको

आवश्यकता पर्दछ । पैसाद्वारा यसलाई खरिद गर्न सकिंदैन, ज्ञानद्वारा यो उपलब्ध हुँदैन, बुद्धिद्वारा यो प्राप्त हुँदैन; तपाईंले स्वयम् आफ्नै प्रयासद्वारा यी कुराहरू कदापि प्राप्त गर्न सक्नुहुनेछैन । तर यी कुराहरू परमेश्वरले तपाईंलाई "बिनापैसा र बिनादाम" एक उपहारको रूपमा दिनुहुन्छ । यशैया ५५:१ । यदि तपाईंले आफ्नो हात पसारेर यसलाई समात्नु मात्र भयो भने यो तपाईंकै हुनेछ । परमप्रभु भन्नुहुन्छ, "तिमीहरूका पापहरू सिन्दुरे रङ्गका भए तापनि ती हिउँजस्तै सेता हुनेछन् । गाढा राता रङ्गका भए तापनि ती ऊनजस्तै हुनेछन् ।" यशैया १:१८

**(३) शान्ति को लागी कस्तो अध्भूत प्रतिज्ञा परमेश्वरले घोषणा गर्न दिनु भएको छ?**

***२६ म तिमीहरूलाई एउटा नयाँ हृदय दिनेछु, र तिमीहरूभित्र म नयाँ आत्मा हालिदिनेछु। तिमीहरूबाट ढुङ्गाको हृदय निकालेर म त्यसको सट्टामा तिमीहरूलाई मासुको हृदय दिनेछु। (इजकिएल ३६:२६)***

तपाईंले आफ्ना पापहरू स्वीकार गर्नुभएको छ, र हृदयदेखि नै ती सबैलाई हटाउनुभएको छ । तपाईंले स्वयम् आफैलाई परमेश्वरको हातमा सुम्पने

संकल्प गर्नुभएको छ । अब उहाँको सामु जानुहोस् र यो कुरा माग्नुहोस् ताकि उहाँले तपाईंका पापहरू पखाल्नुहुनेछ र तपाईंलाई एउटा नयाँ हृदय दिनुहुनेछ । तसर्थ उहाँले यो काम गर्नुहुनेछ भनी विश्वास गर्नुहोस् किनकि उहाँले यहि प्रतिज्ञा गर्नुभएको छ । जब येशू यस पृथ्वीमा हुनुहुन्थ्यो तब उहाँले यहि पाठ सिकाउनुभएको थियो कि परमेश्वरले जुन उपहारको प्रतिज्ञा गर्नुहुन्छ सो हामीले पाउँदछौं र यो हाम्रै हो भनी हामीले विश्वास गर्नुपर्छ

**(४) किन ख्रिष्ट को चिन्ह र चमत्कारहरू वचनमा उल्लेख गरियो?**

***३१तर यी लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्। (यूहन्ना २०:३१)***

जब मानिसहरूले येशूको शक्तिमाथि विश्वास प्रकट गरे तब उहाँले तिनीहरूलाई आफ्ना रोगहरूबाट निको पार्नुभयो, यसरी जुन कुरा तिनीहरू देख्न सक्दैनथे त्यसप्रति पूर्ण विश्वासद्वारा तिनीहरूलाई प्रेरित गर्नुभयो– र तिनीहरूलाई पाप क्षमा गर्न सक्ने उहाँको शक्तिमाथि विश्वास दिलाउनुभयो

## (५) पापको क्षमा पाउन को लागी हाम्रो भूमिका के छ?

***४ यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौं भन्ने विश्वास राख, र त्यो तिमीहरूको हुनेछ। (मर्कूस ११:२४)***

येशूले रोगीहरूलाई कसरी निको पार्नुभयो भन्ने बाइबलका सरल विवरणबाट हामीले पापहरूबाट क्षमादान प्राप्त गर्नका निम्ति उहाँमाथि कसरी विश्वास गर्ने भन्ने विषयमा केहि कुरा सिक्न सक्दछौं । हामी वेथस्दाको जल-कुण्डको पक्षघातीको कथातर्फ आफ्नो ध्यान केन्द्रित गरौं । त्यो पीडित व्यक्ति असहाय थियो; जसले आफ्ना कुट्टाहरू अड्तीस वर्षसम्म चलाएको थिएन । येशूले उसलाई यसरी आज्ञा दिनुभयो, “उठ, आफ्नो ओछ्यान उठाऊ, र हिँड ।” त्यस रोगीले यसो पनि भन्न सक्थ्यो, “हे प्रभु, यदि तपाईंले मलाई निको पार्नुभयो भने म तपाईंको आज्ञा पालन गर्नेछु ।” उसले ख्रीष्टको वचनमाथि विश्वास गर्‍यो, निको भइसकेको छु भनी विश्वास गर्‍यो, र एकैसाथ प्रयास पनि गर्‍यो, हिँड्ने अठोट गर्‍यो, र वास्तवमा ऊ हिँड्यो पनि । उसले ख्रीष्टको वचन मुताविक व्यवहार गर्‍यो, र परमेश्वरले शक्ति प्रदान गर्नुभयो । त्यो मानिस निको भयो ।

**(६) हाम्रो आफ्नै प्रयासले किन हामी हृदयमा पवित्रता ल्याउन सक्दैनौं?**

***९ मानिसको हृदय सबै कुराभन्दा छली हुन्छ, र त्यसलाई निको पार्न सकिँदैन। त्यसलाई कसले जान्न सक्छ र? (यर्मिया १७:९)***

यसरी नै तपाईं पनि एक पापी हुनुहुन्छ । तपाईंले आफ्ना अतीतका पापहरूका निम्ति प्रायश्चित गर्न सक्नुहुन्छ; तपाईंले आफ्नो हृदय परिवर्तन गर्न तथा स्वयम् आफैलाई पवित्र तुल्याउन सक्नुहुन्न । तर परमेश्वरले ख्रीष्टमार्फत् यी सबै काम तपाईंको निम्ति गर्ने प्रतिज्ञा गर्नुभएको छ । तपाईंले त्यस प्रतिज्ञामाथि विश्वास गर्नुहोस् । आफ्ना पापहरू स्वीकार गरी स्वयम् आफैलाई परमेश्वरमा सुम्पनुहोस् । तपाईंले उहाँको सेवा गर्ने संकल्प गर्नुहोस् । जसै तपाईंले सो गर्नुहुनेछ परमेश्वरले तपाईंप्रति उहाँको प्रतिज्ञा पूरा गर्नुहुनेछ । यदि तपाईं त्यस प्रतिज्ञामाथि विश्वास राख्नुहुन्छ भने तपाईंको पाप क्षमा भयो र तपाईं शुद्ध हुनुभयो भनी विश्वास गर्नुहोस्, जसरी पक्षघातीले आफू निको भएको छु भनी विश्वास गरेपश्चात् ख्रीष्टले उसलाई हिँड्ने शक्ति दिनुभयो त्यसरी नै परमेश्वर यो तथ्य बताउनुहुन्छ

कि तपाईं निको हुनुभएको छ । यदि तपाईंले विश्वास गर्नुभयो भने यस्तै हुनेछ । आफू निको भएको अनुभव नहुञ्जेलसम्मै नपर्खनुहोस्, तर यसो भन्नुहोस्, "म विश्वास गर्दछु कि यसतै हुनेछ; र मैले महशुस गरेअनुसार होइन तर परमेश्वरले प्रतिज्ञा गर्नुभएको हुनाले म विश्वास गर्दछु ।"

**(७) यदि विश्वासमा हामी परमेश्वरबाट क्षमा माग्दछौं, हामी किन आत्मा विश्वास पाउँदैनौं हामी यसलाई प्राप्त गरेका छौं भनेर?**

***११ यसकारण तिमीहरू दुष्ट भएर आफ्ना छोराछोरीहरूलाई असल चीज दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढ़ी गरेर असल चीज दिनुहुनेछ। (मत्ती ७:११)***

येशू भन्नुहुन्छ, "तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ, सो पाएका छौ भनी विश्वास राख, र त्यो तिमीहरूको हुनेछ ।" मर्कूस ११:२४ । यस प्रतिज्ञामा एउटा शर्त छ– त्यो शर्त हो हामीले उहाँको इच्छामुताविक प्रार्थना गर्नुपर्छ । तर हामीलाई पापदेखि शुद्ध तुल्याउनु, हामीलाई उहाँका सन्तान तुल्याउनु, तथा हामीलाई एक पवित्र जीवन बिताउने सक्षम तुल्याउनु परमेश्वरकै इच्छा हो ।

यसकारण हामी यी आशिषहरू माग्न सक्छौं, र हामीले पाउनेछौं भनी विश्वास गर्न सक्छौं, र हामीले ती सबै प्राप्त गर्न सफल हुनपुगेकोमा परमेश्वरलाई धन्यवाद दिन सक्छौं । येशूको सामु गई पापदेखि शुद्ध बन्न पाउनु र व्यवस्थाको अघि लाज तथा पश्चात्तापबिना खडा हुन सक्नु हाम्रो निम्ति एक विशेषाधिकारको कुरा हो । “यसकारण अब
ख्रीष्ट येशूमा हुनेहरूलाई कुनै दण्डको आज्ञा छैन, जो शरीर अनुसार होइन, तर आत्मा अनुसार हिँड्दछन् ।” रोमी ८:१

**(८) हामी कसरी परमेश्वरसित हाम्रो सम्बन्ध कायम राख्न सक्छौं?**

***यसकारण जसरी ख्रीष्टलाई तिमीहरूले ग्रहण गर्‍यौ, त्यसरी नै उहाँमा जीवन बिताओ (कलस्सी २: ६)***

अब उप्रान्त तपाईं स्वयम् आफ्नै हुनुहुन्न; तपाईंलाई मूल्य तिरिएर किनिएको छ । “सुन वा चाँदीजस्ता नाश हुने थोकहरूद्वारा दाम तिरी तिमीहरू छुट्ट्याइएका होइनौ, तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्ट्याइएका छौ ।” १ पत्रुस १:१८, १९ । परमेश्वरमाथि विश्वास राख्ने यस सरल कार्यद्वारा पवित्र आत्माले तपाईंको

हृदयमा एक नयाँ जीवन प्रदान गर्नुभएको छ । परमेश्वरको परिवारमा तपाईं एक नयाँ जन्मिएको शिशुझैं हुनुहुन्छ, र उहाँले तपाईंलाई त्यसरी नै प्रेम गर्नुहुन्छ जसरी उहाँले आफ्नो पुत्रलाई प्रेम गर्नुहुन्छ । .
अब तपाईंले स्वयम् आफैलाई येशूमा समर्पण गर्नु भएपश्चात् पछि नहट्नुहोस्, उहाँदेखि टाढा नजानुहोस्, तर दिन प्रतिदिन "म ख्रीष्टको हु; मैले स्वयम् आफैलाई उहाँमा समर्पित गरेको छु" भनी बताउनुहोस् र उहाँको आत्मा तपाईंलाई दिनका निम्ति र उहाँको आत्मा तपाईंलाई दिनका निम्ति र तपाईंलाई उहाँको अनुग्रहको वशमा राख्नका निम्ति उहाँसँग माग्नुहोस् । स्वयम् आफैलाई परमेश्वरमा सुम्पने तथा उहाँलाई विश्वास गर्ने क्रमद्वारा मात्र तपाईं उहाँको सन्तान कहलाइनुहुनेछ र तपाईंले उहाँमै आफ्नो जीवन बिताउनुपर्नेछ । प्रेरित पावल भन्दछन् "जसरी ख्रीष्टलाई तिमीहरूले ग्रहण गर्‍यौ, त्यसरी नै उहाँमा जीवन बिताओ ।

**(९) आउने सबैलाई ख्रीष्टको प्रस्ताव के हुन्छ?**

***हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु । (मत्ती ११:२८)***

कतिले यो विचार लिने गर्दछन् कि तिनीहरूले उहाँको आशिष दाबी गर्नुअघि परीक्षणकालको सामना गर्नुपर्नेछ र तिनिहरूको जीवनमा सुधार आएको छ भनी परमप्रभुको सामु प्रमाण दिनुपर्नेछ । तर तिनीहरूले अहिले पनि परमेश्वरको आशिष दाबी गर्न सक्छन् । तिनीहरूका दुर्बलतामा सहायता पाउनका निम्ति तिनीहरूसित ख्रीष्टको अनुग्रह तथा उहाँको आत्मा हुनु आवश्यक छ, अन्यथा तिनीहरूले दुष्टताको सामना गर्न सक्नेछैनन् । हामी जुन पापी असहाय तथा आश्रयी अवस्थामा छौं त्यहि अवस्थामै उहाँकहाँ आएको येशू चाहनुहुन्छ । हामी आफ्ना सारा दुर्वलता, मूर्खता, तथा पापका साथ उहाँमा आई पश्चात्तापका साथ उहाँको गोडामा पर्न सक्दछौं । हामीलाई उहाँको प्रेमको बाहुलीले अँगाल्नु र हाम्रा चोटहरूमा पट्टी बाँधिदिनु, तथा हामीलाई सारा अशुद्धतादेखि शुद्ध पार्नु उहाँको महिमा हो ।

**(१०) ईश्वरले हरेक पश्चाताप गर्ने पापीलाई कस्तो आश्वासन दिनुहुन्छ?**

***मैले तेरा अपराधहरू बादलझैं र तेरा पापहरू बिहानको कुइरोझैं हटाइदिएँ। फर्केर आइज, किनकि मैले तँलाई मोल तिरेर छुटकारा दिएको छु। (यशैया ४४:२२)***

हजारौं मानिसहरू यहि कुरामा चुक्नपुगेका छन्; तिनीहरूले यस कुरामाथि विश्वास गर्दैनन् कि येशूले तिनीहरूलाई व्यक्तिगतरूपमा क्षमा गर्नुहुन्छ । तिनीहरूले परमेश्वरलाई उहाँको वचन अनुसार विश्वास गर्दैनन् । जो जति सबै उहाँका शर्तहरूप्रति राजी बन्दछन् तिनीहरूका निम्ति यो कुरा थाहा पाउनु एक विशेषाधिकारको कुरा हो कि हरेक पापका निम्ति सित्तैमा क्षमादान दिइएको छ । परमेश्वरका प्रतिज्ञाहरू तपाईंका निम्ति होइनन् भन्ने शंका तपाईंको मनबाट हटाउनुहोस् । ती प्रतिज्ञा वास्तवमा प्रत्येक पश्चात्तापी अपराधीका निम्ति हुन् । ख्रीष्टले दिनुहुने शक्ति र अनुग्रह स्वर्गदूतहरूमार्फत् प्रत्येक विश्वासीकहाँ पुग्ने गर्दछ । त्यहाँ कुनै पनि मानिसहरू यति बढी पापी छैनन् कि जसको कारण तिनीहरूले येशूमा शक्ति शुद्धता, र धार्मिकता पाउन सक्नेछैनन्, जो तिनीहरूकै खातिर मर्नुभयो । उहाँ पापद्वारा दाग लागेका तथा दूषित बन्न पुगेका तिनीहरूका वस्त्रहरूलाई फुकाली तिनीहरूलाई धार्मिकताको सेतो वस्त्र पहिराउने प्रतिक्षामा हुनुहुन्छ; उहाँ तिनीहरूलाई

मर्नका निम्ति होइन तर बाँच्नका निम्ति आज्ञा दिनुहुन्छ ।

**(११) यदि हामी पश्चात्ताप गर्न अग्रसर भयौं भने हाम्रो पाप समस्याको साथ परमेश्वरले कसरी व्यवहार गर्नुहुन्छ?**

***उहाँले हामीसँग हाम्रा पापअनुसारको व्यवहार गर्नुहुन्न, अनि हाम्रा अधर्मअनुसार हामीलाई दण्ड दिनुहुन्न।***
***किनकि पृथ्वीबाट स्वर्ग जत्ति अग्लो छ, उहाँका भय मान्नेहरूमाथि उहाँको करुणा त्यत्तिकै महान् छ।***
***पश्चिमबाट पूर्व जत्ति टाढ़ा छ, उहाँले हाम्रा अपराधहरू हामीबाट त्यत्तिकै टाढ़ा हटाइदिनुभएको छ।***
***(भजन: १०३:१०-१२)***

सीमित मानिसहरूले एक अर्काप्रति व्यवहार गरेझैं परमेश्वरले हामीसँग व्यवहार गर्नुहुन्न । उहाँका विचारहरू करुणा, प्रेम, र अति कोमल दयाद्वारा भरिपूर्ण छन् । उहाँ भन्नुहुन्छ, “दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस्, र परमप्रभुतिर फर्कोस्, र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ । हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस्, र उहाँले त्यसलाई सित्तैमा क्षमा गर्नुहुनेछ ।” “मैले तेरा अपराधहरू बादलझैं र तेरा पापहरू

बिहानको कुहिरोझैं हटाइदिएँ ।” यशैया ५५:७; ४४:२२ ।

*“कसैको मृत्युमा म प्रसन्न हुन्न, परमप्रभु परमेश्‍वर भन्‍नुहुन्छ । पश्‍चात्ताप गर, र बाँच ।” (इजकिएल १८:३२)*

शैतान परमेश्‍वरका यिनै धन्यको निश्‍चयताहरूलाई खोस्न तयार छ । ऊ आत्मादेखि आशाका हरेक मन्द ज्योति तथा प्रकाशको हरेक किरणलाई लुट्न चाहन्छ; तर तपाईंले उसलाई यसो गर्ने अनुमति प्रदान गर्नु हुँदैन । शैतानको कुराप्रति ध्यान नदिनुहोस्, तर यसो भन्‍नुहोस् “येशू मर्नुभयो ताकि म बाँच्न सक्नेछु ।

**(१२) बाटो बिराएका सन्तान संग हाम्रो स्वर्गको बुबाले कसरी व्यवहार गर्नुहुन्छ जो उहाँमा फर्कन्छन्?**

*तब त्यो उठेर आफ्ना बाबुकहाँ गयो। “तर त्यो धेरै टाढ़ा छँदा त्यसका बाबुले त्यसलाई देखे, र तिनी दयाले भरिए, र दौड़ेर गई त्यसलाई अँगालो हालेर त्यसलाई चुम्बन गरे।*
*(लूका १५:२०)*

उहाँ मलाई प्रेम गर्नुहुन्छ, र म नाश भएको देख्न चाहनुहुन्‍न । मसँग एक

करुणामयी स्वर्गीय पिता हुनुहुन्छ; र यद्यपि मैले उहाँको प्रेमको दुरुपयोग गरेको छु, यद्यपि उहाँले मलाई दिनुभएका आशिषहरू फजूल खेर गएका छन्, म उठेर मेरा पिताकहाँ जानेछु, र उहाँलाई भन्नेछु, 'पिताजी, मैले स्वर्गको विरोधमा र तपाईंको दृष्टिमा पाप गरेको छु, अब उप्रान्त तपाईंको छोरा भनिन लायकको म छैन मलाई तपाईंका ज्यालादार नोकरहरूमध्ये एउटाझैं बनाउनुहोस् ।'" यस दृष्टान्तले तपाईंलाई यो बताउँदछ कि भौंतारिएको छोरोलाई कसरी ग्रहण गरिनेछ; "तर त्यो धेरै टाढा छँदा त्यसका बाबुले त्यसलाई देखे, र तिनी दयाले भरिए; र दौडेर गई त्यसलाई अँगालो हालेर त्यसलाई चुम्बन गरे ।" लुका १५:१८-२०

तर यो दृष्टान्त जति नै संवेदनशील तथा हृदयविदारक भए तापनि स्वर्गीय पिताको असीमित करुणालाई व्यक्त गर्नमा धेरै अपुग छ । परमप्रभु आफ्नो भविश्यवक्तामार्फत् यसरी घोषणा गर्नुहुन्छ "सधैंभरि रहने प्रेमले मैले तँलाई प्रेम गरेको छु । मैले तँलाई दया गरी खिँचेको छु ।" यर्मिया ३१:३ । जब पापी आफ्नो पिताको घरदेखि टाढा परदेशमा आफ्नो धन सम्पत्ति फजूल खर्च गरिरहेको हुन्छ, तब पिताको हृदय ऊप्रति व्याकुल बन्नपुग्दछ; र त्यसरी नै हृदयमा उत्पन्न

भएको परमेश्वरतर्फ फर्कने हरेक अभिलाषा उहाँको आत्माको कोमल बिन्ती सिवाय अरू केहि होइन जसले भौंतारिएको व्यक्तिलाई आफ्नो स्वर्गीय पिताको प्रेमिलो हृदयतर्फ खिँच्नका निम्ति याचना तथा अनुनयविनय गरिरहनुभएको छ । .

**(१३) प्रभुलाई खोज्ने सबैलाई के प्रतिज्ञा दिइएको छ?**

***पिताले मलाई दिनुहुने सबै मकहाँ आउनेछन्, र मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैनँ। (यूहन्ना ६:३७)***

बाइबलका अमूल्य प्रतिज्ञाहरू आफ्नो सामु हुँदा हुँदै के तपाईं अझै पनि शंकालाई स्थान दिन सक्नुहुन्छ त ? जब कुनै एक दुःखी पापी परमेश्वरकहाँ फर्कन तथाआफ्ना पापहरू त्याग्नका निम्ति तीव्र इच्छा प्रकट गर्दछ, र जब ऊ पश्चात्तापका साथ परमप्रभुको चरणमा आउँदछ तब परमप्रभुले त्यसलाई उहाँको चरणमा आउनुदेखि कडा रूपमा रोक्नुहुनेछ भन्ने कुरामाथि के तपाईं विश्वास गर्नुहुन्छ त ? यस प्रकारका विचारधाराहरूदेखि टाढा रहनुहोस् । हाम्रो स्वर्गीय पिताको बारेमा यस प्रकारको धारणा मनमा राख्नुले बाहेक अन्य कुनै पनि कुराले तपाईंको आत्मालाई बढ्ता चोट पुर्‍याउन

सक्नेछैन । उहाँले पापलाई घृणा गर्नुहुन्छ, तर पापीलाई प्रेम गर्नुहुन्छ, उहाँले स्वयम् आफैलाई ख्रीष्टको देहको रूपमा सुम्पनुभयो ताकि तिनीहरू उहाँमार्फत् बचाइनेछन् र महिमाको राज्यमा अनन्तको आशिष प्राप्त गर्नेछन् । हामीप्रति उहाँको प्रेम व्यक्त गर्नका निम्ति उहाँले जुन भाषा रोज्नुभयो सो भन्दा बढ्ता मजबुत वा कोमल कुन भाषाको प्रयोग गर्न सकिन्थ्यो होला त ? उहाँ घोषणा गर्नुहुन्छ, "के कुनै आमाले आफ्नो दुधे बालकलाई बिर्सन सक्छे र ? आफूले जन्माएको बालकलाई के त्यसले टिठ्याउँदिन र ? त्यसले बिर्सन पनि सक्छे, तर म त तँलाई बिर्सन सक्दिन ।" यशैया ४९:१५ । तपाईं यदि शंका गर्दै तथा काम्दैहुनुहुन्छ भने स्वर्गतर्फ हेर्नुहोस्; किनकि हाम्रै निम्ति मध्यस्थ-बिन्ति गर्नका निम्ति ख्रीष्ट जीवित हुनुहुन्छ । परमेश्वरलाईउहाँको प्रिय पुत्ररूपी उपहारको निम्ति धन्यवाद चढाउनुहोस् र तपाईंको निम्ति उहाँको मृत्यु व्यर्थ सावित नहोस् भनी प्रार्थना गर्नुहोस् । पवित्र आत्माले तपाईंलाई आज निमन्त्रणा दिइरहनुभएको छ । तपाईं आफ्नो सारा हृदयका साथ येशूमा आउनुहोस् र तपाईंले उहाँको आशिषको दाबी गर्न सक्नुहुनेछ ।
जब तपाईं उहाँका प्रतिज्ञाहरूका बारेमा पढ्नुहुन्छ, यो कुरा याद गर्नुहोस् कि ती

अवर्णनीय प्रेम र करुणाका अभिव्यक्ति हुन् । असीमित प्रेमको महान् हृदय पापीतर्फ एक असीम करुणाका साथ आकर्षित बन्नपुग्दछ । “ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार हाम्रा पापको क्षमा पाउँछौं ।” एफिसी १:७ । परमेश्वर तपाईंको सहायक हुनुहुन्छ भनी विश्वास गर्नुहोस् । उहाँ मानिसमा आफ्नो नैतिक स्वरूप पुनःस्थापन गर्न चाहनुहुन्छ । जसै तपाईं पाप स्वीकार तथा पश्चात्तापका साथ उहाँको नजिक आउनुहुन्छ तब उहाँ दया तथा क्षमाका साथ तपाईंको नजिक आउनुहुनेछ ।

**(१४) के आशिषमय प्रतिज्ञाहरु परमेश्वरका सन्तानहरुले दाबी गर्न सक्छ?**

***के कुनै आमाले आफ्नो दूधेबालकलाई बिर्सन सक्छे र? आफूले जन्माएको बालकलाई के त्यसले टिठ्याउँदिनँ र? त्यसले बिर्सन पनि सक्छे, तर म त तँलाई बिर्सन सक्दिनँ। (यशैया ४९:१५) तिमीहरूका जीवन रुपियाँपैसाको मोहबाट अलग्ग राख। तिमीहरूसँग भएका कुरामा सन्तुष्ट बस, किनकि उहाँले भन्नुभएको छ, “म तिमीहरूलाई कुनै रीतिले छोड्नेछैनँ, म तिमीहरूलाई त्याग्नेछैनँ।***

***(हिब्रू १३:५)***

*जब मैले परमेश्वरको वचन अध्ययन गरि रहेका थिए , मैले उहाँको आत्मा मेरो हृदयको ढोकामा ढकढकाएको महसुस गरेको छु (प्रकाश ३:२०)*

**गोलाकारः हो अनिर्णित**

*मैले महसुस गरें कि मुक्तिदाताको खाँचोमा म हराएको पापी हुँ (रोमी ३:२३)*

**गोलाकारः हो अनिर्णित**

*म अचम्ममा छु कि परमेश्वरले मलाई विनाशबाट बचाउन आफ्नो छोरा येशू पठाएर आफ्नो प्रेमको प्रदर्शन गर्नुभयो (यूहन्ना ३:१६-१७) र मलाई थाहा छ उहाँ मुक्ति पाउनको लागि एक मात्र ढोका हुनुहुन्छ (यूहन्ना १०:९).*

**गोलाकारः हो अनिर्णित**

*म बुझ्छु कि यदि म, निष्कपट हृदयले, मेरा पापहरू स्वीकार गर्छु भने, येशूको अनमोल रगतले मलाई सबै अधर्मबाट शुद्ध पार्नेछ, (१ यूहन्ना १:९).*


**गोलाकारः हो अनिर्णित**

*यदि तपाईंले माथिको प्रश्नहरूको "हो" जवाफ दिनुभयो भने, म तपाईंलाई आफ्नो जीवनको सबैभन्दा महत्त्वपूर्ण निर्णय लिन*

आमन्त्रित गर्दछु. विश्वासद्वारा, तपाईले येशूलाई तपाईको व्यक्तिगत मुक्तिदाताको रूपमा ग्रहण गर्न सक्नुहुन्छ र तपाईको जीवनमा उहाँको महान् शान्ति, शक्ति र अटल प्रेमको अनुभव गर्न सक्नुहुन्छ. केवल इमानदार साथ हृदयले प्रार्थना दोहोर्याउनुहोस् (यूहन्ना १:१२)

"स्वर्गमा बस्नुहुने बुबा म जान्दछु कि म पापी हुँ र विश्वास गर्दछु तपाईंले आफ्ना छोरालाई मेरो निम्ति मर्न पठाउनुभयो. | म विश्वासमा, येशूलाई मेरो मुक्तिदाताको रूपमा ग्रहण गर्न र उहाँको बहुमूल्य रगतको लागि मेरा धेरै पापहरू ढाक्नको लागि अनुरोध गर्दछु I. म मेरो पापी मार्गबाट फर्कने छनौट गर्दछु र तपाईंलाई मेरो जीवनको परमप्रभु हुन भन्छु| (येशूको नाममा, आमेन।) "

बधाई छ! तपाईंले महसुस गर्नुहुन्न होला तर तपाईंको विश्वासको कारण तपाईं परमेश्वरको उद्धार गरिएको सन्तान हुनुहुन्छ र ख्रीष्टमा एक नयाँ सृष्टि (प्रेरित १६:३१)! अब दाखको बोटको हाँगा जस्तो गरी, हरेक क्षण उहाँमा रहनुहोस् (यूहन्ना १५:१-५ ) एक दिन उहाँ तिमीलाई लिन आउनुहुनेछ स्वर्गमा उहाँसँग तपाईंको नयाँ घरमा (यूहन्ना १४:१-३).



## पाठ ८
## चेलापनको जाँच

**(१) कुन आधारमा यो पद पवित्र आत्माको काम संग तुलना गर्छ?**

***बतास जता चाहन्छ उतै बहन्छ। तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ। आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ। (यूहन्ना ३:८)***

कुनै व्यक्ति आफ्नो परिवर्तनको निश्चित समय वा स्थानको बारेमा बताउन वा परिवर्तन प्रक्रियाको सबै

घटनाक्रमलाई पछ्याउन असक्षम हुन सक्ला; तर यसले ऊ अपरिवर्तित छ भन्ने कुराको प्रमाण दिँदैन । ख्रीष्टले निकोदेमसलाई भन्नुभयो, “बतास जता चाहन्छ, उतै बहन्छ । तिमी बतासको आवाज सुन्छौ, तर कहाँबाट आउँछ र कता जान्छ, त्यो जान्दैनौ । आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ ।” यूहन्ना ३:८ । जसरी हावा अदृष्य भएतापनि यसको प्रभावहरूलाई स्पष्टरूपमा देख्न तथा अनुभव गर्न सकिन्छ मानव हृदयमा
पनि परमेश्वरको आत्माले यसरी नै काम गरिरहेको हुन्छ । जुन पुनर्जन्मको शक्तिलाई कुनै मानव आँखाले देख्न सक्दैन, यसले आत्माभित्र एक नयाँ जीवन उत्पन्न गर्दछ; यसले परमेश्वरको प्रतिरूपमा एक नयाँ अस्तित्वको सृष्टि गर्दछ । पवित्र आत्माको काम शान्त र अप्रत्यक्ष भएतापनि प्रभावहरू चाहिँ प्रत्यक्ष हुन्छन् । यदि हृदय परमेश्वरको आत्माद्वारा नयाँ भएको छ भने जीवनले यस तथ्यताको गवाही दिनेछ

**(२) जीवन कसरी बदलियो र हृदय नयाँ भयो?**

***यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ। (२ कोरिन्थी ५:१७)***

जबकि हामीले आफ्नो हृदय परिवर्तन गर्न वा स्वयम् आफैलाई परमेश्वरको अनुरूपतामा ल्याउन केहि पनि गर्न सक्दैनौं; जबकि हामीले स्वयम् आफैमाथि तथा हाम्रा असल कामहरूमाथि भरोसा राख्नुहुँदैन, तर परमेश्वरको अनुग्रहले हाम्रो हृदयमा बास गरेको छ वा छैन भन्ने कुरा हाम्रो जीवनले प्रकट गर्दछ । चरित्र, बानी तथा अनुसरणहरूमा एक परिवर्तन देखिनेछ । तिनीहरू कस्ता थिए र अहिले कस्ता छन् भन्ने विषयको अन्तर स्पष्ट तथा निश्चित हुनेछ । अनित्य असल कार्यहरू वा दुष्कर्महरूद्वारा चरित्र प्रकट हुँदैन, तर नियमित बोली र व्यवहारका प्रवृत्तिद्वारा चरित्र प्रकट हुने गर्दछ ।

यो कुरा सत्य हो कि ख्रीष्टको नयाँ गर्ने शक्तिबिना पनि व्यवहारमा एक बाहिरी शुद्धता देख्न सकिनेछ । प्रतिष्ठाप्रतिको मोह तथा अन्य व्यक्तिहरूबाट मान सम्मान प्राप्त गर्ने अभिलाषाले एक अति अनुशासित जीवन उत्पन्न गर्न सक्ला । आत्मसम्मानको भावनाले हामीलाई दुष्ट देखा पर्नुदेखि बचाउन सक्ला । एक स्वार्थी व्यक्तिले पनि उद्धार कामहरू गर्न सक्छ । हामी कसको पक्षमा छौं भन्ने कुरा हामीले कुन उपायद्वारा फैसला गर्ने त ?

हाम्रो हृदय कोसित छ ? हाम्रा विचारहरू कसको बारेमा छन् ? कसको बारेमा हामी बातचीत गर्न रुचाउँछौं ? हाम्रो सवार्धिक न्यानो मोह तथा शक्तिहरू कसको निम्ति समर्पित छन् ? यदि हामी ख्रीष्टका जन हौं भने हाम्रा विचारहरू उहाँमै केन्द्रित रहनेछन् । हामीसित जे जति छन् र हामी जे जस्ता छौं ती उहाँकै निम्ति अर्पण गरिएका हुनेछन् । हामीले उहाँको प्रतिरूप धारण गर्ने उहाँको आत्मारूपी सास फेर्ने, उहाँको इच्छालाई पालन गर्ने तथा सबै कुराहरूमा उहाँलाई प्रसन्न तुल्याउने अभिलाषा राख्नेछौं ।

**(३) यदि हामी नयाँ गरि जन्मेका छौ भने हाम्रो जीवनमा के हुन्छन्?**

***तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन्। यस्ता कुराहरूका विरुद्‌धमा कुनै व्यवस्था छैन। (गलाती ५:२२-२३)***

जो जति ख्रीष्ट येशूमा नयाँ सृष्टि बन्न पुग्छन् तिनीहरूले आत्माको निम्न फलहरू फलाउनेछन्, “प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाई, विश्वस्तता, नम्रता, संयम ।” गलाती ५:२२, २३ । यस उप्रान्त तिमीहरूले साबिककै अभिलाषा मुताविक व्यवहार गर्ने छैनन्, तर

परमेश्वरको पुत्र ख्रीष्टमाथि विश्वास गर्दै उहाँका पाइलाहरूलाई पछ्याउनेछन्, उहाँको चरित्रलाई प्रतिबिम्ब गर्नेछन्, र जसरी उहाँ शुद्ध हुनुहुन्छ त्यसरी नै स्वयम् आफैलाई शुद्ध तुल्याउनेछन् । जुन कुरालाई कुनै समय तिनीहरू घृणा गर्ने गर्दथे त्यसलाई तिनीहरू अहिले मन पराउँदछन् र जुन कुरालाई मन पराउँदथे त्यसलाई अहिले घृणा गर्दछन् । घमण्डी तथा हठी व्यक्ति विनम्र र कोमल बन्नपुग्द । तुच्छ तथा अति घमण्डी व्यक्ति गम्भीर र शिष्ट बन्न पुग्छ । मतवाला व्यक्ति सज्जन बन्नपुग्छ भने दुर्व्यसनी चाहिँ निर्मल । संसारको व्यर्थाका रीतिथिति तथा प्रथाहरूलाई त्यागिन्छ । ईसाईहरूले “बाहिरी सिङ्गरपटारको” खोजी
गर्ने छैनन् तर “भलो र शान्त आत्माको अविनाशी रत्नले सजिएको भित्री हृदयको” खोजी गर्नेछन् । १ पत्रुस ३:३, ४ ।

**(४) नयाँ गरि जन्मे पश्चात हामी के गर्न चाहन्छौं यदि हामीले कसैलाई गलत गरेको छौ भने?**

***जखायसले खड़ा भएर प्रभुलाई भने, “प्रभु, हेर्नुहोस्, म आफ्ना सम्पत्तिको आधा भाग गरीबहरूलाई दिन्छु, र कोहीबाट अन्यायपूर्वक केही लिएको छु भने म***

*त्यसको चार गुणा फिर्ता गरिदिनेछु।" (लूका १९:८)*

जबसम्म साँचो पश्चात्तापले जीवनमा परिवर्तन ल्याउँदैन तबसम्म जीवनमा यसको प्रमाण भेट्टिनेछैन । यदि कुनै व्यक्तिले धरौटी फिर्ता दिएको छ, आफूले लुटेका कुराहरू फर्ता दिएको छ, आफ्ना पापहरूलाई स्वीकार गरेको छ, परमेश्वर तथा आफना सङ्गीजनहरूलाई प्रेम गरेको छ भने पापीले यो महशुस गर्नेछ कि उसले मृत्युदेखि जीवनमा प्रवेश पाएको छ ।

जब हामी बरालिएका पापी जनहरूका हैसियतले ख्रीष्टमा आउँदछौं र क्षमाशील अनुग्रहको भागिदार हुन्छौं तब हृदयमा प्रेमको मूल फुट्नेछ । हरेक बोझ हलुका बन्नपुग्छ, किनकि ख्रीष्टले दिनुहुने जुवा सजिलो छ । कर्तव्य एक आनन्द बन्नपुग्छ भने बलिदान चाहिँ एक प्रसन्नता बन्नपुग्छ । जुन पथ पहिला अन्धकारले ढाकिएको जस्तो देखिएको थियो सो अहिले धार्मिकताको घामको ज्योतिद्वारा उज्यालो बन्नपुगेको छ ।

**(५) प्रेमको स्रोत को हो जसले त्यो भर्छ, परिवर्तन गराउछ, र हृदय ख्रीष्टको अनुग्रहबाट नयाँ बनाउनुछ?**

***जसरी हामी तिमीहरूलाई प्रेम गर्दछौं त्यसरी नै प्रभुले तिमीहरूलाई एकले-अर्कासँग र सबै मानिससँग प्रेममा बढ्ने र प्रशस्त भइरहने तुल्याऊन्,***
***(१ थेसलोनिकी ३:१२)***

ख्रीष्टका चेलाहरूमा उहाँको चरित्रको सौन्दर्य देखिनेछन् । परमेश्वरको इच्छालाई पालन गर्नु नै उहाँको निम्ति एक आनन्दको कुरो थियो । परमेश्वरप्रतिको प्रेम, उहाँको महिमाप्रतिको उत्साह नै हाम्रो मुक्तिदाताको नियन्त्रित गर्ने शक्ति थियो । प्रेमले उहाँका सारा कार्यकलापहरूलाई सुन्दर तथा उच्च तुल्याएको थियो । प्रेम परमेश्वरबाट आउँदछ । अपवित्र हृदयदेखि यो पैदा हुन सक्दैन । जुन हृदयमा येशूले शासन गर्नुहुन्छ त्यस हृदयमा मात्र प्रेम पाउन सकिन्छ । “हामी प्रेम गर्दछौं, किनभने पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो ।” १ यूहन्ना ४:१९ । ईश्वरीय अनुग्रहद्वारा परिवर्तित हृदयको निम्ति प्रेम नै कार्यको सिद्धान्त बन्न पुग्दछ । यसले चरित्रमा परिवर्तन ल्याउँदछ, आवेगलाई सम्हाल्दछ, जोशलाई नियन्त्रण गर्दछ, दुश्मनी भावनालाई दमन गर्दछ, र प्रेमलाई उच्च तुल्याउँदछ । हृदयमा उत्पन्न भएको यस प्रेमले जीवनलाई रोचक तुल्याउँदछ तथा सर्वत्र शुद्ध प्रभाव विस्तार गर्दछ ।

**(६) परमेश्वरप्रति हाम्रो प्रेम देखाउनलाई हामी के चाहन्छौं?**

*"तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ। (यूहन्ना १४:१५)*

**(७) हाम्रो सम्बन्धमा उहाँसँग आज्ञाकारीता किन, ख्रीष्टको शक्ति द्वारा, आवश्यक छ?**

*जसले "म उहाँलाई चिन्छु" भन्छ, तर उहाँका आज्ञाहरू उल्लङ्घन गर्छ, त्यो झूटो हो, र त्यसमा सत्य छैन।*
*(१ यूहन्ना २:४)*

परमेश्वरको अनुग्रहमाथि भर्खरै भरोसा राख्न थालेका विश्वासी जनहरूले दुई भूलहरूप्रति सर्तक रहनु आवश्यक छ । पहिलो भूलचाहिँ स्वयम् आफ्नै कामहरूलाई हेर्नु, स्वयम् आफैलाई परमेश्वरको अनुरूपतामा ल्याउनका निम्ति आफूले जे-जति गर्न सक्दछन् त्यसमाथि भरोसा राख्नु हो । जुन व्यक्ति स्वयम् आफ्नै कामहरूद्वारा पवित्र बन्ने प्रयत्न गर्दछ, उसले एक असम्भव काम गर्ने प्रयास गरिरहेको हुन्छ । ख्रीष्टविना जे-जति सबै थोक मानिसले गर्न सक्दछ त्यो वास्तवमा स्वार्थीपन र पापद्वारा दूषित हुन्छ । विश्वासद्वारा ख्रीष्टको अनुग्रहले मात्र हामीलाई पवित्र तुल्याउन सक्छ ।

यसको विपरित तर पहिलो भूल सरहकै दोश्रो खतरनाक भूलचाहिँ ख्रीष्टले मानिसहरूलाई परमेश्वरको आज्ञा पालन गर्नुदेखि स्वतन्त्रतता प्रदान गर्नुहुन्छ भन्ने विश्वास हो; कि केवल विश्वासद्वारा मात्र पनि हामी ख्रीष्टको अनुग्रहको भागिदार हुन सक्ने हुनाले उद्धारसँग हाम्रा कार्यहरूका कुनै सम्बन्ध छैन ।

**(८) ख्रीष्टले के गर्ने प्रतिज्ञा गर्यो जब हामी फेरि नयाँ गरि जन्मेका हुन्छौ?**

***"ती दिनपछि तिनीहरूसँग बाँध्ने मेरो करार***
***यही हो, परमप्रभु भन्नुहुन्छ, तिनीहरूका हृदयमा म मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका मनमा पनि म त्यो लेखिदिनेछु।"    (हिब्रू १०:१६)***

आज्ञा पालनको अर्थ केवल एक बाहिरी सहमति मात्र होइन, तर प्रेमपूर्वक गरिने सेवा भनी बुझिनु आवश्यक छ । परमेश्वरको व्यवस्था उहाँको स्वभावकै एक अभिव्यक्ति हो; यो महान् प्रेमको सिद्धान्तको एक मूर्तित्व हो, तसर्थ स्वर्ग र पृथ्वीमाथि उहाँको शासनको एक आधार हो । यदि हाम्रो हृदय परमेश्वरको स्वरूपमा नयाँ तुल्याइएको छ भने, यदि आत्माभित्र ईश्वरीय शक्ति रोपिएको छ

भने, के हाम्रो जीवनमा परमेश्वरको व्यवस्था पालन हुनेछैन र ? जब हृदयभित्र प्रेमको सिद्धान्त रोपिएको हुन्छ, जब मानिस आफूलाई सृष्टि गर्नुहुनेको स्वरूपमा परिवर्तित हुनपुग्दछ, तब नयाँ करारको यो प्रतिज्ञा पूरा हुन आउँछ, “तिनीहरूका हृदयमा म मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका मनमा पनि म त्यो लेखिदिनेछु ।” हिब्रू १०:१६ । र यदि व्यवस्था हृदयमा लेखिएको छ भने के यसले जीवनलाई आकार दिने छैन त ? आज्ञाकारिता, सेवा र प्रेमपूर्ण भक्ति नै चेलापनको साँचो चिन्ह हो । त्यसैकारण धर्मशास्त्र बताउँछ, “परमेश्वरको प्रेम यहि हो कि हामी उहाँका आज्ञाहरू पालन गर्दछौं ।” “जसले ‘म उहाँलाई चिन्छु’ भन्छ, तर उहाँका आज्ञाहरू उल्लङ्घन गर्छ, त्यो झूटो हो, र त्यसमा सत्य छैन ।” १ यूहन्ना ५:३; २:४ । मानिसलाई आज्ञाकारितादेखि स्वतन्त्र तुल्याउनुको सट्टा विश्वासले मात्र हामीलाई ख्रीष्टको अनुग्रहको भागिदार बनाउने गर्दछ, जसले हामीलाई आज्ञा पालन गर्नका निम्ति सक्षम तुल्याउँदछ ।

**(९) हामीले सेवा गर्ने मालिक को सूचक के हो?**

***तिनीहरूका फलबाट तिमीहरूले तिनीहरूलाई चिन्नेछौ। के काँढ़ाका***

***बोटबाट अंगूर अथवा सिउँड़ीबाट अञ्जीर टिपिन्छ र? (मत्ती ७:१६)***

हामीले आफ्नो आज्ञाकारितादवारा मुक्ति कमाउन सक्दैनौं; किनकि मुक्ति त परमेश्वरले सित्तैमा दिनुभएको उपहार हो जसलाई विश्वासदवारा ग्रहण गरिनुपर्छ । तर आज्ञाकारिता विश्वासको फल हो । “पाप हरण गर्नलाई नै उहाँ प्रकट हुनुभएको हो भन्ने कुरा तिमीहरू जान्दछौ । र उहाँमा कुनै पाप छैन । उहाँमा रहने कसैले पाप गरिरहँदैन । पाप गरिरहने कसैले उहाँलाई नता देखेको छ न चिनेको नै छ ।” १ यूहन्ना ३:५, ६ । यहि एक साँचो जाँच हो । यदि हामी ख्रीष्टमा रह्यौं भने, यदि परमेश्वरको प्रेम हामीभित्र बास गरेको छ भने हाम्रा भावनाहरू, हाम्रा विचारहरू, हाम्रा उद्देश्यहरू, तथा हाम्रा कार्यहरू उहाँको पवित्र व्यवस्थाको आदेशहरूमा व्यक्त भएको परमेश्वरको इच्छासँगै मेल खानेछन् । “साना बालकहरू, कुनै मानिसले तिमीहरूलाई छल्न नपाओस्; जसले ठीक काम गर्छ, त्यो धार्मिक हो, जस्तो उहाँ धार्मिक हुनुहुन्छ ।” १ यूहन्ना ३:७ । परमेश्वरको पवित्र व्यवस्थाको स्तरमुताविक धार्मिकतालाई परिभाषित गरिएको छ जुन सीनै पर्वतमा दिइएको दश आज्ञाहरूमा व्यक्त गरिएको छ ।

**(१०) प्रभुलाई हाम्रो हृदय दिए पछि दुईवटा तत्व हरू हाम्रो जीवनमा समान रूपमा प्रस्तुत हुनुपर्दछ?**

*यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो।. (याकूब २:१७)*

ख्रीष्टप्रतिको नाममात्रको विश्वास जसले मानिसलाई परमेश्वरमाथि आज्ञाकारिताको दायित्वदेखि छुटकारा दिलाउने विषयमा स्पष्ट पार्दछ, त्यो वास्तवमा विश्वास होइन, तर एक तर्क मात्र हो । "अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ ।" तर "विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो ।" एफिसी २:८; याकूब २:१७ । यस संसारमा आउनु अघि नै येशूले स्वयम् आफ्नै बारेमा यसो भन्नुभयो, "हे मेरा परमेश्वर, तपाईंको इच्छाबमोजिम गर्न म चाहन्छु, तपाईंको व्यवस्था मेरो हृदयभित्र छ ।" भजन ४०:८ । र स्वर्गतिर पुनः उँभो उठाइलगिनुभन्दा केही समय अघि उहाँले यो घोषणा गर्नुभयो, "मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु ।" यूहन्ना १५:१० । धर्मशास्त्र बताउँदछ, "यदि हामीले उहाँका आज्ञाहरू पालन गर्‍यौं भने यसैबाट हामी थाहा पाउन सक्छौं, कि हामी उहाँलाई चिन्दछौं । ... उहाँमा रहन्छु भन्ने व्यक्ति

आफै पनि उहाँको चालअनुसार चल्नुपर्छ ।” १ यूहन्ना २:३-६

**(११) कसलाई उदाहरणलाई लिएर हामी हाम्रो विश्वास र सेवा को जीवनलाई स्थापित गर्नु पर्छ?**

***किनकि यसैको निम्ति तिमीहरू बोलाइएका हौ। ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ। (१ पत्रुस २:२१)***

**(१२) भोकाउने र तिर्खाउनेहरु ले कुन गुणको खोजी गर्न पर्छ जो चाही ख्रीष्टले प्रतिज्ञा गर्नु भएको छ?**

***धन्य धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरू, किनभने तिनीहरू तृप्त हुनेछन्। (मत्ती ५:६)***

अनन्त जीवनको शर्त पहिलादेखि जुन रहँदैआएको थियो अहिले पनि सोहि हो – हाम्रा प्रथम अभिभावकहरूका पतन हुनु अघि अदनको बगैंचामा पनि यहि शर्त लागू थियो – त्यो हो परमेश्वरको व्यवस्थाप्रति पूर्ण आज्ञाकारिता तथा पूर्ण धार्मिकता । यदि यस शर्तबाहेक अन्य कुनै कम शर्तमा अनन्त जीवन प्रदान

गरिएको भए सम्पूर्ण जगतकै खुशी खतरामा पर्नेथियो । पापको मार्ग खुल्नेथियो र यसले ल्याउने सराप तथा कष्टहरू सदा छाइरहने थिए ।

**(१३) कस्तो सुअवसर परमेश्वरले हामी प्रतेकलाई प्रदान गर्नु हुन्छ?**

***..उहाँको अनमोल र महान् प्रतिज्ञाहरू दिनुभएको छ, कि यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केर तिमीहरू ईश्वरीय स्वभावका सहभागी होओ। (२ पत्रुस १:४)***

**(१४) के दुई भाग उपहार ख्रीष्टको रगत द्वारा प्रदान गरिएको छ त्यो, जुन उनको अनुग्रह द्वारा, हामीलाई धार्मिकता दिएको छ?**

***उहाँको अपार अनुग्रह अनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा, पाउँछौं, (एफिसी १:७)***

आफ्नो पतन हुनुअघि आदमलाई परमेश्वरको व्यवस्था पालन गरेर धार्मिक चरित्र निर्माण गर्नु सम्भव थियो । तर उनी यसो गर्न असफल भए, र उनको पापकै कारणले गर्दा हाम्रा स्वभावहरू पनि पतित हुनपुगेका छन् र हामीले स्वयम् आफैलाई धार्मिक तुल्याउन सक्दैनौं ।

पापी तथा अधर्मी भएकै कारण हामीले पवित्र व्यवस्थालाई पूर्णरूपमा पालन गर्न सक्नेछैनौं । परमेश्वरको पवित्र व्यवस्थाको दाबीहरूलाई पूरा गर्न सक्ने हामीमा कुनै त्यस्तो धार्मिकता छैन । तर ख्रीष्टले हाम्रो छुटकाराको निम्ति एउटा मार्ग तयार पार्नुभएको हो । यस संसारमा हामीले जे-जस्ता जाँच तथा परीक्षाहरूका सामना गर्नुपर्दछ उहाँले पनि ती सबै जाँच तथा परीक्षाहरूका बीचमा आफ्नो जीवन बिताउनुभयो । उहाँले एक पापरहित जीवन बिताउनुभयो । उहाँ हाम्रै निम्ति मर्नुभयो, र अहिले उहाँ हाम्रा पापहरूलाई लिइकन हामीलाई उहाँको धार्मिकता दिने प्रस्ताव राख्नुहुन्छ । यदि तपाईंले स्वयम् आफैलाई ख्रीष्टमा समर्पित गर्दै उहाँलाई आफ्नो मुक्तिदाताको रूपमा ग्रहण गर्नुहुन्छ भने तपाईंको जीवन विगतमा जति नै पापपूर्ण रहेको भए तापनि उहाँकै खातिर तपाईं धर्मी कहलाइनुहुनेछ । तपाईंको चरित्रको स्थानमा ख्रीष्टको चरित्र खडा हुनेछ, र तपाईंलाई परमेश्वरले यसरी ग्रहण गर्नुहुनेछ कि मानौं तपाईंले कहिल्यै पनि पाप गर्नुभएकै छैन ।

**(१५) ख्रीष्टमा हाम्रो पुनर्स्थापना पछि, हामी कसरी उहाँमा निरन्तरता रहन र बढ्न सक्छौं?**

***म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ। जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो।(गलाती २:२०)***

यसभन्दा ठूलो कुरा यो छ कि ख्रीष्टले हृदय परिवर्तन गर्नुहुन्छ । विश्वासद्वारा उहाँ तपाईंको हृदयमा बास गर्नुहुन्छ । तपाईंले ख्रीष्टसँगको यस सम्बन्धलाई विश्वासद्वारा तथा आफ्नो इच्छाशक्तिलाई निरन्तर उहाँमा समर्पित गर्दै कायम राख्नुपर्नेछ, र जबसम्म तपाईंले यसो गर्नुहुनेछ उहाँले तपाईंमा उहाँको असल अभिप्राय अनुसार इच्छा गर्ने र काम गर्ने तुल्याउनलाई तपाईंमा काम गर्नुहुनेछ । तसर्थ तपाईंले यसो भन्न सक्नुहुनेछ, “जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरको पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो ।” गलाती २:२० । येशूले उहाँका चेलाहरूलाई भन्नुभयो, “किनभने बोल्ने तिमीहरू आफै हुनेछैनौ, तर तिमीहरूका पिताका आत्मा तिमीहरूद्वारा बोल्नुहुनेछ ।” मत्ती १०:२० । तब ख्रीष्टले तपाईंको जीवनमा काम गर्नुभएपश्चात्

तपाईंमा पनि त्यहि आत्मा प्रकट हुनेछ र धार्मिकता तथा आज्ञाकारिताका असल कार्यहरू गर्नुहुनेछ ।
तसर्थ हामीमा कुनै त्यस्था कुराहरू छैनन् जसको बारेमा हामी घमण्ड गर्न सक्नेछौं । हामीसँग आत्मविभोर बन्नुपर्ने कुनै आधार नै छैन । हाम्रो आशाको एकमात्र आधार नै हामीलाई दिइएको ख्रीष्टको धार्मिकता हो जुन उहाँको आत्माले हामीमा तथा हामी मार्फत् काम गर्नुहुन्छ ।

**(१६) यस पदको कुन कथनमा यसरी प्रकट गर्छ कि विश्वास बाट भरोसा अलग छ?**

***तिमीहरू विश्वास गर्दछौ कि परमेश्वर एउटै हुनुहुन्छ। त्यो असल हो। भूतात्माहरू पनि विश्वास गर्छन् र थरथर काम्छन्। (याकूब २:१९)***

जब हामी विश्वासको बारेमा कुरा गर्दछौं तब त्यहाँ ध्यान दिइनुपर्ने एक भिन्नता छ । त्यहाँ एक यस्तो प्रकारको आस्था छ जुन विश्वासदेखि पूर्णरूपले भिन्न छ । परमेश्वरको अस्तित्व, शक्ति, तथा उहाँको वचनको सत्यता, यी सबै यस्ता वास्तविकताहरू हुन् जसलाई शैतान तथा त्यसका फौजले पनि मनैदेखि इन्कार गर्न सक्दैनन् । बाइबल बताउँदछ कि “भूतात्माहरू पनि विश्वास गर्छन्, र थरथर काम्छन्;” तर वास्तवमा यो साँचो

विश्वास होइन । याकूब २:१९ । जहाँ परमेश्वरको वचनमाथि एक आस्था मात्र होइन तर उहाँमाथि इच्छाशक्ति नै समर्पित गरिएको हुन्छ, जहाँ हृदय उहाँकै नाममा सुम्पिएको हुन्छ, जहाँ स्नेहहरू उहाँमै केन्द्रित पारिएका हुन्छन्, त्यहाँ विश्वास हुन्छ– जुन विश्वास प्रेमको सहाराले काम गर्दछ र जसले आत्मालाई सुद्ध तुल्याउँदछ; यहि विश्वासद्वारा हृदय परमेश्वरको स्वरूपमा बदलिन्छ । र जुन हृदय यसको अपरिवर्तित अवस्थामा परमेश्वरको व्यवस्थाको अधीनमा हुँदैन, न त वास्तवमा हुन नै सक्नेछ, अब चाहिँ यसको पवित्र आर्दशहरूप्रति आनन्दित बन्नपुग्दछ र भजनसंग्रहका लेखकसँगै यसो भन्दछ, “आहा ! तपाईंको व्यवस्थालाई म कति प्रेम गर्दछु ! दिनभरि म तिनैमाथि मनन गर्दछु ।” भजन ११९:९७ । र व्यवस्थाको धार्मिकता हामीमा पूरा हुन आउँछन्, “जो शरीर अनुसार होइन, तर आत्मा अनुसार हिँड्दछन् ।” रोमी ८:१ ।

**(१७) कति लामो समयसम्म धैर्यतापूर्वक हाम्रा चरित्रहरूलाई परिमार्जन गर्न ख्रीष्टले जारी राख्नुहुनेछ?**

***मलाई यो दृढ़ विश्वास छ, जसले तिमीहरूमा एउटा असल काम सुरु***

*गर्नुभयो, उहाँले नै येशू ख्रीष्टको दिनमा त्यो पूरा गर्नुहुनेछ। (फिलिप्पी १:६)*

त्यहाँ यस्ता मानिसहरू छन् जसलाई ख्रीष्टको क्षमा गर्ने प्रेमको बारेमा थाहा छ र जो साँच्चै नै परमेश्वरको सन्तान कहलाइने इच्छा प्रकट गर्दछन्, तर तिनीहरू यो चाल पाउँदछन् कि तिनीहरूका चरित्र अपूर्ण छ, तिनीहरूका जीवन दोषयुक्त छ, र तिनीहरू आफ्ना हृदय पवित्र आत्माद्वारा पुनः नयाँ बन्नपुगेको छ कि छैन भनी शंका गर्न तयार रहन्छन् । यस्ता व्यक्तिहरूका निम्ति मेरो सल्लाह यहि छ कि निराश बनी पछि नहट्नुहोस् । हामीले कैयौंपटक आफ्ना घटी-कमी तथा भूलहरूका कारण येशूको चरणमा शिर झुकाउँदै विलाप गर्नुपर्नेछ, तर हामी निरुत्साहित बन्नु चाहिँ हुँदैन । हामी शत्रुबाट पराजित भएतपानि हामी परमेश्वरद्वारा छोडिएका वा त्यागिएका छैनौं । उहाँले कदापि यसो गर्नुहुने छैन ।

**(१८) धेरै लामो चरित्र निर्माणको प्रक्रियामा यदि हामी यस जीवनकालमा पाप भित्र पर्दछौं भने कस्तो आश्चर्यजनक प्रतिज्ञा हामी दावी गर्न सक्छौं?**

*मेरा साना बालकहरू, तिमीहरू पाप नगर भनी म यी कुरा तिमीहरूलाई लेखिरहेछु।*

***तर कुनै मानिसले पाप गऱ्यो भने पनि पितासँग हाम्रो पक्षमा बोलिदिनुहुने एक जना हुनुहुन्छ, अर्थात् धार्मिक येशू ख्रीष्ट। (१ यूहन्ना २ : १)***

ख्रीष्ट परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ, र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ । यूहन्नाले यसरी लेखेका थिए, "तिमीहरूले पाप नगर भनी म यी कुराहरू तिमीहरूलाई लेख्दछु । अनि कसैले पाप गऱ्यो भने पिताको साथमा हाम्रा एकजना वकिल हुनुहुन्छ, अर्थात् धर्मी येशू ख्रीष्ट ।" १ यूहन्ना २:१ । र ख्रीष्टका यी वचनहरूलाई नभुल्नुहोस्, "पिता आफैले तिमीहरूलाई प्रेम गर्नुहुन्छ ।" यूहन्ना १६:२७ । उहाँ तपाईंलाई उहाँमै पुनःस्थापन गर्न तथा स्वयम् उहाँकै शुद्धता तथा पवित्रता तपाईंको जीवनमा चम्किएको देख्न चाहनुहुन्छ । र यदि तपाईंले स्वयम् आफैलाई उहाँमा समर्पित मात्र गर्नुहुन्छ भने उहाँ जसले तपाईंहरूमा एउटा असल काम शुरु गर्नुभयो, उहाँले नै येशू ख्रीष्टको दिनसम्म त्यो पूरा गर्नुहुनेछ । थप व्यग्रताका साथ प्रार्थना गर्नुहोस् तथा अझ पूर्णरूपले विश्वास गर्नुहोस् । जसै हामी स्वयम् आफ्नै शक्तिमाथि अविश्वास गर्न थाल्दछौं, यसउप्रान्त हामीले आफ्ना उद्धारकर्ताको शक्तिमाथि भरोसा राख्न थाल्नेछौं तथा

उहाँको प्रशंसा गर्न थाल्नेछौं जो हाम्रा मुखमण्डलको स्वास्थ्य हुनुहुन्छ

**(१९) हामी नयाँ गरी जन्मेका छौं भने र विकासको प्रक्रियामा छौं भने, हामी वास्तवमै के महसुस गर्नेछौं?**

***हामी सबै अशुद्ध मानिसझैँ भएका छौं, र हाम्रा सबै धार्मिक काम फोहोर झुत्राझैँ छन्। हामी सबै पातझैँ ओइलाइहाल्छौं, र हाम्रा पापले हामीलाई बतासले झैँ उड़ाइलैजान्छन्।. (यशैया ६४:६)***

येशूमा तपाईं जति जति नजिक आउनुहुनेछ, तब स्वयम् आफ्नै दृष्टिमा अझ बढी दोषयुक्त देखा पर्नुहुनेछ; किनकि तपाईंको दृष्टि अझ बढी स्पष्ट बन्नेछन्, र उहाँको पूर्ण स्वभावको तुलनामा तपाईंका अपूर्णताहरू छर्लङ्गै देखिनेछन् । यहि नै शैतानका छलहरूले आफ्ना शक्ति गुमाएका छन् तथा परमेश्वरको आत्माको सजीव पार्ने प्रभावले तपाईंलाई उत्तेजित तुल्याउँदैछ भन्ने एक प्रमाण हो ।

जुन व्यक्तिले स्वयम् आफ्नै पापपूर्ण अवस्थाको बारेमा बुझ्न सक्दैन त्यस व्यक्तिको हृदयमा येशूप्रति प्रकट हुने गहिरो प्रेमले बास गर्न सक्दैन । जुन आत्मा ख्रीष्टको अनुग्रहद्वारा परिवर्तित भएको हुन्छ त्यसले उहाँको ईश्वरीय

चरित्रको तारीफ गर्दछ; तर यदि हामीले स्वयम् आफ्नै नैतिक कुरूपता देख्न सक्दैनौं भने हामीले ख्रीष्टको सौन्दर्य तथा विशिष्टताको दृष्य नै देखेका छैनौं भन्ने एक अचुक प्रमाण हो ।


हामीले स्वयम् आफैमा जति नै कम आदर देख्नेछौं तब हामीले हाम्रा मुक्तिदाताको असीमित शुद्धता तथा सौन्दर्यमा त्यति नै बढी आदर देख्नेछौं । हाम्रो पापमय अवस्थाको दृष्टिले हामीलाई उहाँतर्फ डोऱ्याउनेछ जसले हामीलाई क्षमा गर्न सक्नुहुन्छ, र जब कुनै व्यक्ति आफ्नो असहायपनलाई बुझेर ख्रीष्टकहाँ पुग्दछ तब उहाँले स्वयम् आफैलाई शक्तिमा प्रकट गर्नुहुनेछ । हाम्रो खाँचोको भावनाले हामीलाई जति नै बढ्तारूपमा उहाँतर्फ अग्रसित तुल्याउँदछ, तब हामीले उति नै बढ्तारूपमा उहाँको चरित्रको बारेमा उँचा दृष्यहरू देख्नेछौं, र हामीले उहाँको स्वरूपलाई अझ पूर्णरूपमा प्रतिबिम्ब गर्नेछौं ।

***म, उहाँको अनुग्रहले, ख्रीष्टको पाइलामा हिड्नको लागि छान्छु र मेरो जीवनको प्रभु र मालिकको रूपमा उहाँलाई पछ्याउनुहोस्।***

**गोलाकार: हो अनिर्णित**

*मेरो प्रार्थना यो छ कि उहाँको आत्माको फलहरू ममा देखा परोस ताकि म उहाँको धार्मिक र पवित्र चरित्र प्रतिबिम्बित गर्न सकूँ ।*

**गोलाकार:** **हो** **अनिर्णित**



## पाठ ९
## ख्रीष्टमा बढ्नु

**(१) ख्रिष्टमा नयाँ बच्चाहरू जस्तै, हाम्रो इच्छा के हुनु पर्छ ताकि हाम्रो सम्बन्ध ख्रीष्ट संग विकास हुन सकोस?**

***याँ जन्मेका बालकहरूजस्तै शुद्ध आत्मिक दूधको तृष्णा गर, र त्यसबाट तिमीहरू आफ्नो मुक्तिमा बढ्दैजान सक्नेछौ। (१ पत्रुस २:२)***

जुन हृदय परिवर्तनद्वारा हामी परमेश्वरका सन्तान बन्न पुग्दछौं त्यसैलाई बाइबलले नयाँ जन्म भनी बताउँदछ । यसलाई किसानद्वारा रोपिएको असल बीउको अङ्कुरणसित पनि

तुलना गरिएको छ । यसरी नै जो जति भर्खरै मात्र ख्रीष्टमा परिवर्तित भएका छन् तिनीहरू “नयाँ जन्मेका बालकहरूजस्तै” हुन् जो येशू ख्रीष्टमा पूर्ण कदरसम्मै “बढ्दैजानु” पर्नेछ । १ पत्रुस २:२; एफिसी ४:१५ । बारीमा रोपिएको असल बीउझैं तिनीहरू पनि बढ्नुपर्ने तथा फल फलाउनु पर्नेछ । यशैया बताउँदछन् कि “उहाँका गौरवको प्रदर्शन होस् भनेर परमप्रभुले नै रोप्नुभएको धार्मिकताका फलाँटहरू तिनीहरू कहलाइनेछन् ।” यशैया ६१:३ । यसरी हामीलाई

आत्मिक जीवनका रहस्यमयी सत्यताहरू अझ सहजतापूर्वक बुझ्नमा मद्दत पुगोस् भन्ने हेतु प्राकृतिक जीवनबाट दृष्टान्तहरू रचिएका छन् ।

मानिसको सारा बुद्धि तथा सीपले प्रकृतिको सबैभन्दा सानो वस्तुमा पनि जीवन उत्पन्न गर्न सक्दैन । केवल स्वयम् परमेश्वर आफैले दिनुभएको जीवनद्वारा मात्र वनस्पती तथा प्राणीहरू बाँच्न सक्दछन् । यसरी परमेश्वरबाट प्राप्त हुने जीवनद्वारा मात्र मानिसको हृदयमा आत्मिक जीवन उत्पन्न हुने गर्दछ । कुनै व्यक्ति माथिबाट “जन्मेन भने” ऊ त्यस जीवनको भागिदार बन्न सक्नेछैन जुन जीवन प्रदान गर्नका निम्ति नै ख्रीष्ट आउनुभयो । यूहन्ना ३:३ ।

**(२) किन हामी हाम्रो आफ्नै आत्मिक विकासको लागि सक्षम छैनौं?**

***जो मानिस आत्मिक छैन, त्यसले परमेश्वरका आत्माका कुराहरू ग्रहण गर्दैन। किनकि ती कुराहरू त्यसको निम्ति मूर्खता हुन्छन्, र त्यसले ती बुझ्न सक्दैन, किनकि ती कुराहरू आत्मिक रीतिले मात्र चिन्न सकिन्छ।(१ कोरिन्थी २:१४)***

जुन कुरा जीवनमा लागू हुन्छ सोहि कुरा वृद्धिमा पनि लागू हुन्छ। परमेश्वरले कोपिलालाई क्रनेतुल्याउनुहुन्छ तथा फूललाई फलाउनु हुन्छ । उहाँकै शक्तिद्वारा बीउमा वृद्धि आउँछ, “पहिले टुसा, त्यसपछि बाला, तब बालामा पूरा दाना लाग्छ ।” मर्कूस ४:२८ । र इस्राएलको बारेमा भविश्यवक्ता होशे यसो भन्दछन्, “त्यो लिली फुलझैं फुल्नेछ ।” “मकैझैं त्यो लहलह बढ्नेछ र दाखको बोटझैं त्यो फुल्नेछ ।” होशे १४:५, ७ । येशूले हामीलाई आज्ञा दिनुहुन्छ, “लिली फूललाई विचार गर ! ती कसरी बढ्छन्; ... ।” लूका १२:२७ KJV । वनस्पति तथा फूलहरू स्वयम् आफ्नै व्याकुलता, फिक्री वा प्रयासद्वारा वृद्धि हुँदैनन्, तर त्यहि कुरा प्राप्त गरेर वृद्धि हुने गर्छन् जुन तिनीहरूकै जीवनलाई पूर्ति गर्नका निम्ति

परमेश्वरले जुटाइ दिनुभएको छ । कुनै एक बालकले स्वयम् आफ्नै फिक्री वा शक्तिद्वारा आफ्नो उँचाईमा वृद्धि ल्याउन सक्दैन । यसरी नै तपाईंले स्वयम् आफ्नै फिक्री वा प्रयाद्वारा आत्मिक वृद्धि प्राप्त गर्न सक्नुहुनेछैन ।

**(३) बढ्नको लागि बोटकोमा पौष्टिक आवश्यकताको दुईवटा स्रोतहरू के हुन् र यी पदहरूमा प्रतीकात्मक रूपमा प्रयोग गरिएको छ जसले हाम्रो आत्मिक प्रगतिमा प्रभुको प्रभाव प्रस्तुत गरीएको छ?**

*किनकि परमप्रभु परमेश्वर सूर्य र ढाल हुनुहुन्छ, परमप्रभुले निगाह र इज्जत प्रदान गर्नुहुन्छ। सत्य मार्गमा हिँड्नेहरूलाई परमप्रभुले कुनै भलो थोकबाट वञ्चित राख्नुहुन्न।. (भजन ८४:११)*

*म इस्राएलको निम्ति शीतझैँ हुनेछु। त्यो लिली फूलझैँ फुल्नेछ। लेबनानको देवदारुझैँ त्यसका जरा गड्नेछन्।. (होशे १४:५)*

वनस्पति तथा कुनै एक बालक वातावरणबाट वायु, घाम, र भोजन जस्ता जीवनका अत्यावश्यक वस्तुहरू प्राप्त गरेर वृद्धि हुन्छन् । जसरी प्राणी तथा वनस्पति जगतको निम्ति प्रकृतिका देनहरूका ठूलो महत्व छ त्यसरी नै ज-

जसले ख्रीष्टमाथि भरोसा राख्दछन् तिनीहरूका निम्ति पनि उहाँको महत्व ठूलो हुनेछ ।

उहाँ तिनीहरूका “सदाको ज्योति” तथा “सूर्य र ढाल” हुनुहुन्छ । यशैया ६०:१९; भजन ८४:११ । उहाँ “इस्राएलको निम्ति शीतझैं” हुनुहुनेछ । उहाँ काटिएको चउरमा परेको वर्षाझैं” हुनुहुनेछ । होशै १४:५; भजन ७२:६ । उहाँ जिउँदो पानी, “परमेश्वरको रोटी” हुनुहुन्छ “जो स्वर्गबाट ओर्लिआउँछ, र संसारलाई जीवन दिन्छ ।” यूहन्ना ६:३३ ।

परमेश्वरले आफ्नो पुत्ररूपी अनुपम उपहारमार्फत् सारा संसारलाई अनुग्रहको वायुमण्डलद्वारा ढाक्नुभएको छ जुन पृथ्वीमा बहने वायुजस्तै वास्तविक छ । जो जति मानिसहरू यस जीवन प्रदान गर्ने वायुमण्डल सेवन गर्ने रोजाइ गर्दछन् तिनीहरू येशू ख्रीष्टमा पूर्ण कदसम्मै वृद्धि हुँदै जानेछन् ।

**(४) हामी कसरी येशूमा बढ्न जारी राख्न सक्छौं र असल फलदायी बन्न सक्छौं?**

***दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ। (यूहन्ना १५:५)***

जसरी फूल सूर्यतर्फ फर्कंदा यसको सौन्दर्यलाई पूर्ण तुल्याउनमा उज्यालो ज्योतिले मद्दत पुर्‍याउँदछ, त्यसरी नै हामी पनि धार्मिकताको सूर्यतर्फ फर्कनुपर्छ, ताकि स्वर्गको ज्योति हामीमाथि चम्किनेछ, ताकि हाम्रो चरित्र ख्रीष्टको स्वरूपमा बढ्न सक्नेछ ।

**(५) हाम्रो विश्वास को स्रोत को हो र यो हाम्रो ईसाई अनुभवको यात्रा अवधिमा कसरी बढिरहेको छ?**

***हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ। (हिब्रू १२:२)***

येशू यहि कुरा सिकाउनुहुन्छ जब उहाँ यसो भन्नुहुन्छ, "ममा रहो, र म तिमीहरूमा रहन्छु । जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्दैनौ । ... मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ ।" यूहन्ना १५:४, ५ । जसरी हाँगा बढ्न तथा यसमा फल लाग्नका निम्ति यो मूल बोटमाथि निर्भर रहनुपर्छ

त्यसरी नै एक पवित्र जीवन जिउनका निम्ति तपाईं पनि ख्रीष्टमा निर्भर रहनुपर्नेछ । उहाँदेखि अलग रहेर तपाईंमा कुनै जीवन हुनेछैन । तपाईंमा परीक्षाको सामना गर्ने तथा अनुग्रह र पवित्रतामा बढ्ने कुनै शक्ति हुने छैन । उहाँमा रहेको खण्डमा तपाईंको उन्नति हुनेछ । उहाँबाट जीवनरूपी रस प्राप्त गर्नुभएपश्चात् तपाईं न त ओइलाउनुहुनेछ न फलरहित नै बन्नुहुनेछ । तपाईं नदीको किनारमा रोपिएको रुखझैं बन्नुहुनेछ ।

कैयौं मानिसहरूले कामको केही अंश आफैले एक्लै पूरा गर्नुपर्नेछ भन्ने विचारधारा राख्ने गर्दछन् । तिनीहरूले पाप क्षमाको निम्ति ख्रीष्टमाथि विश्वास गरेका हुन्छन्, तर अब तिनीहरू स्वयम् आफ्नै प्रयासहरूद्वारा शुद्ध जीवन व्यतित गर्ने प्रयत्न गर्दछन् । तर हरेक यस्तो प्रयास असफल हुनैपर्छ । येशू भन्नुहुन्छ, "मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ ।" अनुग्रहमा हाम्रो वृद्धि, हाम्रो आनन्द, हाम्रो उपयोगिता जस्ता सबै कुराहरू ख्रीष्टसँग भएको हाम्रो मिलापमा निर्भर रहन्छन् । उहाँसित दैनिक वा प्रत्येक घण्टा सम्पर्कमा रहेर, वा उहाँमा रहेर नै हामी अनुग्रहमा बढ्नु पर्नेछ । उहाँ हाम्रा विश्वास शुरु गर्नुहुनेवाला मात्र हुनुहुन्न तर पूरा गर्नुहुनेवाला पनि हुनुहुन्छ । ख्रीष्ट प्रथम,

अन्तिम, तथा सदासर्वदा हुनुहुन्छ । उहाँ हाम्रो यात्राको शुरु तथा अन्त्यमा मात्र हामीसँग हुनुहुने होइन तर हाम्रो यात्राको हरेक पाइलामा हाम्रै साथमा हुनुहुनेछ । दाऊद भन्दछन्, "मैले परमप्रभुलाई सधैं मेरो सामुन्ने राखेको छु । उहाँ मेरो दाहिने हाततर्फ हुनुहुन्छ, यसकारण म डग्नेछैन ।" भजन १६:८ ।

**(६) हामी कसरी ख्रीष्टमा रहन जारी राख्न सक्छौं?**

***यसकारण जसरी ख्रीष्टलाई तिमीहरूले ग्रहण गर्‍यौ, त्यसरी नै उहाँमा जीवन बिताओ। 7 धन्यवाद दिनमा प्रशस्त हुँदै, तिमीहरूलाई शिक्षा दिएबमोजिम उहाँमा जरा गाडिएका र निर्माण भएका र विश्वासमा दह्रिला भएका होओ। (कलस्सी २:६-७)***

के तपाईं "म कसरी ख्रीष्टमा रहनुपर्छ" भनी प्रश्न गर्नुहुन्छ ? त्यहि रीतिले जसरी तपाईंले उहाँलाई सर्वप्रथम ग्रहण गर्नुभयो । "यसकारण जसरी ख्रीष्टलाई तिमीहरूले ग्रहण गर्‍यौ, त्यसरी नै उहाँमा जीवन बिताओ ।" "धर्मी जन विश्वासद्वारा जिउनेछ ।" कलस्सी २:६; हिब्रू १०:३८ । तपाईंले पूर्णरूपमा परमेश्वरकै हुनका निम्ति, र उहाँको सेवा गर्न तथा उहाँको आज्ञा पालन गर्नका

निम्ति स्वयम्लाई उहाँमा सुम्पनुभएको छ, र तपाईंले ख्रीष्टलाई आफ्नो मुक्तिदाताको रूपमा ग्रहण गर्नुभएको छ । स्वयम् तपाईं आफैले आफ्नो पाप प्रायश्चित गर्न वा आफ्नो हृदय परिवर्तन गर्न सक्नुहुने थिएन; तर स्वयम् आफैलाई परमेश्वरमा समर्पण गर्नुभई तपाईं यो विश्वास गर्नुहुन्छ कि उहाँले ख्रीष्टकै खातिर यी सबै काम तपाईंको निम्ति गर्नुभयो । विश्वासद्वारा तपाईं ख्रीष्टको जन बन्नुभयो र विश्वासलाई बाँडचुँड गर्दै तपाईं उहाँमा बढ्नुपर्नेछ । तपाईंले आफ्ना सारा थोक,– आफ्नो हृदय, आफ्नो इच्छाशक्ति, र आफ्नो सेवा उहाँमै समर्पित गर्नुपर्छ । उहाँका सारा व्यवस्थाहरू पालन गर्नका निम्ति स्वयम् आफैलाई उहाँमा समर्पित गर्नुहोस्; र तपाईंले आफ्नो हृदयमा बसाल्नका निम्ति, आफ्नो शक्ति, धार्मिकता, अनन्तको सहायक बनाउन तथा तपाईंलाई आज्ञा पालन गर्ने शक्ति प्रदान गर्नका निम्ति ख्रीष्टलाई ग्रहण गर्नुपर्छ जो सारा आशिषहरूका पूर्णता हुनुहुन्छ ।

**(७) प्रतेक दीन किन प्रभु अनि उहाको बुद्धिलाई ख ोज्दै जानु जर ुरि छ?**

*मलाई प्रेम गर्नेहरूलाई म प्रेम गर्छु, मलाई खोज्नेहरूले मलाई भेट्टाउँछन्। (हितोपदेश ८:१७)*

बिहानको समयमै स्वयम् आफैलाई परमेश्वरमा समर्पित गर्नुहोस्; यसलाई तपाईंको सबैभन्दा प्रथम कार्य बनाउनुहोस् । तपाईंले यसरी प्रार्थना गर्नुहोस्, “हे परमप्रभु मलाई पूर्णरूपले तपाईंकै जनको रूपमा ग्रहण गर्नुहोस् । म आफ्ना सारा योजनाहरू तपाईंकै चरणमा राख्दछु । मलाई आज तपाईंकै सेवामा प्रयोग गर्नुहोस् । मसँग रहनुहोस्, र मेरा सारा कामहरू तपाईंकै लागि समर्पित रहोस् ।” यहि नै एक दैनिक प्रसंग हुनुपर्छ । प्रत्येक बिहान त्यस दिनको निम्ति स्वयम् आफैलाई परमेश्वरमा अर्पण गर्नुहोस् । तपाईंका सारा योजनाहरू उहाँमा समर्पित गर्नुहोस्, जुन उहाँको दूरदृष्टिले सूचित गरे अनुसार कार्यान्वयन गरिनुपर्नेछ वा त्यागिनुपर्नेछ । यसप्रकार दिन प्रतिदिन तपाईंले आफ्नो जीवन झन् झन् बढ्तारूपमा ख्रीष्टको जीवनको स्वरूपमा परिवर्तित हुँदै जानेछ ।

**(८) हाम्रो हृदयमा शान्ती राख्ने तरिका के हो?**

***जसको मन तपाईंमा अड़िएको छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ, किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ। सदासर्वदा परमप्रभुमा भरोसा राख, किनभने परमप्रभु, परमप्रभु नै सनातनका चट्टान हुनुहुन्छ। (यशैया २६:३-४)***

***हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बद्लिँदैजान्छौं। परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ।***
***(२ कोरिन्थी ३:१८)***

खीष्टमा रहेको जीवन एक शान्तिको जीवन हो । त्यहाँ कुनै परमानन्दको अनुभव नहुन सक्छ, तर त्यहाँ एक सदा रहिरहने शान्तमय भरोसा हुनेछ । तपाईंको आशा स्वयम् आफैमा छैन; तर यो त खीष्टमा छ । तपाईंको कमजोरी उहाँको शक्तिसित, तपाईंको अज्ञानता उहाँको ज्ञानसित तथा तपाईंको दुर्बलता उहाँको स्थायी शक्तिसित जोडिन पुग्दछन् । तसर्थ तपाईंले स्वयम् आफैलाई हेर्नु हुँदैन, मनलाई आफैमाथि केन्द्रित रहन दिनु हुँदैन, तर यसको सट्टा खीष्टतर्फ हेर्नुहोस् । आफ्नो मन उहाँँको प्रेम, उहाँको चरित्रको सौन्दर्य तथा पूर्णतामाथि केन्द्रित रहन दिनुहोस् । खीष्टले आत्मत्यागको जीवन व्यतित गर्नुभएको, उहाँले अपमान सहनुभएको, शुद्धता र पवित्रताका साथ जीवन व्यतित गर्नुभएको, तथा खीष्टसँग भएको अनुपम प्रेम– यी सबै कुराहरू नै हाम्रो निम्ति मनन गर्नुपर्ने विषयहरू हुन् । उहाँलाई प्रेम गरेर, उहाँको अनुकरण गरेर,

उहाँमाथि पूर्णरूपले निर्भर रहेर नै तपाईं उहाँको स्वरूपमा परिवर्तन हुँदै जानुपर्नेछ ।

**(९) सबै मानव जातिलाई ख्रीष्टले के निम्तो दिनु भएको छ?**

***हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। (मत्ती ११:२८)***

येशू भन्नुहुन्छ, “ममा रहो ।” यी शब्दहरूले विश्राम, स्थिरता तथा भरोसाको भावना प्रकट गर्दछन् । उहाँ पुनः यसरी आमन्त्रण गर्नुहुन्छ, “मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु ।” मत्ती ११:२८ । भजनसंग्रहका लेखकका वचनहरूले पनि यहि विचारलाई प्रकट गरेका छन्; “परमप्रभुको सामुन्ने मौन बस र धैर्यपूर्वक उहाँको प्रतिक्षा गर ।” र यशैया यसरी विश्वास दिलाउँदछन्, “मौनधारण र भरोसामा तिमीहरूलाई शक्ति मिल्छ ।” भजन ३७:७; यशैया ३०:१५ । यो विश्राम निष्क्रियतामा पाईंदैन; किनकि मुक्तिदाताको निमन्त्रणामा विश्रामको प्रतिज्ञालाई परिश्रम गर्ने यो आव्हानसित जोडिएको छ: “मेरो जुवा आफूमाथि लेओ ... अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ ।” मत्ती ११:२९ । जुन

व्यक्तिले ख्रीष्टमा पूर्णरूपले विश्राम लिएको हुन्छ सो व्यक्ति उहाँको निम्ति परिश्रम गर्नमा सबैभन्दा बढी उत्सुक तथा सक्रिय रहनेछ ।

**(१०) ख्रिष्टको साथ र संगति बाट मोडने कुन तीनवटा दृश्यहरू सैतानले प्रयोग गरेर हामीलाई छुट्याउने प्रयास गर्छ?**

***तर यस संसारको फिक्री र धनको मोह र अरू थोकको लालच आएर वचनलाई निसासिदिन्छन्। ती फलवन्त हुँदैनन्।. (मर्कूस ४:१९)***

जब मन स्वयम् आफैमाथि केन्द्रित रहन्छ, तब यो शक्ति र जीवनको मुहान् ख्रीष्टदेखि तर्किने गर्दछ । तसर्थ ध्यानलाई मुक्तिदातादेखि मोड्नु नै शैतानको निरन्तरको प्रयास हो ताकि यसरी उसले आत्मा र ख्रीष्ट बीचको मिलाप तथा संगतिमाथि अवरोध उत्पन्न गर्न सक्नेछ । संसारका सुख-चैनहरू, जीवनका फिक्री, व्याकुलता र शोक, अरूका गल्ती, वा स्वयम् तपाईं आफ्नै गल्ती तथा दोषहरूमार्फत् । शैतानले मन मोड्ने प्रयत्न गर्नेछ । उसका छल-कपटहरूद्वारा भ्रममा नपर्नुहोस् ।

**(११) हाम्रोमा अनन्त जीवनको आश्वासनमा हामी कसरी विश्राम लिन सक्छौं?**

*जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन। तिमीहरूले अनन्त जीवन पाएका छौ भन्ने कुरा जान भन्ने हेतुले परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्ने तिमीहरूलाई यो पत्र लेख्दैछु।(१ यूहन्ना ५:१२-१३)*

कैयौं मानिसहरू जो वास्तवमा विवेकशील छन्, र जो परमेश्वरको निम्ति जिउन चाहन्छन्, शैतानले कैयौंपटक तिनीहरूलाई आफ्ना भूल तथा कमजोरीहरूमाथि ध्यान केन्द्रित गर्नेतर्फ अभिप्रेरित गर्दछ र यसरी तिनीहरूलाई ख्रीष्टबाट अलग तुल्याई उसले विजय प्राप्त गर्ने आशा राख्दछ । हामीले स्वयम् आफैलाई केन्द्र बनाई उद्धार पाउनेछौं वा छैनौं भनी अन्योलता तथा भयमा डुब्नु हुँदैन । यी सबै कुराहरूले आत्मालाई हाम्रो शक्तिको मुहान्देखि तर्काउने गर्दछ । तपाईंको आत्मालाई सुरक्षित राख्ने जिम्मा परमेश्वरमा नै सुम्पने गर्नुहोस् र उहाँमाथि भरोसा राख्नुहोस् । येशूको बारेमा बोल्ने तथा मनन गर्ने गर्नुहोस् । स्वयम् आफैलाई उहाँमै विलीन हुन दिनुहोस् । सारा शंकाहरूलाई हटाउनुहोस् तथा आफ्ना डरहरूलाई त्यागनुहोस् । प्रेरित पावलसँगै यसो भन्नुहोस्, “अब उप्रान्त जिउने म होइन, तर ख्रीष्ट ममा जिउनुहुन्छ । जुन

जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो ।” गलाती २:२० । परमेश्वरमा विश्राम लिनुहोस् । जुन कुरा तपाईंले उहाँलाई सुम्पनुभएको छ, त्यसलाई सुरक्षित राख्न उहाँ सामर्थी हुनुहुन्छ । यदि तपाईंले स्वयम् आफैलाई उहाँको हातमा सुम्पनुभयो भने उहाँले तपाईंलाई उहाँमार्फत् विजेताभन्दा महान् तुल्याउनुहुनेछ जसले तपाईंलाई प्रेम गर्नुभएको छ ।

**(१२) के हुन्छ जब एक धर्मीजन आफ्नु पापले गर्दा फर्कन चाहन्छ?**

***तर धर्मी मानिसले आफ्नो धार्मिकतालाई त्यागेर पाप गर्छ, र दुष्ट मानिसले गरेका घिनलाग्दा कामहरू गर्छ भने, के त्यो बाँच्नेछ र? त्यसले अघि गरेको कुनै पनि धर्मको कामको सम्झना हुनेछैन। त्यसको अविश्वास र त्यसले गरेका पापको कारणले त्यो मर्नेछ। (इजकिएल १८:२४)***

जब ख्रीष्टले मानव स्वभाव धारण गर्नुभयो तब उहाँले मानवजातिलाई त्यस प्रेमको बन्धनद्वारा स्वयम् आफैमा बाँध्नुभयो जसलाई स्वयम् मानिसकै रोजाइले बाहेक अरू कुनै शक्तिले पनि कदापि तोड्न सक्नेछैन । हामीलाई यस

बन्धनलाई तोड्न प्रेरित गर्नका निम्ति तथा स्वयम् आफैलाई ख्रीष्टबाट अलग तुल्याउने रोजाइ गराउनका निम्ति शैतानले निरन्तररूपमा प्रलोभनहरू प्रस्तुत गर्नेछ । हामीले होशियार बन्नुपर्ने, चेष्टा गर्नुपर्ने, तथा प्रार्थना गर्नुपर्ने कुरा यहि हो कि हामीलाई अर्को मालिक रोज्नेतर्फ कुनै पनि कुराले मोहित नपारोस्; किनकि हामी यसो गर्नाका निम्ति सदा स्वतन्त्र छौं । तर हामीले आफ्नो दृष्टि ख्रीष्टमै केन्द्रित राखौं, र उहाँले हामीलाई रक्षा गर्नुहुनेछ । येशूतर्फ हेर्नुमा नै हाम्रो सुरक्षा छ । हामीलाई कुनै पनि कुराले उहाँको हातदेखि खोस्न सक्दैन । उहाँतर्फ निरन्तररूपमा हेर्दै-हेर्दै "एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बदि्लँदै जान्छौं । परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ ।" २ कोरिन्थी ३:१८ ।

**(१३) जब हामी ख्रीष्टको बोलावट सुन्छौं, हामी कसरी उसलाई भेट्टाउनेछौं?**

***जब तिमीहरूले आफ्ना सारा हृदयले मलाई खोज्नेछौ, तब तिमीहरूले मलाई खोजेर पाउनेछौ (यर्मिया २९:१३)***

यसरी नै प्रथम चेलाहरूले आफ्ना प्रिय मुक्तिदाताको स्वभाव हासिल गरेका थिए । जब ती चेलाहरूले येशूको वचन सुने तब तिनीहरूले आफ्नो जीवनमा

येशूको आवश्यकताको बारेमा महशुस गरे । तिनीहरूले उहाँलाई खोजे, अनि भेटे, र त्यसपछि पछ्याए । तिनीहरू घरमा, टेबुलमा, भित्री कोठामा तथा खेतमा उहाँसँगै थिए । तिनीहरू एक गुरुको सामुन्ने शिष्यहरूका रूपमा उहाँकै साथमा थिए, र दैनिक उहाँको ओंठबाट पवित्र शिक्षा प्राप्त गर्ने गर्दथे । आफ्ना कर्तव्य सिक्नका निम्ति तिनीहरूले उहाँलाई जसरी एक सेवकले आफ्नो मालिकतर्फ हेर्ने गर्दछ त्यसरी नै हेर्ने गर्दथे । ती चेलाहरू "हामीहरूको जस्तै स्वभाव भएका मानिस थिए ।" याकूब ५:१७ । तिनीहरूले पनि हामीले जस्तै पापको बिरुद्धमा संघर्ष गर्नुपर्ने थियो । एक पवित्र जीवन जिउनका निम्ति तिनीहरूलाई पनि त्यहि अनुग्रहको आवश्यकता थियो ।

**(१४) कुन कथनमा यस्तो लेखिएको छ कि प्रभुको लोगहरु पनि परीक्षा संग संघर्ष गरेका थिए?**

***किनभने असल काम जो म गर्न चाहन्छु, त्यो म गर्दिनँ, तर दुष्ट काम, जो म गर्न चाहन्नँ, त्यही म गर्ने गर्छु। (रोमी ७:१९)***

यूहन्ना, जसलाई "येशूले प्रेम गर्नुहुने चेला" भनिन्छ, जसले मुक्तिदाताको चरित्रलाई सबैभन्दा पूर्णरूपमा प्रतिबिम्ब

गरेका थिए, उनी पनि स्वाभाविकरूपले चरित्रमा त्यस सौन्दर्यद्वारा भरिपूर्ण थिएनन् । उनी केवल हठी तथा प्रतिष्ठाको लागि महत्त्वाकाङ्क्षी मात्र थिएनन्, तर आफूमाथि हानि आइपर्दा प्रचण्ड तथा रिसाहा पनि बन्ने गर्दथे । तर जसै उनलाई ईश्वरीय चरित्र प्रकट गरियो, तब उनले स्वयम् आफ्नै कमी कमजोरी देखे र ज्ञानद्वारा नम्र बन्नपुगे । परमेश्वरको पुत्रको दैनिक जीवनमा उनले जुन शक्ति र धैर्यता, सामर्थ्य र कोमलता, गौरव र नम्रता देखेका थिए, ती सबैले उनको आत्मालाई प्रशंसा तथा प्रेमले भरिपूर्ण तुल्याईदियो । दिन प्रतिदिन उनको हृदय तबसम्म आकर्षित बन्दैगयो जब उनले आफ्नो गुरुप्रति प्रेमको भावनाले गर्दा स्वयम् आफ्नै अस्तित्वको बारेमा दृष्टि गुमाए । उनको रिसाहा तथा महत्त्वाकाङ्क्षी स्वभावलाई ख्रीष्टको परिवर्तन गर्न सक्ने शक्तिको अधीनमा सुम्पिएको थियो । पवित्र आत्माको पुनर्जीवन दिनसक्ने शक्तिले उनको हृदयलाई पुनः नयाँ तुल्याइदिएको थियो । ख्रीष्टको प्रेमको शक्तिले चरित्रमा परिवर्तन ल्यायो । यहि नै येशूसँगको मिलापको निश्चित परिणाम हो । जब ख्रीष्ट हृदयमा वास गर्नुहुन्छ, तब हाम्रो पुरै स्वभावमा

परिर्वतन आउँदछ । ख्रीष्टको आत्मा तथा प्रेमले हृदयलाई कोमल तुल्याउँदछ, आत्मालाई अधीनमा पार्दछ, र विचार तथा आकाङ्क्षाहरूलाई परमेश्वर र स्वर्गतर्फ उचाल्दछ ।

**(१५) स्वर्ग आरोहण को समय येशुले छोड्नुभएको सहयोगको महान् प्रतिज्ञा चेलाहरु को लागी के थियो?**

***मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु। आमेन। (मत्ती २८:२०)***

जब ख्रीष्ट स्वर्गतिर उचालिनुभयो, तत्पश्चात् पनि उहाँका चेलाहरूमा उहाँको उपस्थितिको अनुभूति व्याप्त थियो । यो एक व्यक्तिगत उपस्थिति थियो, जुन प्रेम र ज्योतिद्वारा भरिपूर्ण थियो । मुक्तिदाता येशू, जो तिनीहरूसँगै हिँड्नुभएको थियो, कुराकानी गर्नुभएको थियो र प्रार्थना गर्नुभएको थियो, जसले तिनीहरूका हृदयमा आशा तथा सान्त्वनाका वचनहरू बोल्नुभएको थियो, र जब शान्तिको सन्देश अझैपनि उहाँको ओंठैमा हुँदा हुँदै तिनीहरूबाट स्वर्गतिर उचालिनुभएको थियो, र जसै स्वर्गदूतहरूका समूहले उहाँलाई ग्रहण गरे तब उहाँले यसो भन्नुभयो, “हेर, म युगको

अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु ।" मत्ती २८:२० ।

उहाँ मानव स्वरूपमै स्वर्गतिर उचालिनुभएको थियो । उनीहरूलाई थाहा थियो कि उहाँ परमेश्वरको सिंहासनको सामुन्ने हुनुहुन्छ जो अझैपनि तिनीहरूका मित्र तथा मुक्तिदाता हुनुहुन्छ; र यो पनि थाहा थियो कि उहाँका करुणाहरू अझै पनि अपरिवर्तित छन्; कि उहाँ अझैपनि पीडित मानवजातिका दुःखहरूमा अभिन्न हुनुहुन्छ । उहाँ परमेश्वरको सामु आफ्नो अमूल्य रगतको योग्यताहरू चढाउँदै हुनुहुन्थ्यो, र आफ्ना उद्धार गरिएका जनहरूका निम्ति तिर्नुभएको मूल्यको स्मरणस्वरूप आफ्ना चोटले भरिएका हात तथा पाउहरू देखाउँदै हुनुहुन्थ्यो । चेलाहरूलाई थाहा थियो कि उहाँ तिनीहरूका निम्ति ठाउँ तयार पार्न स्वर्गतिर उचालिइनुभएको छ, र तिनीहरूलाई उहाँकहाँ लैजानका निम्ति पुनः आउनुहुनेछ ।

**(१६) कसरी येशू उहाँका चेलाहरू को हृदयमा सँधै हुनु हुन्थ्यो?**

***र म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ। (यूहन्ना १४:१६)***

येशूको आरोहरण पश्चात् जब चेलाहरू एकसाथ भेला भए तब तिनीहरू आफ्ना बिन्तीहरू येशूको नाउँमा परमेश्‍वर पिताको अघि चढाउन उत्सुक थिए । पवित्र भयका साथ यो प्रतिज्ञालाई उच्चारण गर्दै तिनीहरूले प्रार्थनामा शिर झुकाए, “तिमीहरूले मेरो नाउँमा पितासँग जे माग्छौ, उहाँले त्यो तिमीहरूलाई दिनुहुनेछ । अहिलेसम्म तिमीहरूले मेरो नाउँमा केही मागेका छैनौ । माग, अनि तिमीहरूले पाउनेछौ । यसरी तिमीहरूको आनन्द पूर्ण होओस् ।” यूहन्ना १६:२३, २४ । तिनीहरूले यो शक्तिशाली तर्कका साथ विश्‍वासको हात झन् झन् उच्चसम्म फैलाए, “मर्ने त ख्रीष्ट येशू हुनुहुन्छ, जो मरेकाहरूबाट जीवित पारिनुभयो, र परमेश्‍वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ, र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ ।” रोमी ८:३४ । र पेन्तिकोसको दिनमा तिनीहरूमाझ शान्तिदाता प्रकट हुनुभयो, जसको बारेमा ख्रीष्टले यसो भन्नुभएको थियो, “उहाँ ... तिमीहरूभित्र हुनुहुनेछ ।” उहाँले फेरि भन्नुभयो, “म गएकोमा नै तिमीहरूलाई फाइदा छ; किनकि म गइनँ भने शान्तिदाता तिमीहरूकहाँ आउनुहुनेछैन; तर म गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाउनेछु ।” यूहन्ना १४:१७; १६:७ KJV । यस उप्रान्त पवित्र आत्मा मार्फत् ख्रीष्ट आफ्ना जनहरूका हृदयमा

निरन्तररूपले बास गर्नुपर्ने थियो । उहाँसँगको तिनीहरूका सम्बन्ध उहाँ तिनीहरूका साथ व्यक्तिगतरूपमा रहनुभएको अवस्थामा भन्दा अझ बढी घनिष्ट थियो । ज्योति, प्रेम र तिनीहरूको हृदयमा रहेको ख्रीष्टको शक्ति तिनीहरूमार्फत् चम्किएको थियो, र यसरी देख्नेजति मानिसहरू "छक्क परे, र यिनीहरू येशूका साथमा रहन्थे भन्ने तिनीहरूले थाहा पाए ।" प्रेरित ४:१३

**(१७) उहाँ आफ्ना चेलाहरूको लागि प्रार्थना गर्दा को संग प्रार्थना गर्नु भयो?**

***"म यिनीहरूका निम्ति मात्र प्रार्थना गर्दिनँ, तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु (यूहन्ना १७:२०)***

चेलाहरूका निम्ति ख्रीष्ट जो हुनुहुन्थ्यो त्यसैगरि उहाँ आफ्ना सन्तानहरूका निम्ति पनि सोहि बन्न चाहनुहुन्छ; किनकि आफ्नो साथमा भेला भएका चेलाहरूका साथ गर्नुभएको त्यस अन्तिम प्रार्थनामा उहाँले यसो भन्नुभयो, "म यिनीहरूका निम्ति मात्र प्रार्थना गर्दिन, तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु ।" यूहन्ना १७:२० ।

**(१८) यदि हामी ख्रीष्टमा दैनिक रूपमा रहन्छौ र उहाँसँग काम गर्छौं भने प्रेममा सत्य साझेदारी गरेर, परिणाम के हुनेछ?**

***... बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् ख्रीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ।***
***(एफिसी ४:१५)***

तब यदि ख्रीष्ट हाम्रो हृदयमा बास गर्नुभएको छ भने "उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई" उहाँले हामीमा काम गर्नुहुनेछ । फिलिप्पी २:१३ । जसरी उहाँले काम गर्नुभयो हामीले पनि सोहिरूपले काम गर्नेछौं; र हामीले त्यहि आत्मा प्रकट गर्नेछौं

***मलाई थाहा छ जब म ख्रीष्टमा आउँछु, म एक बृद्धि प्रक्रियामा हुन्छु र उहाँ ममा काम गर्नुहुन्छ जुन मेरो जीवनको क्रममा छ.***

**गोलाकार:   हो   अनिर्णित**

***ख्रीष्टसँगको मेरो सम्बन्धमा मैले गर्न सक्ने केहि छैन: चिन्ता वा काम जुन मेरो आत्मिक वृद्धिको कारण हुनेछ।***

**गोलाकार:   हो   अनिर्णित**

*म उहाँलाई खोज्न मेरो अंश गर्न छनौट गर्दछु र जीवन दिने वातावरणमा आफैलाई राख्छु  ताकि उहाले मलाई बढ्न मद्दत गरोस ।*

**गोलाकार:** **हो** **अनिर्णित**



## पाठ १०
## काम र जीवन

**(१) कस्तो स्वर्गीय सिद्धान्त येशूले अनुसरण गर्न हामीलाई भन्नु भयो?**

***"एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछु: तिमीहरू एक-अर्कालाई प्रेम गर। तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि एक-अर्कालाई त्यस्तै प्रेम गर।. (यूहन्ना १३:३४)***

परमेश्वर नै ब्रह्माण्डको निम्ति जीवन, ज्योति र आनन्दको मुहान हुनुहुन्छ । जसरी सूर्यबाट प्रकाशको किरण उत्पन्न हुन्छ, र जसरी एक जीवित पानीको मुहानबाट पानीको मूल फुटेर आउँदछ त्यसरी नै परमेश्वरद्वारा सृष्टि गरिएका

थोकहरूमा उहाँदेखि नै आशिषको खोला बग्दछ । र जुन मानिसको हृदयमा परमेश्वरको जीवन रहेको हुन्छ, यो प्रेम र आशिषका रूपमा अन्य मानिसहरूसम्म बहनेछ ।

पतित मानवजातिलाई उठाउनु र उद्‌धार गर्नु नै हाम्रा मुक्तिदाताको आनन्दमयी कार्य थियो । यसको निम्ति उहाँले आफ्नो जीवनलाई प्रिय ठान्नुभएन, तर अपमानलाई केहीजस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो । यसरी नै स्वर्गदूतहरू पनि अरूहरूका खुशीका निम्ति काम गर्ने क्रममै सदा व्यस्त छन् । यहि नै तिनीहरूका आनन्द हो । जो दुःखी छन् र हरेक तवरले चरित्र तथा श्रेणीमा न्यून छन् यस्ता व्यक्तिहरूलाई सेवा गर्नका निम्ति जुन स्वार्थी व्यक्तिले यसलाई अपमानजनक सेवाको रूपमा लिने गर्दछन्, यहि कामलाई नै पापरहित स्वर्गदूतहरूले पूरा गर्नेछन् । ख्रीष्टको आत्मबलिदानपूर्ण प्रेमको आत्मा नै एक यस्तो आत्मा हो जसद्वारा स्वर्ग व्याप्त छ र यसको परमानन्दकै सारहो । यहि आत्मा ख्रीष्टका चेलाहरूमा पनि हुनेछ र यसलाई प्राप्त गर्नु नै तिनीहरूका कार्य हुनेछ ।

जब हृदयमा ख्रीष्टको प्रेम स्थापित भएको हुन्छ, तब सुगन्धित बासनालाई झैं यसलाई पनि लुकाउन सकिने छैन । जो

जतिसँग हामी सम्पर्कमा आउँदछौं ती सबैले यसको पवित्र प्रभावलाई महशुस गर्नेछन् । हृदयमा रहेको ख्रीष्टको आत्मा मरुभूमिको एक पानीको मूल जस्तै हो, जुन सबैको प्यास मेटाउनका निम्ति बहन्छ, र जो जति नाश हुन लागेका छन् तिनीहरूलाई जीवनको पानी पिउनका निम्ति उत्सुक तुल्याउँदछ ।

**(२) किन येशू पृथ्वीमा आउनुभयो?**

***जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो।" (मत्ती २०:२८)***

जसरी येशूले मानवजातिको आशिष् तथा उत्थानको निम्ति काम गर्नुभयो त्यसरी नै हामीले पनि उहाँप्रति प्रेम प्रकट गर्दै सोहि रीतले काम गर्ने इच्छा गर्नेछौं । यसले हामीमा हाम्रा स्वर्गीय पिताको निगरानीमा रहेका उहाँद्वारा सृष्टि गरिएका सबै प्राणीहरूप्रति प्रेम, कोमलता, तथा करुणाको भावना पैदा गर्दछ ।. यस पृथ्वीमा मुक्तिदाताको जीवन एक सजिलो तथा स्वयम् आफ्नै बारेमा चिन्तन गर्ने प्रकारको थिएन, तर उहाँले पतित मानवजातिको मुक्तिका निम्ति दृढ, उत्सुक तथा अथक प्रयासका साथ परिश्रम गर्नुभयो । डुँडदेखि कलवरीसम्मै

उहाँले आत्मत्यागको मार्ग अपनाउनुभयो, र उहाँले उत्साहपूर्ण कार्य, कष्टदायक यात्रा तथा थकानयुक्त फिक्री तथा परिश्रमदेखि छुटकारा पाउने चेष्टा गर्नुभएन । उहाँले भन्नुभयो, “मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो ।” मत्ती २०:२८ । यहि नै उहाँको जीवनको एक महान् उद्देश्य थियो । यस बाहेक अन्य सबै कुराहरू उहाँको निम्ति दोश्रो दर्जाका तथा तुच्छ कुरा थिए । परमेश्वरको इच्छालाई पालन गर्नु तथा उहाँको काम पूरा गर्नु नै येशूको निम्ति सर्वथोक थियो । उहाँको परिश्रममा स्वयम् तथा आत्मअभिरुचिको कुनै स्थान थिएन ।

**(३) जब हामी ख्रीष्टको अनुग्रहको बराबरीमा भागीदार बन्छौं, यूहन्ना लाई जस्तै, कस्तो गवाहीमा पवित्र आत्मा ले घोषणा गर्न नेतृत्व गर्नेछन्?**

***भोलिपल्ट उनले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, “हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा! (यूहन्ना १:२९)***

तसर्थ, जो जति ख्रीष्टको अनुग्रहको भागिदार हुन् तिनीहरू कुनै पनि तवरको बलिदान गर्न तयार हुनेछन्, ताकि जसका

निम्ति उहाँ मर्नुभयो तिनीहरू पनि स्वर्गीय उपहारको हिस्सेदार बन्न पाउनेछन् । तिनीहरूले यस संसारलाई अन्य व्यक्तिहरूका लागि बस्न उचित स्थान तुल्याउनका निम्ति आफूले सक्दो योगदान गर्नेछन् । यहि भावना नै वास्तविकरूपमा परिवर्तित भएको आत्माको निश्चित फल हो । कुनै व्यक्ति ख्रीष्टमा आउनासाथ उसको हृदयमा आफूले येशूमा कस्तो बहुमूल्य मित्रता पाएको छ भनी अरूहरूलाई बताउने एक इच्छा पैदा हुनेछ; र उद्धार गर्ने तथा पवित्र तुल्याउने सत्यतालाई उसको हृदयभित्र बन्द राख्न सकिने छैन । यदि हामी ख्रीष्टको धार्मिकताद्वारा पहिराइएका छौं र उहाँको सदा रहिरहने आत्माको आनन्दद्वारा भरिपूर्ण छौं भने हामीले आफ्नो मनको शान्तिलाई थामेर राख्न सक्नेछैनौं । यदि हामीले परमप्रभू भलो हुनुहुन्छ भनी चाखेका तथा देखेका छौं भने हामीसँग अरूलाई बताउनका निम्ति केहि कुरा अवश्य हुनेछन् । जसरी फिलिपले मुक्तिदातालाई आफ्नो जीवनमा भेट्टाएपश्चात् अन्य मानिसहरूलाई उहाँको उपस्थितिमा ल्याए सोहिरूपले हामीले पनि अरूलाई ख्रीष्टको उपस्थितिमा ल्याउनेछौं । हामीले तिनीहरूका सामु ख्रीष्टमा रहेका आकर्षणहरूका बारेमा तथा आउनेवाला संसारका नदेखिएका

वास्तविकताहरूका बारेमा बताउने प्रयत्न गर्नेछौं । जुन मार्गमा येशू हिँड्नुभयो हाम्रो मनमा पनि त्यहिं मार्ग पछ्याउने एक तीव्र इच्छा हुनेछ । हामीमा एक उत्सुक तिर्सना हुनेछ र यसरी हाम्रा आसपासका मानिसहरूले “संसारको पाप उठाइलैजाने परमेश्वरका थुमालाई” देख्नेछन् । यूहन्ना १:२९ ।

**(४) अरूको लागि स्वार्थ बिनाको परिश्रमको परिणाम के हुन्छ?**

***उदार मानिसको फलिफाप हुन्छ, अरूलाई उत्साह दिने व्यक्तिले आफू पनि नयाँ उत्साह प्राप्त गर्नेछ। (हितोपदेश ११:२५)***

अन्य मानिसहरूलाई आशिष प्रदान गर्ने हेतु गरिएको परिश्रमले स्वयम् आफैमाथि प्रतिक्रियास्वरूप आशिष ल्याउँदछ । परमेश्वरले हामीलाई उद्धारको योजनामा हामीद्वारा निभाइनका निम्ति एक भूमिका दिनुको उद्देश्य पनि यहि थियो । उहाँले मानिसलाई ईश्वरीय स्वभावको भागिदार बन्ने तथा सोहि आशिष आफ्ना छरछिमेकीहरूकहाँ फैलाउने विशेषाधिकार प्रदान गर्नुभएको छ । यहि नै परमेश्वरले मानवजातिलाई प्रदान गर्न सक्नुहुने सर्वोच्च सम्मान तथा सबैभन्दा महान् आनन्द हो । यसरी प्रेमले भरिपूर्ण परिश्रममा लागिपरेका मानिसहरू आफ्ना

सृष्टिकर्ताको सवार्धिक नजिक ल्याइनेछन् । परमेश्वरले सुसमाचार फैलाउने तथा अन्य सारा प्रेमपूर्ण सेवाका कार्यहरू स्वर्गदूतहरूलाई जिम्मा दिन पनि सक्नुहुनेथियो । उहाँको उद्‌देश्य पूरा गर्नलाई उहाँले अन्य कुनै उपाय अपनाउन सक्नुहुने थियो । तर आफ्नो असीमित प्रेमद्‌वारा उहाँले हामीलाई उहाँसँगै, ख्रीष्ट र स्वर्गदूतहरूसँगै सह-कामदार बनाउने रोजाइ गर्नुभयो, ताकि हामीले यस निःस्वार्थ सेवाबाट प्राप्त हुने आशिष, आनन्द तथा आत्मिक उन्नति अरूलाई पनि बाँड्न सक्नेछौं ।

**(५) आत्मा त्यागको कस्तो उदाहरण ख्रीष्टले दिनुभो?**

***किनकि हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूलाई थाहा छ, उहाँ धनी हुनुहुन्थ्यो, तरै पनि तिमीहरूका खातिर उहाँ गरीब हुनुभयो, ताकि उहाँको गरीबीबाट तिमीहरू धनी हुन सक।. (२ कोरिन्थी ८:९)***

ख्रीष्टका दुःखहरूमा सहभागी बनी हामी करुणामा उहाँसँगै एक बन्न पुग्दछौं । अरूको भलाईका निम्ति गरिने हरेक आत्मबलिदानपूर्ण कार्यले प्रदान गर्ने व्यक्तिको हृदयमा परोपकारको भावनालाई

मजबुत तुल्याउँदछ, र उसलाई संसारको उद्धारकर्तासँग अझ नजिकको सम्बन्धमा ल्याउँदछ, र यसरी "उहाँ धनी हुनुहुन्थ्यो, तरै पनि तिमीहरूका खातिर उहाँ गरीब हुनुभयो, ताकि उहाँको गरीबीबाट तिमीहरू धनी हुन सक ।" २ कोरिन्थी ८:९ । र यसरी हामी आफ्नो जीवनमा ईश्वरीय योजना पूरा गर्दछौं तब मात्र हाम्रो निम्ति जीवन आशिषमय बन्न सक्नेछ ।

ख्रीष्टले आफ्ना चेलाहरूका निम्ति बनाउनुभएको रूपरेखा मुताविक तपाईंले पनि काम गर्दै जानुभयो, र उहाँको निम्ति आत्माहरू जित्नुभयो भने तपाईंले अझ गहिरो अनुभव तथा ईश्वरीय कुराहरूप्रति अझ बढी ज्ञानहरू हासिल गर्ने खाँचोंको महशुस गर्नुहुनेछ, र धार्मिकताको निम्ति भोका, प्यासा बन्नुहुनेछ । तपाईंले परमेश्वरसँग बिन्ती गर्नुहुनेछ, र तपाईंको विश्वास मजबुत बन्नेछ, र तपाईंको आत्माले मुक्तिको कुवादेखि अझ बढ्तारूपमा पानी पिउनेछ । विरोध तथा परीक्षाहरूका सामना गर्ने क्रमले तपाईंलाई बाइबल र प्रार्थनातर्फ डोर्‍याउनेछ । तपाईं ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दैजानुहुनेछ, र एक प्रचुर अनुभव हासिल गर्नुहुनेछ । .

**(६) कसले हामीलाई अरू कहाँ जाने चाहना दिन्छ?**

*किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ।. (फिलिप्पी २:१३)*

**(७) अरुको लागी भलाई गर्नेलाई कस्तो आशिष छ?**

***अनि सम्पूर्ण हृदयले तिमीहरूले आफैलाई भोकाहरूका निम्ति दियौ, र अत्याचारमा परेकाहरूको आवश्यकता पूरा गरिदियौ भने, तिमीहरूको ज्योति अँध्यारोमा चम्कनेछ र तिमीहरूको रात मध्यदिनजस्तै हुनेछ। 11 परमप्रभुले तिमीहरूलाई निरन्तर डोऱ्याउनुहुनेछ, र घामको उखुम गर्मी परेका ठाउँहरूमा पनि तिमीहरूलाई सन्तुष्ट पार्नुहुनेछ, र तिमीहरूका हाड़हरूलाई बलिया पार्नुहुनेछ। तिमीहरू प्रशस्त पानीले भिजाएको बगैँचाझैँ र नसुक्ने पानीको मूलझैँ हुनेछौ। (यशैया ५८:१०-११)***

अरूका निम्ति गरिने निःस्वार्थ परोपकारी श्रमले गम्भीरता, स्थिरता तथा चरित्रमा ख्रीष्टको जस्तै सुन्दरता ल्याउँदछ, र यसको मालिकलाई शान्ति र प्रसन्नता प्रदान गर्दछ । अभिलाषाहरू उच्च बन्न पुग्दछन् । सुस्तीपन वा स्वार्थीपनका निम्ति त्यहाँ कुनै स्थान हुनेछैन । ज-जसले यसरी इसाई

अनुग्रहको प्रयोग गर्ने गर्दछन् तिनीहरू बढ्दै जानेछन् र परमेश्वरको निम्ति काम गर्न मजबुत बन्नेछन् । तिनीहरूसँग प्रष्ट आत्मिक अनुभवहरू, एक स्थिर, बढ्दो विश्वास तथा प्रार्थनामा एक बढ्दो शक्ति हुनेछ । तिनीहरूका आत्मालाई परमेश्वरको आत्माले प्रभावित तुल्याएपछि ईश्वरीय स्पर्शको जवाफस्वरूप आत्मा परमेश्वरको आत्माको पवित्र सम्बन्धमा आउँदछ । यसरी जो जति अरूका भलाईका खातिर निःस्वार्थ रूपले परिश्रम गर्ने गर्दछन् तिनीहरूले निश्चितरूपमा स्वयम् आफ्नै मुक्तिको निम्ति काम गरिरहेका हुन्छन् ।

**(८) कुन दुई कार्यहरू, पवित्र आत्मा द्वारा आशिष मय हुन्छ, र कस्तो आत्मिक वृद्धि ल्याउने छ?**

***तर त्यो मानिस जसले स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्दछ र त्यसैमा लागिरहन्छ, अनि सुनेर बिर्सिहाल्ने होइन तर काम गर्ने पनि हुन्छ, त्यसले चाहिँ आफूले गरेको काममा आशिष् पाउनेछ। (याकूब १:२५)***

अनुग्रहमा बढ्ने एकमात्र उपाय भन्नु नै जुन कामका निम्ति ख्रीष्टले हामीलाई आदेश गर्नुभएको छ यसलाई निःस्वार्थरूपले पूरा गर्नु हो, र ज-जसलाई

हाम्रो मद्दतको खाँचो छ तिनीहरूलाई हाम्रो सामर्थ्यले भ्याएसम्म मद्दत गर्दै तथा आशिष प्रदान गर्दै काममा लाग्नु हो । व्यायामद्वारा नै शक्ति आउँदछ; कार्यकलाप नै जीवनको एक शर्त हो । ज-जसले अनुग्रहद्वारा प्राप्त हुने आशिषहरूलाई निष्क्रियरूपले ग्रहण गर्दै इसाई जीवन कायम राख्ने प्रयत्न गर्दैछन्, र ख्रीष्टको निम्ति केहि पनि गर्दैनन्, यस्ता व्यक्तिहरू काम नै नगरी खाँदै जीवन बिताउने प्रयास गरिरहेका छन् । र प्राकृतिक संसारमा झैं आत्मिक संसारमा पनि यसले सदा पतन तथा विनाश निम्त्याउने गर्दछ । जुन व्यक्तिले आफ्ना हात गोडाहरूका व्यायाम गर्नमा अस्वीकार गर्दछ उसले छिट्टै नै तिनको प्रयोग गर्न सकिने सारा शक्ति नै गुमाउन सक्नेछ । यसरी नै जुन ईसाइले परमेश्वरद्वारा प्राप्त शक्तिलाई प्रयोग गर्नेछैन, ऊ ख्रीष्टमा बढ्न असफल बन्नेमात्र होइन, तर आफूले पाएको शक्ति पनि गुमाउनेछ ।

**(९) ख्रीष्टले कुन मिसन उनको चर्चलाई दिइयो?**

***यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई***

*बप्तिस्मा देओ, 20मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु।" (मत्ती २८:१९-२०)*

खीष्टको मण्डली नै मानिसहरूका मुक्तिका निम्ति परमेश्वरद्वारा नियुक्त गरिएको माध्यम हो । संसारमा सुसमाचार फैलाउनु नै मण्डलीको काम हो । र यो दायित्व सबै ईसाईहरूका काँधमा आइपरेको छ । प्रत्येकले आफ्नो दक्षता र मौका अनुसार मुक्तिदाताको यस आदेशलाई पूरा गर्नुपर्नेछ । हामीलाई प्रकट गरिएको खीष्टको प्रेमले हामीलाई ती सबै व्यक्तिहरूप्रति ऋणी बनाउँदछ जसले उहाँलाई चिन्दैनन् । परमेश्वरले हामीलाई ज्योति दिनुभएको छ, तर स्वयम् आफ्नै निम्ति मात्र होइन, तर उहाँलाई नचिन्ने मानिसहरूमाथि छर्नका निम्ति पनि दिनुभएको छ ।

यदि खीष्टका चेलाहरू कर्तव्यप्रति सचेत रहेका भए आज अन्यजातिहरूमाझ हजारौं हजार प्रचारकहरू हुने थिए । र जो जति सबै यस काममा व्यक्तिगतरूपमा सहभागी बन्न सक्दैनथे तिनीहरूले अझैपनि आफ्ना आय आर्जन, सहानुभूति, र प्रार्थनाहरूद्वारा यसलाई आड दिन सक्ने थिए । इसाई राष्ट्रहरूमा

आत्माहरूप्रति अझ गम्भीर तवरको श्रम गरिनेथियो ।

**(१०) ईसाईहरु को रूप मा, कहाँ हामी ख्रीष्टको लागि काम गर्न भनिएको छ?**

***यसकारण भाइ हो, जसलाई जस्तो अवस्थामा बोलावट भएको छ, प्रत्येक त्यही अवस्थामा परमेश्‍वरसँग रहिरहोस्. (१ कोरिन्थी ७:२४)***

ख्रीष्टको निम्ति काम गर्नलाई अन्यजातिहरूमाझ जानैपर्ने वा घर परिवार छोड्नु पनि पर्नेछैन, चाहे हाम्रो निम्ति त्यहाँ काम तोकिएको किन नहोस् । हामीले सोहि काम पारिवारिक बन्धनमा, मण्डलीमा, तथा जो जातिसँग हामी संगत गर्दछौं र व्यापार गर्दछौं तिनीहरूमाझ पनि गर्न सक्नेछौं । यस पृथ्वीमा मुक्तिदाताको जीवनको अधिकांश भाग नासरतको एक सिकर्मीको पसलमा धैर्यतापूर्वक परिश्रम गर्ने क्रममै बितेको थियो । जब जीवनदाता परमप्रभु अपरिचित तथा सम्मानबिना नै किसान र मजदूरहरूका बीचमा काँधमा काँध जुधाउँदै हिँड्नुभयो तब सेवा गर्ने स्वर्गदूतहरू उहाँसँगै उपस्थित हुने गर्दथे । उहाँले आफ्नो यस सामान्य पेशामा परिश्रम गर्ने क्रममा त्यहि रूपले ईमानदारपूर्वक आफ्नो जीवनको उद्देश्य पूरा गर्दै हुनुहुन्थ्यो

जसरी उहाँले बिरामीलाई निको पार्नुहुँदा वा गालीलको आँधीवेरीयुक्त समुद्रको छालमाथि हिँड्नुहुँदाखेरि पूरा गर्नुभएको थियो । तसर्थ सबैभन्दा साधारण कामकाजहरूमा तथा जीवनका सबैभन्दा न्यून अवस्थाहरूमा पनि हामी येशूसँगै हिँड्न तथा काम गर्न सक्दछौं ।

प्रेरित पावल भन्दछन्, "जसलाई जस्तो अवस्थामा बोलावट भएको छ, प्रत्येक त्यही अवस्थामा परमेश्वरसँग रहिरहोस् ।" १ कोरिन्थी ७:२४ । एक व्यापारीले आफ्नो व्यापार ईमानदारपूर्वक परमप्रभुको महिमा हुनेगरि सञ्चालन गर्न सक्नेछ । यदि ऊ ख्रीष्टको साँचो चेला हो भने उसले आफूले गर्ने हरेक कार्यमा आफ्नो धर्म वहन गर्नेछ र मानिसहरूका सामु ख्रीष्टको आत्मा प्रकट गर्नेछ । एक यन्त्र बनाउनेवाला ख्रीष्टको परिश्रमी र विश्वासयोग्य प्रतिनिधि बन्न सक्दछ जसरी उहाँले पनि गालीलका डाँडा वरिपरि एक साधारण जीवन बिताउँदै परिश्रम गर्नुभयो । ज-जसले येशूको नाम धारण गर्दछन् तिनीहरूले यसरी काम गर्नुपर्दछ कि उसका असल कार्यहरूलाई देखेर अन्य व्यक्तिहरू आफ्ना सृष्टिकर्ता र उद्धारर्ताको महिमा गर्नेतर्फ डोऱ्याइनेछन् ।

**(११) ख्रिष्टको सेवाको लागि हाम्रो योग्यता अभ्यास गर्नु किन महत्त्वपूर्ण छ?**

*ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाँट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन् बढ़ी फल फलोस् भनी उहाँले छिँवल्नुहुन्छ (यूहन्ना १५:२)*

धेरैले अन्य मानिसहरू आफूभन्दा अधिक उपहार तथा उपलब्धिले पूर्ण भएको कारण देखाउँदै आफ्ना प्रतिभाहरू ख्रीष्टको सेवामा अर्पित गर्नुदेखि बहाना बनाउने गर्दछन् । विशेषरूपले प्रतिभावान् व्यक्तिहरूले मात्र आफ्ना सामर्थ्यहरूलाई परमेश्वरको सेवामा एकत्रित गर्नुपर्नेछ भन्ने विचारधारा प्रचलित रहँदै आएको छ । कैयौंले प्रतिभाहरू केवल कुनै एक निगाह गरिएका वर्गलाई मात्र दिइन्छ र अर्को वर्गलाई चाहिँ परिश्रम तथा इनाममा सहभागी बन्नका निम्ति बोलाइएको छैन भन्ने विचार लिने गर्दछन् । तर दृष्टान्तमा यसरी प्रस्तुत गरिएको छैन । घरका मालिकले आफ्ना नोकरहरूलाई बोलाए, र उनले सबैलाई काम दिए ।

**(१२) जब प्रभुको प्रेमले हाम्रो हृदय भरिन्छ, हामी कसरी जीवनको नम्र कर्तव्यहरू जान्नेछौं?**

*मानिसहरूलाई खुशी पार्नेले झैं आँखाको अगि मात्र देखावटी काम नगर, तर ख्रीष्टका दासहरूझैं साँचो हृदयले*

*परमेश्वरको इच्छा पूरा गर। मानिसहरूका निम्ति होइन, तर प्रभुको निम्ति जस्तै गरी सदिच्छाले सेवा गर (एफिसी ६:६-७)*

जीवनका सबैभन्दा साधारण कर्तव्यहरूलाई पनि हामी "प्रभुको सेवा गरेजस्तै" निर्वाह गर्न सक्नेछौं । कलस्सी ३:२३ । यदि हाम्रो हृदयमा परमेश्वरको प्रेम छ भने सो तथ्यता हाम्रो जीवनमा प्रकट हुनेछ । ख्रीष्टको सुगन्धित वासनाले हामीलाई घेर्नेछ, र हाम्रो प्रभाव उच्च बन्नेछ तथा यसले आषिश ल्याउनेछ ।

**(१३) यदि हाम्रो सम्बन्ध परमेश्वर संग इमान्दार छ भने, सबै कुरामा हाम्रो गतिशीलता के हुनेछ?**

*तिमीहरू जे गर्छौ दिलोज्यानले गर्ने गर, मानिसको होइन, तर प्रभुको सेवा गरेजस्तै, (कलस्सी ३:२३)*

परमेश्वरको काममा लाग्नुअघि तपाईंले कुनै विशेष अवसरहरूका प्रतिक्षा गर्नु वा असाधारण सामर्थ्यहरूका आशा राख्नुपर्दैन । संसारले तपाईंको बारेमा के ठान्नेछ भनी तपाईंले चिन्तन गर्नु आवश्यक छैन । यदि तपाईंको जीवन नै आफ्नो विश्वासको शुद्‌धता र निष्कपटताको गवाही हो, तथा तपाईं

अन्य मानिसहरूलाई भलाई गर्ने इच्छा राख्नुहुन्छ भन्ने कुरामा तिनीहरू विश्वस्त हुन्छन् भने यस अवस्थामा तपाईंका प्रयत्नहरू पूर्णरूपले व्यर्थमा जाने छैनन् ।

**(१४) विश्वास र साझेदारीको जीवनबाट के परिणाम हुन्छ?**

***तर कुरा यही हो, कि थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्तसँग छर्नेले प्रशस्तसँग कटनी गर्छ। (२ कोरिन्थी ९:६)***

येशूका सबैभन्दा नम्र तथा गरीब चेलाहरू पनि अरूका निम्ति आशिषका माध्यम बन्न सक्नेछन् । तिनीहरूले केही विशेष भलाईका काम गर्दैछौं भन्ने कुरा चाल नपाएका हुन सक्छन्, तर तिनीहरूका अचेत प्रभावद्वारा तिनीहरूले आषिशका तरङ्गहरू उत्पन्न गर्न सक्नेछन्, जुन विस्तार हुँदैजानेछन्, र तिनीहरूले ती धन्यका परिणामहरूका बारेमा अन्तिम इनामको दिनसम्म नै थाहा नपाउन पनि सक्नेछन् । केही महान् कार्य गर्दैछौं भन्ने विषयमा तिनीहरूले महशुस गर्दैनन्, र थाहा पनि पाउँदैनन् । तिनीहरूले सफलताको बारेमा व्याकुल बन्दै स्वयम् आफैलाई थकित तुल्याउनु पर्नेछैन । तिमीहरूले परमेश्वरले निधारित गर्नुभएको कार्यलाई विश्वसनीय ढङ्गले

सम्पादन गर्दै शान्तिपूर्वक अघि मात्र बढ्नुपर्नेछ, र तिनीहरूका जीवन व्यर्थैमा खेर जानेछैन । तिनीहरूका आत्मा ख्रीष्टको स्वरूपमा वृद्धि हुँदै जानेछ; तिनीहरू यस जीवनमा परमेश्वरको सहकर्मी हुन् र यसरी अझ उच्चस्तरीय कामका निम्ति तथा आउनेवाला जीवनको छायारहित आनन्दका निम्ति स्वयम् आफैलाई योग्य तुल्याउँदैछन् ।

*स्वर्गको महिमा छोड्नुभएकोमा म येशूप्रति धन्यवादी छु अनि मानिसजातिको आवश्यकताको सेवा गर्नको लागी पनि*

**गोलाकार: हो अनिर्णित**


*म पवित्र आत्मा संग प्रार्थना गर्छु कि मलाई ख्रीष्टको प्रचारको उदाहरण अनुसरण गर्न निर्देशन दिनुहोस्: पहिले, मानिससँग मिल्ने र साथी बनाउने ; दोस्रो, तिनीहरूको शारीरिक आवश्यकताहरूप्रति अनुकम्पा देखाउनु र तिनीहरूको विश्वास प्राप्त गर्ने ; र तिनीहरूलाई सुसमाचारको शुभ समाचार बताउने ।*

**गोलाकार: हो अनिर्णित**

*म महसुस गर्दैछु कि सबैभन्दा धनी आत्मिक आशिष् र वृद्धि अरूको सेवा गर्नेहरूका लागि आउनेछ। म समर्पित गर्छु*

*मेरो जिवन सेवामा अनि अरूको लागि सेवकाईमा मलाई निर्देशन गर्नु होस भनेर प्रार्थना गर्छु।*

**गोलाकार:** **हो** **अनिर्णित**



## पाठ ११
## परमेश्वरको विषयमा ज्ञान

**(१) सदाको लागि प्रस्तुत स्रोत के हो जो परमेश्वर र उहाको आश्चर्यजनक महिमा प्रकट गर्दछ?**

***आकाशले परमेश्वरका महिमाको वर्णन गर्छ। (भजन १९:१)***

परमेश्वरले कैयौं उपाय मार्फत् हामीलाई उहाँको बारेमा अवगत गराउने तथा हामीलाई उहाँको सम्बन्धमा ल्याउने प्रयत्न गर्नुहुन्छ । प्रकृतिले निरन्तररूपमा हाम्रा चेतनाहरूसित वार्तालाप गरिरहेको हुन्छ । परमेश्वरको हातका कार्यमार्फत् प्रकट हुने उहाँको प्रेम तथा महिमाद्वारा एक खुला हृदय प्रभावित हुनेछ । ध्यानपूर्वक सुन्ने कानले प्रकृतिका

वस्तुहरूमार्फत् परमेश्वरको संवादलाई सुन्न र बुझ्न सक्नेछ । हरिया मैदान, अग्ला रुखहरू, फूल र कोपिलाहरू, उडिरहने बादल, बर्सिरहने पानी, कलकल गर्दै बग्ने खहरे खोला तथा आकाश मण्डल यी सबैले हाम्रो हृदयसित बोल्ने गर्दछन्, र हामीलाई उहाँसँग परिचित हुनका निम्ति आमन्त्रण गर्दछन् जसले यी सबै कुराहरूका सृष्टि गर्नुभयो ।

हाम्रा मुक्तिदाताले आफ्ना अमूल्य पाठहरूलाई प्रकृतिका वस्तुहरूसित समेट्नुभएको छ । रुख, चराचुरुङ्गी, भञ्याङका फूलहरू, डाँडाकाँडाहरू, दैनिक जीवनका घटनाक्रम तथा परिवेषहरू, यी सबैलाई सत्य वचनसित जोडिएका थिए ताकि मानिसको परिश्रमयी जीवनको व्यवस्ततताहरूका बीचमा पनि उहाँका पाठहरू यसरी बारम्बार स्मरण भईरहोस् ।

जुन सरल र शान्तमय सौन्दर्यताद्वारा परमेश्वरले हाम्रो यस पृथ्वीलाई सजाउनुभएको छ तिनै कामहरूलाई हामीद्वारा प्रशंसा गरिएको उहाँ देख्न चाहनुहुन्छ । उहाँ सौन्दर्यप्रेमी हुनुहुन्छ, र बाहिरी सौन्दर्यलाई भन्दा बढी उहाँ चरित्रको सौन्दर्यलाई प्रेम गर्नुहुन्छ, र हामीद्वारा फूलको झैं शुद्ध, सरल तथा शान्त शोभालाई उन्नति गरिएको देख्न चाहनुहुन्छ ।

**(२) हाम्रो व्यस्त जीवनको बीचमा, हामी कसरी परमेश्वर हामीसंग बोल्दै गरेको हेर्न र सुन्न सक्छौं?**

***रीसमा पर्दा पाप नगर। ओछ्यानमा सुत्दा आ-आफ्नो हृदयभित्र तलाश गर र शान्त रहो। (भजन ४:४)***

यदि हामीले केवल ध्यानपूर्वक सुन्यौं भने मात्र पनि परमेश्वरद्वारा सृष्टिएका वस्तुहरूले हामीलाई आज्ञाकारिता तथा भरोसाका अमूल्य पाठहरू सिकाउने गर्दछन् । अन्तरिक्षमा युगौं युगदेखि आफ्ना अथाह पथमा निर्धारित मार्ग अपनाउँदै आएका ताराहरूदेखि लिएर सानो भन्दा सानो अणु तथा प्रकृतिका सबै थोकहरूले सृष्टिकर्ताको नियम पालन गर्दछन् ।

**(३) सबै रचेका थोक माथी कसरी ईश्वरले उहाको दयालाई प्रकट गर्नुहुन्छ?**

***के एक पैसामा दुई भँगेरा बिक्दैनन्? तीमध्ये एउटा पनि तिमीहरूका पिताको इच्छाविना भूइँमा खस्नेछैन। 30 तिमीहरूका शिरका केशहरू पनि सबै गन्ती भएका छन्। (मत्ती १०:२९-३०)***

र परमेश्वरले सबै थोकलाई वास्ता गर्नुहुन्छ र आफूले सृष्टि गर्नुभएका सबै

थोकहरूलाई संर्वधन गर्नुहुन्छ । उहाँ, जसले असंख्य विशाल जगतहरूलाई थाम्नुहुन्छ, साथसाथै एउटा सानो भंगेराको खाँचोहरूप्रति पनि वास्ता गर्नुहुन्छ जसले निडरताका साथ गीत गाउने गर्दछ । जब मानिसहरू आ-आफ्ना दैनिक परिश्रमका निम्ति अघि बढ्दछन्, जब तिनीहरू प्रार्थनामा तल्लीन रहन्छन्, जब तिनीहरू राती सुत्दछन्, र बिहान बिउँझन्छन्, जब कुनै धनी व्यक्ति आफ्नो महलमा भोज लगाउँदछ, वा जब कुनै गरीब व्यक्ति अपुग भोजन वरिपरि आफ्ना बालबच्चाहरूलाई भेला गर्दछ, यी सबै परिस्थितीहरूमा प्रत्येकलाई हाम्रा स्वर्गीय पिता कोमलतापूर्वक हेर्नुहुन्छ । बहने प्रत्येक आँसुका थोपाका बारेमा परमेश्वर अनभिज्ञ हुनुहुन्न । त्यहाँ कुनै यस्ता मुस्कान् छैनन् जसप्रति उहाँको ध्यान नगएको होस् ।

**(४) जब हामी प्रभुलाई प्रेम गर्छौं, अनि हाम्रो जीवन उहाको भरोसाको हातमा दिन्छौ, कस्तो सुरक्षा हामीसंग हुन्छ?**

***हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ।. (रोमी ८:२८)***

यदि हामीले यसप्रति पूर्णरूपमा विश्वास गरेको खण्डमा सारा अनुचित व्याकुलताहरू हट्नेछन् । अहिले जस्तो हाम्रो जीवन निराशाले भरिपूर्ण हुनेछैन; किनकि साना वा ठूला सबै कुराहरू परमेश्वरको हातमा सुम्पिएका छन् जो फिक्रीहरूका प्रचुरतादेखि व्याकुल बन्नुहुनेछैन, न त तिनका भारदेखि हैरान नै बन्नुहुनेछ । तब हामीले आत्मादेखि नै विश्राम पाउनेछौं जसप्रति धेरै व्यक्तिहरू लामो समयदेखि अपरिचित बन्दै आएका छन् ।

**(५) उनको उद्धार गरिएको सन्तान हरु को लाभका लागी प्रभुले के गर्न सक्नुहुन्छ जो "सबै कुरा" छन  जो महीमीत रुपमा हुन्छ?**

***सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, "हेर, म सबै कुरा नयाँ तुल्याउँछु।" उहाँले यसो पनि भन्नुभयो, "यो लेख, यी कुराहरू भरपर्दा र सत्य छन्।" (प्रकाश २१:५)***

जब तपाईंका इन्द्रियहरू पृथ्वीको आर्कषक सौन्दर्यप्रति आनन्दित बन्न पुग्दछन् तब आउनेवाला संसारको बारेमा कल्पना गर्नुहोस् जहाँ पाप र मृत्युको अनिष्ट कदापि हुनेछैन; जहाँ प्रकृतिको मुहारले सरापको छाया धारण गर्ने छैन ।

तपाईंको कल्पनाले उद्धार पाएका व्यक्तिहरूका घरका बारेमा चित्राङ्कन गरोस्, र स्मरण रहोस् कि यो तपाईंको सबैभन्दा चहकिलो कल्पनाले चित्रण गरेभन्दा पनि अधिक उज्ज्वल हुनेछ । प्रकृतिमा भएका परमेश्वरका विविध उपहारहरूमा हामीले उहाँको महिमाको सबैभन्दा फिका चमक मात्र देख्दछौं । धर्मशास्त्रमा यसो लेखिएको छ, “आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोचेका, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको छ ।” १ कोरिन्थी २:९ । . कवि तथा प्रकृतिविद्हरूसँग प्रकृतिको बारेमा बोल्ने धेरै कुराहरू हुन्छन्, तर केवल एक इसाईले मात्र पृथ्वीको सौन्दर्यतालाई सर्वाधिक प्रशंसाका साथ भोग गर्न सक्दछ, किनकि उसले आफ्नो पिताको हातका सीपहरूलाई चिन्दछ, र फूल, झाडी तथा रुखहरूमा उहाँको प्रेमलाई देख्दछ । जुन व्यक्तिले डाँडाकाँडा, भञ्याङ तथा समुद्रलाई मानिसप्रति परमेश्वरको प्रेमको अभिव्यक्तिको रूपमा हेर्दैन त्यस व्यक्तिले पूर्णरूपमा तिनका महत्वको बारेमा प्रशंसा गर्न सक्नेछैन ।

**(६) परमेश्वरका के-कस्ता पाठहरू प्रकट हुन्छन् जब हामी उनको आत्मा संग नजिक मा हुन्छौं?**

***परमप्रभुले धार्मिकता र न्यायलाई मन पराउनुहुन्छ। उहाँको अचूक कृपाले पृथ्वी भरिपूर्ण भएको छ। (भजन ३३:५)***

परमेश्वर हामीसँग उहाँको ईश्वरीय कार्य तथा हृदयमा उहाँको आत्माको प्रभावद्वारा बोल्नुहुन्छ । हामी वरिपरिका परिस्थिति र सेरोफेरोहरूमा, तथा हाम्रा वरिपरि दैनिकरूपमा आइरहेका परिवर्तनहरूलाई बुझ्नका निम्ति यदि हामीले आफ्नो हृदय खुला राखेको खण्डमा हामीले तिनमा अमुल्य पाठहरू भेट्टाउनेछौं ।

**(७) पूर्खाहरू अनि अगमवक्ताहरू किन वचनमा उल्लेख गरिएको छ?**

***अघिअघि लेखिएका कुराहरू हाम्रो शिक्षाको निम्ति लेखिएका थिए, यस उद्देश्यले कि पवित्र-शास्त्रबाट आउने स्थिरता र उत्साहद्वारा हामी आशा प्राप्त गर्न सकौं। (रोमी १५:४)***

परमेश्वर आफ्नो वचनमार्फत् हामीसँग बोल्नुहुन्छ । यहाँ हामीसँग उहाँको चरित्र, मानिसप्रति उहाँको व्यवहार र उद्धारको महान् कार्यको बारेमा अझ प्रष्ट प्रकाशन छन् । हाम्रो सामु पुर्खाहरूका, अगमवक्तहरूका तथा विगतका पवित्र जनहरूका इतिहास खुलस्त छन् । तिनीहरू पनि “हामीहरूको जस्तै स्वभाव

भएका मानिस थिए ।" याकूब ५:१७ । हामी यो देख्दछौं कि हामीले जस्तै तिनीहरूले पनि कसरी निरुत्साहजनक परिस्थितिहरूका सामना गरे, जसरी हामी परीक्षामा पर्‍यौं त्यसको तिनीहरूले पनि कसरी सामना गरे, र तैपनि हृदय पुनः मजबुत तुल्याई परमेश्वरको अनुग्रहद्वारा विजय प्राप्त गरे; र यी सबै घटनाक्रममाथि दृष्टि लगाई हामीले धार्मिकताको निम्ति गरिने प्रयासमा उत्साह प्राप्त गर्दछौं । जब हामी तिनीहरूलाई प्रदान गरिएको मूल्यवान् अनुभव, तिनीहरूले प्राप्त गरेका ज्योति, प्रेम र आशिष् तथा तिनीहरूलाई प्रदान गरिएको अनुग्रहद्वारा पूरा गरेका कामहरूका बारेमा पढ्दछौं तब जुन

आत्माले तिनीहरूलाई प्रेरित तुल्याएको थियो त्यहिं आत्माले हाम्रो हृदयमा पवित्र अनुकरणको ज्वाला बोल्नेछ तथा चरित्रमा उनीहरू जस्तै बन्ने तथा तिनीहरू जस्तै परमेश्वरसँग हिँड्ने इच्छा प्रकट गर्नेछ ।

**(८) दुईवटा विशेष आशिष्हरू के हुन् जुन वचन अध्ययन गरेर प्रकट हुन्छन्?**

***तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ। मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्, (यूहन्ना ५:३९)***

येशूले पुरानो नियमको धर्मशास्त्रको बारेमा यसो भन्नुभयो जुन कुरा नयाँ नियममा पनि समानरूपले लागू हुन्छ, “मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन् ।” यूहन्ना ५:३९ । उहाँ हाम्रो एक यस्तो उद्धारकर्ता हुनुहुन्छ जसमा हाम्रो अनन्त जीवनको आशा केन्द्रित छन् । यो कुरा सत्य हो कि बाइबलले ख्रीष्टको बारेमा बताउँदछ । “बनिएको कुनै थोक पनि उहाँविना बनिएन” भन्ने सृष्टिको पहिलो विवरणदेखि “हेर म चाँडै आउँदैछु” भन्ने अन्तिम प्रतिज्ञासम्मै हामी उहाँका कामहरूका बारेमा पढ्दैछौं र उहाँको वाणीलाई सुन्दैछौं । यूहन्ना १:३; प्रकाश २२:१२ । यदि तपाईं मुक्तिदातासँग परिचित हुने इच्छा गर्नुहुन्छ भने पवित्रशास्त्र अध्ययन गर्नुहोस् ।

**(९) किन वचन अध्ययन गरेर प्रभुलाई जान्न पाउँनु धेरै महत्वपूर्ण छ?**

***जीवन दिनुहुने आत्मा हुनुहुन्छ, शरीरबाट केही फाइदा हुँदैन। जुन वचन मैले तिमीहरूसँग बोलेको छु, ती आत्मा र जीवन हुन् (यूहन्ना ६:६३)***

आफ्नो सारा हृदयलाई परमेश्वरको वचनद्वारा भरिपूर्ण तुल्याउनुहोस् । ती वचन तपाईंको तीव्र प्यास मेटाउने जीवित

पानी हुन् । ती वचनहरू स्वर्गको जीवित रोटी हुन् । येशूले घोषणा गर्नुभयो, “तिमीहरूले मानिसको पुत्रको देह खाएनौ, र उसको रगत पिएनौ भने, तिमीहरूमा जीवन हुँदैन ।” उहाँ आफ्नो वचनलाई यसरी स्पष्ट पार्नुहुन्छ, “जुन वचन मैले तिमीहरूसँग बोलेको छु, ती आत्मा र जीवन हुन् ।” यूहन्ना ६:५३, ६३ । हामी जे कुरा खाँदछौं र पिउँदछौं तिनै कुराहरूद्वारा हाम्रो शरीर बनेको हुन्छ; र प्राकृतिक मामलामा झैं आत्मिक मामलामा पनि जुन कुरामाथि हामी चिन्तन गर्ने गर्दछौं त्यसैले हाम्रो आत्मिक स्वभावलाई स्वस्थता तथा शक्ति प्रदान गर्दछ ।

**(१०) पावल जस्तै, बाइबलको कुन शीर्षकमा हामी रहन पर्छ?**

***किनकि तिमीहरूसँग हुँदा येशू ख्रीष्ट र उहाँलाई क्रूसमा टाँगेका कुराबाहेक अरू केही नजान्ने नै मैले निश्चय गरेको थिएँ। (१ कोरिन्थी २:२)***

स्वर्गदूतहरू उद्धारको प्रसंगको बारेमा जाँच गर्ने अभिलाषा राख्दछन् र यहि नै उद्धार पाएका जनहरूका लागि अनन्त कालसम्मकै निम्ति विज्ञान तथा स्तुति गान हुनेछ । के अहिले नै यो सावधान चिन्तन तथा अध्ययनको निम्ति एक

योग्य समय छैन त ? येशूको असीम करुणा र प्रेम, तथा हाम्रो निम्ति गरिएको बलिदानले सर्वाधिक गम्भीर र पवित्र मननको माग गर्दछ । हामीले हाम्रा मुक्तिदाता र मध्यस्थकर्ताको चरित्रमाथि आफ्नो ध्यान जमाइ राख्नुपर्छ । हामीले उहाँको जीवनको उद्देश्यको बारेमा मनन गर्नुपर्छ जो आफ्ना जनहरूलाई तिनीहरूका पापहरूबाट मुक्त गर्न आउनुभयो । जब हामी यसरी ईश्वरीय विषयहरूमाथि चिन्तन गर्ने गर्दछौं, तब हाम्रो विश्वास र प्रेम अझ बढी मजबुत बन्दै जानेछन्, र हाम्रा प्रार्थनाहरू परमेश्वरको दृष्टिमा बढ्दो मात्रामा ग्रहणयोग्य बन्दै जानेछन् किनकि ती विश्वास तथा प्रेमसित अझ बढ्तारूपमा एकत्रित बन्नेछन् । हाम्रा प्रार्थनाहरू निपुण तथा ज्वलन्त बन्नेछन् । येशूप्रति हाम्रो भरोसा अझ बढी स्थिर हुनेछ र जो जति उहाँद्वारा परमेश्वरको नजीक आउँदछन् ती सबैलाई सदैव उद्धार गर्न सक्ने उहाँको शक्तिमाथि दैनिक तथा जीवित अनुभव हुनेछ ।

**(११) कस्तो प्रकारको प्रभाव वचनले हामीलाई सिकाउद छ जसले हाम्रो चरित्र निर्माण गर्छ?**

***अन्त्यमा भाइ हो, जे कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्यायसङ्गत***

***छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेम-योग्य छ, जे कुरो कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यी नै कुराका विचार गर। (फिलिप्पी ४:८)***

**(१२) हाम्रो गवाही को जिवनमापरमेश्वरको वचनको ज्ञान ले कस्तो प्रभाव पार्छ?**

***हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बद्लिँदैजान्छौं। परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ।.***
***(२ कोरिन्थी ३:१८)***

जब हामी मुक्तिदाताको पूर्णताहरूका बारेमा चिन्तन गर्ने गर्दछौं तब हामी उहाँको शुद्धताको स्वरूपमा पूर्णरूपले परिवर्तित हुने तथा पुनः नयाँ बन्ने इच्छा राख्नेछौं । जुन परमेश्वरको हामी आराधना गर्ने गर्दछौं स्वयम् उहाँ जस्तै बन्नलाई हाम्रो आत्मा भोकाउने तथा तिर्खाउनेछ । जाति बढ्तारूपमा हाम्रा विचारहरू ख्रीष्टमाथि केन्द्रित रहन्छन्, त्यति नै बढ्तारूपमा हामीले उहाँको बारेमा अरूलाई बताउनेछौं र संसारमा उहाँको प्रतिनिधित्व गर्नेछौं ।

**(१३) ईश्वरको वचनले कसलाई प्‌रकाश दिन्छ र बुद्धिमान् बनाउँछ?**

*परमप्रभुको व्यवस्था सिद्ध छ, प्राणलाई पुनर्जीवित गराउने। परमप्रभुका कानूनहरू विश्वसनीय छन्, निर्बोधलाई बुद्धिमान् तुल्याउने। (भजन १९:७)*

बाइबल केवल विद्वनहरूका निम्ति लेखिएको थियन; यसको विपरित यो त साधारण मानिसहरूका निम्ति रचिएको थियो । मुक्तिको निम्ति आवश्यक सत्यताहरू मध्यदिनजस्तै स्पष्ट तुल्याइएको छ; र ज-जस्ले परमेश्वरको सरलरूपमा प्रकट गरिएको इच्छाको स्थानमा स्वयम् आफ्नै निर्णय शक्तिलाई अनुसरण गर्दछन् । तिनीहरू बाहेक अन्य कुनै पनि व्यक्तिहरू भ्रममा पर्ने तथा आफ्नो बाटो बिराउने छैनन् ।

**(१४) किन परमेश्वरको वचनको व्यक्तिगत अध्ययन यति आवश्यक छ?**

*शर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदारजस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर। (२ तिमोथी २:१५)*

हामीले कुनै व्यक्तिको गवाहीलाई धर्मशास्त्रले सिकाएको कुराको रूपमा ग्रहण गर्नुहुँदैन, तर परमेश्वरको वचनलाई स्वयम् आफैले अध्ययन गर्नुपर्दछ । यदि हामीले अरूलाई आफ्नो निम्ति विचार

गर्ने अनुमति दियौं भने हाम्रा शक्तिहरू दुर्बल बन्नेछन् र सामर्थहरू खुम्चिनेछन् । मनका उच्च शक्तिहरू ती विषयहरूमाथि चिन्तन गरिने अभ्यासको कमीले गर्दा यति क्षीण हुन सक्नेछन् कि तिनले पमेश्वरको वचनको गहिरो अर्थ ग्रहण गर्ने सामर्थ्य गुमाउन सक्नेछन् । यदि मनलाई बाइबलको विषय वस्तुहरूका सम्बन्ध पत्ता लगाउने, पवित्रशास्त्रलाई पवित्रशास्त्रसँग, र आत्मिक कुरालाई आत्मिक कुराहरूसँग तुलना गर्ने क्रममा प्रयोग गरिएको खण्डमा यसको वृद्धि हुनेछ ।

बुद्धि मजबुद तुल्याउनका निम्ति पवित्रशास्त्रको अध्ययनभन्दा बढ्ता त्याहाँ अन्य कुनै त्यस्ता ठोस कुरा छैनन् । विचारलाई उच्च तुल्याउने तथा आन्तरिक शक्तिलाई सजीवता प्रदान गर्ने बाइबलका विस्तृत, प्रतिष्ठित सत्यताहरू बाहेक त्यहाँ कुनै शक्तिशाली पुस्तकहरू छैनन् । यदि परमेश्वरको वचनलाई जुनरूपले अध्ययन गरिनुपर्ने हो त्यहि रूपमा अध्ययन गरिएको खण्डमा मानिसहरूसित आजकल विरलै देख्न सकिने विस्तृत मन, उच्च चरित्र तथा स्थिर उद्देश्य हुने थिए ।

**(१५) कस्तो अध्ययनले सबैभन्दा धेरै हामीलाई लाभ हुन्छ?**

***तपाईंको विरुद्धमा पाप नगरूँ भनेर, तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु। (भजन ११९:११)***

पवित्रशास्त्रलाई हतारपूर्वक पढिएको खण्डमा यसबाट अति नै कम लाभ हासिल हुनेछ । कुनै व्यक्तिले पुरै बाइबललाई पढ्न सक्ला, तैपनि यसको सा ैन्दर्य देख्न वा यसको गहिराइ र रहस्यमयी अर्थ बुझ्नमा ऊ असफल हुन पनि सक्छ । निश्चित ऊद्देश्य देख्न नसक्नेगरि तथा कुनै सकारात्मक शिक्षा प्राप्त गर्न नसकिनेगरि धैरै अध्यायहरू पढ्नुको सट्टा कुनै एक अंशलाई यसको महत्व मनमा स्पष्ट नभएसम्म तथा मुक्तिको योजनामा यसको सम्बन्ध प्रत्यक्ष नभएसम्म अध्ययन गर्नु बढी उपयोगी सिद्ध हुनेछ । तपाईंले आफ्नो बाइबल सदा साथमा राख्ने गर्नुहोस् । जब जब तपाईंले मा ैका पाउनुहुन्छ तब यसलाई पढ्ने गर्नुहोस्; यसका पदहरूलाई कण्ठस्थ गर्नुहोस् । बाटोमा हिँड्दैगर्दा समेत तपाईंले कुनै एक पदलाई पढेर त्यसमाथि मनन गर्न सक्नुहुनेछ, र यसरी बाइबल पदलाई मनमा स्थापित गर्न सक्नुहुनेछ ।

**(१६) बाइबलको अध्ययन कसरी गर्ने यदि हामी यसको सत्यतालाई सही तरिकामा छुट्याउनु हो भने?**

***किनकि यस्तो छ— गरिबस, गरिबस, शासन गर, शासन गर, यहाँ अलिकति, त्यहाँ अलिकति। (यशैया २८:१०)***

एकाग्रचित्त ध्यान तथा प्रार्थनायुक्त अध्ययनविना हामीले ज्ञान हासिल गर्न सक्दैनाैं । पवित्रशास्त्रका कुनै अंश यति सरल छन् कि कसैले पनि यसको गलत अर्थ लगाउने छैनन्, तर त्यहाँ कुनै यस्ता अंशहरू छन् जसको अर्थ एकै झलकमा देखिनेगरि सतहमाथि हुँदैनन् । पवित्रशास्त्रलाई पवित्रशास्त्रसितै तुलना गरिनुपर्छ । पवित्रशास्त्रलाई सावधानपूर्वक अनुसन्धान गरिनुपर्छ, तथा प्रार्थनाका साथ मनन गरिनुपर्छ । र यसप्रकारको अध्ययनले प्रचुर प्रतिफल ल्याउनेछ । जसरि खानीमा काम गर्ने व्यक्तिले पृथ्वीको सतहमुनि लुकेर बहुमुल्य धातु फेला गर्दछ, त्यसरी नै जुन व्यक्तिले दृढतापूर्वक परमेश्वरको वचनलाई गाडधनलाई झैं खोजी गर्ने गर्दछ, जुन एक असावधान तवरले खोजी गर्ने व्यक्तिको दृष्टिदेखि गुप्त छन् । प्रेरणाका वचनहरूलाई हृदयमा मनन गरिएको खण्डमा ती जीवनको मूलबाट बहने खोलाहरूजस्तै हुनेछन् ।

**(१७) शास्त्रपदहरू अध्ययन गर्नु भन्दा पहिले किन प्रार्थना, पवित्र आत्मालाई सोध्नु, महत्त्वपूर्ण छ?**

*मलाई पुकार्, र म तँलाई जवाफ दिनेछु र तैंले नजानेका गहिरा र गुप्त कुराहरू म तँलाई बताउनेछु'। (यर्मिया ३३:३)*

बिना प्रार्थना कहिल्यै पनि बाइबल अध्ययन गरिनुहुन्न । यसका पृष्ठहरू खोल्नु अघि हामीले पवित्र आत्माको प्रकाशको माग गर्नुपर्छ, र हामीलाई सो दिइनेछ । जब नथानेल येशूकहाँ आए, तब मुक्तिदाताले यसो भन्नुभयो, "एक जना पक्का इस्राएलीालाई हेर, जसमा कुनै छल छैन ।" नथानेलले सोधे, "तपाईंले मलाई कसरी चिन्नुभयो ?" येशूले जवाफ दिनुभयो, "फिलिपले तिमीलाई बोलाउनु अघि अञ्जीरको रुखमुति मैले तिमीलाई देखेको थिएँ ।" यूहन्ना १:४७, ४८ । यदि हामीले सत्यता के हो भनी जान्ने उद्‌देश्यका साथ ज्योतिको निम्ति उहाँको खोजी गरेको खण्डमा येशूले हामीलाई पनि प्रार्थनाको गुप्त स्थानहरूमा देख्नुहुनेछ । ज्योतिको संसारका स्वर्गदूतहरू ती व्यक्तिहरूका साथ हुनेछन् जो नम्र हृदयका साथ ईश्वरीय मार्गदर्शनको खोजी गर्ने गर्दछन् ।

**(१८) कस द्‌वारा ईश्वरीय सत्यता प्रकट हुन्छ?**

*जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै*

***सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ। (यूहन्ना १६:१३)***

पवित्र आत्मा मुक्तिदाताको प्रशंसा तथा महिमा गर्नुहुन्छ । ख्रीष्टको धार्मिकताको शुद्‌धता तथा हामीले उहाँबाट प्राप्त गर्ने मुक्ति प्रस्तुत गर्नु नै पवित्र आत्माको कर्तव्य हो । येशू भन्नुहुन्छ, “जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ ।” यूहन्ना १६:१४ । सत्यताको आत्मा नै ईश्वरीय सत्यताको एकमात्र प्रभावकारी गुरु हुनुहुन्छ । परमेश्वरले मानवजातिलाई कति मात्रामा सम्मान गर्नुभयो होला त जब उहाँले तिनीहरूका मुक्तिको निम्ति मर्नलाई आफ्नो पुत्र नै दिनुभयो र मानिसका गुरु तथा निरन्तरको मार्गदर्शक बन्नका निम्ति आफ्नो आत्मालाई नियुक्त गर्नुहुन्छ ।

***प्रभु को वचनमा म सिक्दै छु, धैर्य, सान्त्वना, र आशा। म उहाँलाई अध्ययन गर्ने तीव्र इच्छाको लागि सोध्छु it ताकि म उनको सत्यलाई आफ्नो हृदयमा लुकाउन सकूँ र पप गर्न नसकूं।***

**गोलाकार: हो अनिर्णित**

*पवित्र आत्मा मेरो शिक्षक बन्नको लागि प्रार्थना गर्छु र मलाई नम्र हृदय दिनको लागी पनि । म बुद्धिको लागि प्रार्थना गर्दछु ताकि मैले सही तरीकामा  सत्य बुझ्न सकूं ।*

**गोलाकार:        हो        अनिर्णित**

*मेरो लक्ष्य मेरो सम्पूर्ण हृदय, दिमाग र प्राणले प्रभुलाई खोज्नु हो। पवित्र आत्माको अगुवाईलाई बुझ्नु मेरो हृदयको इच्छा हो ताकी धर्मशास्त्रले भनेको कुरालाई अनुसरण गर्न म अनन्त जीवनको पथमा हिंडन सकूं ।*

**गोलाकार:        हो        अनिर्णित**



## पाठ १२
## प्रार्थना गर्ने विशेषाधिकार

**(१) किन प्रार्थनाको साथ ईश्वरसित सम्पर्क राख्नु आवश्यक छ?**

***तब तिमीहरू मकहाँ आउनेछौ, र मलाई प्रार्थना गर्नेछौ, र म तिमीहरूको प्रार्थना ध्यानसित सुन्नेछु। (यर्मिया २९:१२)***

परमेश्वर हामीहरूसँग प्रकृति तथा प्रकाशमार्फत्, उहाँको प्रबन्धमार्फत् र उहाँको आत्माको प्रभावमार्फत् बोल्नुहुन्छ । तर यति मात्र पर्याप्य छैनन्; हामीले पनि उहाँमा आफ्नो हृदयका कुराहरू खन्याउनुपर्नेछ । आत्मिक जीवन तथा शक्ति प्राप्त गर्नका निम्ति हाम्रा स्वर्गीय पितासँग हाम्रो वास्तविक सम्बन्ध रहेको हुनुपर्छ । हाम्रो मन उहाँतर्फ

आकर्षित हुन सक्नेछन्; हामीले उहाँका कार्य, करुणा, तथा आशिषहरूका बारेमा चिन्तन गर्न सक्नेछौं; तर यसैलाई पूर्ण अर्थमा उहाँसित वार्तालाप गरिएको रूपमा मान्न सकिन्न । परमेश्वरसित वार्तालाप गर्नका निम्ति हामीसँग आफ्नो वास्तविक जीवनको बारेमा उहाँलाई बताउनका निम्ति केहि न केहि कुरा हुनुपर्छ । प्रार्थनाको अर्थ एक मित्रसामु आफ्नो हृदय खोलेझैं परमेश्वरको सामु हृदय खोल्नु हो । हामी के हौं भनी परमेश्वरलाई अवगत गराउनु आवश्यकता छ । प्रार्थनाले परमेश्वरलाई हामीकहाँ ल्याउँदैन तर यसको सट्टा हामीलाई माथि उहाँको सामु लैजान्छ ।

**(२) जसरी हामी प्रार्थनामा आउँछौं येशुले हामीलाई के गर्न आमन्त्रित गर्नुभयो?**

..***फिक्री उहाँलाई सुम्पिदेओ, किनकि उहाँले तिमीहरूको वास्ता गर्नुहुन्छ। (१ पत्रुस ५:७)***

जब येशू यस संसारमा हुनुुहुन्थ्यो तब उहाँले उहाँका चेलाहरूलाई प्रार्थना कसरी गर्ने भन्ने विषयमा सिकाउनुभयो । उहाँले तिनीहरूलाई आफ्ना दैनिक आवश्यकताहरू परमेश्वरको सामु प्रस्तुत गर्न तथा आफ्ना सारा फिक्रीहरू उहाँमा बिसाउनका निम्ति आदेश दिनुभयो । र प्रार्थनाको सुनुवाई हुनेछ भनी जुन

आश्वासन उहाँले तिनीहरूलाई दिनुभयो सोहि आश्वासन हाम्रो निम्ति पनि हो ।

**(३) जब ख्रीष्ट पृथ्वीमा बास गर्नु भयो, प्रार्थनामा बुबासंग को सम्बन्धमा उन ले कस्तो उदाहरण दिए?**

***बिहान उज्यालो हुनभन्दा धेरै अघि उठेर उहाँ बाहिर एकान्त ठाउँमा जानुभयो, र त्यहाँ प्रार्थना गर्नुभयो। (मर्कूस १:३५)***

येशू पनि मानिसहरूका साथ रहनुहुँदा प्रायः प्रार्थनामा तल्लीन रहने गर्नुहुन्थ्यो । हाम्रो मुक्तिदाताले स्वयम् आफैलाई हाम्रा आवश्यकताहरूसित तथा कमजोरीहरूसित अभिन्न सबूत गर्नुभयो, र यसरी उहाँको पिताबाट ताजा शक्तिको माग गर्नुहुँदै उहाँ एक प्रार्थी बन्नुभयो, अनि उहाँले कर्तव्य र परीक्षाको सामना गर्न सक्नुभयो । हरेक कुरामा उहाँ नै हाम्रो उदाहरण हुनुहुन्छ । हाम्रो दुर्बलताहरूमा उहाँ हाम्रो जेठो दाई हुनुहुन्छ, र “हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो;” तर पापरहित हुनुभएकोले उहाँको स्वभाव पापदेखि पछि फर्कने गर्थ्यो, पापमय संसारमा उहाँले कठिन परिस्थितिहरूलाई तथा आत्माको यातनालाई सहनुभयो । उहाँको मानव स्वभावले प्रार्थनालाई एक आवश्यकता तथा एक विशेषाधिकार तुल्यायो । उहाँले पितासँगको वार्तालापद्वारा सान्त्वना तथा

आनन्द प्राप्त गर्नुहुन्थ्यो । र यदि मानजातिका मुक्तिदाता, तथा परमेश्वरको पुत्रको हैसियतले पनि प्रार्थनाको खाँचो महशुस गर्नुभयो भने हामी दुर्बल तथा पापी मरणशील मानवजातिका हैसियतले अझ बढी मात्रामा ज्वलन्त तथा अटुट प्रार्थनाको आवश्यकतालाई महशुस गर्नुपर्नेछ ।

**(४) प्रार्थनामा हामी कसरी परमेश्वरसामु आउनु पर्छ?**

***यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं। (हिब्रू ४:१६)***

हाम्रा स्वर्गीय पिता हामीलाई उहाँको आशिषको पूर्णता प्रदान गर्न उत्सुक रहनुहुन्छ । असीमित प्रेमको मुहान्‌देखि प्रशस्त रूपले पिउन पाउनु हाम्रो निम्ति एक विशेषाधिकारको कुरा हो । तर यो कस्तो विडम्बना कि हामी अति कम मात्रामा प्रार्थना गर्ने गर्दछौं ! परमेश्वर उहाँका सबैभन्दा नीच सन्तानको प्रार्थना सुन्नलाई पनि तयार तथा इच्छुक हुनुहुन्छ, तैपनि हामी परमेश्वरको सामु आफ्ना आवश्यकताहरू बताउनमा धेरै अनिच्छा प्रकट गर्दछौं । स्वर्गदूतहरूले पनि परीक्षाको नियन्त्रणमा रहेका दुःखी

असहाय मानवजातिका बारेमा के सोंचाइ राख्दछन् होला, जब कि परमेश्वरको असीमित प्रेमले भरिपूर्ण हृदय तिनीहरूप्रति व्याकुल रहन्छ, र तिनीहरूले मागे वा सोंचेभन्दा बढी दिन तैयार हुनुहुन्छ, तैपनि किन तिनीहरू अति कम प्रार्थना गर्ने गर्दछन् र किन तिनीहरूमा यति कम विश्वास छ त ? स्वर्गदूतहरू परमेश्वरको सामु शिर झुकाउन मन पराउँदछन्; तिनीहरू उहाँको सामु रहन चाहन्छन् । तिनीहरू परमेश्वरसँगको संवादलाई आफ्नो सर्वोच्च आनन्द ठान्छन्; तर यस जगत्का मानिसहरू जसलाई यति धेरै मद्दतको खाँचो छ जुन केवल परमेश्वरले मात्र दिन सक्नुहुन्छ, तिनीहरू यसरी उहाँको आत्माको ज्योति तथा उहाँको उपस्थितिको संगतबिना नै हिँड्नमा सन्तुष्ट देखिन्छन् ।

**(९) प्रलोभन माथी विजय हुने दुईवटा मुख्य बुँदा के हो?**

***जागा रहो, प्रार्थना गर, र परीक्षामा नपर। आत्मा त साँच्चै तयार छ, तर शरीर दुर्बल छ।" (मत्ती २६:४१)***

जुन मानिसहरूले प्रार्थनालाई बेवास्ता गर्ने गर्दछन् तिनीहरूलाई पापको अन्धकारले घेर्दछ । शैतानको

षडयन्त्रयुक्त परीक्षाहरूले तिनीहरूलाई पापतर्फ आकर्षित तुल्याउँदछ; र परमेश्वरले तिनीहरूलाई प्रार्थना मार्फत् दिनुभएको ईश्वरीय नियुक्तिको विशेषाधिकारहरूलाई प्रयोग नगरेका हुनाले नै यस्तो हुन आउँदछ । जब प्रार्थना नै विश्वासीहरूका हातमा सर्वशक्तिमान् परमेश्वरको असीमित धन-सम्पत्ति सञ्चय गरि राखिएको स्वर्गको भण्डार खोल्ने साँचो हो भने परमेश्वरका जनहरू प्रार्थना गर्ने मामलामा किन अनिच्छुक बन्ने त ? अटुट प्रार्थना तथा लगनशील सतर्कता बिना हामी लापरवाही बन्ने तथा सत्य मार्गदेखि मोडिने खतरामा पर्न सक्छौं । शैतानले निरन्तररूपमा कृपा आसन पुर्‍याउने मार्गलाई अवरुद्‌धपार्ने कोशिस गर्दछ, ताकि हामीले गम्भीर प्रार्थना तथा विश्वासद्‌वारा परीक्षाको सामना गर्ने शक्ति प्राप्त गर्न सक्नेछैनौं । .

**(६) प्रभुले हाम्रो प्रार्थनाहरूको जवाफ दिनको लागि दाऊदको जस्तै, हाम्रो आत्मिक अवस्था कस्तो हुनुपर्दछ?**

***हे परमेश्वर, तपाईं मेरा परमेश्वर हुनुहुन्छ, म तपाईंलाई दिलोज्यानले खोज्छु। पानी नभएको ओबानो र बाँझो जमिनमा मेरो प्राण तपाईंको निम्ति तिर्खाउँछ, मेरो शरीर तपाईंकै निम्ति मरिमेट्‌दछ। (भजन ६३:१)***

त्यहाँ केही निश्चित शर्तहरू छन् जसलाई पूरा गरेको खण्डमा मात्र परमेश्वरले हाम्रो प्रार्थनाहरूलाई सुन्नु भयो भनी हामी आशा राख्न सक्नेछौं । हामीलाई परमेश्वरबाट मद्दतको खाँचो छ भनी महशुस गर्नु नै ती शर्तहरूमध्येको पहिलो शर्त हो । उहाँले यसरी प्रतिज्ञा गर्नुभएको छ, “म तिर्खाएकोलाई पानी खन्याईदिनेछु र सुख्खा जमिनमा खोला बगाउनेछु ।” यशैया ४४:३ । जो जति धार्मिकताको निम्ति भोका तथा प्यासा बन्दछन्, जसले परमेश्वरको तिर्सना गरेका हुन्छन्, तिनीहरू तृप्त पारिनेछन् भन्ने विषयमा निश्चित बन्न सक्नेछन् । पवित्र आत्माको प्रभावका निम्ति हृदयलाई खुला राखिनुपर्छ, अन्यथा परमेश्वरको आशिष ग्रहण गर्न सकिनेछैन ।

**(७) हाम्रो प्रार्थनाहरूको जवाफ प्राप्त गर्ने को लागी के तीन कदमहरू हामी प्राप्त गर्न आवश्यक छ?**

*म तिमीहरूलाई भन्दछु, माग, त तिमीहरूलाई दिइनेछ। खोज, त तिमीहरूले भेट्टाउनेछौ। ढकढक्याओ, त तिमीहरूका निम्ति खोलिनेछ। (लूका ११:९)*

हाम्रो ठूलो खाँचो आफैमा एक तर्क हो र यसले सवार्धिक धारावाहिकरूपले हाम्रो पक्षमा बहस गर्दछ । तर हामीले

परमप्रभुको खोजि गर्नुपर्नेछ ताकि उहाँले हाम्रो निम्ति यी कार्यहरू गर्न सक्नुहुनेछ । उहाँ भन्नुहुन्छ, “माग त तिमीहरूलाई दिइनेछ ।” र “जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबैका
निम्ति उहाँलाई दिनुभयो, के उहाँले उहाँको साथमा सबै कुराहरू पनि हामीलाई सित्तैमा दिनुहुनेछैन र ?” मत्ती ७:७; रोमी ८:३२ ।

**(८) कसरी विद्रोहले हाम्रो प्रार्थनाहरुलाई प्रभाव पार्छ?**

***यदि कसैले व्यवस्थाप्रति आफ्नो कान बन्द गर्छ भने, त्यसका प्रार्थनाहरूसमेत घृणित हुन्छन्। (होतोपदेश २८:९)***

यदि हामीले आफ्नो हृदयमा अधर्म साँच्यौं भने, वा यदि हामी कुनै जानेको पापमै टाँसिएर बस्यौं भने परमप्रभुले हामीलाई सुन्नुहुनेछैन्; तर एक पश्चात्तापी तथा चूर्ण आत्माको प्रार्थनालाई सदा ग्रहण गरिन्छ । जब सबै जानेका भूलहरूलाई ठीक गरिन्छ तब हामी विश्वास गर्न सक्नेछौं कि परमेश्वरले हाम्रा प्रार्थनाहरूका जवाफ दिनुहुनेछ । स्वयम् आफ्नै गुणहरूले हामीलाई परमेश्वरको अनुग्रह प्राप्त गर्नका निम्ति कदापि योग्य तुल्याउने छैन; केवल येशूको योग्यताले मात्र हामीलाई बचाउँनेछ, उहाँको रगतले मात्र हामीलाई

शुद्ध पार्न सक्छ; तैपनि हामीसँग स्वीकृतिका शर्तहरूलाई मञ्जुर गरी पूरा गर्नुपर्ने एक कार्य छ ।

**(९) हाम्रो प्रार्थनाहरूको जवाफ प्राप्त गर्न अर्को संवेदनशील तत्व के हो?**

***यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौं भन्ने विश्वास राख, र त्यो तिमीहरूको हुनेछ। (मर्कूस ११:२४)***

प्रभावकारी प्रार्थनाको अर्को मूल तत्व विश्वास हो । "परमेश्वरकहाँ आउनेले, उहाँ हुनुहुन्छ र उहाँलाई यत्नसित खोज्नेहरूलाई उहाँले इनाम दिनुहुन्छ भनी विश्वास गर्नुपर्छ ।" हिब्रू ११:६ । येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौं भन्ने विश्वास राख, र त्यो तिमीहरूको हुनेछ ।" मर्कूस ११:२४ । के हामी उहाँको वचनमुताविक उहाँमाथि विश्वास गर्दछौं त ?

यो आश्वासन विस्तृत तथा असीमित छ, र जसले यो प्रतिज्ञा गर्नुभएको छ उहाँ विश्वासयोग्य हुनुहुन्छ । जब हमीले आफूले मागको कुरा प्राप्त गर्दैनौं, त्यस मागिएको समयमै हामीले अझै पनि यो कुरामाथि विश्वास गर्नुपर्नेछ कि परमप्रभुले हाम्रा प्रार्थनाहरू सुन्नुहुन्छ तथा उहाँले हाम्रा प्रार्थनाहरूका

जवाफ दिनुहुनेछ । हामी यति चुक्ने तथा अल्पदृष्टियुक्त छौं कि हामी कहिलेकाहिँ आफूलाई आशिष सावित नहुने कुराहरूका समेत माग गर्दछौं, र प्रेमको कारणले गर्दा हाम्रा स्वर्गीय पिताले हाम्रो निम्ति सर्वाधिक भलाईका कुराहरू दिनु भई हाम्रा प्रार्थनाका जवाफ दिनुहुन्छ । जुन कुरा यदि हामी ईश्वरीय दृष्टिद्वारा प्रकाशयुक्त भई सबै कुराहरूलाई तिनका वास्तविक अवस्थामा देख्न सकेको खण्डमा स्वयम् हामी आफैले ती आशिषका निम्ति अभिलाषा राख्ने थियौं । जब हाम्रा प्रार्थनाहरूका सुनुवाई नभएको जस्तो आभास हुन्छ, तब हामी प्रतिज्ञामाथि दृढ रहनुपर्छ; किनकि सुनुवाईको समय अवश्य पनि आउनेछ, र जुन आशिषको हामीलाई सबैभन्दा बढी आवश्यकता छ सोहि आशिष हामीले प्राप्त गर्नेछौं । तर हामीले जुनरूपमा चाहेका छौं र जुन विशेष कुरामाथि हामीले इच्छा राखेका छौं सोही मुताविक सदा प्रार्थनाको सुनुवाई हुनेछ भनी दावी गर्नु एक अडकल मात्र हो । परमेश्वरले कदापि भूल गर्नुहुन्न किनकि उहाँ सर्वबुद्धिमान् हुनुहुन्छ, र जो जति सत्य मार्गमा हिँड्दछन् तिनीहरूबाट कुनै भलो कुरा ठाम्नु हुन्न किनकि उहाँ भलो चिताउने वाला हुनुहुन्छ । यसर्थ उहाँमाथि भरोसा गर्न नडराउनुहोस्, यद्यपि तपाईं आफ्नो प्रार्थनाको उत्तर तुरुन्तै

पाउनुहुन्न । उहाँको यस निश्चित प्रतिज्ञामाथि भरोसा राख्नुहोस्, "माग त तिमीहरूलाई दिइनेछ ।"

**(१०) यदि हामी, नम्रता, विश्वास अनि भरोसामा, प्रभुलाई हाम्रो आवश्यकताहरू जान्न दिन्छौं, के महान प्रतिज्ञा हामी त्यस बेला दाबी गर्न सक्छौं?**

***परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ। 15हामीले प्रार्थनामा जेसुकै मागे तापनि परमेश्वरले सुन्नुहुन्छ भनी हामी जान्दछौं भने, यो पनि जान्दछौं कि उहाँलाई हामीले जे मागेका छौं त्यो हामीलाई प्राप्त भएको छ। (१ यूहन्ना ५:१४-१५)***

हामीसँग विश्वास हुनुअघि यदि हामीले आफ्ना शंका तथा डरहरूसित परामर्श लियौं, वा जुन कुरा हामी स्पष्टसाथ देख्न सक्दैनौं त्यसलाई समाधान गर्ने प्रयत्न गर्‍यौं भने व्याकुलताहरू केवल बढ्दै तथा गहिरिँदै जानेछन् । तर यदि हामी असहाय, निर्भर, र हामी जे जस्ता छौं सोही अवस्थामा परमेश्वरकहाँ आउँदछौं, र नम्र, भरोसामयी विश्वासका साथ उहाँमा हाम्रा खाँचोहरू अवगत गराउँदछौं जसको ज्ञान असीमित छ, जसले सृष्टिमा सबैथोक देख्नुहुन्छ, र जसले सबैथोक

आफ्नो इच्छाशक्ति र वचनद्वारा शासन गर्नुहुन्छ, उहाँले हाम्रो पुकारलाई सुन्नुहुनेछ, र हाम्रो हृदयमा ज्योति चम्किन दिनुहुनेछ । निष्कपट प्रार्थनाद्वारा हामी परमेश्वरको मनको सम्पर्कमा ल्याइन्छौं । हाम्रो मुहार हामीप्रति करुणा र प्रेमका साथ झुकिरहेको छ भन्ने कुराको अद्भभुत् प्रमाण हामीले त्यस समयमा नपाएका हुनसक्छौं तर यो कुरा वास्तविक हो । सायद हामीले उहाँको स्पर्शलाई प्रत्यक्षरूपले महशुस गर्नेछैनौं होला तर उहाँको प्रेम र करुणाको हात हामीमाथि रहेको हुन्छ ।

**(११) ईश्वरले निर्धारण गरेको हाम्रो क्षमा कस्तो हुन्छ?**

***किनकि तिमीहरूले मानिसहरूका अपराध क्षमा गर्‍यौ भने तिमीहरूका स्वर्गमा हुनुहुने पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ। 15तर तिमीहरूले मानिसहरूका अपराध क्षमा गरेनौ भने तिमीहरूका पिताले तिमीहरूका अपराध क्षमा गर्नुहुनेछैन। (मत्ती ६:१४-१५)***

जब हामी करुणा तथा आशिषको निम्ति परमेश्वरमा आउँदछौं तब हाम्रो हृदयमा प्रेम र माफीको भावना रहेको हुनुपर्छ । अन्यथा कसरी हामीले “हाम्रा अपराध

क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं" भनी प्रार्थनागरे पश्चात् पनि क्षमा नगर्ने भावनालाई कायम राख्न सक्नेछौं ? मत्ती ६:१२ । यदि हामी स्वयम् आफ्नै प्रार्थनाहरूका सुनुवाई होओस् भनी आशा राख्दछौं भने हामीले अरूलाई पनि उहि तवरले र उहि परिणाममा क्षमा गर्नुपर्नेछ जुन तवरले र परिणाममा हामी क्षमा पाउने आशा राख्दछौं ।

**(१२) प्रार्थना गर्ने मनोभावमा हाम्रो हृदय परमेश्वरसित एकतामा कतिको हुनुपर्दछ?**

***सतर्क भएर धन्यवादसहित स्थिर भई प्रार्थनामा लागिरहो। (कलस्सी ४:२)***

प्रार्थनामा खुरन्धार रूपमा लागिरहनु नै प्रार्थनाको सुनुवाईको एक शर्त हो । यदि हामी विश्वास र अनुभवमा बृद्धि हुन चाहन्छौं भने हामीले सदा प्रार्थना गर्नुपर्नेछ । हामी "प्रार्थनामा निरन्तर" लागि रहनुपर्छ र "सर्तक भएर धन्यवादसहित स्थिर भई प्रार्थनामा" लागिरहनुपर्छ । रोमी १२:१२; कलस्सी ४:२ । पत्रुस विश्वासीहरूलाई "प्रार्थनाको निम्ति शुद्ध मनको र सचेत" भइरहन सल्लाह दिंदछन् । १ पत्रुस ४:७ । "हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती

परमेश्वरमा जाहेर होऊन्” भनी पावल सुझाव दिंदछन् । फिलिप्पी ४:६ । यहूदा भन्दछन्, “तर प्रिय हो, पवित्र आत्मामा प्रार्थना गर, आफैलाई परमेश्वरको प्रेममा राख ।” यहूदा २०, २१ ।

निरन्तरको प्रार्थना भन्नु नै आत्मा र परमेश्वर बीचको अटुट सम्बन्ध हो जसद्वारा परमेश्वरको जीवन हाम्रो जीवनमा बहेर आउँदछ; र हाम्रो जीवनबाट शुद्धता र पवित्रता पुनः परमेश्वरतर्फ बहेर जाँदछ ।

प्रार्थनामा लगन हुनु आवश्यक छ; तपाईंलाई कुनै कुराले पनि बाधा नपुर्‍याओस् । येशू र तपाईंको आत्मा बीचको सम्पर्कलाई कायम राख्नका निम्ति सक्दो प्रयास गर्नुहोस् । जुन ठाउँमा प्रार्थना सभा गरिने चलन छ त्यहाँ जाने हरेक अवसरको खोजि गर्नुहोस् । जो जति साँचो रूपमा परमेश्वरमा सम्पर्क पाउने प्रयास गरिरहेका छन् तिनीहरू प्रार्थना सभामा देखिनेछन्, तिनीहरू आफ्ना कर्तव्यप्रति विश्वासयोग्य हुन्छन् र आफूले प्राप्त गर्न सक्ने सारा लाभहरू कटनी गर्नका निम्ति उत्सुक तथा व्याकुल देखिनेछन् । तिनीहरूले स्वयम् आफैलाई त्यस स्थानमा राख्नका निम्ति हरेक अवसरको उन्नति गर्नेछन् जहाँ तिनीहरूले स्वर्गको ज्योति ग्रहण गर्न सक्नेछन् ।

म उत्तम विशेषाधिकारको लागि आभारी छु परमेश्वरले मलाई प्रदान गर्नुभएको छ कि म उहाँसँग कुनै पनि समयमा आउन सक्दछु, ख्रीष्ट मार्फत, प्रार्थनामा।

गोलाकार: हो अनिर्णित

मैले महसुस गरेको छु कि प्रार्थनाको साथ प्रभुसंगको सम्पर्क स्वर्गमा हाम्रो जीवन रेखा हो. उहाँसँग निरन्तर सम्बन्धमा रहन मेरो इच्छा छ र प्रार्थना को वरदान को माध्यम ले उहाँको चिरस्थायी शान्ति अनुभव गर्न सकूं।

गोलाकार: हो अनिर्णित


म भरोसा र विश्वास गर्दछु कि परमेश्वरले मेरो प्रार्थना सुन्नुहुन्छ र जवाफ दिनुहुन्छ उहाँको सिद्ध समयमा र उहाँको सिद्ध इच्छा अनुसार |

गोलाकार: हो अनिर्णित

म प्रभु को निमन्त्रणा स्वीकार गर्दछु प्रार्थनामा "साहसी भई उहाँको अनुग्रहको सिंहासन अघि" ताकि म मद्दत, अनुग्रह र दया प्राप्त गर्न सकूँ मलाई उहाँसँग मेरो दैनिक हिँडाइमा आवश्यक हुन्छ।

गोलाकार: हो अनिर्णित

---



## पाठ १३
## प्राथनाको सामर्थ

**(१) निजी प्रार्थनाको नतीजा के हुन्छ ?**

***तर तिमी जब प्रार्थना गर्दछौ, आफ्नो भित्री कोठामा पस, र ढोका थुनेर गुप्तमा हुनुहुने तिम्रा पितालाई प्रार्थना गर, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ। (मत्ती ६:६)***

हामीले पारिवारिक बन्धनमा प्रार्थना गर्नुपर्छ, र सबैभन्दा बढी त हामीले गुप्त प्रार्थनालाई बेवास्ता गर्नुहुँदैन किनकि यहि नै आत्माकोन निम्ति जिवन हो । जब प्रार्थानालाई उपेक्षा गरिन्छ तब आत्माको उन्नति हुनु असम्भव छ । केवल पारिवारिक एवं सार्वजनिक प्रार्थना मात्र

पर्याप्त छैन । आफ्नो आत्मालाई एकान्तमा परमेश्वरको निरीक्षण गर्ने आँखाको सामु खुला राख्नुहोस् । केवल प्रार्थनाको जवाफ दिनुहुने परमेश्वरले मात्र गुप्त प्रार्थना सुन्नुहुनेछ । कुनै पनि जिज्ञासु कानले यस प्रकारको बिन्तीहरूका बोझलाई ग्रहण गर्नुपर्नेछैन । हाम्रो आत्मा गुप्त प्रार्थनाको समयमा वरिपरिका प्रभाव तथा उत्तेजनाहरूदेखि स्वतन्त्र हुन्छ । यसप्रकार हाम्रो प्रार्थना शान्त अनि व्यग्रताका साथ परमेश्वरको सामु पुग्नेछ । परमेश्वरदेखि उत्पन्न हुने प्रभाव मीठो तथा स्थायी हुन्छ, जसले गुप्तमा देख्नुहुन्छ, जसको कान हृदयदेखि नै उत्पन्न हुने प्रार्थना सुन्नका निम्ति खुला रहन्छ । शान्त तथा सरल विश्वासद्वारा आत्माले परमेश्वरसँग सम्पर्क कायम राख्दछ र यसलाई शैतानको विरुद्ध संर्घषमा मजबुत तुल्याउन र थाम्नका निम्ति ईश्वरीय ज्योतिको किरणहरू सँगाल्दछ । परमेश्वर हाम्रो शक्तिको किल्ला हुनुहुन्छ ।

आफ्नो गुप्त कोठामा प्रार्थना गर्नुहोस् र जसै तपाईं आफ्नो दैनिक कामहरूमा लाग्नुहुन्छ तब बारम्बार आफ्नो हृदयलाई परमेश्वरसम्मै उचालिन दिनुहोस् । हनोक पनि यसरी नै परमेश्वरमा हिंड्ने गर्दथे । यी गुप्त प्रार्थनाहरू बहुमूल्य धूपजस्तै अनुग्रहको सिंहासनसम्मै पुग्दछन् । जुन

व्यक्तिको हृदय परमेश्वरमा यसरी स्थिर रहन्छ त्यस व्यक्तिलाई शैतानले जित्न सक्नेछैन ।

**(२) कुन निर्देशनले यस पदमा प्रार्थनाको महत्वलाई पुन: परिभाषित गर्दछ?**

***निरन्तर प्रार्थना गरिरहो।(१ थेसलोनिकी ५ :१७)***

परमेश्वरमा बिन्ती चढाउनका निम्ति त्यहाँ कुनै त्यस्तो अनुचित समय वा स्थान छैन । हाम्रो हृदयलाई उत्सुक प्रार्थनाप्रति उत्तेजित गर्नुदेखि हामीलाई रोक्न सक्ने त्यस्ता कुनै कुराहरू छैनन् । गल्लीको भीडमा, तथा, व्यापारिक व्यस्ततामाझ पनि हामीले परमेश्वरमा बिन्ती चढाउन तथा ईश्वरीय मार्गदर्शनको निम्ति बिन्ती गर्न सक्दछौं जसरी नहेम्याहले राजा अर्तासास्तको सामु आफ्नो बिन्ती चढाएका थिए । हामी जहाँ जहाँ छौं त्यहि नै हामीले वार्तालाप गर्ने भित्री कोठा भेट्टाउन सक्नेछौं । हाम्रो हृदयको ढोका निरन्तररूपमा खुला रहेको हुनुपर्छ, र हाम्रो निमन्त्रणा सदा माथि स्वर्गतिर गइरहेको हुनुपर्छ ताकि येशू एक स्वर्गीय पाहुनाको रूपमा आत्माभित्र आउन तथा वास गर्न सक्नुहुनेछ । यद्यपि हाम्रो वरिपरि कलङ्कित तथा दूषित वातावरण

भएको हुन सक्छ तर हामीले यसको विषाक्त हावामा सास फेर्नु आवश्यक छैन, तर स्वर्गको शुद्ध हावामा जीवन व्यतित गर्न सक्नेछौं । निष्कपट प्रार्थनाद्वारा आत्मालाई परमेश्वरको उपस्थितिसम्म उचालेर हामीले अशुद्ध कल्पना तथा अपवित्र विचारका सबै ढोकाहरूलाई बन्द गर्न सक्नेछौं । जुन व्यक्तिको हृदय परमेश्वरको सहारा तथा आशिष प्राप्त गर्नका निम्ति खुला रहेको हुन्छ ऊ पृथ्वीको भन्दा अधिक पवित्र वातावरणका हिंड्नेछ र स्वर्गसित निरन्तरको सम्पर्कमा रहनेछ

**(३) जब हामी ख्रीष्टको साथ वार्तालापमा हुन्छौ, परिणाम के हुन्छ?**

***जसको मन तपाईंमा अड़िएको छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ, किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ।. (यशैया २६:३)***

हामीसँग येशूको अझ स्पष्ट दृष्टि हुनु तथा अनन्तको वास्तविकताहरूका महत्वको बारेमा अझ पूर्ण बोध हुनु आवश्यक छ । पवित्रताको सौन्दर्यले परमेश्वरको जनहरूका हृदय भर्नेछ; र यसलाई पूरा गर्नका निम्ति हामीले स्वर्गीय कुराहरूको प्रकाशनको निम्ति माग गर्नुपर्छ । हाम्रो आत्मा हामीदेखि

बाहिर र माथि उठोस्, ताकि परमेश्वरले हामीलाई स्वर्गीय वातावरणको वायु प्रदान गर्नुहुनेछ । हामी परमेश्वरको यति नजिक रहन सक्नेछौं कि हरेक, आकस्मिक परीक्षामा जसरी प्राकृतिकरूपले फूल सूर्यतर्फ फर्कन्छ त्यसरी नै हाम्रा विचारहरू स्वतः उहाँतर्फ नै फर्कनेछन् ।

**(४) टूटेको हृदय भएको हरुलाई परमेश्वर ले अनुग्रह पुर्वक के प्रतिज्ञा गर्नु भएको छ?**

***उहाँले टुक्रिएको हृदय भएकाहरूलाई निको पार्नुहुन्छ, र तिनीहरूका चोटहरूमा पट्टी बाँधिदिनुहुन्छ। (भजन १४७:३)***

तपाईंका आवश्यकता, आनन्द, शोक, फिक्री तथा भयहरू परमेश्वरको सामु राख्नुहोस् । तपाईंले उहाँलाई बोझले लाद्न तथा थकित तुल्याउन सक्नुहुनेछैन । परमेश्वरले तपाईंको शिरको कपालको गन्ती राख्नुहुन्छ, र उहाँ आफ्ना सन्तानका खाँचोहरूप्रति उदासीन हुनुहुन्न । “प्रभु अति नै टिठाउनुहुने र दयालु हुनुहुन्छ ।” याकूब ५:११ । उहाँको प्रेमिलो हृदयलाई हाम्रा शोकहरूका उच्चारणले समेत प्रभावित तुल्याउँदछ । जे जति कुराले मनलाई व्याकुल तुल्याउँदछ ती सबै उहाँमै लैजानहोस् । उहाँले थाम्न नसक्ने कुनै त्यस्तो ठूलो

कुरा नै छैन किनकि उहाँले नै संसारलाई थामेर राख्नुहुन्छ, र सम्पूर्ण जगत्को मामलाहरूमाथि शासन गर्नुहुन्छ । हाम्रो शान्तिसित सरोकार राख्ने कुनै पनि कुरा उहाँको ध्यानको पहुँचदेखि पर हुनेगरि तुच्छ छैनन् । हाम्रो अनुभवमा त्यहाँ कुनै त्यस्तो अध्याय छैन जुन उहाँद्वारा पढ्नै नसकिनेगरि अन्धकार भएको होस्; त्यहाँ कुनै त्यस्तो अन्योल छैन जसलाई सुल्झाउन उहाँलाई कठिन सावित भएको होस् । उहाँका सन्तानहरूमध्ये कसैमाथि पनि विपत्ति पर्न सक्नेछैन, कुनै फिक्रीले पनि आत्मालाई पिरोल्ने छैन, हरेक ओँठबाट निस्कने कुनै पनि आनन्दको जयध्वनि तथा निष्कपट प्रार्थना हाम्रा स्वर्गीय पिताको ध्यानबिना पार भएर जाँदैनन्, वा जसको बारेमा उहाँले अविलम्बरूपले चाख लिनु नभएको होस् । "उहाँले टुक्रिएको हृदय भएकाहरूलाई निको पार्नुहुन्छ, र तिनीहरूका चोटहरूमा पट्टी बाँधिदिनुहुन्छ ।" भजन १४७:३ । परमेश्वर र हरेक आत्मा बीचको सम्बन्ध यति स्पष्ट र पूर्ण छ कि मानौं पृथ्वीमा उहाँको हेरविचार अरू कसैलाई बाँड्नका निम्ति त्यहाँ कुनै अर्को व्यक्ति नै छैन, मानौं उहाँको एकलौटे पुत्रलाई दिनका निम्ति त्यहाँ कुनै अर्को व्यक्ति नै छैन ।

**(५) कसको नाममा हामीले प्रार्थना गर्नु पर्छ?**

***मलाई तिमीहरूले चुनेनौ, तर मैले तिमीहरूलाई चुनें र तिमीहरूलाई नियुक्त गरें, कि तिमीहरू जाओ, र फल फलाओ, अनि तिमीहरूको फल रहिरहोस्। यसैले तिमीहरूले पितासँग मेरो नाउँमा जे मागौला, उहाँले तिमीहरूलाई सो दिनुहुनेछ। (यूहन्ना १५:१६)***

येशूले भन्नुभयो, “तिमीहरूले मेरा नाउँमा माग्नेछौं । म तिमीहरूका निम्ति पितासँग बिन्ती गरिदिनेछु भनी तिमीहरूलाई भन्दिन । किनभने पिता आफैले तिमीहरूलाई माया गर्नुहुन्छ ।” “मैले तिमीहरूलाई चुनें तिमीहरूले पितासँग मेरा नाउँमा जे मागौला, उहाँले तिमीहरूलाई सो दिनुहुनेछ ।” यूहन्ना १६:२६, २७; १५:१६ । तर येशूको नाममा प्रार्थना गर्नुको अर्थ येशूको मन र आत्मामा भई प्रार्थना गर्नु तथा उहाँको प्रतिज्ञाहरूमाथि भरोसा राख्दै, उहाँको अनुग्रहमाथि भरोसा राख्नु तथा उहाँकै काम गर्नु हो । .

**(६) प्रार्थना र आराधनाको साथ् व्यावहारिक ईसाईको कस्तो कार्यहरू मिल्नु पर्छ?**

***परमेश्वर र पिताको अगाडि शुद्ध र पवित्र धर्म यही हो: अनाथ र विधवाहरूलाई तिनीहरूको कष्टमा हेरचाह गर्नु, र आफूलाई संसारबाट निष्कलङ्क राख्नु। (याकूब १:२७)***

***र तिमीहरूमध्ये कसैले त्यसलाई, "शान्तिसँग जाऊ, न्यानो गरी बस, पेटभरि खाऊ" मात्र भन्छ, तर त्यसको शरीरलाई चाहिने कुराहरूचाहिँ दिँदैन भने, त्यसबाट के लाभ हुन्छ र? (याकूब २:१६)***

हामीले स्वयम् आफैलाई आराधनामा समर्पित गर्ने क्रममा हामी सन्यासी वा भिक्षु बन्नुपर्नेछ र संसारलाई त्याग्नुपर्नेछ भन्नु परमेश्वरको अभिप्राय होइन । हाम्रो जीवन ख्रीष्टको झैं हुनुपर्छ– अर्थात् पहाड र मानिसहरूमाझ जीवन बिताइनुपर्छ । जुन व्यक्तिले अरू केहि नगरी केवल प्रार्थना मात्र गरिरहन्छ, त्यस व्यक्तिले चाँडै नै प्रार्थना गर्ने क्रम रोक्नेछ, वा उसका प्रार्थनाहरू केवल एक औपचारिक दिनचर्याका रूपमा सावित हुन पुग्नेछन् । जब मानिसहरूले स्वयम् आफैलाई सामाजिक जीवनदेखि टाढा राख्दछन्, इसाई कर्तव्य र क्रूस उठाउनुबाट पन्छिन पुग्दछन्; जब तिनीहरू आफ्ना प्रभुको निम्ति उत्सुकतापूर्वक काम गर्न छोड्दछन् जसले तिनीहरूका निम्ति उत्सुकतापूर्वक

काम गर्नुभएको थियो, तब तिनीहरूले प्रार्थनाको विषयवस्तु नै गुमाउँदछन् र तिनीहरूसित आराधनाको निम्ति कुनै प्रेरणा नै बाँकी रहँदैन । तिनीहरूका प्रार्थनाहरू व्यक्तिगत तथा स्वार्थी बन्न पुग्दछन् । तिनीहरूले मानवजातिको खाँचोहरूका निम्ति, वा ख्रीष्टको राज्य विस्तार गर्नका निम्ति शक्तिको माग गर्दै प्रार्थना गर्न सक्दैनन् ।

**(७) ईसाई संगतिको को उदेश्य के हो?**

***... कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं। तर प्रभुको दिन नजिक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ। (हिब्रू १०:२५)***

परमेश्वरको सेवामा लाग्ने क्रममा जब हामी एक अर्कालाई मजबुत तुल्याउँदै तथा प्रोत्साहन दिँदै एक आपसमा भेला हुने विशेषाधिकारलाई उपेक्षा गर्दछौं तब हामीले नोक्सान भोगिरहेका हुन्छौं । उहाँको वचनका सत्यताहरूले हाम्रो मस्तिष्कमा सजीवता तथा महत्व गुमाउँदछन् । हाम्रो हृदय उहाँको वचनको सत्यताहरूको पवित्र प्रभावहरूद्वारा उज्ज्वल बन्न तथा उत्तेजित हुन सक्नेछैन र हामी आत्मिकरूपले पतित् हुनेछौं । हामीले इसाई रूपमा एक अर्काप्रति कायम

राख्ने सम्पर्कमा यदि हामीमा सहानुभूतिको कमी भएको खण्डमा हामीले धेरै कुरा गुमाउँदछौ । जुन व्यक्तिले आफूलाई स्वयम् आफैमा बन्द गरेर राख्दछ उसले परमेश्वरले उसको लागि सुम्पनुभएको पदलाई वहन गरिरहेको हुँदैन । हाम्रो स्वभावको सामाजिक तत्वहरूलाई उचितरूपले उन्नति गरिएको खण्डमा यसले हामीमा
अन्य व्यक्तिहरूप्रति सहानुभूतिको भावना जगाउँदछ र यहि नै हाम्रो निम्ति परमेश्वरको सेवामा बृद्धि र शक्तिको एक माध्यम हो ।

यदि इसाईहरू एक अर्कासित परमेश्वरको प्रेम र उद्धारको अमूल्य सत्यताहरूका बारेमा चर्चा गर्दै एक आपसमा मेलजुल गर्दछन् भने स्वयम् तिनीहरूकै हृदय ताजा बन्नेछ र यसरी तिनीहरूले एक अर्कालाई जोश प्रदान गर्नेछन् । हामीले दैनिकरूपमा हाम्रो स्वर्गीय पिताको बारेमा सिक्न सक्नेछौं र यसरी उहाँको अनुग्रहको बारेमा ताजा अनुभव प्राप्त गर्न सक्नेछौं; तब हामीले उहाँको प्रेमको बारेमा चर्चा गर्ने इच्छा प्रकट गर्नेछौं; र जब हामी यसो गर्ने गर्दछौं, तब हाम्रो हृदय न्यायो तथा उत्साहित बन्नेछ । यदि हामीले स्वयम् आफ्नै बारेमा कम र येशूको बारेमा बढी चिन्तन तथा चर्चा गरेको खण्डमा

हामीसँग उहाँको उपस्थिति अझ बढ्दो मात्रामा नै हुनेछ ।

**(८) शान्ति मा रहन को लागी, हाम्रो स्नेह र विचारहरु को प्रभाव केन्द्र कहाँ हुनु पर्छ?**

***जसको मन तपाईंमा अड़िएको छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ, किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ। सदासर्वदा परमप्रभुमा भरोसा राख, किनभने परमप्रभु, परमप्रभु नै सनातनका चट्टान हुनुहुन्छ।***
***(यशैया २६:३-४)***
***माथिका कुरामा मन लगाओ। पृथ्वीमा भएका कुरामा होइन। (कलस्सी ३:२)***

यदि हामीले आफुप्रति परमेश्वरको फिक्रीको प्रमाण पाएपिच्छे उहाँको बारेमा चिन्तन गरेको खण्डमा हामीले उहाँलाई सदा हाम्रो ध्यानमा राख्नेछौं र उहाँको चर्चा गर्न तथा प्रशंसा गर्नका निम्ति प्रसन्न रहनेछौं । सांसारिक कुराहरूमाथि हाम्रो चाख भएकै कारण हामी तिनका बारेमा चर्चा गर्ने गर्दछौं; हाम्रा आनन्द तथा शोकहरू तिनीहरूसँगै बाँधिएका छन् । तैपनि हाम्रो सांसारिक मित्रहरूलाई भन्दा परमेश्वरलाई बढी प्रेम गर्नका निम्ति हामीसँग असीमित तवरको अझ ठूलो कारण छ; हाम्रा सबै सोंचाइहरूमा

उहाँलाई नै प्रथम बनाउनु, उहाँको भलाईको बारेमा चर्चा गर्नु र उहाँको शक्तिको बारेमा बताउनु नै संसारमा हाम्रो निम्ति सबैभन्दा स्वाभाविक कार्य हुनुपर्छ । उहाँले हामीलाई जुन प्रचुर उपहारहरू प्रदान गर्नुभएको छ ती सबै उपहारहरू हाम्रा विचार तथा प्रेमलाई त्यति बढ्तारूपमा सोस्नका निम्ति अभिप्राय गरिएका थिएनन् ताकि हामीसँग परमेश्वरलाई सुम्पनका निम्ति केहि पनि हुने छैनन्; तिनले त हामीलाई निरन्तररूपले उहाँको बारेमा स्मरण गराइरहनुपर्नेछ र हामीलाई हाम्रो स्वर्गीय दाता परमेश्वरसँग प्रेम र कृतज्ञताको बन्धनद्वारा बाँध्नुपर्नेछ । हामी पृथ्वीको अति होचो भूमिमा निवास गरिरहेका छौं । हामी आफ्ना आँखाहरूलाई पवित्रस्थानको खुला ढोकातर्फ माथी उठाऔं जहाँ ख्रीष्टको मुहारमा परमेश्वरको महिमाको ज्योति चम्कन्छ, “उहाँद्वारा परमेश्वरको नजिक नजीक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ ।” हिब्रू ७:२५ ।

**(९) कस्तो महत्त्वका तत्वहरु हाम्रो प्रार्थनामा समावेश हुनु पर्छ?**

***सतर्क भएर धन्यवादसहित स्थिर भई प्रार्थनामा लागी रहो। (कलस्सी ४:२)***

हामीले परमेश्वरलाई उहाँको “अचूक प्रेमको निम्ति, र मानिसहरूप्रति उहाँका आश्चर्य कामका निम्ति” अझ बढी मात्रामा प्रशंसा गर्नुपर्नेछ । भजन १०७:८ । हाम्रो उपासनाका अभ्यासहरू केवल माग्नु र पाउनुमा मात्र सीमित रहनु हुँदैन । हामीले सदा आफ्ना खाँचोहरूका बारेमा मात्र सोंच्ने तथा आफूले प्राप्त गरेका लाभहरूका बारेमा कदापि नसोंच्ने प्रवृत्ति नराखौं । हामी अति कम मात्रामा प्रार्थना गर्ने गर्दछौं र विरलै धन्यवाद चढाउँदछौं । हामीले निरन्तररूपमा परमेश्वरको अनुग्रह प्राप्त गरिरहेका छौं, तैपनि हामी अति कम मात्रामा कृतज्ञता व्यक्त गर्दछौं, र उहाँले हाम्रो निम्ति जे जति गर्नुभएको छ त्यसको निम्ति उहाँलाई अति कम मात्र प्रशंसा गर्दछौं ।

**(१०) तिनीहरू जो खुसीसाथ आफ्नो जीवन ख्रीष्टको लागि समर्पित गर्छन् उनीहरूको हृदयबाट के बग्छ?**

***यहीँ नै तिमीहरू र तिमीहरूका परिवारहरूले परमप्रभु आफ्ना परमेश्वरको सामुन्ने खानपान गर्नेछौ र तिमीहरूले गर्ने सबै काममा आनन्द मनाउनेछौ, कारण परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आशिष् दिनुभएको छ। (व्यवस्था १२:७)***

प्राचीन कालमा जब इस्राएलीहरू परमप्रभुको सेवाको निम्ति भेला हुने गर्दथे तब उहाँले तिनीहरूलाई यसरी आज्ञा दिनुभयो, "तिमीहरू र तिमीहरूका परिवारहरूले परमप्रभु आफ्ना परमेश्वरको सामुन्ने खानपान गर्नेछौ र तिमीहरूले गर्ने सबै काममा आनन्द मनाउनेछौ, कारण परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई आशिष दिनुभएको छ ।" व्यवस्था १२:७ । परमेश्वरको महिमाको निम्ति जे जति काम गरिन्छ सो खिन्नता र उदासीनताका साथ होइन तर प्रशसन्नता, प्रशंसा, र धन्यवाद स्तुतिगान सहित गरिनुपर्छ ।

हाम्रो परमेश्वर कोमल तथा दयालु पिता हुनुहुन्छ । उहाँको सेवालाई एक मन दुखाउने तथा कष्टप्रद अभ्यासको रूपमा लिइनुहुन्न । परमप्रभुको उपासना गर्नु तथा उहाँको काममा सहभागी हुनु हाम्रो निम्ति एक हर्षमयी कुरा हुनुपर्छ । परमेश्वरले आफ्ना जुन जनहरूका निम्ति यति महान् मुक्ति प्रदान गर्नुभयो तिनीहरूले नै परमेश्वर एक कठोर तथा कज्याउने मालिक हुनुहुन्छ भनी व्यवहार गरेको देख्न चाहनुहुन्न । उहाँ तिनीहरूका सबैभन्दा असल मित्र हुनुहुन्छ; र जब तिनीहरू उहाँको उपासना गर्दछन् तब तिनीहरूलाई आशिष प्रदान गर्न र सान्त्वना दिलाउनका निम्ति, तिनीहरूका

हृदय आनन्द र प्रेमले भरिपूर्ण तुल्याउनका निम्ति उहाँ तिनीहरूकै साथमा रहन चाहनुहुन्छ । परमप्रभु आफ्ना सन्तानहरूद्वारा उहाँको सेवा मार्फत् सान्त्वना प्राप्त गरेका तथा उहाँको काममा कष्टभन्दा बढी आनन्द प्राप्त गरेका देख्न चाहनुहुन्छ । उहाँको इच्छा यहि छ कि जो जति उहाँको उपासनाका निम्ति आउँदछन् तिनीहरूले उहाँको वास्ता र प्रेम सम्बन्धी अमूल्य विचारहरू आफूसँगै लिएर जाऊन्, कि तिनीहरू दैनिक जीवनको सम्पूर्ण पेशाहरूमा प्रसन्न रहन सकून्, कि सबै कामहरूलाई इमानदारीपूर्वक र विश्वासयोग्य ढङ्गले निर्वाह गर्नका निम्ति तिनीहरूले अनुग्रह प्राप्त गरून् । .

**(११) जब हाम्रो विचारहरु, कुराकानीहरु, र प्रार्थनाहरुले प्रभुलाई प्रशंसा र महिमा दिन्छ, तब के प्रकट हुन्छ?**

***धन्यवाद बलि चढ़ाउनेले नै मेरो महिमा गर्दछ, र त्यसले मार्ग सुधार्छ, यसरी म त्यसलाई परमेश्वरको मुक्ति देखाउनेछु। (भजन ५०:२३)***

हामी क्रूसको वरिपरि भेला हुनुपर्छ । ख्रीष्ट, र उहाँ क्रूसमा चढाइनुभएको कुरा नै चिन्तन, वार्तालाप, र हाम्रो सर्वोच्च

आनन्दमयी विषय हुनुपर्छ । हामीले परमेश्वरबाट प्राप्त गर्ने हरेक आशिषको बारेमा मनन गर्नुपर्छ र जब हामी उहाँको महान् प्रेमको बारेमा बुझ्दछौं तब हामी सबै थोक त्यस हातमा सुम्पनका निम्ति राजी हुनुपर्दछ जुन हात हाम्रै खातिर क्रूसमा टाँगिएका थिए ।

**(१२) हामी परमेश्वरको भलाई को गवाही भएको कारण, हाम्रो ओठमा सधैं के हुनु पर्छ?**

***तिनीहरूले परमप्रभुको अचूक प्रेमको निम्ति, र मानिसहरूप्रति उहाँका आश्चर्य कामका निम्ति उहाँलाई धन्यवाद चढ़ाऊन्। तिनीहरूले धन्यवाद बलि चढ़ाऊन्, र हर्षका गीतहरूमा उहाँका कार्यहरूको वर्णन गरून्। (भजन १०७:२१-२२)***

प्रशंसाको पखेटामार्फत् आत्मा स्वर्गको अझ नजिक पुग्न सक्नेछ । स्वर्गमा भजन तथा संगतिद्वारा परमेश्वरको उपासना हुने गर्दछ, र जसै हामी आफ्नो कृतज्ञता व्यक्त गर्दछौं तब हामी स्वर्गदूतहरूकै उपासनामा सामेल हुन पुग्दछौं । “धन्यवाद बलि चढाउनेले नै मेरो महिमा गर्दछ ।” भजन ५०:२३ ।

"धन्यवाद र गीतको स्वर साथ" हामी आफ्नो सृष्टिकर्ताको सामु जाऔं । (यशैया ५१:३)

दुबै निजी र सार्वजनिक प्रार्थनामा परमेश्वर संग म स्थिर जडानको आवश्यकता महसुस गर्दछु र उहाँसँग मेरो दिन-दिनको अनुभवहरुमा.|

गोलाकार: हो अनिर्णित

मेरो प्रार्थनामा म प्रशंसा र धन्यवाद सहितको महत्त्व बुझ्छु र मसँग भएको उहाँको दया र भलाइको लागि |

गोलाकार: हो अनिर्णित

म प्रार्थनाको आशीर्वादको माध्यमबाट परमेश्वरको सिंहासन अघि आउनु भएको विशेषाधिकारको लागि आभारी छु र मेरो जीवनमा उहाँको अद्भुत शक्ति दावी गर्छु अनि जसको लागि म प्रार्थना गर्छु तिनीहरूका जीवनमा पनि

गोलाकार: हो अनिर्णित

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________



पाठ १४

*शंकाबारे के गर्ने*

(१) संदेह गर्ने मानिसहरुलाई आफ्नो प्रभुत्व बारे येशूले के जवाफ दिनुभयो?

*तब शास्त्रीहरू र फरिसीहरूमध्ये कुनै-कुनैले उहाँलाई भने, "गुरुज्यू, हामी तपाईंबाट एउटा चिन्ह हेर्न चाहन्छौं।" उहाँले तिनीहरूलाई जवाफ दिनुभयो, "दुष्ट र व्यभिचारी पुस्ताले चिन्ह खोज्दछ। तर यस पुस्तालाई योना अगमवक्ताको चिन्हबाहेक अरू चिन्ह दिइनेछैन।*

*(मत्ती १२:३८-३९)*

धेरै मानिसहरू विशेषगरि इसाई जीवनमा परिपक्व नभएका मानिसहरू कहिलेकाहिँ नास्तिकताको सुझावहरूद्वारा विचलित हुने गर्दछन् । बाइबलमा त्यहाँ धेरै यस्ता कुराहरू छन् जुन तिनहिरुले वर्णन गर्न तथा बुझ्न समेत सक्दैनन्, र शैतानले यस्तै कुराहरूलाई लिएर पवित्र शास्त्र परमेश्वरको प्रकाशन हो भन्ने विषयमा तिनीहरूका विश्वासलाई डगमगाउनका निम्ति प्रयोग गर्दछ । उनीहरू प्रश्न गर्दछन्, “सत्य बाटोलाई मैले कसरी चिन्ने ? यदि बाइबल साँच्चै नै परमेश्वरको वचन हो भने म यी शंका तथा व्याकुलताहरूदेखि कसरी मुक्त हुन सक्नेछु त ?”

परमेश्वरले हाम्रो विश्वासको आधारको रूपमा पर्याप्त प्रमाणहरू नदिइकन हामीलाई विश्वास गर्न कर लगाउनुहुन्न । उहाँको अस्तित्व, उहाँको चरित्र, उहाँको वचनको सत्यता, यी सबै कुराहरू गवाहीद्वारा स्थापित छन् जसले हाम्रो विचारशक्तिलाई आकर्षित तुल्याउँदछ र यो गवाही भरपुर छ । तैपनि परमेश्वरले कदापि शंकाको सम्भाव्यतालाई हटाउनुभएको छैन । हाम्रो विश्वास प्रदर्शनमाथि नभई प्रमाणमाथि अडिएको हुनुपर्छ । शंका गर्न चाहनेहरूले सो गर्ने अवसर पाउनेछन्; जबकि सत्यतालाई साँचो रूपमा जान्न चाहनेहरूले प्रशस्तै

प्रमाणहरू फेला पार्नेछन्, जसलाई तिनीहरूले आफ्नो विश्वासको आधार बनाउन सक्नेछन् । .

**(२) किन परमेश्वरका तरिकाहरू बुझ्न मानिस सक्षम छैन?**

***“किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्,” परमप्रभु भन्नुहुन्छ। जसरी आकाश पृथ्वीभन्दा अल्गो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अल्गा छन्। (यशैया ५५:८-९)***

सीमित मन भएको मानिसलाई असीमित परमेश्वरको चरित्र तथा कामहरूका बारेमा पूर्णरूपले बुझ्नु असम्भव छ । सबैभन्दा बुद्धिमान् व्यक्ति, वा सबैभन्दा शिक्षित व्यक्तिको निम्ति पनि त्यस पवित्र अस्तित्व सदा रहस्यको विषय बनिरहनेछ, “के तपाईं परमेश्वरको रहस्यको गहिराइलाई बुझ्नु सक्नुहुन्छ ? के तपाईं सर्वशक्तिमान्को सीमालाई जाँच्न सक्नुहुन्छ ? त्यो त स्वर्गभन्दा अग्लो छ, तपाईं के गर्न सक्नुहुन्छ ? त्यो त चिहानभन्दा गहिरो छ, तपाईं के जान्न सक्नुहुन्छ ?” अय्यूब ११:७, ८ ।

प्रेरित पावल भन्दछन्, “आहा ! परमेश्‍वरको वैभव र बुद्‌धि कति गहिरो ! उहाँका इन्साफहरू कति अगम र उहाँका मार्ग बुझ्न नसकिने !” रोमी ११:३३ । तर यद्‌यपि “उहाँको वरिपरि बादल र गहन अन्धकार छन्, धार्मिकता र न्याय उहाँको सिंहासनका जग हुन् ।” भजन ९७:२ । हामीप्रति उहाँको व्यवहार तथा जुन उद्‌देश्यहरूद्‌वारा उहाँ परिचालित हनुहुन्छ सो हामी अहिलेसम्म बुझ्न सक्दछौं, ताकि असीमित शक्तिसँग एकत्रित बन्नपुगेका असीमित प्रेम र कृपा हामी बुझ्न सक्नेछौं । हामी उहाँका उदेश्यहरूका बारेमा त्यति नै परिमाणमा जान्न सक्नेछाैं जुन परिणाममा जान्नु हाम्रो भलाईको निम्ति छ; र यसभन्दा पर हामीले जुन हात सर्वशक्तिमान छ, र जुन हृदय प्रेमले भरिपूर्ण छ त्यसमाथि अझ पनि भरोसा राख्नुपर्नेछ ।

.

**(३) जब हामी वचनलाई बुझ्न असफल हुन्छौं, हामीले के कुरामा ध्यान दिनुपर्छ?**

***उनका सबै पत्रहरूमा पनि उनले यी कुराहरूको उल्लेख गरेका छन्। तिनमा कुनै-कुनै कुराहरू बुझ्न कठिन छन्, र अशिक्षित र चञ्चल मानिसहरूले यी कुराहरूलाई अरू धर्मशास्त्रहरूलाई जस्तै उल्टापाल्टा पार्छन्, र आफ्नै विनाश***

***ल्याउँछन्। यसकारण प्रिय हो, अघिबाटै यी कुरा जानेर होशियार रहो, दुष्ट मानिसहरूको भूल कुरामा अलमलिएर आफ्नो स्थिरता नगुमाओ। (२ पत्रुस ३:१६-१७)***

परमेश्वरको वचनले पनि यसको पवित्र लेखकको चरित्रले झैं यस्ता रहस्यहरू प्रस्तुत गर्दछन् जुन सीमित मानवजातिद्वारा कदापि पूर्णरूपमा बुझ्न सकिने छैन । संसारमा पापको प्रवेश, ख्रीष्टको अवतारयुक्त जीवन, पुनर्जन्म, पुनरुत्थान तथा बाइबलमा प्रस्तुत गरिएका कैयौं अन्य विषयहरू यस्ता रहस्यहरू हुन् जुन मानिसको बुद्धिद्वारा वर्णन गर्न वा पूर्णरूपले बुझ्न नसकिनेगरि गहन छन् । तर हामीले परमेश्वरको विधिका रहस्यहरूलाई बुझ्न सक्दैनौं भन्दैमा उहाँको वचनमाथि शंका गर्नुपर्ने हामीसँग कुनै कारण नै छैन । यस प्राकृतिक संसारमा पनि हामी निरन्तररूपमा यस्ता रहस्यमयी कुराहरूद्वारा घेरिएका छौं जुन हामी राम्रोसँग बुझ्न पनि सक्दैनौं । सबैभन्दा सुक्ष्म जीवात्माहरूले पनि एक यस्तो रहस्य प्रस्तुत गर्दछ जुन कुरा वर्णन गर्न सबैभन्दा बुद्धिमान दार्शनिकहरूपनि असमर्थ छन् । त्यहाँ सर्वत्र विचित्र कुराहरू छन् जुन हाम्रो ज्ञानको पहुँचदेखि टाढा

छन् । यसको मतलब के आत्मिक संसारमा पनि हामीले राम्रोसँग बुझ्न नसक्ने रहस्यमयी कुराहरू भएको कारण हामी आश्चर्यचकित बन्नुपर्नेछ त ? कठिनाइ त पूर्णरूपले मानव मस्तिष्कको कमजोरी र संकीर्णतामा रहेको छ । परमेश्वरले पवित्रशास्त्रमा तिनका पवित्र स्वभावको बारेमा पर्याप्त प्रमाण दिनुभएको छ, र उहाँको विधिका सबै रहस्यमयी कुराहरूलाई बुझ्न सक्दैनौं भन्दैमा हामीले उहाँको वचनमाथि शंका गर्नु हुँदैन ।

पत्रुस बताउँदछन् कि धर्मशास्त्रमा "कुनै-कुनै कुराहरू बुझ्न कठिन छन्, र अशिक्षित चञ्चल मानिसहरूले ... उल्टापाल्टा पार्छन्, र आफ्नै विनाश ल्याउँछन् ।" २ पत्रुस ३:१६ । पवित्र शास्त्रमा रहेका कठिनाइहरूलाई नास्तिकहरूले बाइबल विरुद्ध एक बहसको रूपले लिने गर्दछन्; तर यसको विपरीत तिनले वचनको ईश्वरीय प्रेरणाको मजबुत प्रमाण स्थापित गर्दछन् । यदि यसमा परमेश्वरको बारेमा कुनै विवरण समावेश नभई जुन कुरा हामी सजिलै बुझ्न सक्दछौं सो मात्र समावेश भएको भए; यदि उहाँको महानता र गौरवलाई सीमित बुद्धिसामर्थ्यद्वारा बुझ्न सकिने भए बाइबलले ईश्वरीय अधिकारको अचुक प्रमाणहरू धारण गर्ने थियनन् बाइबलमा

प्रस्तुत गरियका महान रहस्यमय विषयहरुले यही नै परमेश्वरको वचन हो भनी मानिसमा विश्वास जगाउनु पर्दछ ।

**(४) किन यो विश्वका ज्ञान परमेश्वरका वचन बुझ्न विफल हुन्छ?**

***जो मानिस आत्मिक छैन, त्यसले परमेश्वरका आत्माका कुराहरू ग्रहण गर्दैन। किनकि ती कुराहरू त्यसको निम्ति मूर्खता हुन्छन्, र त्यसले ती बुझ्न सक्दैन, किनकि ती कुराहरू आत्मिक रीतिले मात्र चिन्न सकिन्छ। (१ कोरिन्थी २:१४)***

बाइबलले सत्यतालाई सरलताका साथ तथा मानव हृदयको खाँचो तथा अभिलाषाहरूसित पूर्णरूपले योग्य हुनेगरि खोल्दछ, र यस तथ्यताले ठूला विद्धानहरूलाई आश्चर्यचकित तथा मोहित तुल्याएको छ, जबकि यसले नम्र तथा अशिक्षित व्यक्तिहरूलाई मुक्तिको मार्ग फेला पार्नका निम्ति सक्षम तुल्याउँदछ । तैपनि यी सरल रूपमा वर्णन गरिएका सत्यताहरूले यति उच्च, विस्तृत तथा मानिसको समझ शक्तिको पहुँचदेखि असीमितरूपले टाढाका विषयहरूलाई समावेश गरेका छन् कि हामी यी कुराहरूलाई केवल यसकारण स्वीकार गर्न सक्दछौं किनकि परमेश्वरले नै यी कुराहरूका घोषणा गर्नुभएको छ ।

यसरी उद्धारको योजना हाम्रो सामु खुला राखिएको छ, ताकि प्रत्येक व्यक्तिले पश्चात्तापद्वारा परमेश्वरतर्फ र विश्वासद्वारा हाम्रा परमप्रभु येशू ख्रीष्टतर्फ चाल्नुपर्ने आफ्नो कदमलाई देख्न सक्नेछ, र यसरीपरमेश्वरद्वारा नियुक्त गरिएको उपायद्वारा बच्च सक्नेछ । तैपनि यी सजिलैसँग बुझ्न सकिने सत्यताहरूमुनि उहाँको महिमालाई लुकाउने रहस्यहरू छन्– यस्ता रहस्यहरू जसले अनुसन्धान गर्ने मस्तिष्कलाई पराजित गर्दछ, तर इमानदारपूर्वक सत्यताको खोजि गर्ने व्यक्तिलाई श्रद्धा तथा विश्वासद्वारा प्रेरित गर्दछ । जति नै बढ्तारूपले उसले बाइबल अध्ययन गर्दछ तब यहि नै जीवित परमेश्वरको वचन हो भन्ने विषयमा उसको विश्वास अझ गहिरो बन्दै जानेछ, र ईश्वरीय प्रकाशको गौरवको सामु मानव तर्क झुक्नैपर्छ ।

हामीले बाइबलको महान् सत्यताहरूलाई पूर्णरूपले बुझ्न सक्दैनौं भनी स्वीकार्नुको अर्थ सीमित मन असीमित परमेश्वरको बारेमा बुझ्नमा अपर्याप्त छ भनी स्वीकार्नु हो; कि मानिसले आफ्नो सीमित ज्ञानद्वारा सर्वज्ञानी परमेश्वरको उद्देश्यहरूका बारेमा बुझ्न सक्दैन ।

**(७) कुन कुरो हृदयमा प्रवेश गर्न देखी हामीलाई सचेत गरिन्छ?**

***भाइ हो, होश गर, तिमीहरूमध्ये कसैमा भएको दुष्ट र अविश्वासी हृदयले तिमीहरूलाई जीवित परमेश्वरबाट टाढ़ा नलैजाओस्। (हिब्रू ३:१२)***

नास्तिक तथा अधर्मीहरूले यसको रहस्यमयहरूलाई उचितरूपले बुझ्न नसक्ने हुनाले तिनीहरूले परमेश्वरको वचनलाई इन्कार गर्दछन्; र जो जति बाइबलमाथि विश्वास राख्ने गर्दछन् ती मध्ये सबै नै यस विषयको खतरादेखि स्वतन्त्र छैनन् । प्रेरित भन्दछन्, "भाइ हो, होश गर, तिमीहरूमध्ये कसैमा भएको दुष्ट र अविश्वासी हृदयले तिमीहरूलाई जीवित परमेश्वरबाट टाढा नलैजाओस् ।" हिब्रू ३:१२ । बाइबलका शिक्षाहरूलाई ध्यानपूर्वक अध्ययन गर्नु र पवित्रशास्त्रमा प्रकट भए जति "परमेश्वरका गहिरा-गहिरा कुराहरूलाई" खोजी गर्नु असल हो । १ कोरिन्थी २:१० । जबकि "प्रकट नभएका कुराहरू परमप्रभु हाम्रा परमेश्वरका हुन् ।" तर "प्रकट भएका कुराहरू हाम्रा ... निम्ति हुन् ।" व्यवस्था २९:२९ । तर मनको जाँच्ने शक्तिहरूलाई पतित तुल्याउन शैतानको काम हो ।ल्या बाइबल सत्यताको बारेमा गरिने चिन्तनमा एक निश्चित अभिमान मिसिएको हुन्छ, तसर्थ जब मानिसहरू आफ्नो सन्तुष्टि मुताबिक पवित्रशास्त्रको हरेक भागलाई वर्णन गर्ने

असमर्थ हुन्छन् तब तिनीहरू धैर्यहीन बन्न पुग्दछन् र पराजित भएको महशुस गर्दछन् । तिनीहरूले प्रेरित वचनलाई बुझ्दैनन् भनी स्वीकार्नु तिनीहरूका निम्ति अति नै अपमानजनक कुरा सावित हुन्छ । जब परमेश्वरले तिनीहरूलाई सत्यता प्रकट गर्नका निम्ति उचित समय ठान्नुहुनेछ तबसम्म तिनीहरू धैर्यतापूर्वक प्रतिक्षा गर्न राजी हुँदैनन् । तिनीहरूलाई पवित्रशास्त्र बुझ्नमा सक्षम तुल्याउनका निम्ति स्वयम् आफ्नै सीमित मानव बुद्धि पर्याप्त छ भनी तिनीहरू महशुस गर्दछन्, र सो प्राप्त गर्न असफल भएको कारण तिनीहरूले यसको अधिकारलाई वास्तवमा इन्कार गर्दछन् । यो कुरा साँचो हो कि बाइबलमा आधारित भनी प्रचलितरूपले विश्वास गरिएका कैयौं तर्क तथा सिद्धान्तहरूले सिकाउने कुराहरूमा कुनै आधार छैन, र साँच्चै नै सारा प्रेरित वचनको तात्पर्यदेखि विपरित छन् । कैयौं मानिसहरूका निम्ति यहि नै शंका र अन्योलको कारण बन्न पुगेको छ । तर वास्वतमा यी शंका र अन्योलको दोष परमेश्वरको वचनमाथि होइन तर मानिसहरूद्वारा ल्याइएको यसको विकृतीमा निहित छ ।

**(६) किन हामी पूर्ण रूपमा प्रभुलाई बुझ्न असमर्थ छौं?**

***प्रकट नभएका कुराहरू परमप्रभु हाम्रा परमेश्वरका हुन्। तर हामीले यस व्यवस्थाका सम्पूर्ण वचन पालन गर्नलाई प्रकट भएका कुराहरू हाम्रा र हाम्रा सन्तानका लागि सदाको निम्ति हुन्। (व्यवस्था २९:२९)***

सृष्टिएका अस्तित्वहरूका निम्ति परमेश्वर तथा उहाँका कार्यहरूका बारेमा पूर्ण ज्ञान प्राप्त गर्न सम्भव भएको खण्डमा त्यस बिन्दुमा पुगिसकेपश्चात् तिनीहरू निम्ति त्यहाँ सत्यताको थप खोजि गर्ने स्थान नै हुने थिएन, ज्ञान बढ्ने थिएन, र मन वा हृदयको विकास हुने थिएन । यस उप्रान्त परमेश्वरको स्थान सर्वोच्च हुने थिएन; र ज्ञान तथा प्राप्तिको चरमबिन्दुमा पुगिसकेपश्चात् मानिसको अघि बढ्ने क्रम रोकिने थियो । हामी परमेश्वरप्रति धन्यवाद प्रकट गरौं किनकि यस्तो हुन आएन । परमेश्वर असीमित हुनुहुन्छ; उहाँमा "बुद्धि र ज्ञानका सारा सम्पत्तिहरू लुकेका छन् ।" कलस्सी २:३ । सारा अनन्तकालसम्मै मानिसहरूले निरन्तररूपमा खोजि गर्न तथा सिक्न सक्नेछन् तैपनि उहाँको ज्ञान, भलाइ र शक्तिको खजानालाई कदापि रिक्त तुल्याउन सक्ने छैनन् ।

**(७) इश्वरीय ज्ञान कहाँबाट प्राप्त गर्न सकिन्छ?**

***अब हामीले संसारको आत्मा पाएका छैनौं, तर परमेश्वरले हामीलाई दिनुभएका वरदानहरू बुझ्न सकौं भनेर उहाँबाट पवित्र आत्मा पाएका छौं। (१ कोरिन्थी २:१२)***

परमेश्वरको वचनका सत्यताहरू आफ्ना जनहरूका सामु प्रकट भइरहोस् भन्नु नै उहाँको उद्देश्य हो । ज्ञान प्राप्त गर्नका निम्ति त्यहाँ केवल एकमात्र उपाय छ । जुन पवित्र आत्माद्वारा परमेश्वरको वचन दिइएको थियो केवल उहाँको प्रकाशद्वारा मात्र हामी परमेश्वरको वचनलाई बुझ्न सक्ने अवस्थामा पुग्न सक्नेछौं । "परमेश्वरका विचार परमेश्वरका आत्मा बाहेक कसैले बुझ्दैन !" "किनकी पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ, परमेश्वरका गहिरा-गहिरा कुराहरू पनि खोजी गर्नुहुन्छ ।" १ कोरिन्थी २: ११, १०

**(८) जब हामी पवित्र आत्मालाई हाम्रो मार्गनिर्देशनको लागि अनुमति दिन्छौं हाम्रो अध्ययन बाट हामीले के थाहा पाउछौ?**

***जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे***

*सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ। (यूहन्ना १६:१३)*

मानिसले आफ्नो तर्क शक्तिहरूका प्रयोग गरुन् भनी परमेश्वर इच्छा राख्नुहुन्छ र बाइबल अध्ययनले बाहेक अन्य कुनै पनि अध्ययनले मनलाई मजबुत तुल्याउन तथा उच्च पार्न सक्नेछैन । जुन तर्क मानव स्वभावको कमजोरी र त्रुटिको वशमा छ त्यसलाई श्रेय स्थान दिनुदेखि हामी सावधान बन्नुपर्नेछ । यदि पवित्रशास्त्र हाम्रो विवेकमा धमिलो नहोस् तथा सरलभन्दा सरल सत्यतालाई बुझ्न सकौं भनी हामी चाहन्छौं भने सिक्नका लागि तयार रहँदै र पवित्र आत्माको सहायताको निम्ति बिन्ती गर्दै हामीमा एक सानो बालकको झैं निष्कपटता र विश्वास हुनुपर्नेछ । परमेश्वरको शक्ति र ज्ञानप्रति प्रकट हुने हाम्रो चेतना, तथा उहाँको महानताको बारेमा बुझ्ने हाम्रो असमर्थताले हामीमा नम्रताको भावना उत्पन्न गर्नुपर्नेछ, र हामीले उहाँको वचनलाई त्यहि भयका साथ खोल्नुपर्नेछ जसरी हामी पवित्र भयका साथ उहाँको उपस्थितिमा प्रवेश गर्ने गर्दछौं । जब हामी बाइबल अध्ययन गर्दछौं तब तर्कले यसभन्दा उच्चस्तरीय एक अधिकारलाई स्वीकार्नुपर्नेछ र हृदय

तथा बुद्धि महान् “म हुँ” भन्नुहुने परमेश्वरको सामु झुक्नुपर्नेछ ।

**(९) हाम्रो बुद्धि को स्रोत को हो?**

***तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार-चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ। (याकूब १:५)***

त्यहाँ कैयौं प्रत्यक्षरूपले कठिन वा अस्पष्ट कुराहरू छन् र ज-जसले यी कुराहरू बुझ्नका निम्ति माग गर्दछन् परमेश्वरले तिनीहरूका निम्ति स्पष्ट र सरल तुल्याइदिनुहुनेछ । तर पवित्र आत्माको अगुवाइविना हामी पवित्र शास्त्रलाई सदा बङ्ग्याउने वा तिनको गलत अर्थ लाउने खतरामा पर्न सक्नेछौं । कैयौं बाइबल अध्ययन लाभरहित सावित हुन सक्छन् र कैयौं अवस्थाहरूमा एक निश्चित हानि सावित हुन्छन् । जब परमेश्वरको वचनलाई श्रद्धा र प्रार्थनाविना खोलिन्छ; जब ध्यान र प्रेम परमेश्वरमाथि केन्द्रित रहेको हुँदैन, वा उहाँको इच्छासित मेल खाएको हुँदैन तब मन शंकाहरूद्वारा धमिलो बन्न पुग्दछ र यसरी बाइबल अध्ययन गर्ने क्रममै नास्तिकताको भावना मजबुत बन्दै जान्छ । शत्रुले विचारलाई आफ्नो नियन्त्रणमा लिंदछ र उसले गलत

व्याख्याहरूका सुझाव दिंदछ । जब मानिसहरू वचन र कार्यमा परमेश्वरमा एक हुने प्रयत्न गर्दैनन्, तब तिनीहरू जति नै शिक्षित किन नहोउन् तर पवित्रशास्त्रलाई बुझ्ने मामलामा गल्ती गर्न सक्नेछन्, र तिनीहरूका व्याख्यामाथि भरोसा राख्नु सुरक्षित हुनेछैन । जुन मानिसहरू पवित्रशास्त्रलाई विसंतिहरू फेला पार्ने दृष्टिका साथ हेर्ने गर्दछन् तिनीहरूमा आत्मिक अन्तर्दृष्टि हुँदैन । विकृत दृष्टिका कारण जुन कुरा वास्तवमा स्पष्ट र सरल छन् उनीहरू ती कुराहरूप्रति शंका र अविश्वास गर्ने धेरै कारणहरू देख्दछन् ।

**(१०) यदि हामी मुर्खताका साथ पापमा निरन्तर हुन्छौ भने, हाम्रो ईश्वरसँग को सम्बन्धमा कस्तो प्रभाव पार्छ?**

***तर तिमीहरूका अधर्मले तिमीहरूलाई आफ्ना परमेश्वरबाट अलग गरेका छन्, र तिमीहरूका पापले गर्दा उहाँको मुहार तिमीहरूबाट छेकिएको छ, र उहाँले तिमीहरूको कुरा सुन्नुहुनेछैन। (यशैया ५९:२)***

मानिसहरूले जति नै लुकाउने कोशिस गरे तापनि कैयौं अवस्थाहरूमा शंका र नास्तिकताको वास्तविक कारण नै पापप्रतिको प्रेम हो । घमण्डी तथा

पापप्रति झुकेको व्यक्तिलाई परमेश्वरको वचनका शिक्षा तथा बन्देजहरू स्वागतयोग्य हुँदैनन्, र जो जति यसका मागहरूलाई पालन गर्न अनिच्छुक रहन्छन् तिनीहरू यसको अधिकारमाथि शंका गर्न तयार रहन्छन् । सत्यतासम्म पुग्नका निम्ति हामीमा सत्यता जान्ने निष्कपट इच्टा हुनुपर्दछ र हृदयदेखि नै यसलाई पालन गर्ने चाहना हुनुपर्दछ । र जो जति यस्तो उत्साहका साथ बाइबल अध्ययनका निम्ति अघि बढ्दछन् तिनीहरूले यहि नै परमेश्वरको वचन हो भनी प्रचुर प्रमाण भेट्टाउनेछन्, र यसरी तिनीहरूले यसको सत्यताहरूलाई बुझ्नेछन् जुन सत्यताले तिनीहरूलाई मुक्तिको मार्ग फेला पार्न सक्नेगरि बुद्धिमान् तुल्याइदिनेछ ।

**(११) नयाँ ज्योति प्रकट गर्नु अघाडी परमेश्वरले के चाहनु हुन्छ?**

***यदि कुनै मानिसले परमेश्वरको इच्छा पालन गर्न चाहन्छ भने, मेरो शिक्षा परमेश्वरतर्फबाट हो, कि मेरो आफ्नै तर्फबाट हो सो उसले जान्नेछ।(यूहन्ना ७:१७)***

ख्रीष्टले भन्नुभयो, "यदि कुनै मानिसले परमेश्वरको इच्छा पालन गर्न चाहन्छ भने, मेरो शिक्षाको विषयमा थाहा

पाउनेछ ।" यूहन्ना ७:१७ । जुन कुरा तपाईं बुझ्न सक्नुहुन्न त्यसमाथि प्रश्न गर्नु तथा निहुँ खोज्नुको सट्टा जुन प्रकाश अहिले नै तपाईंमाथि चम्किरहेको छ त्यस प्रकाशतर्फ ध्यान दिनुहोस्, र तपाईंको जीवनमा अझ ठूलो प्रकाश चम्कनेछ । जे-जति कर्तव्यहरू तपाईंको समझशक्तिको निम्ति प्रष्ट तुल्याइएका छन् ती प्रत्येकलाई ख्रीष्टको अनुग्रहद्वारा पूरा गर्नुहोस्, र जुन कुरामाथि तपाईं अहिले शंका गर्नुहुन्छ त्यहि कुराहरू तपाईं कुनै दिन बुझ्न तथा पूरा गर्नमा समर्थ बन्नुहुनेछ ।

अनुभवको प्रमाण अति शिक्षित तथा अति अशिक्षित मानिसहरूका निम्ति, अर्थात् सबैका निम्ति खुला छ । परमेश्वर स्वयम् हामी आफैले नै उहाँको वचनको वास्तविकता र उहाँको प्रतिज्ञाहरूका सत्यताहरूलाई सत्यतालाई प्रमाणित गर्नका निम्ति हामीलाई आमन्त्रण गर्नुहुन्छ । "परमप्रभुलाई पारख गरेर हेर, कि उहाँ भला हुनुहुन्छ" भनी उहाँ हामीलाई आज्ञा दिनुहुन्छ । भजन ३४:८ । अन्य मानिसहरूका वचनमाथि भरोसा राख्नुको सट्टा हामीले स्वयम् आफैले चाखेर हेर्नुपर्नेछ । उहाँ घोषणा गर्नुहुन्छ, "माग अनि तिमीहरूले पाउनेछौ ।" यूहन्ना १६:२४ । उहाँका प्रतिज्ञाहरू पूरा हुनेछन् । ती कहिल्यै

विफल भएका छैनन् न त कदापि हुनेछन् । र जसै हामी येशूको नजिक आकर्षित बन्दै जान्छौं र उहाँको प्रेमको पूर्णतामा आनन्द मनाउँदछौं तब उहाँको उपस्थितिको प्रकाशमा हाम्रा शंका तथा अँध्यारोपनहरू हटेर जानेछन् ।

**(१२) येशू संग हाम्रो सम्बन्ध विकासको हुदा, हाम्रो गवाही के हुन्छ?**

***उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो, र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ। (कलस्सी १:१३)***

प्रेरित पावल भन्दछन् कि परमेश्वरले “हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो, र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ ।” कलस्सी १:१३ । जुन व्यक्ति मृत्युदेखि जीवनमा पार भएको छ त्यसले “परमेश्वर सत्य हुनुहुन्छ भन्ने कुराको प्रमाण दिन्छ ।” यूहन्ना ३:३३ । उसले यसरी साक्षी दिनेछ, “मलाई सहायता चाहिएको थियो जुन सहायता मैले येशूमा पाएँ । सबै खाँचोहरू जुटाइएका छन्, मेरो आत्माको भोकलाई तृप्त पारिएको छ; र बाइबल मेरो निम्ति अहिले येशू ख्रीष्टको प्रकाशन हो । म किन ख्रीष्टमाथि विश्वा गर्दछु त ?– किनकि उहाँ मेरो ईश्वरीय

मुक्तिदाता हुनुहुन्छ । किन म बाइबलप्रति विश्वास गर्छु त ?– किनकि मैले यसलाई मेरो आत्माको निम्ति परमेश्वरको वाणीको रूपमा फेला पारेको छु ।” बाइबल सत्य छ, र ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने विषयमा हामीसँग गवाही हुन सक्छ । हामीलाई थाहा छ कि हामीले धूर्ततासँग रचिएका दन्त्यकथाहरूको अनुसरण गरिरहेका छैनौं ।

**(१३) जब हामी प्रकाशलाई पछ्याउँछौं, कस्तो प्रभाव यसले हाम्रो आत्मिक यात्रा मा गर्नेछ?**

***यसकारण प्रिय हो, अघिबाटै यी कुरा जानेर होशियार रहो, दुष्ट मानिसहरूको भूल कुरामा अलमलिएर आफ्नो स्थिरता नगुमाओ। १८ तर हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दैजाओ। उहाँलाई अहिले र सदासर्वदा महिमा होस्। आमेन। (२ पत्रुस ३:१७-१८)***

पत्रुस विश्वासी जनहरूलाई यसरी उपदेश दिंदछन्, “हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दैजाओ ।” २ पत्रुस ३:१८ । जब परमेश्वरका जनहरू अनुग्रहमा बढिरहेका हुन्छन्, तब तिनीहरूले उहाँको वचनलाई अझ प्रष्टरूपमा बुझ्न सक्ने शक्ति

निरन्तररूपमा प्राप्त गरिरहनेछन् । तिनीहरूले यसको पवित्र सत्यताहरूमा नयाँ ज्योति र सौन्दर्य देख्न सक्नेछन् । यो कुरा मण्डलीको इतिहासमा युगौं युगदेखि सत्य ठहरिँदै आएको छ र यसरी यो क्रमा अन्त्यसम्म नै जारी रहनेछ । “धर्मीको चाल प्रभातको प्रथम चमकजस्तै हो, त्यो मध्यदिन नहोउञ्जेल झन्-झन् चहकिलो हुँदैजान्छ ।” हितोपदेश ४:१८ ।

**(१४) यस पदले हाम्रो भविष्यमा परमेश्वरको प्रबन्ध बारे कसरी बुझ्न वर्णन गर्दछ?**

***अहिले हामी ऐनामा जस्तै धमिलोसँग देख्छौं, तर त्यस बेलाचाहिँ छर्लङ्ग देख्नेछौं। अहिले म थोरै मात्र बुझ्दछु, त्यस बेलाचाहिँ पूरै बुझ्नेछु, जसरी म पनि पूर्ण रूपले चिनिएको छु।(१ कोरिन्थी १३:१२)***

विश्वासद्वारा हामीले भविष्यतर्फ हेर्न सक्नेछौं र बौद्धिक विकासको निम्ति, मावन सामर्थ्य इश्वरीय सामर्थ्यसित एक हुन पुगोस् र आत्माको हरेक शक्ति ज्योतिको मुहान्सित प्रत्यक्ष सम्पर्कमा आओस् भनी परमेश्वरको प्रतिज्ञालाई ग्रहण गर्न सक्नेछौं । हामीले आनन्द मनाउन सक्नेछौं किनकि जुन कुराले हामीलाई अन्योल तुल्याएको थियो त्यहि

कुरालाई परमेश्वरको निगाहद्वारा प्रष्ट तुल्याइनेछ, बुझ्न नसकिएका कठिन कुराहरूले व्याख्या पाउनेछन्; र जहाँ हाम्रो सीमित मनले केवल व्याकुलता र भग्न उद्देश्यहरू मात्र फेला पार्ने गर्दथ्यो त्यहाँ हामीले सबैभन्दा पूर्ण तथा सुन्दर एकता देख्नेछौं ।

*मलाई थाहा छ कि पृथ्वीको इतिहासको अन्तिम दिनहरूमा धेरैलाई परमेश्वर बारे शंका हुन सक्छ. म प्रमाणहरूमाथिको मेरो विश्वासलाई आधार बनाउँदछु उहाँले प्रदान गर्नु भएको र उहाँमा विश्वास गर्न चाहन्छु ।*

**गोलाकारः हो अनिर्णित**

*यो जान्न पाउँदा मलाई ठूलो सान्त्वना मिल्छ कि प्रभुको बुद्धि कुनै पनि व्यक्तिले बुझ्न सक्दैन. उहाँमा सबै कुराको नियन्त्रण छ भन्ने कुरा जान्दै उहाँमा जीवन राख्छु ।*

**गोलाकारः हो अनिर्णित**

*मैले महसुस गरेको छु कि बाइबलले परमेश्वरबारे बताएको सबै कुरा म बुझ्न सक्दिन, यो उहाँको महानताको अधिक प्रमाण हो। यो प्रस्ट छ कि बाइबल उहाँको प्रेरणा बाट भएको हो।*

गोलाकारः हो अनिर्णित

*म प्रभु र उहाँको वचनको बारेमा मेरो दिमागमा प्रलोभनमा आउने सबै शंकाहरू हटाउन छान्छु. म प्रकाशको अनुसरण गर्न छनौट गर्दछु किनकि यो परमेश्वर आफैले मलाई देखाउनको लागि उपयुक्त देख्नुहुन्छ/*

गोलाकारः हो अनिर्णित



**पाठ १५**

**परमप्रभुमा आनन्द मनाउनु**

**(१) ईसाईको रूपमा, हामी कसलाई ख्रीष्टको भलोपन, कृपा, र प्रेम प्रतिनिधित्व गर्ने?**

***त्यस दिन तिमीहरूले भन्नेछौ, "परमप्रभुलाई धन्यवाद देओ। उहाँको नाउँको पुकारा गर। उहाँले के गर्नुभएको छ जाति-जातिहरूका बीचमा प्रचार गर। अनि उहाँको नाउँ उच्च पारिएको छ भनी घोषणा गर। परमप्रभुको भजन गाओ, किनकि उहाँले महिमापूर्ण कामहरू गर्नुभएको छ। सारा पृथ्वीले यो कुरा जानून्। (यशैया १२:४-५)***

परमेश्वरका जनहरूलाई परमप्रभुको भलाइ र कृपा प्रकट गर्दै ख्रीष्टको प्रतिनिधि बन्नका निम्ति आव्हान

गरिएको छ । जसरी ख्रीष्टले हाम्रो सामु पिताको साँचो चरित्र प्रकट गर्नुभएको छ त्यसरी नै हामीले पनि संसारलाई ख्रीष्ट प्रकट गर्नुपर्नेछ जसले उहाँको कोमल करुणामयी प्रेमको बारेमा केहि पनि जान्दैनन् । येशूले भन्नुभयो, "जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरूलाई संसारमा पठाएको छु ।" "म तिनीहरूमा, अनि तपाईं ममा ... तपाईंले मलाई पठाउनुभएको हो भनी संसारले जानोस् ।" यूहन्ना १७:१८, २३ ।

**(२) जब हामी ख्रीष्टलाई पछ्याउन राजी हुन्छौं, हामी के भूमिका पूर्ण गर्नु पर्छ?**

***तिमीहरू नै हाम्रा सिफारिश-पत्र हौ, जो सबै मानिसहरूले चिन्न र पढ्न सक्ने गरी तिमीहरूका हृदयमा लेखिएको छ। 3 तिमीहरूले नै देखाउँदछौ, कि तिमीहरू ख्रीष्टका पत्र हौ, अर्थात् हाम्रो सेवाको फल, जुन पत्र मसीले होइन, तर जीवित परमेश्वरका आत्माले लेखिएको हो— ढुङ्गाका पाटीमा होइन, तर मासुका हृदय-पाटीमा। (२ कोरिन्थी ३:२-३)***

येशूले उहाँका हरेक सन्तानमार्फत् संसारको निम्ति एक पत्र पठाउनुहुन्छ । यदि तपाईं ख्रीष्टको चेला हुनुहुन्छ भने उहाँले तपाईंमार्फत् तपाईंको परिवार, गाउँ, गल्ली तथा तपाईं बस्नुहुने ठाउँको निम्ति

एक पत्र पठाउनुहुन्छ । तपाईंको हृदयमा बास गर्नुहुने येशू उहाँसित परिचित नहुने सबैसँग बोल्ने इच्छा राख्नुहुन्छ । सायद तिनीहरू बाइबल पढ्दैनन् होला, वा यसको पृष्ठहरूमार्फत् तिनीहरूसित बोल्दै गरेको आवाजलाई सुन्दैनन् होला; तिनीहरू परमेश्वरका कार्यहरूमार्फत् उहाँको प्रेमलाई देख्दैनन् होला । तर यदि तपाईं येशूको साँचो प्रतिनिधि हुनुहुन्छ भने तपाईंमार्फत् तिनीहरूले उहाँको भलाईको बारेमा केही बुझ्नु सम्भव छ, र यसप्रकार उहाँलाई प्रेम गर्न तथा उहाँको सेवा गर्नका निम्ति तिनीहरूका आत्मालाई जित्न सकिनेछ ।

**(३) ईसाईको सेवामा र विश्वको ज्योति हुन् मा, के दुई विशेषताहरू हाम्रो जीवनले झल्काउनु पर्छ?**

***सन्तुष्टिसहितको भक्ति नै ठूलो लाभ हो। (१ तीमोथी ६:६)***

इसाईहरू स्वर्गतर्फ डोऱ्याउने बाटोमा बत्ती बोक्ने मानिसहरू जस्तै हुन् । तिनीहरूले ख्रीष्टमार्फत् आफूमाथि चम्किरहेको ज्योतिलाई संसारतर्फ प्रतिबिम्ब गर्नुपर्नेछ । तिनीहरूका जीवन र चरित्र यस्तो हुनुपर्नेछ कि तिनीहरूमार्फत् अरू मानिसहरूले ख्रीष्ट र उहाँको सेवाको बारेमा सही धारणा पाउन सक्नेछन् ।

यदि हामी ख्रीष्टको प्रतिनिधित्व गर्दछौं भने हामीले उहाँको सेवा जुन वास्तविक मात्रामा आकर्षक छ सोहि मात्रामा आकर्षक तुल्याउनेछौं । जुन इसाईहरूले आफ्नो आत्माभित्र नैराश्यपन र खिन्नता सँगाल्ने गर्दछन्, तथा गनगनाउने र गुनासो पोख्ने गर्ने गर्दछन् तिनीहरूले अरूका सामु परमेश्वर र इसाई जीवनको बारेमा झूटो प्रतिनिधित्व गरिरहेका हुन्छन् । तिनीहरू एक यस्तो भान दिने गर्दछन् कि परमेश्वर आफ्ना सन्तानहरूलाई खुशी रहेको देख्न प्रसन्न हुनुहुन्न, र यसै कुराद्वारा तिनीहरूले हाम्रा स्वर्गीय पिताको विरुद्धमा झूटो गवाही दिइरहेका हुन्छन् ।

**(४) कुन आधारभूत सिद्धान्तले हाम्रो मनलाई अविश्वास, निराशा अनि परमेश्वर बिरुद्ध शैतानको झूट बाट बचाउछ?**

***परमप्रभुमा भरोसा राख्नेहरू सियोन पर्वतझैँ छन्, जसलाई हल्लाउन सकिँदैन तर सदासर्वदै स्थिर रहन्छ। (भजन १२५:१)***

शैतान जब परमेश्वरका जनहरूलाई अविश्वास तथा नैराश्यतर्फ डोऱ्याउनमा सफल बन्नपुग्दछ तब ऊ अत्यन्त आनन्दित हुने गर्दछ । हामीले परमेश्वरप्रति अविश्वास प्रकट गरेको तथा

हामीलाई बचाउने उहाँको इच्छा तथा शक्तिमाथि शंका गरेको देख्नमा ऊ प्रसन्न रहन्छ । परमप्रभुले उहाँको विधिहरूमार्फत् हामीमाथि हानि ल्याउनुहुनेछ भनी हामीले महशुस गरेको देख्नमा शैतान खुशी रहन्छ । परमप्रभु कृपा र दयारहित हुनुहुन्छ भनी प्रदर्शन गर्नु नै शैतानको कार्य हो । परमप्रभुको सत्यताको बारेमा उसले झूटो वर्णन गर्दछ । उसले परमेश्वरको बारेमा हाम्रो विचारलाई गलत विचारहरूद्वारा भरिदिने गर्दछ; र हाम्रो
स्वर्गीय पितामा रहेको सत्यतामा अटल रहनुको सट्टा कैयौंपटक हामीले पनि आफ्नो मनलाई शैतानको असत्य कथनहरूमा केन्द्रित पार्ने गर्दछौं र यसरी परमेश्वरप्रति अविश्वासको भावना प्रकट गर्ने तथा उहाँको विरुद्धमा गनगनाउने क्रमद्वारा उहाँको अनादर गर्ने गर्दछौं । शैतानले सदा हाम्रो आध्यात्मिक जीवनलाई खिन्न तुल्याउने प्रयत्न गर्दछ । आध्यात्मिक जीवन परिश्रमपूर्ण र कठिन तवरको देखियोस् भनी शैतान इच्छा राख्दछ; र जब कुनै इसाईले आफ्नो जीवनमा धर्मको बारेमा यहि दृष्टिकोण प्रकट गर्ने गर्दछ तब उसले आफ्नो अविश्वासद्वारा शैतानको झूटो कुरालाई समर्थन गरिरहेको हुन्छ ।

**(५) पावल जस्तै, जिवन को कठिन यात्रा मा हाम्रो प्रतिक्रिया अनुभवबाट कस्तो हुनु पर्छ?**

***तर मलाई उहाँले भन्नुभयो, "मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ।" यसकारण ख्रीष्टको शक्ति ममा वास गरोस् भनेर म बरु मेरो दुर्बलतामा बढ़ी खुशीसाथ गर्व गर्नेछु। 10 यसकारण ख्रीष्टको खातिर दुर्बलताहरूमा, बदनामीहरूमा, कठिनाइहरूमा, सतावटहरूमा, आपद्‌हरूमा म सन्तुष्ट रहन्छु। किनकि जब म दुर्बल छु, तब म शक्तिशाली छु। (२ कोरिन्थी १२:९-१०)***

जीवनको मार्गमा हिँड्दैगरेका धेरै मानिसहरू आफ्ना भूल, असफलता तथा नैराश्यताहरूप्रति आफ्ना ध्यान जमाइराख्ने गर्दछन्, र तिनीहरूका हृदय शोक तथाह निराशाद्वारा भरिएका छन् । जब म यूरोपमा थिएँ त्यहाँ यहि अवस्थामा भएकी तथा गहिरो विपत्तिमा परेकी एक बहिनीले प्रोत्साहनका केहि वचनहरूका निम्ति अनुरोध गर्दै मलाई पत्र लेखेकी थिइन् । उनको पत्र पढिसकेपछिको रातमा मैले यो सपना देखें कि म एक बगैंचामा थिएँ, र बगैंचाको मालिकजस्तो देखिने एक व्यक्तिले मलाई

बगैंचाको बाटोहरूमा डोऱ्याउँदै थिए । मचाहिँ फूलहरू टिप्दै थिएँ तथा सुगन्धको आनन्द लिँदैथिएँ, जबकि यो बहिनी जो मेरो साथमै हिँडिरहेकी थिइन् तिनले मेरो ध्यानलाई त्यस काँढे झाडीतर्फ केन्द्रित गरिन् जसले उनको बाटोमा अवरोध उत्पन्न गरिरहेको थियो । त्यहाँ उनी दुःख तथा शोक व्यक्त गर्दै थिइन् । उनी पथप्रदर्शकलाई पछ्याउँदै बाटोमा हिँडिरहेकी थिइनन्, तर काँढे झाडी तथा काँढाहरूका बीचमा हिँडिरहेकी थिइन् । "त्यो सुन्दर बगैंचालाई काँढाहरूले नाश पारेको देख्नु कति दुःख लाग्दो कुरा होइन त ?" भन्दै उनले

आफ्नो दुःख पोखिन् । तब पथप्रदर्शकले यसो भने, "काँढाहरूलाई छाडिदिनुस्, किनकि यिनले तपाईंलाई चोटमात्रै पुऱ्याउनेछन् । गुलाफ, लिली फूलहरू तथा विभिन्न रङ्गका सुगन्धित फूलहरू टिप्नुहोस् ।" तपाईंको अनुभवमा केहि उज्यालो भागहरू आएनन् त ? के तपाईंको जीवनमा केहि यस्ता अमुल्य समयहरू आएनन् त जब तपाईंको हृदय परमेश्वरको आत्माको प्रत्युत्तरमा आनन्दका साथ धड्किनपुगेको थियो ? जब तपाईं आफ्नो जीवन अनुभवको अध्यायहरूतर्फ फर्किएर हेर्नुहुन्छ के तपाईं केहि सुखकर पृष्ठहरू भेट्टाउनुहुन्न त ? के परमेश्वका प्रतिज्ञाहरू तपाईंको बाटोको

किनारमा हुर्कंदै गरेका सुगन्धित फूलहरू जस्तै छैनन् र ? के तपाईं परमेश्वरको प्रतिज्ञाका सौन्दर्य र मिठासद्वारा आफ्नो हृदय भरिपूर्ण भएको देख्न चाहनुहुन्न त ? काँढे झाडी तथा काँढाहरूले तपाईंलाई केवल चोट पुर्‍याउने तथा विरक्त पार्नेछन्; र यदि तपाईं केवल यिनै कुराहरू बटुल्ने तथा अरूलाई पनि दिने गर्नुहुन्छ भने के तपाईं आफैले परमेश्वरको भलाईलाई उपेक्षा गर्नुको साथै आफ्ना छिमेकीहरूलाई पनि जीवनको मार्गमा हिँड्नुदेखि वञ्चित पार्दैहुनुहुन्न त । विगतका सबै अप्रिय स्मृतिहरू– यसका दुष्टता तथा निराशाहरूका बारेमा सम्झना गर्नु तथा निरुत्साहद्वारा डुब्नेगरि तिनका बारेमा बोल्नु तथा विलाप गर्नु विवेकशील कार्य होइन । एक निरुत्साहित व्यक्ति अन्धकारद्वारा भरिपूर्ण हुन्छ, जसले परमेश्वरबाट आउने ज्योतिलाई आफ्नो आत्माभित्र प्रवेश हुन दिनुबाट रोक लगाउँदछ र अरूका मार्गमा पनि छाया पारिदिन्छ ।

**(६) जब एक अनौंठो पापीले उद्धार बुझ्दछ उसको गवाही कस्तो हुन्छ?**

***त्यस दिन तिमीहरूले भन्नेछौ, "परमप्रभुलाई धन्यवाद देओ। उहाँको नाउँको पुकारा गर। उहाँले के गर्नुभएको***

***छ जाति-जातिहरूका बीचमा प्रचार गर। अनि उहाँको नाउँ उच्च पारिएको छ भनी घोषणा गर। (यशैया १२:४)***

परमेश्वरले हाम्रो सामु जुन उज्ज्वल चित्रहरू प्रस्तुत गर्नुभएको छ त्यसका लागि उहाँमा धन्यवाद चढाउनुहोस् । उहाँको प्रेमको धन्यका निश्चयताका निम्ति हामी एकत्रित बनौं ताकि हामी तिनलाई निरन्तररूपले हेरिरहनेछौं । परमेश्वरको पुत्रले आफ्नो ईश्वरत्वलाई मानवताद्वारा धारण गर्नुभई पिताको सिंहासन त्याग्नुभएको छ ताकि उहाँले मानवजातिलाई शैतानको शक्तिदेखि छुटकारा दिलाउन सक्नुहुनेछ । हाम्रो पक्षमा उहाँको विजय, मानिसका निम्ति स्वर्गको ढोका उघारिएको, मानव दृष्टिको निम्ति कृपा आसनमा अवस्थित पवित्र महिमा प्रकट गरिएको, पापको खाडलबाट उद्धार गरिएको पतित मानवजातिलाई असीमित परमेश्वरको सम्बन्धमा पुनः ल्याइएको, र हाम्रो उद्धारकर्तामाथिको विश्वासद्वारा ईश्वरीय जाँचलाई वहन गर्दै ख्रीष्टको धार्मिकता धारण गरी उहाँको सिंहासनसम्मै उचालिनु– यी नै यस्ता दृष्यहरू हुन् जसमाथि हामीद्वारा मनन गरिएको परमेश्वर देख्न चाहनुहुन्छ ।

**(७) कुनै शंका बाहेक, कसरी प्रभुले हामीलाई प्रेम गर्ने प्रमाण गर्नु भयो?**

***जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र? (रोमी ८:३२)***

जब हामी परमेश्वरको प्रेमप्रति शंका गर्दछौं र उहाँका प्रतिज्ञाहरूमाथि अविश्वास प्रकट गर्दछौं तब हामीले उहाँको अनादर गरिरहेका हुन्छौं तथा पवित्र आत्मालाई दुःखी तुल्याउँदछौं । यदि कुनै एक आमालाई उनकै सन्तानहरूले तिनीहरूलाई उचितरूपमा हेरचाह नगरेकी रूपमा तिनको बारेमा निरन्तररूपमा गुनासो गरिरहेका खण्डमा उनले कस्तो महशुस गर्नेछिन् होला, जबकि उनको जीवनको सारा परिश्रम तिनीहरूकै चाहनाहरूलाई पूरा गर्न तथा तिनीहरूकै सुविधाका निम्ति समर्पित गरिएका थिए ? यदि तिनीहरूले आफ्नै आमाको प्रेमप्रति शंका व्यक्त गरेका खण्डमा यसले उनको मनलाई छिया छिया पार्नेछ । आफ्नै सन्तानहरूद्वारा यसरी व्यवहार गरिएको खण्डमा

कुनै अभिभावकहरूले कस्तो महशुस गर्नेछन् होला त ? जुन प्रेमले हाम्रा परमेश्वर पितालाई हामीले जीवन पाऔं भनी उहाँका एकमात्र पुत्र दिन अगुवाइ गर्‍यो त्यहि प्रेमप्रति हामी आशंका गर्दछौं

भने उहाँले कसरी हाम्रो बारेमा ध्यान दिनुहुनेछ त ?

**(८) किन हामी शंकाको विचारमा बस्नु हुदैन वा अरूको साथ कुनै पनि आत्मिक मामलाको सन्दर्भमा शंका बाँड्नु हुदैन?**

*हामी कोही पनि आफ्नै निम्ति बाँच्दैनौं र कोही पनि आफ्नै निम्ति मर्दैनौं। (रोमी १४:७)*

*यसैकारण हामी एउटाले अर्कालाई अब उसो इन्साफ नगरौं। बरु आफ्नो भाइको बाटोमा ठेस लाग्ने कुरो अथवा बाधा पार्ने कुरो कहिल्यै नराख्ने अठोट गरौं। (रोमी १४:१३)*

*तर होशियार होओ, तिमीहरूको यो स्वतन्त्रता दुर्बलहरूका निम्ति ठोकरको कारण नबनोस्। (१ कोरिन्थी ८:९)*
*अब यसरी आफ्ना भाइहरूका विरुद्धमा पाप गर्दा र तिनीहरूका दुर्बल विवेकलाई चोट लाउँदा तिमीहरू ख्रीष्टको विरुद्धमा पाप गर्दछौ। (१ कोरिन्थी ८:१२)*

यस प्रकारका विचारहरूले तपाईंकै आत्मालाई हानि पुऱ्याईरहेको छ; किनकि तपाईंले उच्चारण गर्नुहुने शंकाको प्रत्येक शब्दले शैतानका परीक्षाहरूलाई निम्त्याइरहेको हुन्छ; यसले तपाईंमा शंका

गर्ने प्रवृत्तिलाई मजबुत तुल्याइरहेको छ र यसले तपाईंमार्फत् सेवा गर्ने स्वर्गदूतहरूलाई दुःखी तुल्याइरहेको छ । जब शैतानले तपाईंलाई परीक्षामा पार्दछ तब शंका वा अन्धकारका एक शब्द पनि उच्चारण नगर्नुहोस् । यदि तपाईंले शैतानको सुझावहरूका निम्ति ढोका उघार्ने रोजाइ गर्नुभएको खण्डमा तपाईंको मस्तिष्क सन्देह तथा विद्रोही प्रश्नहरूद्वारा भरिनेछ । यदि तपाईं आफ्ना भावनाहरूलाई व्यक्त गर्दै बोल्नुहुन्छ भने तपाईंले व्यक्त गर्नुहुने प्रत्येक शंकाले केवल तपाईंमाथि मात्र प्रतिक्रिया गर्नेछैन, तर यो एक यस्तो बीउ हो जुन अन्य व्यक्तिहरूका जीवनमा पनि उम्रनेछ तथा फल फलाउनेछ, र तपाईंका वचनका प्रभावहरूलाई प्रतिकार्य गर्न असम्भव पनि ठहरिन सक्नेछ । स्वयम् तपाईं आफै त परीक्षणकाल तथा शैतानको पासोदेखि छुटकारा पाउन सक्षम बन्नुहुनेछ होला, तपाईंको प्रभावद्वारा बहकिएका मानिसहरू तपाईंले सुझाव दिनुभएको अविश्वासदेखि छुटकारा पाउनमा असफल पनि हुन सक्नेछन् । तसर्थ जुन कुराहरूले आत्मिक शक्ति तथा जीवन प्रदान गर्दछ सो मात्र बोल्नु हाम्रो लागि अति आवश्यक छ ।

**(९) हाम्रो बातचीतहरूले के बोक्नु पर्छ जसले मुक्तिको कुरा प्रकट गर्दछ?**

***धन्यवाद बलि चढ़ाउनेले नै मेरो महिमा गर्दछ, र त्यसले मार्ग सुधार्छ, यसरी म त्यसलाई परमेश्वरको मुक्ति देखाउनेछु। (भजन ५०:२३)***

संसारलाई तपाईंले आफ्नो स्वर्गीय परमेश्वरको बारेमा कस्तो प्रकारको विवरण दिंदै हुनुहुन्छ भनी स्वर्गदूतहरूले ध्यानपूर्वक सुनिरहेका छन् । तपाईंको वार्तालापको प्रसंग ख्रीष्टकै विषयमा केन्द्रित रहोस् जो तपाईंको निम्ति पिताको सामु मध्यस्थताको प्रार्थना चढाउन सदैव जीवित रहनुहुन्छ । जब तपाईं कुनै एक मित्रसित हात मिलाउनुहुन्छ तब तपाईंको ओंठ तथा हृदय परमेश्वरप्रतिको प्रशंसायुक्त शब्दहरूद्वारा भरिपूर्ण भएको होस् । यसले त्यस मित्रको विचारलाई येशूतर्फ आकर्षित पार्नेछ ।

**(१०) शंका र निराशापन बारे बाइबलले हामीलाई के सल्लाह दिन्छ?**

***गनगन अथवा वाद-विवाद नगरी सबै काम गर्दैजाओ, (फिलिप्पी २:१४)***

हरेक व्यक्तिको जीवनमा परीक्षा, सहन मुश्किल ठहरिने शोकहरू, तथा प्रतिकार गर्न कठिन सावित हुने प्रलोभनहरू आइपर्छन् । तपाईंले आफ्ना

दुःख कष्टहरू मरणशील मानवजातिलाई नबताउनुहोस्, तर सबैथोक प्रार्थनाका साथ परमेश्वरकहाँ लैजानुहोस् । शंका तथा निरुत्साहको एक शब्द पनि उच्चारण नगर्ने एक नियम नै बनाउनुहोस् । आशा तथा पवित्र प्रसन्नताका वचनहरूद्वारा अन्य मानिसहरूका जीवनलाई उज्यालो पार्न तथा तिनीहरूका प्रयत्नहरूलाई मजबुत तुल्याउन तपाईंले ठूलो योगदान पुऱ्याउन सक्नुहुनेछ । धेरै मानिसहरू परीक्षाको बोझद्वारा दबिएका तथा स्वयम् आफ्नै दुष्टताको शक्ति विरुद्धको संघर्षद्वारा शिथिल बन्नपुगेका छन् । यस्तो व्यक्तिलाई उसको कठिन संघर्षमा निरुत्साहित नतुल्याउनुहोस् । उसलाई पराक्रमी तथा आशाजनक वचनहरूद्वारा प्रसन्न तुल्याउनुहोस् जसले उसको जीवनयात्रामा प्रेरित गर्नेछ । यसरी तपाईंमार्फत् ख्रीष्टको ज्योति चम्किनेछ । “हामी कोहि पनि आफ्नै निम्ति बाँच्दैनौं ।” रोमी १४:७ । हाम्रो अज्ञात प्रभावद्वारा अन्य मानिसहरू प्रोत्साहित तथा मजबुत बन्न सक्नेछन् वा तिनीहरू निरुत्साहित भई ख्रीष्ट तथा सत्यतादेखि पछि हट्न पनि सक्नेछन् ।

**(११) कसको उपस्थितिमा खुशी र आनन्द को पूर्णता छ?**

*तपाईंले मलाई जीवनको मार्ग देखाउनुभएको छ। तपाईंको उपस्थितिद्वारा तपाईंले आनन्दले मलाई गद्गद् पार्नुहुनेछ। तपाईंको दाहिने बाहुलीमा अनन्त आनन्द छ। (भजन १६:११)*

कैयौं मानिसहरूले ख्रीष्टको जीवन र चरित्रको बारेमा गलत विचार लिने गरेका छन् । तिनीहरू यो विचार लिने गर्दछन् कि उहाँ न्यानोपन तथा उज्यालोपनरहित हुनुहुन्थयो, कि उहाँ कठोर, उग्र तथा हर्षरहित हुनुहुन्थ्यो । कैयौं अवस्थाहरूमा सारा धार्मिक अनुभवलाई नै यसप्रकारका खिन्न विचारधाराहरूद्वारा पोतिएको हुन्छ ।

कैयौंपटक यसो भनिएको छ कि येशू रुनुभयो, र उहाँकदापि मुस्कुराउनुभएन । हाम्रो मुक्तिदाता वास्तवमै दुःखी हुनुहुन्थ्यो, र दुःखसित परिचित हुनुहुन्थ्यो, किनकि उहाँले आफ्नो हृदयलाई मानिसहरूका दुःख कष्टहरूप्रति खोल्नुभएको थियो । तर यद्यपि उहाँको जीवन आत्मत्यागले पूर्ण तथा पीडा र फिक्रीद्वारा ढाकिएको थियो तैपनि उहाँको आत्मा चूर्ण बन्नपुगेको चाहिँ थिएन । उहाँको चेहराले शोक र असन्तुष्टिको अभिव्यक्ति धारण गरेको थिएन, तर सदा शान्तमय निर्मलताले भरिपूर्ण हुने

गर्दथ्यो । उहाँको हृदय जीवनको मुहान् थियो, र उहाँ जता-जता जाने गर्नुहुन्थ्यो त्यहाँ विश्राम र शान्ति, आनन्द र प्रशन्नता पुऱ्याउनुहुन्थ्यो ।

हाम्रो मुक्तिदाता अत्यन्तै गम्भीर तथा उत्सुक हुनुहुन्थ्यो तर कहिल्यै पनि खिन्न वा उदासचाहिँ रहनुभएन । ज-जसले उहाँको अनुकरण गर्दछन् तिनीहरूका जीवन उत्सुक उद्‌देश्यद्‌वारा भरिपूर्ण हुनेछन्; तिनीहरूसँग व्यक्तिगत उत्तरदायित्वको एक गहिरो चेतना हुनेछ । अस्थिरतालाई दमन गरिनेछ; त्यहाँ कुनै उत्ताउलो मोजमज्जा तथा अशिष्ट खेलाँची हुनेछैन; तर ख्रीष्टले दिनुहुने धर्मले एक नदीले झैं शान्ति प्रदान गर्दछ । यसले आनन्दको ज्योतिलाई निभाउँदैन; यसले प्रसन्नतालाई बन्देज गर्दैन न त उज्यालो, हँसिलो मुहारलाई अँध्यारो नै पार्ने गर्दछ । ख्रीष्ट सेवा पाउनलाई होइन तर सेवा गर्न आउनुभयो; र जब उहाँको प्रेमले हृदयमा शासन गर्दछ तब हामीले उहाँको उदाहरणलाई पछ्याउनेछौं ।

***धन्यबाद मेरा पिता, मलाई तपाईको प्रेम देखाउनु भएको मा तपाईंको छोराको उपहारमा शंकाको छाया बाहिर मेरो छुटकाराको लागि. म येशूमा रहन रोज्छु र म आनन्द लिन सक्छु जुन उहाँले मलाई दिन चाहनुहुन्छ.***

गोलाकारः हो अनिर्णित

*म "क्रिश्चियन" नाम पाएको सम्मानलाई स्वीकार गर्दछु र अरूलाई खुशी, शान्ति, उहाँमा रहँदा प्राप्त हुने खुशी प्रकट गर्न छनौट गर्दछु ।*

गोलाकारः हो अनिर्णित

*म प्रभुमा भरोसा गर्न छनौट गर्दछु किनकि मलाई थाहा छ कि उहाँमा विश्वास गर्नु भनेको शैतानको झूट र अविश्वासबाट मेरो सुरक्षाको एकमात्र स्रोत हो।*

गोलाकारः हो अनिर्णित

*म मेरो वरपरको मानिसहरूलाई प्रोत्साहन र प्रोत्साहित गर्न मेरो लक्ष्य हो ताकी तिनीहरू निराश र अविश्वासमा डुब्नेछैनन्।*

गोलाकारः हो अनिर्णित



## पाठ १६
## अहिले अनि सदाको लागि आनन्द

**(१) जब हामीलाई अरूले अपमान गर्छ हामीले के गर्नु पर्छ?**

*जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ। (एफिसी ४:३१)*

*मानिसको बुद्धिले त्यसलाई धैर्य दिन्छ, चित्त दुखाइका कुराप्रति आँखा चिम्लनु त्यसको लागि महिमा हो। (हितोपदेश १९:११)*

यदि हामीले अन्य मानिसका कठोर तथा अन्यायी व्यवहारहरूलाई सर्वोच्च प्राथमिकता दियौं भने जसरी ख्रीष्टले हामीलाई प्रेम गर्नुभएको छ त्यसरी नै

हामीले तिनीहरूलाई प्रेम गर्न असम्भव पाउनेछौं; तर यदि हाम्रा विचारहरू हामीप्रति ख्रीष्टको अचम्मको प्रेम तथा करुणाप्रति केन्द्रित रहेको खण्डमा यहि आत्मा अन्य मानिसहरूसम्म पनि बहेर जानेछन् । हामीले अन्य मानिसहरूका भूल तथा अपूर्णताहरूका पर्वाह नगर्दै तिनीहरूलाई प्रेम तथा आदर गर्नुपर्नेछ, जुन भूल तथा अपूर्णताहरूका निम्ति हामी केहि पनि गर्न सक्नेछैनौं । नम्रता तथा आत्मअविश्वासको भावनालाई विस्तार गरिनुपर्छ, र अन्य मानिसहरूका भूलहरूप्रति धैर्य कोमलताको भावना व्यक्त गरिनुपर्छ । यसले सारा संकुचित स्वार्थिपनलाई नष्ट पार्नेछ, र हामीलाई उदार बनाउनेछ ।

**(२) निराशाको प्रभावकारी प्रसार बाट हामीले आफुलाई कसरी रोक्न पर्छ?**

***आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख्, र तेरो आफ्नै समझशक्तिमा भर नपर् (हितोपदेश ३:५)***

भजनसंग्रहका लेखक भन्दछन्, “परमप्रभुमा भरोसा राख र भलाई गर, त्यसरी देशमा रहेर सुरक्षाको उपभोग गर्नेछौ ।” भजन ३७:३ । “परमप्रभुमा भरोसा राख्नुहोस् ।” प्रत्येक दिनको आफ्नै

बोझ, फिक्री तथा संकष्टहरू छन्; र जब हामी यी सबैको सामना गर्दछौं तब हामी आफ्ना कठिनाइ तथा परीक्षाहरूका बारेमा बोल्न अति तत्पर रहन्छौं । अनुकरण गरिएका असंख्य कष्टहरूले हामीलाई दखल पुर्‍याउँदछन्, हामी असंख्य त्रासहरूमा अल्झिने गर्दछौं, हामी यति बढी फिक्री गर्ने गर्दछौं कि कुनै एक व्यक्तिले यसरी अनुमान लगाउन पनि सक्नेछ कि हामीसित हाम्रा सारा बिन्तीहरू सुन्नका निम्ति तथा खाँचोको प्रत्येक पलहरूमा हामीलाई तुरुन्तै मद्दत गर्नका निम्ति तथा संकष्टमा सधैं हाजिर रहने करुणामयी तथा प्रेमिलो मुक्तिदाता हुनुहुन्न ।

**(३) परमेश्वरले हामीलाई कुनै पनि परिस्थितिमा त्याग्नु हुन्न भनेर कुन प्रतिज्ञा बाट थाहा लाग्छ?**

***तिमीहरूका जीवन रुपियाँपैसाको मोहबाट अलग्ग राख। तिमीहरूसँग भएका कुरामा सन्तुष्ट बस, किनकि उहाँले भन्नुभएको छ, "म तिमीहरूलाई कुनै रीतिले छोड्नेछैनँ, म तिमीहरूलाई त्याग्नेछैनँ।" (हिब्रू १३:५)***

कुनै मानिसहरू सदा डराउने तथा अरूबाट कष्ट सापट लिने गर्दछन् ।

प्रत्येक दिन तिनीहरू परमेश्वरको प्रेमका संकेतहरूद्वारा घेरिनपुगेका छन्; प्रत्येक दिन तिनीहरू उहाँको उपहार भोग गर्ने गर्दछन् तर पनि तिनीहरू यी वर्तमान आशिषहरूलाई बेवास्ता गर्ने गर्दछन् । तिनीहरूका मन निरन्तररूपमा कुनै अप्रिय कुरामाथि केन्द्रित रहेको हुन्छ जुन तिनीहरूमाथि आइपर्नेछ भनी तिनीहरू डराउँदछन्; अथवा कुनै संकट वास्तवमै विद्यमान रहेको हुन सक्छ जुन यद्यपि सानो भएतापनि यसले तिनीहरूका आँखालाई धेरै यस्ता कुराहरूप्रति अन्धो तुल्याउन सक्दछ जसले कृतज्ञताको माग गर्दछ । तिनीहरू जुन संकटहरूका सामना गर्दछन् तिनले तिनीहरूलाई आफ्ना सहायताको एकमात्र मुहान् परमेश्वरतर्फ बढाउनुको सट्टा उहाँबाटै अलग पार्दछन् किनकि ती कुराहरूले अशान्ति तथा असन्तुष्टिको भावना जगाइदिने गर्दछ ।

के यसरी नै अविश्वासी बनिरहनु हाम्रो निम्ति उचित छ त ? हामी किन अकृतज्ञ तथा अविश्वासी बन्ने ? येशू हाम्रा मित्र हुनुहुन्छ, सारा स्वर्ग नै हाम्रो कल्याणप्रति इच्छुक रहेको छ । दैनिक जीवनका अन्योल तथा चिन्ताहरूद्वारा हाम्रो मनलाई पिराल्ने तथा चेहरालाई अँध्यारो तुल्याउने अनुमति दिइनुहुन्न । यदि हामी यसो गर्दछौं भने हामीसँग चिढाउने तथा कष्ट दिने केहि न केहि

कुराहरू सदारहिरहनेछन् । जुन चिन्ताले हामीलाई केवल आजित पार्ने तथा थकाउने मात्र गर्दछ, तर परीक्षाहरूका सामना गर्नमा हामीलाई सहायता गर्दैनन् त्यसमा हामी अल्झिनुहुँदैन ।

**(४) यदि हामी उहालाई स्वीकार र विश्वास गर्छौं भने प्रभुले हाम्रो लागि के गर्नुहुनेछ?**

***आफ्ना सारा मार्गमा उहाँलाई सम्झी, र उहाँले तेरा मार्गहरू सोझा तुल्याइदिनुहुनेछ। (हितोपदेश ३:६)***

सायद तपाईं आफ्नो व्यापारमा जेलिनुभएको छ होला; तपाईंका आशाहरू झन् झन् अन्धकार बन्दैगएका छन् होला तथा तपाईंले हानि पनि बेहोर्नुपर्नेछ होला; तर निरुत्साहित नबन्नुहोस्, आफ्ना फिक्रीहरू परमेश्वरमा सुम्पनुहोस्, र शान्त तथा प्रसन्न हुनुहोस् । आफ्ना व्यवसायहरूलाई विवेकशील तरिकाले व्यवस्थापन गर्नका निम्ति ज्ञानको माग गर्दै प्रार्थना गर्नुहोस् र यसरी नोक्सान तथा विपत्ति रोक्नुहोस् । अनुकूल परिणामका निम्ति आफ्नो सामर्थ्यले भ्याएसम्म सक्दो प्रयास गर्नुहोस् । येशूले सहायताको निम्ति प्रतिज्ञा गर्नुभएको छ, तर हाम्रो प्रयासविना उहाँले सहायता गर्न सक्नुहुनेछैन । हाम्रा मद्दतकर्ता

परमप्रभुमाथि भरोसा राख्ने क्रममा तपाईंले आफ्नो तर्फबाट गर्न सकिने जति सबै कुरा सम्पादन गर्नुभएको छ, अब प्रसन्नताका साथ प्रतिफल ग्रहण गर्नुहोस् ।

**(५) जब हामे परिक्षामा पर्छौं, कस्तो प्रोत्साहन दिनुहुन्छ प्रभुले हामीलाई दिनुहुन्छ?**

***मैले तिमीहरूलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरूलाई शान्ति होस्। संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु।" (यूहन्ना १६:३३)***

परमेश्वरका जनहरू फिक्रीको बोझद्वारा लादिएर बसून् भन्ने उहाँको इच्छा होइन । हाम्रा परमप्रभुले हामीलाई धोखा दिनुहुन्न । उहाँ हामीलाई "नडराऊ, त्यहाँ तिम्रो पथमा कुनै खतराहरू छैनन्" भनी बताउनुहुन्न । उहाँलाई थाहा छ कि त्यहाँ परीक्षा तथा खतराहरू छन्, र उहाँ हाम्रो साथ स्पष्टरूपमा व्यवहार गर्नुहुन्छ । उहाँ आफ्ना जनहरूलाई यस पाप र दुष्टताको संसारदेखि बाहिर लैजाने प्रतिज्ञा गर्नुहुन्न, तर उहाँ तिनीहरूलाई एक अचूक आश्रय देखाउनुहुन्छ । आफ्ना चेलाहरूका निम्ति उहाँले गर्नुभएको प्रार्थना यस प्रकार थियो, "तपाईंले तिनीहरूलाई

संसारबाट लैजानुहोस् भनी म प्रार्थना गर्दिन, तर तिनीहरूलाई दुष्टबाट सुरक्षित राखिदिनुहोस् ।”

**(६) हाम्रो दैनिक आवश्यकताहरू विचार गर्दै हामी के दावी गर्न सक्छौं?**

***तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्। (मत्ती ६:३३)***

डाँडाको उपदेशमा ख्रीष्टले आफ्ना चेलाहरूलाई परमेश्वरमाथि भरोसा गर्नुपर्ने आवश्यकताका बारेमा अमूल्य पाठहरू सिकाउनुभयो । ती पाठहरू परमेश्वरका जनहरूलाई सबै युगमा प्रोत्साहित गर्ने हेतुले रचिएका थिए र निर्देशन तथा सान्त्वनाले भरपूर ती पाठहरू यस वर्तमान कालसम्मै आइपुगेका छन् । मुक्तिदाता आफ्ना चेलाहरूलाई चिन्ताको वशमा नपरी आफ्ना प्रशंसाका स्तुतिगान गाउँदै गरेका आकाशका चराचुरुङ्गीहरूतर्फ औंल्याउँदै यसो भन्नुहुन्छ, “ती न त बीउ छर्दछन्, न कटनी गर्दछन् ।” तर पनि महान् पिताले तिनीहरूका खाँचोहरूलाई पूरा गर्नुहुन्छ । मुक्तिदाता प्रश्न गर्नुहुन्छ, “के तिमीहरू तीभन्द धेरै मूल्यवान् होइनौ र ?” मत्ती ६:२६ । मानिस तथा पशुपक्षीहरूका महान् प्रबन्धक आफ्नो

मुट्ठी खोल्नुहुन्छ र आफ्ना सारा सृष्टिका खाँचोहरूलाई पूर्ति गर्नुहुन्छ । आकाशका चराचुरुङ्गीहरू उहाँको ध्यानदेखि पर छैनन् । उहाँले ती चराचुरुङ्गीहरूका मुखमै आहारा त खसाल्नुहुन्न तर तिनीहरूका खाँचोहरूका निम्ति बन्दोबस्त गर्नुहुन्छ । तिनीहरूका निम्ति उहाँले जुन दाना छर्नुभएको छ त्यसलाई तिनीहरूले बटुल्नुपर्नेछ । आफ्ना स-साना गुँडहरूका निम्ति तिनीहरूले सामग्री तयार बटुल्नुपर्नेछ । तिनीहरूले आफ्ना बचेराहरूलाई खुवाउनुपर्नेछ । तिनीहरू गीत गाउँदै आफ्ना दिनचर्याका निम्ति निस्कने गर्दछन् किनकि "तिमीहरूका स्वर्गीय पिताले तिनीहरूलाई खुवाउनुहुन्छ ।" र "तिमीहरू तीभन्दा बढी मूल्यवान् होइनौ र ?" के तपाईं बुद्धिमान् तथा आत्मिक उपासकका हैसियतले आकाशका चराचुरुङ्गीहरूभन्दा मूल्यवान् हुनुहुन्न त ? उहाँ जो हाम्रो अस्तित्वको रचनाकार तथा हाम्रो जीवनको रक्षक हुनुहुन्छ, जसले हामीलाई उहाँकै ईश्वरीय स्वरूपमा रच्नुभयो, के हामीले उहाँमाथि भरोसा राख्यौं भने उहाँले हाम्रा आवश्यकताहरू पूरा गर्नुहुने छैन त ?

**(७) उनको प्रेम र वास्ता लाई आश्वासनको रूपमा बुझदा ख्रिष्टले हामीलाई के बिचार गर्न आग्रह गर्दछ?**

*““अनि लुगाफाटाका निम्ति तिमीहरू किन फिक्री गर्दछौ? मैदानका लिली फूललाई हेर, ती कसरी बढ्दछन्। तिनले न परिश्रम गर्दछन्, न धागो कात्छन्। 29तर म तिमीहरूलाई भन्दछु, सोलोमन राजा पनि आफ्ना सारा वैभवमा तिनीहरूमध्ये एउटा जति आभूषित थिएनन्। 30आज हुने र भोलि अगेनोमा फालिने घाँसलाई परमेश्वरले यसरी पहिराउनुहुन्छ भने, ए अल्पविश्वासी हो, के तिमीहरूलाई झन् बढ़ी उहाँले पहिराउनुहुनेछैन र? (मत्ती ६:२८-३०)*

खीष्टले उहाँका चेलाहरूलाई मैदानमा सर्वत्र फुलिरहेका फूलहरू देखाउनुभयो जुन सरल सौन्दर्यका साथ चम्किरहेका थिए र जुन हाम्रा स्वर्गीय पिताले मानवजातिप्रति उहाँको प्रेमको अभिव्यक्तिको रूपमा तिनीहरूलाई दिनुभएको थियो । उहाँले भन्नुभयो, “मैदानका लिली फूललाई हेर, ती कसरी बढ्दछन् ।” (KJV) यी प्राकृतिक फूलहरूका सौन्दर्य तथा सरलताले सोलोमनको वैभवलाई कैयौं गुणाले जित्दछन् । मानिसको कलाद्वारा रचिएको सबैभन्दा रवाफिलो वस्त्रले परमेश्वरको सृष्टिका फूलहरूका प्राकृतिक शोभा तथा उज्ज्वल सुन्दरतासित समानता पाउन सक्दैनन् । येशू प्रश्न गर्नुहुन्छ, “आज हुने र भोलि अगेनोमा

फालिने घाँसलाई परमेश्वरले यसरी पहिराउनुहुन्छ भने, हे अल्पविश्वासी हो, के तिमीहरूलाई झन् बढी उहाँले पहिराउनुहुने छैन र ?" मत्ती ६:२८, ३० । परमेश्वरले एक दिव्य कालिगढको हैसियतले एक दिनमै नाश भएर जाने सरल फूलहरूलाई आकर्षक तथा विविध रङ्गहरूले सजाउनुहुन्छ भने स्वयम् उहाँकै स्वरूपमा सृजनुभएको मानवजातिका निम्ति कति बढ्ता मात्रामा फिक्री गर्नुहुनेछ होला त ? ख्रीष्टको यो पाठ व्याकुल चिन्तन, र विश्वासहीन हृदयको अन्योल तथा शंकाविरुद्ध हपकी हुन् ।

परमप्रभु उहाँका सारा जनहरू खुशी, शान्त, तथा आज्ञाकारी रहेको देख्न चाहनुहुन्छ । येशू भन्नुहुन्छ, "शान्ति म तिमीहरूसँग छोडिराख्छु, म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु । संसारले दिएजस्तो म तिमीहरूलाई दिँदिन । तिमीहरूको हृदय व्याकुल नहोस्, र भयभीत नहोस् ।" "मैले यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरूमा होस्, र तिमीहरूको आनन्द भरिपूर्ण होस् ।" यूहन्ना १४:२७; १५:११ ।

**(८) कुन ६ वटा त्याग र सेवाको व्यावहारिक कार्यहरू जुन हामी, प्रेममा,**

**परमेश्वरका लागि गर्न सक्दछौं अरूलाई मद्दत गर्न र, फिर्ता मा, खुशी र सत्यता पूर्ण गर्न होला?**

***"अन्यायको बन्धन फुकाल्न, जुवाको डोरी फुकाल्न, र अत्याचारमा परेकाहरूलाई मुक्त गराउन, हरेक जुवा भाँचिदिन मैले चुनेको किसिमको उपवास यही होइन र? 7आफ्नो भोजन भोकासित बाँड़चूँड़ गर्नु, र घर नभएका गरीबहरूलाई शरण दिनु— नाङ्गोलाई देखेर लुगा लगाइदिनु, र आफ्नो जात-भाइहरूबाट नलुक्नु, होइन र? (यशैया ५८:६-७)***

स्वार्थी उद्देश्यका साथ कर्तव्य पथदेखि बाहिर खोजी गरिने सुख असन्तुलित, अशान्त तथा अस्थायी हुन्छ; यसप्रकारको सुख बितेर जान्छ, र आत्मा एक्लोपन तथा शोकद्वारा भरिपूर्ण हुन पुग्दछ; तर परमेश्वरको सेवामा आनन्द तथा सन्तुष्टि छ; कुनै एक ईसाईलाई कुनै अनिश्चित मार्गहरूमा हिँड्नका निम्ति एक्लो छाडिनेछैन; उसलाई व्यर्थको पछुतो तथा नैराश्यताहरूमा एक्लो त्यागिनेछैन । यदि हामी यस जीवनमा आनन्द हासिल गर्न असफल भएतापनि हामी भविष्यको जीवनतर्फ दृष्टि लगाउँदै आनन्दित बन्न सक्नेछौं ।

**(९) जब हामी क्रिष्टको साथ संगतिमा रमाइरहेका हुन्छौं र सुसमाचार साझेदारी गर्दै गरेका हुन्छौ, हाम्रो लागि सान्तवनाको प्रतिज्ञा के हुन्छ?**

*... मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु।" (मत्ती २८:२०)*

तर यस संसारमै पनि इसाईहरूले ख्रीष्टमा आनन्दमयी सम्पर्क प्राप्त गर्न सक्नेछन्; तिनीहरूले उहाँको प्रेमको ज्योति तथा उहाँको उपस्थितिको अटुट सान्त्वना प्राप्त गर्न सक्नेछन् । जीवनको प्रत्येक कदमले हामीलाई येशूको अझ नजिक ल्याउन सक्नेछ, हामीलाई उहाँको प्रेमको अझ गहिरो अनुभव प्रदान गर्नेछ, र हामीलाई शान्तिको स्वर्गीय घरतर्फ एक कदम नजिक पुऱ्याउनेछ । तसर्थ हामीले आफ्नो दृढतालाई नत्यागौं, तर विगतका आत्मविश्वासभन्दा मजबुत आत्मविश्वास धारण गरौं । "परमप्रभुले यहाँसम्म हामीलाई सहायता गर्नुभएको हो," र उहाँले हामीलाई अन्तसम्म नै सहायता गर्नुहुनेछ । १ शमूएल ७:१२

**(१०) विगतमा हामीले पाएको आशीर्वादलाई हामीले किन सँधै मनमा ताजा राख्नु पर्छ?**

*तर होशियार बस र आफ्नो मनलाई सचेत राख, ताकि तिमीहरूले आँखाले देखेका कुराहरू नबिर्स र ती तिमीहरूको सारा जीवनभरि तिमीहरूको मनदेखि नहटून्। ती तिमीहरूका छोराछोरीहरू र नाति-नातिनाहरूलाई सिकाओ। (व्यवस्था ४:९)*

परमप्रभुले हामीलाई सान्त्वना दिनका निम्ति तथा हामीलाई विध्वंसकहरूका हातदेखि बचाउनका निम्ति जे-जति गर्नुभयो त्यसको स्मरणस्वरूप खडा स्मारक स्तम्भहरूतर्फ हेरौं । परमेश्वरले हामीप्रति प्रकट गर्नुभएका सबै महान् करुणाहरू, – उहाँले पुछ्नुभएको आँसु, उहाँले शान्त पार्नुभएको पीडा, हटाइएका अन्योलहरू, धपाइएका भयहरू, पूर्ति गरिएका खाँचोहरू, प्रदान गरिएका आशिषहरू – यी सबै कुराहरूलाई स्मरणमा ताजा राखौं । यसरी हामीले आफ्नो सामु रहेको शेष तीर्थयात्राको निम्ति स्वयम् आफैलाई मजबुत तुल्याऔं ।

**(११) हामी परीक्षाहरूमा रहदा कस्तो प्रतिज्ञा हामी दाबी गर्न सक्छौं?**

*मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। तर परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा*

*पर्न दिनुहुनेछैन, तर तिमीहरूले सहन सकून् भनेर परीक्षाको साथसाथै उम्कने बाटो पनि दिनुहुन्छ। यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ।(१ कोरिन्थी १०:१३)*

आउँदो संघर्षमा हामी नयाँ संकष्टहरूका प्रतिक्षा गर्नुसिवाय अरू केहि गर्न सक्नेछैनौं, तर हामीले अतीतमा के भयो र भविश्यमा के हुनेछ भनी हेर्न सक्नेछौं; र यसरी भन्न सक्नेछौं, “परमप्रभुले यहाँसम्म हामीलाई सहायता गर्नुभएको हो ।” १ शमूएल ७:१२ । “जस्तो तिम्रा दिन त्यस्तै तिम्रो शक्ति हुनेछ ।” व्यवस्था ३३:२५ । जे जस्तो परीक्षा हामीमाथि आइपरे तापनि तिनले वास्तवमा परीक्षाविरुद्ध सामना गर्ने हाम्रो शक्तिलाई नाघ्न सक्नेछैनन् । त्यसकारण हामीले जहाँ आफ्नो काम फेला पार्दछौं त्यहिँ यो विश्वास गर्दै यसलाई वहन गरौं कि चाहे जस्तोसुकै अवस्था किन आई नपरोस् हामीलाई परीक्षाको अनुपातमै शक्ति पनि दिइनेछ ।

**(१२) परीक्षाको हामी गवाही बन्दा र अनुभव भोग्नुपर्दा गाह्रो हुन्छ, कस्तो किसिमको आनन्द र सान्तवना उहामा छ**

*हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका*

*निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ। (रोमी ८:२८)*

**(१३) प्रभुको अनुग्रह पाएको हुनाले, के-कस्ता शानदार शब्दहरू सुन्न हामी अगाडि हेर्न सक्छौं?**

***"तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछ, 'आओ, मेरा पिताका धन्यका हो! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर (मत्ती २५:३४)***

शीघ्र नै परमेश्वरका जनहरूलाई ग्रहण गरिनका निम्ति स्वर्गका प्रवेशद्वारहरू खोलिनेछन्, र महिमाको राजाको ओंठबाट आउने आशिषका पुकारहरू तिनीहरूका कानमा सर्वोत्कृष्ट सङ्गीको रूपमा पर्नेछन् जब उहाँले यसो भन्नुहुनेछ, "आओ, मेरा पिताका धन्यका हो ! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर ।" मत्ती २५:३४ ।

तब उद्धार प्राप्त गरेका जनहरूलाई त्यस घरमा स्वागत गरिनेछ जुन घर येशू तिनीहरूका निम्ति तयार पार्दैहुनुहुन्छ । त्यहाँ तिनीहरूका मित्रहरू पृथ्वीका दुष्ट व्यक्तिहरू, झूट बोल्नेहरू, व्यभिचारीहरू, अपवित्र तथा अविश्वासी हुनेछैनन्; तर तिनीहरू ती व्यक्तिहरूका साथ सम्मिलित

हुनेछन् जसले शैतानमाथि विजय प्राप्त गरेका छन् र ईश्वरीय अनुग्रहमार्फत् पूर्ण चरित्र निर्माण गरेका छन् । जुन हरेक पापपूर्ण प्रवृत्ति तथा हरेक अपूर्णताहरूले तिनीहरूलाई यस पृथ्वीमा सताउने गर्दछन् ती सबैलाई ख्रीष्टको रगतद्वारा हटाइनेछ र सूर्यको चमकभन्दा कैयौं गुणा चहकिलो उहाँको श्रेष्ठता तथा उहाँको चरित्रको पूर्णता तिनीहरूमार्फत् चम्कनेछन् जुन बाहिरी गौरवभन्दा कैयौं गुणा उँचा हुनेछन् । तिनीहरू महान् उज्ज्वल सिंहासनको सामु निर्दोष ठहरिनेछन् र स्वर्गदूतहरूका प्रतिष्ठा तथा विशेषाधिकारका भागिदार बन्नेछन् ।

**(१४) जसरी राम्रो र नराम्रो को बीच ठूलो विवाद हुन्छ, कस्तो महत्त्वपूर्ण प्रश्न हामी आफूलाई सोध्नु पर्छ?**

***सारा जगत् प्राप्त गरेर पनि आफ्नो प्राण गुमायो भने, मानिसलाई के लाभ हुन्छ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ? (मत्ती १६:२६)***

जुन महिमित उत्तराधिकार मानिसले हासिल गर्न सक्नेछ त्यसलाई दृष्टिगत गर्दै "मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ ?" मत्ती १६:२६ । ऊ गरीब होला, तर उसले स्वयम् आफैमा एक यस्तो धन-सम्पत्ति तथा प्रतिष्ठाको प्रभुत्व

जमाएको छ जुन संसारले कदापि दिन सकेको थिएन । पापदेखि उद्धार गरिएको तथा पवित्र व्यक्ति आफ्नो सारा कुलीन शक्तिहरूका साथ परमेश्वरको सेवामा समर्पित रहन्छ, यस्तो व्यक्ति उत्कृष्ट महत्वको हुन्छ; र परमेश्वर र पवित्र स्वर्गदूतहरूका उपस्थितिमा एक उद्धार पाएको व्यक्तिमाथि आनन्द व्यक्त गरिन्छ, एक यस्तो प्रकारको आनन्द जुन पवित्र विजय गीतहरूमार्फत् प्रकट गरिन्छ ।

***मलाई थाहा छ कि यदि म मेरो आफ्नै विवेक र समझमा भरोसा राख्छु भने "निरुत्साहको लागि म बर्बाद भइसकेको हुन्छु। म उहाँप्रति वफादार प्रतिज्ञाको लागि आभारी छु र मलाई उहाँको राज्यमा डोर्याउनको लागी पनि ।***

**गोलाकारः हो अनिर्णित**

***म सधैं मेरो विगतका आशिष्हरू दिमागमा राख्र छनौट गर्दछु त्यसैले म मेरो वर्तमान र मेरो भविष्यमा उहाँको नेतृत्वमा शंका गर्दिन. म उनको सान्त्वना र निर्देशन को लागि आभारी छु म यस जीवनको यात्राको परीक्षा को बीचमा यात्रा गर्छु.।***

**गोलाकारः हो अनिर्णित**

*चरणहरू देखाउनुभएकोमा म प्रभुलाई धन्यबाद दिन्छु ताकी यो बाइबल अध्ययन श्रृंखलामा उहाँसँग नजिक हुन मैले रोज्न सक्छु र म ती अद्भुत शब्दहरू सुन्न इच्छुक छु, "राम्रो मेरो विश्वासी नोकर, म तिमीलाई घरमा स्वागत गर्छु।"*

**गोलाकार: हो अनिर्णित**